CC-0. Digitized by eGangotri and MIDF- Delhi

शांकर भाष्य र गौडपादीयकारिका सहित

अथर्ववेदीय

माण्डूक्योपनिषत्

नेपाली अनुवाद समेत

ॐ

अनुवादक

हेमराज ज्ञवाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धेय श्री नवराज चक्रलाल ज्यूमा
सप्रेम उपहार ।

हेमराज शाक्य
०२८/१२/८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

शांकर भाष्य र गौडपादीय कारिकासहित

अथर्ववेदीय

माण्डूक्योपनिषत्

नेपाली अनुवाद समेत

अनुवादक–
– हेमराज ज्ञवाली
बौद्ध महांकाल, काठमाडौं–६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक

श्री विनोदराज ज्ञवाली

बौद्ध महांकाल, काठमाडौं– ६ ।

फोन नं.– ४७०८११

पुस्तकसम्वन्धी सवै अधिकार अनुवादकमा सुरक्षित ।

प्रथम संस्करण– १०००

वि.सं. २०५२ साल, रामनवमी ।

मूल्य :- रू. २००/-

प्राप्ति स्थानहरू–

१. कान्तिपुर पब्लिकेशन्स प्रा.लि., शान्तिनगर, नयाँ बानेश्वर, काठमाडौं ।

२. अध्यात्मिक किताब पसल, पशुपति मूलद्वारनेर, काठमाडौं । फोन– ४७०१८६

३. एलिसा पत्रपत्रिका डिस्ट्रिव्यूटर्स, विराटनगर, मोरङ । फोन ०२१-२४७७४

४. दधिराम सुवेदी, दाङ, राप्ती अंचल । फोन ०८२–६०२६६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिकाकार आचार्य गौडपादको जीवनी

भारतको शुकदेवको आश्रमनेर यौटा भूपाल नाम गरेको गाउँ थियो । त्यहाँ विष्णुदेव र गुणवती नाम गरेका ब्राह्मण दम्पति बस्थे । उनीहरू धनधान्य तथा वेद शास्त्र आदिले सर्वथा सम्पन्न थिए । देवता र पाहुनाको पूजामा ज्यादै मन लगाउँथे । उनीहरू भ्याएसम्म अरूको भलाई गर्थे । यिनीहरूको आयु ढल्कदै गएको थियो । अहिलेसम्म यिनीहरूलाई सन्तान भएका थिएनन् । यसै चिन्ताले उनीहरू एक दिन शुकदेव आश्रममा पुगे । उनीहरूले त्यहाँ एउटा आसनमा बसेर ७ दिनसम्म अन्न जल नलीकन ठूलो श्रद्धाभक्तिले गायत्री जप्दै रहे । अन्तिम दिन त्यहाँ शुकदेव आश्रमबाट यौटा आवाज सुनियो– 'ब्राह्मण ! तिमीलाई यौटा ठूलो यशस्वी छोरा जन्मिएला । ऊ उर्वज्ञ र सर्वसिद्धिसम्पन्न होला । सबै सिद्धले उसको सम्मान गर्नेछन् ।' शुकदेव आश्रमको यस्तो भविष्यवणी सुनेर उनीहरू धेरै खुशी हुँदै घर फर्के र यथासमय सूर्यको जस्तै कान्ति भएको छोरा जन्मियो । बाबुले न्वारान गरी उसको नाम शुकदत्त राखे । पाँच वर्षकै उमेरमा शुकदत्तले सब वेदवेदाङ्ग शास्त्रहरूको पूरा ज्ञान हासिल गरे । अब उनी परमतत्वको प्राप्ति निम्ति शुकदेवको आश्रम गए । त्यहाँ आश्रमको सामुन्ने एकदिन एक रात विना अन्न पानी उभिएर तपस्या गरे । अर्को दिन आश्रमभित्रबाट आवाज आयो 'बालक ! तिमी गौडदेशमा जाऊ, त्यहीं मेरो सम्प्रदायका सद्‌गुरु हुनुहुन्छ । उहाँको नाउँ जिष्णुदेव हो । उहाँले तिमीलाई तत्वज्ञानको उपदेश गर्नुहुनेछ । संसारमा तिमीलाई सबैले शुकदेवका शिष्य भनेर चिन्नेछन् । अझै मेरो दर्शन पाइने समय आएको छैन । जिष्णुदेवबाट उपदेश पाएपछि तिमीले मलाई सर्वव्यापीका रूपमा देख्न सक्नेछौं ।'

शुकदेव आश्रमको यस्तो भविष्यवाणी सुनेपछि बालक शुकदत्त आफ्ना बाबुआमा भएको ठाउँमा आए र उनीहरूलाई सब कुरा बताएर गौडदेशको यात्रामा लागे । पहिले त उनका बाबु आमाले साह्रै हठ गर्दै बालक छोरासँगै जान लागेका थिए तर शुकदेवले उनीहरूलाई अर्को छोरा जन्मने कुरा बताएपछि घरै बस्न माने । पाँच वर्षका बालक शुकदत्त पैदल एक्लै गौडदेशमा पुगे । त्यहाँ मानिसहरूसँग सोद्धै उनी जिष्णुदेवको घरमा उपस्थित भए । जिष्णुदेवले सोधेपछि उनले सबै वृत्तान्त बताए । साक्षात् शुकदेवबाट आज्ञा भएको सुनेर जिष्णुदेवले उनलाई परमज्ञानको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपदेश दिए । सबै योग, सिद्धि र मन्त्ररहस्य बताइदिए । उनी वेदान्तका परम विद्वान्, सिद्ध र सद्गुरु थिए । शुकदत्त शुकदेवको आश्रमबाट पैदल हिंडेर नै गौडदेश आएका थिए, यसैले यिनको नाम गौडपाद रह्यो । कुनै सज्जनले यिनलाई गौडपाद नाम र नैष्कर्म्यसिद्धिको यौटा श्लोकको मनमानी अर्थ गरेर गौडदेशवासी भएको सिद्ध गर्न खोजेका छन्, तर त्यो सत्य होइन ।

यिनलाई शुकदेवको कृपाले सर्वत्र उनको दर्शन हुने गर्थ्यो । संझने बित्तिकै उनी यिनी सामुन्ने आइहाल्थे । मानिसको मन्दबुद्धि र अल्पायुता आदि देखेर यिनले विचार गरे कि अब सबैले सबै उपनिषद्हरूको पूर्णतः चिन्तन-मननादि गर्न सक्दैनन् । मुक्तिकोपनिषद्का अनुसार यौटा मात्र माण्डूक्योपनिषद् अध्ययन गरेर कल्याण हुन सक्छ भनिएकाले सर्वसाधारणलाई माण्डूक्यकै रहस्य बताइदिनुपर्‍यो भन्ने उनलाई लाग्यो । यसैले उनले माण्डूक्योपनिषद्को कारिकाको रचना गरे । यो माण्डूक्य कारिका वेदान्तको अनुपम ग्रन्थ हो । यस कारिकामा भगवान् शंकराचार्यले विस्तृत भाष्य लेख्नुभएको छ । भनिन्छ कि एकदिन शंकराचार्य गङ्गा किनारामा जब आत्म चिन्तनमा लाग्नुभएको थियो त्यसै बेला गौडपादजी त्यहाँ पुग्नुभयो । शंकराचार्यले हड्बडाउँदै उठेर उहाँको पूजा गर्नुभयो । त्यसपछि गौडपादले भनेपछि उहाँले आफूले तयार गरेको भाष्य त्यहाँ देखाउनुभयो । त्यो देखेर उहाँका परमगुरुले ठूलो प्रसन्नता प्रकट गर्नुभयो । उहाँले शंकराचार्यलाई वर माग्न आग्रह गर्नुभयो, तर शंकराचार्यले आत्मचिन्तनबाहेक अरू केही कुरा माग्न चाहनु भएन । यसबाट आचार्य गौडपादको प्रसन्नता अरू बढ्यो । धेरै आशीर्वाद दिएर उहाँ त्यहाँबाट हिंड्नुभयो । गौडपादका अरू पनि धेरै ग्रन्थ देखिन्छन्– जस्तै कि सांख्य कारिकाको भाष्य र उत्तरगीताको भाष्य । तर केही विद्वान्हरू यिनी ग्रन्थहरू यिनका हुन् भनेर स्वीकार गर्दैनन् । यिनको समयबारे पनि धेरै मतभेद छ । कसैले यिनलाई विक्रम सम्वत्भन्दा २०० वर्षपूर्वका मान्दछन् त कोही पछि । तर अहिलेसम्म शंकराचार्यकै समयको टुंगो नलागेकोले यिनको समयबारे पनि निश्चित रूपमा यसै भन्न सकिन्न ।

साभार– 'कल्याण' सन्त अंकबाट अनुवादित ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भाष्यकार भगवान् शङ्कर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्यकार श्री शंकराचार्यको जीवनी

शंकराचार्यको जन्म इस्वी सम्वत् ७८८ को वैशाख शुक्ल पंचमीका दिन भारतको केरल प्रदेशको पूर्णा नदी किनाराको कलाडी भन्ने गाउँमा भएको थियो । उनका पिताको नाम शिवगुरु र माताको नाउ सुभद्रा थियो । वृद्धावस्था नजिक आउँदासम्म पनि सन्तान नभएका कारण शिवगुरु र सुभद्राले ठूलो श्रद्धा भक्तिले भगवान् शंकरको आराधना गरे । यिनीहरूको साँचो भक्ति र आराधनाबाट प्रसन्न भएर आशुतोष भगवान् शंकर प्रकट भएर पुत्ररत्न जन्मने वरदान दिए । यसैको फलस्वरूप शिवगुरु दम्पत्तिलाई यथासमय पुत्ररत्न प्राप्त भयो । बालकको नाम पनि शंकर नै राखियो ।

बालक शंकरकै रूपमा कुनै ठूलो विभूति अवतरित भएको छ भन्ने प्रमाण स्यानैबाट पाउन थालियो । एक वर्षको हुँदा नहुँदै बालकले आफ्नो मातृभाषामा आफ्नो भाव प्रकट गर्न सक्ने भए र दुई वर्षको हुँदा त आमाबाट पुराणका कथा सुनेर कण्ठ गर्न सक्ने भए । तीन वर्षको उमेरमा यिनको चूडाकर्म गरिदिएपछि यिनका बाबु स्वर्ग्य भए । पाँचौं वर्षमा व्रतबन्ध गरेपछि यिनलाई गुरुको घरमा पढ्न पठाइयो । सात वर्षकै उमेरमा यिनले वेद, वेदान्त र वेदाङ्गहरूको पूरा अध्ययन गरेर घर फर्किए । यिनको असाधारण प्रतिभा देखेर यिनका गुरु चकित भए ।

विद्याध्ययनपछि शंकरले सन्यास लिन चाहेका थिए । तर यिनकी आमाले अनुमति दिइनन् । शंकर आमाका धेरै भक्त थिए । उनलाई कष्ट दिएर सन्यास लिन चाहँदैनथे । एकदिन आमासँगै नदीमा नुहाउन गए । यिनलाई त्यहाँ गोहीले पक्रियो । यसरी छोरालाई संकटमा परेको देखेर आमाको सातो गयो । उनी वेचैन भएर चिच्याउन लागिन् । शंकरले आमालाई भने— मलाई सन्यास लिन अनुमति दिनु भयो भने गोहीले मलाई छोड्नेछ । आमाले तुरुन्त अनुमति दिइन् र गोहीले शंकरलाई छाडिदियो । यसरी आमाको आज्ञा पाएर उनले आठ वर्षको उमेरमा नै घरबाट निक्लिए । जाने बेला उनले आमाका इच्छाअनुसार यो वचन दिँदै गए कि उनको मृत्युको बेला यिनी समयमै घरमा उपस्थित हुनेछन् ।

घरबाट हिंडेपछि यिनले नर्मदा नदीका किनारमा गौडपादाचार्यका शिष्य स्वामी गोविन्द भगवत्पादबाट संन्यासको दीक्षा लिए । गुरुले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनको नाम भगवत् पूज्यपादाचार्य राखे । यिनले गुरुले बताएअनुसार साधना शुरु गरे र थोरै समयमा नै निकै ठूलो योगसिद्ध महात्मा हुन पुगे । यिनको सिद्धिबाट प्रसन्न भएर गुरुले यिनलाई काशीमा गएर ब्रह्मसूत्रको भाष्य लेख्ने आज्ञा दिए । त्यसै अनुसार उनी काशी आए । त्यहाँ उनको ख्याति बढ्न थाल्यो । आकर्षित भएर धेरैले यिनको शिष्यत्व लिन थाले । यिनका पहिला शिष्य सनन्दन भए, जो पछि पद्मपादाचार्यको नामबाट प्रसिद्ध भए । काशीमा शिष्यहरूलाई पढाउनका साथै ग्रन्थ पनि लेख्दै जान्थे । भनिन्छ, एकदिन भगवान् विश्वनाथले चाण्डालकै रूपमा यिनलाई दर्शन दिए र उनले यिनलाई चिनी प्रणाम गरेपछि विश्वनाथले यिनलाई ब्रह्मसूत्रमा भाष्य लेख्ने र धर्म-प्रचार गर्ने आदेश दिए । ब्रह्म-सूत्रमा यिनले भाष्य लेखे । तब एकदिन यौटा ब्राह्मणले गंगा किनारमा यिनीसँग यौटा सूत्रको अर्थ सोधे । त्यस सूत्रमा यिनको ती ब्राह्मणसँग आठ दिनसम्म शास्त्रार्थ भयो । पछि यिनलाई थाहा भयो– स्वयं भगवान् वेदव्यास नै ब्राह्मणको रूपमा प्रकट भएर यिनीसँग विवाद गरी राख्नुभएको थियो । तब यिनले भक्तिपूर्वक प्रणाम गरी आफ्नो धृष्टताप्रति क्षमा मागे । फेरि भगवान् वेदव्यासले यिनलाई अद्वैतवादको प्रचार गर्ने आज्ञा दिए र यिनको १६ वर्षको उमेरलाई ३२ वर्षसम्म बढाइदिए ।

यसपछि यिनले भारतका विभिन्न भागको यात्रा गरी विभिन्न मतावलम्बीलाई परास्त गर्दै वैदिक सनातन धर्मको संस्थापना गरी धेरै ग्रन्थहरू लेखे । यिनले प्रयागमा आएर कुमारिल भट्टसँग अन्तिम समयमा भेटी उनकै सल्लाहले माहिष्मतीमा गई मण्डन मिश्रसँग शास्त्रार्थ गरे । शास्त्रार्थमा मण्डनकी पत्नी विदुषी उभय भारती मध्यस्थ थिइन् । मण्डनले शास्त्रार्थमा शंकराचार्यसँग हारी उनको शिष्यत्व ग्रहण गरे । उनको नाम सुरेश्वराचार्य रह्यो । यसरी शंकरले यौटा धुरन्धर कर्मकाण्डीलाई अद्वैत वेदान्तको बाटोमा ल्याए । यसै प्रसंगमा शंकराचार्यले मण्डन मिश्रकी पत्नी उभय भारतीले शंकराचार्यले अनुभव नगरेको विषय कामशास्त्रमा शास्थार्त्र गर्न खोज्दा एकजना राजाको मृत शरीरमा प्रवेश गरी उनको माध्यमबाट कामशास्त्रको अध्ययन र अनुभव गरी शास्त्रार्थ गरी हराएको कुरा उनको जीवनीमा उल्लेख छ ।

एकपल्ट यौटा कापालिकले आचार्यसँग एकान्तमा प्रार्थना गऱ्यो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"तपाईं तत्त्वज्ञ हुनुहुन्छ, तपाईंलाई शरीरको मोह छैन, म यौटा यस्तो साधना गर्दैछु कि त्यसमा मलाई तत्त्वज्ञको शिरको आवश्यकता छ । यदि तपाईं दिन मान्नुहुन्छ भने मेरो मनोरथ पूर्ण हुने थियो ।" आचार्यले भने– "भाइ ! कसैलाई थाहा नहोस्, म अहिल्यै समाधि लगाउँछु, तिमीले मेरो शिर काटेर लग्नू ।" आचार्यले समाधि लगाए र उसले शिर मात्र काट्न आँटेको थियो कि आचार्यका प्रथम शिष्य पद्म पादाचार्यलाई सो कुरा थाहा भइहाल्यो र उनले आफ्ना इष्टदेव नृसिंहको तत्काल आराधना गर्दा उनी प्रकट भई कापालिकलाई मारिदिनुभयो ।

शंकराचार्यले लोप हुन लागेको वैदिक धर्मको पुनः स्थापना गर्नुका साथै जैन र बौद्ध धर्मको प्रचारमा आएको विकृतिलाई पनि रोकेका थिए । उनले यस कार्यलाई निरन्तरता दिन भारतका चारै दिशामा मठहरूको स्थापना गरेका थिए । द्वारकामा स्थापित शारदा मठ, जगन्नाथपुरीमा स्थापित गोबर्द्धन मठ, दक्षिण भारतको भृङ्गेरी मठ र बदरीकाश्रम नेरको जोशी मठमा रहने शंकराचार्यहरूद्वारा सनातन वैदिक धर्मको सदा रक्षा हुने प्रबन्ध स्वयं शंकराचार्यले नै गरेको हो । शंकराचार्यले गीता र उपनिषद्हरूमाथि भाष्य रचना गर्नुका साथै मोहमुद्गर, विवेक चूडामणि, तत्त्वबोध आदि धेरै ग्रन्थहरू पनि रचना गरेका छन् । हिन्दू धर्मलाई जीवन्तता दिने काममा शंकराचार्यको अद्वितीय योगदान छ । आचार्यले नेपाल भ्रमण गरेको कुरा पनि उनको जीवनीमा उल्लेख छ ।

आफ्नी आमालाई दिएको वचनअनुसार आमाको अन्तिम बेलामा आफ्नो जन्म स्थल पुगी उनको दर्शन र सेवा सुश्रुषा गरी अन्तिम संस्कारसमेत गरेका थिए । ३२ वर्षको उमेरमा बदरीकाश्रममा जीवन-लीला समाप्त गरेका शंकराचार्यले हिन्दू धर्मको उत्थानमा गरेको योगदान अतुलनीय छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य

पावका नः सरस्वती

वेदान्त जगत्मा माण्डूक्योपनिषत् स्पृहणीय भएर नै शंकराचार्यका परमगुरु गौडपादाचार्यले कारिकाको रचना गरी उपनिषत्लाई सुबोध्य बनाइदिनुभएको थियो । जगद्गुरु शंकराचार्यको भाष्य र त्यसमाथिको आनन्द गिरिटीकाले सुबोध्यतम भएको मुमुक्षुहरूले मानेका थिए । कालगतिले गर्दा भाषा बुझ्ने जिज्ञासु अधिकारीको विरलता नै हो । सामान्य जिज्ञासुको जिज्ञासा शमन गर्ने हेतुले सबै ग्रन्थको मेहनतसाथ राष्ट्रभाषा नेपालीमा अनुवाद गरी पुरःस्थापना गर्ने काम श्री हेमराज ज्ञवालीजीले गर्नुभएको छ । मूल ग्रन्थको अभावमा अदृष्टोत्पादकता हुँदैन भन्ने पुरातन मान्यताका साथै प्रत्येक अंशको मूल तथा अनुवाद क्रमबद्ध भएकाले पाठकहरूलाई सौकार्य पनि यसमा छ । गद्यको गद्य तथा पद्यको पद्यमै अनुवाद यसको विशेषता हो । पाठकलाई विशेष सुविधा पनि हो । अनुवादमा सावधानता छ । अन्यथा अर्थ हुन गएको वा नपुगेको कहीं छैन, बरु स्थलविशेषमा भाष्यहृदयज्ञ आनन्द गिरिको अभिप्राय गर्भित छ । मन्त्रभाष्य र कारिकासमेतको रूपान्तर समग्र आनुपूर्वी मैले पढें । मेरो दृष्टिमा मूलानुस्पृष्ट अर्थ-जिज्ञासुको लागि यो कृति उपादेय छ । लोकोद्धारक यस्ता काममा ज्ञवालीज्यूलाई अन्तर्यामी परमात्माको प्रेरणा भईरहोस् भन्ने कामनाका साथ लेखनी रोक्दछु ।

(डा. दीर्घराज घिमिरे)
महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्री १००८ ब्रह्मवित् परमहंस योगी
सच्चिदानन्द सरस्वती (खप्तडस्वामी)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

आशीर्वचन

अद्वैत वेदान्तलाई स्पष्ट चिनाउने ग्रन्थहरूमध्ये माण्डूक्योपनिषत्को स्थान ज्यादै ऊँचो छ । यस ग्रन्थको सारतत्त्व मुमुक्षुहरूले राम्ररी जान्न सकी लाभ उठाउन् भन्ने उद्देश्यले परम कृपालु आचार्य गौडपादले अथर्ववेदीय यस उपनिषत्को कारिका लेख्नुभएको छ र भगवान् शंकराचार्यले उक्त कारिकाको मर्म बुझाउन भाष्य लेखी प्रदान गर्नुभएको छ । संस्कृत अध्ययन र अध्यापन प्रणाली क्षीण हुँदै गएको परिप्रेक्ष्यमा अध्यात्मविद्याको यस मूर्धन्य ग्रन्थबारे जिज्ञासा राख्ने तर संस्कृत भाषा राम्रो नजान्ने नेपाली साधकहरूको हितको लागि हेमराज ज्ञवालीले उक्त उपनिषत्, कारिका र भाष्य समेतको नेपाली रूपान्तर परिश्रमसाथ तयार गरी प्रकाशित गर्न लागेको सरसर्ती श्रवण गर्दा राम्रो लाग्यो । उहाँको यो सत्प्रयास प्रशंसनीय छ। राष्ट्रभाषामा अनुवाद गरिएको यो ग्रन्थ यस क्षेत्रका जिज्ञासु पाठकहरूका लागि निकै उपयोगी र फलदायी हुनेछ । यस सुकार्यका लागि हेमराज ज्ञवालीलाई आशीर्वाद दिन्छु ।

खप्तड बाबा
हाल– शिवपुरी आश्रम,
बुढानीलकण्ठ, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

माण्डूक्योपनिषत् अथर्ववेदबाट उद्धृत १२ मन्त्रहरू भएको स्वल्पकाय उपनिषत् हो । यी मन्त्रहरूका मन्त्रद्रष्टा ऋषि मण्डूक भएकोले यस उपनिषत्को नाम माण्डूक्य रहेको हो । माण्डूक्योपनिषत् सूत्र-ग्रन्थ भएकाले यसको स्पष्ट व्याख्याको आवश्यकतालाई अनुभव गरी परम कृपालु आचार्य गौडपादले यस उपनिषत्लाई आगम, वैतथ्य, अद्वैत र अलात शान्ति गरी चार प्रकरण भएको कारिका तयार गरिदिनुभएको छ । उक्त कारिकालाई पनि अझ स्पष्ट पार्न भगवान् शंकराचार्यले विशद् भाष्य लेख्नुभएको छ ।

नेपालमा अद्वैत वेदान्तलाई शैक्षिक पठन-पाठनका अतिरिक्त अभ्यासमा उतार्न संगठित र व्यवस्थित रूपमा प्रयास गर्ने संस्थाको नाम हो– अद्वैत संस्था । यस संस्थाका संस्थापक गुरुदेव स्वर्गीय डा. क्षितीशचन्द्र चक्रवर्ती र उहाँका अनुयायी विद्वान्हरूले संस्कृत भाषामा रहेको अद्वैत वेदान्तलाई सरल नेपाली भाषामा उतारी विभिन्न कृतिहरू, साक्षात्कार आदि नियमित प्रकाशनहरू एवं बराबर हुने राष्ट्रव्यापी सत्संगका माध्यमबाट पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सयौं शाखा खोली गाउँ-गाउँ र टोल-टोलसम्म आत्मचिन्तनको ज्योति पुऱ्याउने प्रयास गर्नुभएको छ । त्यस्तै काठमाडौं र देवघाटमा संन्यासाश्रम खोली नियमित प्रवचनद्वारा अद्वैत वेदान्तको रहस्य इच्छुक भक्तजनसमक्ष पुऱ्याउने गरी काम गरिरहेका संन्यासाश्रमहरू र त्यहाँ कार्यरत स्वामीज्यूहरूबाट यस क्षेत्रमा भएको योगदान प्रशंसनीय छ । ग्रन्थ शुरु गर्नुअघि यी संस्थाहरू र यिनका संस्थापकहरू तथा सञ्चालकहरूप्रति वन्दना चढाउँछु ।

मलाई अद्वैत वेदान्तसम्वन्धी संस्कृत ग्रन्थको अनुवादमा उत्प्रेरित गर्ने अद्वैत संस्था रीडीका पीठाधीश आचार्य देवेश्वर सरस्वती र श्रद्धालु साधक श्री मधुसूदन ज्ञवालीको पनि प्रस्तुत ग्रन्थ तयार भै प्रकाशन हुन लागेको अवसरमा संस्मरण गर्न चाहन्छु । उहाँहरूको सत्प्रेरणा र तीन-चार वर्षको परिश्रमबाट परमेश्वरका अनुग्रहले यस माण्डूक्योपनिषत्को कारिका र भाष्यको यस रूपमा अनुवाद तयार हुन सकेको हो । यस्तो बृहत् र गहन ग्रन्थ, अल्पबुद्धिको आफू तयार भएको ठीक-बेठीक के भो ? प्रकाशन गर्न लायक छ-छैन, परामर्श लिने क्रममा विद्वान् डा. श्री दीर्घराज घिमिरे, अद्वैत संस्था रीडीका पीठाधीश आचार्य श्री देवेश्वर सरस्वती, महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. चूडानाथ भट्टराय र परम श्रद्धेय खप्तड बाबासमक्ष समेत पाण्डुलीपि प्रस्तुत गर्दा सबैबाट उपयोगी र प्रकाशनीय छ भन्ने प्रेरणादायी प्रोत्साहन पाएकोले प्रकाशन गर्न तत्पर भएको छु ।

विषयको गहनता, पारिभाषिक शब्दको प्रयोगको अनिवार्यता र केही हदसम्म आफ्नो अल्पज्ञता आदिको कारणबाट अद्वैत वेदान्तको यस गहन ग्रन्थलाई आफ्नो राष्ट्रभाषामा सरल रूपमा उतारी नेपाली वाङ्मयको सेवा गर्ने मूल आकांक्षालाई पूरा आत्मसन्तोष हुने गरी प्रस्तुत गर्न सकेको छु जस्तो लाग्दैन । जे-जति राम्रो हुन सकेको छ, त्यसको श्रेय मैले यस ग्रन्थलाई नेपाली रूपान्तर गर्दा मद्दत लिएका शांकर भाष्यको आनन्द गिरीले गर्नुभएको संस्कृत टीका, स्वामी विद्यानन्द गिरीले गर्नुभएको हिन्दी टीका-मिताक्षरा, गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीले लेख्नुभएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ज्ञानालोक' र डा. स्वामी रामानन्द गिरीको नेपाली व्याख्यासहितको माण्डूक्योपनिषत् कारिकालाई दिन चाहन्छु । मैले आफ्नो अनुवाद तयार गर्न यी टीकाहरू र उक्त ग्रन्थहरूबाट प्रशस्त सहयोग लिएको छु । मैले तयार गरेको प्रस्तुत ग्रन्थमा जे-जति कमी त्रुटिहरू छन् ती सब मेरै अल्पज्ञताका कारण भएकोले विज्ञ पाठकवृन्दबाट सो औंल्याइपाए अर्को संस्करण निकाल्ने सौभाग्य पाएँ भने अवश्य सुधार्ने प्रयास गर्नेछु ।

यस ग्रन्थको कम्प्युटर प्रिन्ट तयार गर्ने काममा सहयोग गर्ने विकास थापा, प्रुफ पढ्ने काममा सहयोग गर्ने भेषराज पोखरेल र केशव हुमागाईं धन्यवादका पात्र हुनुहुन्छ । यस ग्रन्थउपर प्रेरणादायी मन्तव्य दिनुहुने महेन्द्र संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका डा. दीर्घराज धिमिरे र आशीर्वचन दिई कृतकृत्य गरिदिने परम आदरणीय खप्तड बाबामा क्रमशः हार्दिक आभार र वन्दना व्यक्त गर्छु । अन्तमा यस उपनिषत्को महत्त्व सम्बन्धमा 'मुक्तिकोपनिषत्' मा भगवान् श्री रामचन्द्रले प्रिय हनुमान्जीलाई भन्नुभएको यो उक्ति– 'माण्डूक्यमेकमेवालं मुमुक्षूणां विमुक्तये' (मुक्ति चाहनेहरूको मुक्तिको निम्ति माण्डूक्योपषित् यौटा मात्र पर्याप्त छ) उद्धरणका साथै आफ्नो भन्नु टुङ्ग्याउँछु ।

विनीत-

- हेमराज ज्ञवाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

क्र.सं.		पेज नं.
क.	कारिकाकार आचार्य श्री गौडपादको जीवनी	(अ–आ)
ख.	भाष्यकार श्री शंकराचार्यको जीवनी	(इ–उ)
ग.	मन्तव्य	(ऊ)
घ.	आशीर्वचन	(ए)
ङ.	प्राक्कथन	(ऐ–ओ)
च.	आगम प्रकरण	१–५०
छ.	वैतथ्य प्रकरण	५१–८१
ज.	अद्वैत प्रकरण	८२–१३१
झ.	अलात–शान्ति प्रकरण	१३२–२०९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ तत्सद्ब्रह्मणे नमः

शाङ्कर भाष्य र गौडपादीय कारिकासहित

अथर्ववेदीय

माण्डूक्योपनिषत्

नेपाली अनुवादसमेत

आगमाख्य प्रथम प्रकरण

मंगलाचरण (मूल)

ॐ भद्रं कर्णेभिः शृणुयाम देवाः भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवाँसस्तनूभिर्व्यशेम देवहितं यदायुः ॥
स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्ताक्ष्र्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥

ॐ शान्तिः शान्तिः शान्तिः ॥

अर्थ– हे देवताहरू हो ! तपाईंहरूको कृपाले हामीहरूले भगवान्को भजन गर्दागर्दै आफ्ना कानहरूले कल्याणमय कुराहरू सुन्न पाऔं। आफ्ना आँखाले कल्याणकारी दृश्यहरू हेर्न पाऔं। आफ्ना बलिया अंगहरू र शरीरले भगवान्को स्तुतिगान गर्दै आफ्नो आयुभर तपाईंहरूको हित हुने कामहरू गरिराख्न पाऔं। चारैतिर सुयश फैलिएका इन्द्रले हाम्रो कल्याण गरुन्। विश्व जान्ने पूषाले हाम्रो कल्याण गरुन्। सम्पूर्ण अरिष्ट (हानि) नाशक गरुडले हाम्रो कल्याण गरुन्। देवगुरु बृहस्पतिले हाम्रो कल्याण गरुन्। आध्यात्मिक, आधिदैविक आधिभौतिक गरी तीनै किसिमको तापमुक्तिबाट हामीलाई शान्ति मिलोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य मंगलाचरण

प्रज्ञानांशुप्रतानैः स्थिरचरनिकरव्यापिभिर्व्याप्य लोकान्
भुक्त्वा भोगान्स्थविष्ठान् पुनरपि धिषणोत्भासितान् कामजन्यान् ।
पीत्वा सर्वान् विशेषान् स्वपिति मधुरभुङ् मायया भोजयन्नो
मायासंख्यातुरीयं परममृतमजं ब्रह्म यत्तन्नतोऽस्मि ॥१॥

अर्थ– जुन ब्रह्मले वृक्षादि स्थावर र मनुष्यादि जंगम प्राणी समुदायलाई व्याप्त गर्ने जन्मादि विकाररहित कूटस्थ स्थानीय चिदाभासरूप ज्ञानका किरणहरूको विस्तारले सम्पूर्ण लोकहरूलाई जागा अवस्थामा व्याप्त गरेर स्थूल विषयजन्य सुख-दुःखादिलाई अनुभव गर्दै जाग्रत्को कारण धर्म-अधर्म नष्ट भएपछि एवं स्वप्नको कारण भएको कर्म उद्‌बुद्ध भएपछि फेरि स्वप्न अवस्थामा बुद्धिबाट प्रकाशित वासनाजन्य सम्पूर्ण भोगहरू भोग्दछ । त्यसपछि सुषुप्तावस्थामा ती सम्पूर्ण स्थूलसूक्ष्मरूप विषय विशेषलाई अज्ञानले ढाकिएको आत्मामा विलीन गर्दै मायाद्वारा हामी सबै जीवहरूलाई सुख-दुःखको अनुभव गराउँदै स्वयं आनन्दभोगी भैकन सुतीराख्दछ तथा जो जन्म-मरणादि रहित भएको कारण परम अमृत र अजन्मा ब्रह्म मायाबाट नै तुरीय भएर रहेको छ त्यो तदर्थ ब्रह्मलाई हामी नमस्कार गर्छौं ॥१॥

भाष्य मंगलाचरण

यो विश्वात्मा विधिजविषयान् प्राश्य भोगान् स्थविष्ठान्
पश्चाच्चान्यान् स्वमतिविभवाञ्ज्योतिषा स्वेन सूक्ष्मान् ।
सर्वानेतान् पुनरपि शनैः स्वात्मनि स्थापयित्वा
हित्वा सर्वान् विशेषान् विगतगुणगणः पात्वसौ नस्तुरीयः ॥२॥

अर्थ– जसले जागा अवस्थामा विश्वात्मा भएर कर्मजन्य स्थूल विषयको भोग गरेपछि स्वप्नावस्थामा जाग्रतका कारण भएका कर्महरूको नाश भएपछि स्वप्नका कर्म उद्‌बुद्ध भएर स्थूल विषयबाट भिन्न आफ्नो बुद्धिबाट परिकल्पित अविद्या काम कर्मबाट उत्पन्न सूक्ष्म विषयहरूलाई आफ्नै प्रकाशले भोग्दछ । जो फेरि उपरोक्त दुवै प्रकारका कर्महरूबाट उपरत भएर सुस्त-सुस्त यी सबैलाई अज्ञानले ढाकिएको आफ्नो स्वरूपमा राखेर सबै स्थूल-सूक्ष्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयहरूलाई त्यागेर गुणातीत हुन्छ, त्यस्तो तुरीय आत्माले हामी सबै– व्याख्याता र श्रोतालाई रक्षा गरुन् ॥२॥

भाष्य प्रारम्भिक

ओमित्येतदक्षरमिदं सर्वं तस्योपव्याख्यानम् । वेदान्तार्थसारसंग्रहभूतमिदं प्रकरणचतुष्टयमोमित्येत-दक्षरमित्याद्यारभ्यते । अत एव न पृथक्संबंधाभिधेयप्रयोजनानि वक्तव्यानि । यान्येव तु वेदान्ते संबंधामिधेयप्रयोजनानि तान्येवेह भवितुमर्हन्ति । तथापि प्रकरणव्याचिख्यासुना संक्षेपतो वक्तव्यानि । तत्र प्रयोजनवत्साधनाभिव्यञ्जकत्वेनाभिधेयकसंबद्धं शास्त्रं पारम्पर्येण विशिष्टसंबंधाभिधेयप्रयोजनवद्भवति ।

अर्थ– ॐ यो अक्षर नै सबै कुरा हो। यसैको व्याख्यानरूप वेदान्त अर्थको निचोडको संग्रहजस्तो भएको, यो चार प्रकरण भएको ग्रन्थ 'ओमित्येतदक्षरं' इत्यादि मन्त्रबाट शुरु हुन्छ। यसो हुनाले यस ग्रन्थका भिन्दै सम्बन्ध, विषय र प्रयोजन बताउनु आवश्यक छैन, किनकि वेदान्त शास्त्रका जो सम्बन्ध, विषय र प्रयोजन हुन्छन् ती नै यस ग्रन्थका पनि हुन्, तापनि प्रकरण व्याख्या गर्ने व्यक्तिले संक्षेपमा चार अनुबन्ध बताइदिनुपर्छ।

ग्रन्थ र प्रकरण दुवैको प्रयोजन मोक्ष हो र मोक्षको साधन ब्रह्म र आत्माको एकत्व ज्ञान, त्यस्तो ज्ञानको जनक शास्त्र त्यस्तो ज्ञानलाई स्पष्ट रूपमा बताउने भएकाले यो ग्रन्थमा ज्ञान र शास्त्र प्रतिपाद्य-प्रतिपादकभाव सम्बन्ध भएको छ। अतः परम्पराले नै अरू शास्त्रको अपेक्षा यस शास्त्रको सम्बन्ध विषय र प्रयोजन विशिष्ट हुन्छ।

किं पुनस्तत्प्रयोजनमित्युच्यते । रोगार्तस्येव रोगनिवृत्तौ स्वस्थता तथा दुःखात्मकस्याऽऽत्मनो द्वैतप्रपञ्चोपशमे स्वस्थता । अद्वैतभावः प्रयोजनम् । द्वैतप्रपञ्चस्याविद्याकृतत्वाद्विद्यया तदुपशमः स्यादिति ब्रह्मविद्याप्रकाशनायास्या ऽऽ रम्भः क्रियते ।

अर्थ– जसरी रोगग्रस्त पुरुषलाई रोग हटेपछि स्वस्थता आउँछ, त्यस्तै सांसारिक दुःखबाट पीडित प्राणीलाई तत्त्वज्ञानद्वारा द्वैतभाव हटेपछि आत्मज्ञान हुन्छ त्यो अद्वैत भाव नै यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रको प्रयोजन हो । द्वैत भाव रूप अविद्या प्रपञ्च यानी अज्ञानबाट उत्पन्न हुन्छ । त्यसको निवृत्ति प्रस्तुत शास्त्रको अध्ययन-मननबाट हुन्छ । यसैले ब्रह्मविद्या बताउन यो ग्रन्थ आरम्भ गरिन्छ ।

"यत्र हि द्वैतमिव भवति" (बृ. २।४।१४) । "यत्र वा ऽन्यदिव स्यात्तत्रान्यो ऽन्यत्पश्येदन्यो ऽन्यद्विजानीयात्" (बृ. २।४।१४) । "यत्र त्वस्य सर्वमात्मैवाभूत्तत्केन कं पश्येत्तत्केन कं विजानीयात्" (बृ. ४।३।३१) इत्यादि– श्रुतिभ्यो ऽस्यार्थस्य सिद्धिः ।

यस विषयमा वृहदारण्यकका निम्नाङ्कित श्रुति वाक्य प्रमाण छन्– "जुन द्वैतावस्थामा द्वैत नै सत्यजस्तो प्रतीत हुन्छ" (बृ. २।४।१४) । "जुन अविद्याको अवस्थामा अर्को जस्तै हुन्छ, त्यहाँ अरूले अरूलाई देख्न सक्छ, अरूले अरूलाई जान्न सक्छ" (बृ. २।४।१४) । "जुन तत्त्वज्ञान भएको अवस्थामा तत्त्वज्ञानीका लागि सबै कुरा आत्मा नै भएको हुन्छ त्यहाँ कसले कसलाई हेरोस् र कसले कसलाई जानोस्" (बृ. ४।३।३१) इत्यादि ।

तत्र तावदोंकारनिर्णयाय प्रथमं प्रकरणमागमप्रधानमात्म-तत्त्वप्रतिपत्त्युपायभूतम् । यस्य द्वैतप्रपञ्चस्योपशमे ऽद्वैतप्रतिपत्ती रज्वामिव सर्पादिविकल्पोपशमे रज्जुतत्त्वप्रतिपत्तिः । तस्य द्वैतस्य हेतुतः वैतथ्यप्रतिपादनाय द्वितीयं प्रकरणम् । तथाऽद्वैतस्यापि वैतथ्यप्रसंगप्राप्तौ युक्तितस्तथात्वदर्शनाय तृतीयं प्रकरणम् । अद्वैतस्य तथात्वप्रतिपत्तिप्रतिपक्षभूतानि यानि वादान्तराण्यवैदिकानि तेषामन्योन्यविरोधित्वादतथार्थत्वेन तदुपपत्तिभिरेव निराकरणाय चतुर्थं प्रकरणम् ।

आगम नामक पहिलो प्रकरण आत्मतत्त्व ज्ञानको उपाय भएको ओंकारको अर्थ निर्णय गर्ने श्रुतिप्रधान छ । जुन द्वैतभाव हट्नाले अद्वैत तत्त्वको ज्ञान स्वतः हुन्छ, जसरी डोरीमा सर्प हो भन्ने भ्रम हट्नासाथ डोरीको स्वरूपको ज्ञान हुन्छ, त्यस्तो द्वैत युक्तिपूर्वक भूठो हो भन्ने कुरा सिद्ध गर्ने काम वैतथ्य नामक दोस्रो प्रकरणले गर्छ । त्यस्तै अद्वैतमा पनि कसैले भूठो हो भन्ने प्रसंग नल्याओस् भन्नका लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्तिसंगत तर्कद्वारा अद्वैत तत्त्व सत्य हो भन्ने बताउन तेस्रो अद्वैत प्रकरण रहेको छ। अद्वैत तत्त्वका वास्तविक ज्ञानका विरोधी अवैदिक विभिन्न मतहरू परस्पर विरोधी हुनाले झूठा हुन्। उनैका युक्तिद्वारा उनकै मत खण्डन गरी अद्वैत तत्त्व छर्लङ्ग पार्न चौथो अलातशान्ति प्रकरण रहेको छ।

कथं पुनरोंकारनिर्णय आत्मतत्वप्रतिपत्युपायत्वं प्रतिपद्यत इति। उच्यते। "ओमित्येतत्"। "एतदालम्बनम्"। "एतद्वै सत्यकाम" "ओमित्यात्मानं युञ्जीत"। "ओमिति ब्रह्म"। "ओंकार एवेदं सर्वम्" इत्यादि श्रुतिभ्यः। रज्वादिरिव सर्पादिविकल्पस्याऽऽस्पदोऽद्वय आत्मा परमार्थः सन्प्राणादिविकल्पस्यास्पदो यथा तथा सर्वोऽपि वाक्प्रपञ्चः प्राणाद्यात्मविकल्पविषय ओंकार एव।

स चाऽऽत्मस्वरूपमेव। तदभिधायकत्वात्। ओंकारविकारशब्दाभिधेयश्च सर्वः प्राणादिरात्मविकल्पोऽभिधानव्यतिरेकेण नास्ति। "वाचारम्भणं विकारो नामधेयम्", "तदस्येदं वाचा तन्त्या नामभिर्दामभिः सर्वं सितं"। "सर्वं हीदं नामनि" इत्यादि श्रुतिभ्यः। अत आह–

ओंकार स्वरूपको निर्णय आत्मतत्त्व जान्ने उपाय कसरी हुन सक्छ भन्ने तर्क उठ्न सक्नेमा भनिन्छ– प्रतिमामा विष्णु दृष्टि-सरह ब्रह्मदृष्टिले उपासना गरिएको ओंकार ब्रह्मप्राप्तिको साधन हुन सक्दछ। "ॐ यो त्यही अक्षर हो जो आत्मतत्त्वको आलम्बनका लागि श्रेष्ठ छ।" पिप्पलादले सत्यकामलाई उपदेश दिँदै भनेका थिए– "हे सत्यकाम ! ओम भन्नु पर तथा अपर आत्मा हो", "ओम भनेर आत्मालाई जान्नु।" ओम भन्ने नै ब्रह्म हो। यो सबै ओंकार नै हो। इत्यादि दिग्दर्शन श्रुतिमा (वेदमा) छ। जसरी सर्पादि विकल्पको आधार डोरी हो त्यसरी नै प्राणादि सम्पूर्ण विकल्पको आधार परमार्थ सत्य भएर पनि अद्वितीय आत्मा नै हो। प्राणादि विकल्पहरू बताउने सम्पूर्ण वाक्समूह ओंकार नै हो र ओंकार आत्माको शक्तिवृत्ति र लक्षणावृत्तिले बोधक भएकाले आत्मस्वरूप नै छ। ओंकारको विकाररूप शब्दविशेषको प्रतिपाद्य विषय आत्माको विकल्पस्वरूप समस्त प्राणादि प्रपंच हुन्। त्यसैले ती पनि आ-आफ्ना बोधक शब्दबाट भिन्न छैनन्। जस्तो कि भनिएको छ– सम्पूर्ण कार्यजगत् विशेष-विशेष शब्दरूप सूत्रद्वारा नाममय डोरीले बाँधिएको छ, यो सब सामान्य र विशेषरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ समुदाय नाममय नै त छ । यस्तो श्रुतिवाक्यहरूबाट यही सिद्ध हुन्छ । त्यसैले ओंकारलाई आत्मतत्त्वज्ञानको उपाय हो भनेर श्रुतिहरूले भनेका छन् ।

मूल उपनिषत्को प्रथम मन्त्र

हरिः ॐ । ओमित्येतदक्षरमिद ँ सर्वं तस्योपव्याख्यानं भूतं भवद्भविष्यदिति सर्वमोङ्कारमेव । यच्चान्यत् त्रिकालातीतं तदप्योंकार एव ॥१॥

अर्थ– ॐ भनिने यो अक्षर नै सम्पूर्ण कुरा हो । भूत, वर्तमान र भविष्य यी तीनै कालका वस्तुहरू त त्यही ओंकारको स्पष्ट बयान मात्र हुन् । त्यसैले यो सब ओंकारस्वरूप नै छ । उपरोक्त त्रिकालबाहिरका जो अरू वस्तुहरू छन् ती पनि ओंकार नै हुन् ॥१॥

भाष्य

ओमित्येतदक्षरमिदं सर्वमिति । यदिदमर्थजातमभिधेयभूतं तस्याभिधानाव्यतिरेकात् । अभिधानस्य चोंकाराव्यतिरेकादोंकार एवेदं सर्वम् । परं च ब्रह्माभिधानाभिधेयोपायपूर्वकमेव गम्यत इत्योंकार एव । तस्यैतस्य परापरब्रह्मरूपस्याक्षरस्योमित्येतस्योपव्याख्यानम् । ब्रह्मप्रतिपत्युपायत्वाद् ब्रह्मसमीपतया विस्पष्टं प्रकथनमुपव्याख्यानं प्रस्तुतं वेदितव्यमिति वाक्यशेषः । भूतं भवद्भविष्यदिति कालत्रयपरिच्छेद्यं यत्तदप्योंकार एवोक्तन्यायतः । यच्चान्यत्त्रिकालातीतं कार्याधिगम्यं कालापरिच्छेद्यमव्याकृतादि तदप्योंकार एव ॥१॥

अर्थ– ॐ यो अक्षर नै सबै कुरा हो । जसरी शब्द र अर्थ अभिन्न हुन्छ त्यस्तै सबै अभिधेयरूप पदार्थ पनि अभिधानरूप ओंकारबाट फरक नभएको कारण ओंकारस्वरूप नै छन् । वाच्यवाचक सम्पूर्ण कार्यसमूह ओंकार नै हो । परब्रह्म पनि वाच्यवाचक रूप उपायद्वारा नै जानिन्छ । त्यसैले त्यो पनि ओंकार स्वरूप नै छ । यसरी जुन पर, अपर ब्रह्मस्वरूप 'ओम्' अक्षर छ त्यसको बयान गरिन्छ । किनकि यो ओंकार ब्रह्मप्राप्तिको उपाय भएकाले ब्रह्मबारे अत्यन्त नजिकबाट स्पष्ट वर्णन गर्ने कुरा प्रस्तुत वाक्यहरूबाट बुझ्नुपर्दछ । भूत, वर्तमान र भविष्य यी तीनै कालका जुन वस्तुहरू छन् ती पनि माथि बताइएअनुसार ओंकार नै हुन् । यसका अतिरिक्त त्रिकाल बाहिरका कामबाट बुझिने अव्याकृतादि जे-जति अरू कुराहरू छन् ती पनि ओंकार नै हुन् ॥१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल उपनिषत्को दोस्रो मन्त्र

सर्वꣳ ह्येतद् ब्रह्मायमात्मा ब्रह्म सोऽयमात्मा चतुष्पात् ॥२॥

अर्थ– जसलाई माथि ओंकार मात्र हो भनियो त्यो सब ब्रह्म नै हो । त्यो आत्मा ब्रह्म हो । ब्रह्मस्वरूप त्यो आत्मा चार पाउ भएको छ ॥२॥

भाष्य

अभिधानाभिधेययोरेकत्वेऽप्यभिधानप्राधान्येन निर्देशः कृतः । ओमित्येतदक्षरमिदं सर्वमित्याद्यभिधानप्राधान्येन निर्दिष्टस्य पुनरभिधेयप्राधान्येन निर्देशोऽभिधानाभिधेययोरेकत्वप्रतिपत्त्यर्थः । इतरथा ह्यभिधानतन्त्राभिधेय– प्रतिपत्तिरित्याभिधेयस्याभिधानत्वं गौणमित्याशङ्का स्यात् । एकत्वप्रतिपत्तेश्च प्रयोजनमभिधानाभिधेययोरेकेनैव प्रयत्नेन युगपत्प्रविलापयंस्तद्विलक्षणं ब्रह्म प्रतिपद्येतेति । तथा च वक्ष्यति– "पादा मात्रा मात्राश्च पादाः" इति । तदाह–

सर्वं ह्येतद् ब्रह्मेति । सर्वं यदुक्तमोंकारमात्रमिति तदेतद् ब्रह्म । तच्च ब्रह्म परोक्षाभिहितं प्रत्यक्षतो विशेषेण निर्दिशति । अयमात्मा ब्रह्मेति । अयमिति चतुष्पात्त्वेन प्रविभज्यमानं प्रत्यगात्मतयाऽभिनयेन निर्दिशति– अयमात्मेति । सोऽयमात्मोंकाराभिधेयः परापरत्वेन व्यवस्थितश्चतुष्पात्कार्षापणवन्न गौरिवेति । त्रयाणां विश्वादीनां पूर्वपूर्वप्रविलापनेन तुरीयस्य प्रतिपत्तिरिति करणसाधनः पादशब्दः । तुरीयस्य पद्यत इति कर्मसाधनः पादशब्दः ॥२॥

अर्थ– वाचक र वाच्य यौटै भएर पनि उक्त मन्त्रमा वाचकलाई मुख्य मानेर "ओम् यो अक्षर नै सबै कुरा हो" इत्यादि रूपले बताइएको छ । वाचक नै मुख्य हो भनेर बताइएको वस्तुलाई फेरि वाच्यको प्रधानता देखाई बताइनु यसरी आवश्यक छ कि वाचक र वाच्य यौटै हो, भेद छैन भन्ने थाहा होस् भन्नाका लागि हो, नत्र वाचकभन्दा वाच्यको मात्र प्रधानता बोध गराउँदा वाच्यको वाचकरूप हुनु मामुली कुरो हो भन्ने भान हुन सक्दछ । यसरी वाच्य र वाचकको एकत्व ज्ञान भएपछि यौटै प्रयत्नबाट दुवैको लय चिताउँदै विलक्षण ब्रह्मको ज्ञान यो प्रयोजन अनायास सिद्ध हुनेछ । यसै प्रसंगमा शास्त्रमा भनिएको छ– "पाउ मात्रा हुन् र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्रा पाउ हुन् ।" त्यसैले भनिन्छ– यो सबै ब्रह्म नै हो अर्थात् जसलाई ओंकार मात्र भनिएको छ यो सब कुरा ब्रह्म नै हो । जसलाई अहिलेसम्म परोक्षरूपले भनिएको थियो त्यही ब्रह्मलाई विशेष रूपले प्रत्यक्ष "यो आत्मा ब्रह्म हो" भन्दै बताइन्छ । यस मन्त्रमा "यो" भन्ने शब्दले चार पाउ भएको भनेर विभक्त गरिने आत्मालाई "यो आत्मा ब्रह्म हो" यस्तो भन्दै बताइन्छ । ओंकार नामक यो आत्मा पर र अपर दुई रूपले चिनिने चार पाउ भएको कार्षापणजस्तो हो, गाईजस्तो होइन । १६ पैसाको १ कार्षापण (चौअन्नी) वा ४ पैसाको १ आना भनेजस्तै चार पाउ भएको आत्मा भनिएको हो । गाईजस्तो चारखुट्टे भनिएको होइन । विश्व, तैजस र प्राज्ञ यी तीन-तीन पाउमध्ये पूर्व-पूर्वको क्रमशः विलय हुँदै जाँदा अन्तमा चौथो ब्रह्मात्माको ज्ञान हुन्छ । अतः यहाँ पाउ भन्ने शब्द करण वा साधनवाचक छ । त्यस्तै तुरीय आत्मामा पुऱ्याउने भन्ने व्युत्पत्ति गर्दा 'पाउ' भन्ने शब्द कर्मवाच्य भएर प्रयोग भएको हुन्छ ॥२॥

मूल उपनिषत्को तेस्रो मन्त्र

जागरितस्थानो बहिष्प्रज्ञः सप्ताङ्ग एकोनविंशतिमुखः स्थूलभुग्वैश्वानरः प्रथमः पादः ॥३॥

अर्थ– जागा अवस्था ठाउँ अर्थात् आधार भएको, बाह्य जगत् शरीर भएको अर्को शब्दमा आफूभन्दा बाहिरका विषयहरू– अर्थात् बाहिरी जगत्का विषयमा ज्ञान राख्ने सात लोकरूप, सात अंग भएको, पाँच ज्ञानेन्द्रियहरू, पाँच कर्मेन्द्रियहरू, पाँच प्राण र चार अन्तस्करणहरू गरी उन्नाइसवटा मुखहरू भएको, ठूलो जगत्को भोग गर्ने यस आत्माको पहिलो पाउ 'वैश्वानर' हो ॥३॥

भाष्य

कथं चतुष्पात्त्वमित्याह– जागरितस्थानमस्येति जागरितस्थानः । बहिष्प्रज्ञः स्वात्मव्यतिरिक्ते विषये प्रज्ञा यस्य स बहिष्प्रज्ञो वहिर्विषयेव प्रज्ञा ऽविद्याकृता ऽवभासत इत्यर्थः । तथा सप्ताङ्गान्यस्य "तस्य ह वा एतस्या ऽऽत्मनो वैश्वानरस्य मूर्धैव सुतेजाश्चक्षुर्विश्वरूपः प्राणः पृथग्वर्त्मात्मा सन्देहो बहुलो वस्तिरेव रयिः पृथिव्येव पादौ" इत्यग्निहोत्र कल्पनाशेषत्वेना ऽऽहवनीयो ऽग्निरस्य मुखत्वेनोक्त इत्येवं सप्ताङ्गानि यस्य स सप्ताङ्गः । तथैकोनविंशति मुखान्यस्य बुद्धिन्द्रियाणि कर्मेन्द्रियाणि च दश वायवश्च प्राणादयो पञ्च मनोबुद्धिरहंकारश्चित्तमिति मुखानीव मुखानि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तान्युपलब्धिद्वाराणीत्यर्थः । स एवं विशिष्टो वैश्वानरो यथोक्तैः द्वारैः शब्दादीन् स्थूलान् विषयान् भुङ्क्त इति स्थूलभुक् । विश्वेषां नराणां अनेकधा नयनाद्वैश्वानरः सर्वपिण्डात्मानन्यत्वात्स प्रथमः पादः । एतत्पूर्वकत्वादुत्तरपादाधिगमस्य प्राथम्यमस्य ।

कथमयमात्मा ब्रह्मेति प्रत्यगात्मनोऽस्य चतुष्पात्वे प्रकृते द्युलोकादीनां मूर्धाद्यङ्गत्वमिति । नैष दोषः । सर्वस्य प्रपञ्चस्य साधिदैविकस्यानेनाऽऽत्मना चतुष्पात्वस्य विवक्षितत्वात् ।

एवं च सति सर्वप्रपञ्चोपशमे ऽद्वैतसिद्धिः । सर्वभूतस्थश्चाऽऽत्मैको दृष्टः स्यात् । सर्वभूतानि चाऽऽत्मनि । यस्तु सर्वाणि भूतानीत्यादि श्रुत्यर्थ उपसंहृत श्चैवं स्यात् । अन्यथा हि स्वदेहपरिछिन्न एव प्रत्यगात्मा सांख्यादिभिरिव दृष्टः स्यात्तथा च सत्यद्वैतमिति श्रुतिकृतो विशेषो न स्यात् । सांख्यादिदर्शनेनाविशेषात् ।

इष्यते च सर्वोपनिषदां सर्वात्मैक्यप्रतिपादकत्वम् । अतो युक्तमेवास्याऽऽध्यात्मिकस्य पिण्डात्मनो द्युलोकाद्यङ्गत्वेन विराडात्मना ऽऽधिदैविकेनैकत्वमभिप्रेत्य सप्ताङ्गत्ववचनम् । "मूर्धा ते व्यपतिष्यत्" इत्यादिलिंगदर्शनाच्च ।

विराजैकत्वमुपलक्षणार्थं हिरण्यगर्भाव्याकृतात्मनोः । उक्तं चैतन्मधुब्राह्मणे– "यश्चायमस्यां पृथिव्यां तेजोमयोऽमृतमयः पुरुषो यश्चायमध्यात्मम्" इत्यादि । सुषुप्ताव्याकृतयोस्त्वेकत्वं सिद्धमेव निर्विशेषत्वात् । एवं च सत्येतत्सिद्धं भविष्यति सर्वद्वैतोपशमे चाद्वैतमिति ॥३॥

अर्थ– निरवयव आत्माको चार पाउ कसरी हुन सक्छ त्यसको उत्तर यस मन्त्रमा दिइएको छ– जागा अवस्था जसको उपलब्धिस्थान हो त्यसलाई जागरित स्थान भनिन्छ । आफूभित्र बाहिरी विषयमा जसको जानकारी छ त्यसलाई वहिष्प्रज्ञ भनिन्छ । अर्थात् जो अज्ञान वा अविद्याबाट उत्पन्न बाहिरी विषयमा ज्ञान राख्ने छ त्यो वहिष्प्रज्ञ हो । त्यस्तै यसका सात अङ्ग छन् । त्यो यो वैश्वानर आत्माको द्युलोक शिर हो र अत्यन्त तेजस्वी सूर्य त्यसका आँखा हुन् । विश्वरूप वायु त्यसको प्राण हो । आकाश त्यसको घर हो । अन्नको कारण जल नै त्यसको मूत्रस्थान हो । पृथिवी त्यसको पाउ हो । यस श्रुतिमा अग्निहोत्र कल्पनामा हवनकार्यमा प्रयोग हुने अग्नि यसको मुख हो भन्ने बताइएको छ । यसरी सात अंग हुने हुनाले यस वैश्वानर आत्मालाई सप्ताङ्ग भनिएको छ । यस वैश्वानर आत्माका उन्नाइस मुख छन् । अर्थात् ज्ञानेन्द्रियहरू– कान, छाला, आँखा, जिब्रो र नाक गरी ५ कर्मेन्द्रिय– बोली, हात, खुट्टा, लिंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र गुदद्वार गरी ५, प्राण, अपान, व्यान, उदान र समान गरी ५ वायु; मन, बुद्धि, अहंकार र चित्त ४ मन गरी १९ मुख बाह्य विषय भोग गर्ने साधन हुन् । यस्तो विशेषता भएको यो वैश्वानर आत्माले पूर्वोक्त १९ मुखतुल्य साधनहरूद्वारा बाहिरी स्थूल शब्दादि विषयहरूको भोग यानी अनुभव गर्दछ । सम्पूर्ण मानिसलाई विभिन्न योनिमा लग्ने भएकाले यस आत्मालाई वैश्वानर भनिएको छ । अथवा सबै मानिसमा तादात्म्यभाव– एकता राख्ने भएकाले सर्व नरस्वरूप हुँदा वैश्वानर भनिएको हुन सक्छ । सबै देहमा अभिन्न भएर रहेको कारण यो आत्माको पहिलो पाउ हो । यसपछि मात्र तैजस आदि अरू पाउको ज्ञान हुन सक्ने भएकाले यस वैश्वानरलाई आत्माको पहिलो पाउ भनिएको हो ।

कसरी यो आत्मा ब्रह्म हो र यसका चार पाउ छन् भन्ने प्रसंगमा यसको द्युलोक शिर हो आदि कुरा कहाँबाट बताउन थालियो ? भन्ने प्रश्न उठ्न सक्छ । तर यसमा दोष छैन । अधिदैवसहित सम्पूर्ण प्रपञ्चको चार पाउको वर्णन यसै आत्माद्वारा गर्न खोजिएको हो ।

यसो गरेमा सम्पूर्ण प्रपञ्चमा मिथ्यात्वको ज्ञान भएर अद्वैत तत्त्वको निश्चय हुन सक्छ । सम्पूर्ण प्राणीमा रहेको आत्मा यौटै छ र आत्मामा सम्पूर्ण प्राणी रहेका छन् । यसरी हेर्नु नै अद्वैत निश्चय हो । यसो गरेर नै "जो सबै प्राणीलाई आत्मामा देख्दछ" इत्यादि शास्त्रको पुष्टि हुन्छ । अन्यथा जसरी आफ्नो शरीरभित्र लुकेको आत्मालाई सांख्यशास्त्रीले देखेका छन् त्यसै गरी यहाँ पनि हेरिएला । फेरि त 'अद्वैत छ' यस शास्त्र प्रतिपादित विशेष अर्थको सिद्धि हुन सक्दैन । किनकि सांख्यादि दर्शनको अपेक्षा यसमा केही पनि विशेषता रहनेछैन ।

सबै उपनिषद्ले सब कुरा आत्मा हो भन्ने सिद्ध गर्न खोजेको कुरा मनासीव हो । ठीक नै हो कि यो आध्यात्मिक पिण्डरूप आत्मालाई द्युलोकादि अंगरूप आधिदैविक विराट् आत्मासँग फरक नरहेको थाहा दिने अभिप्रायले यो चार पाउ भएको आत्मालाई सप्ताङ्ग बनाउनु उचित नै छ । अध्यात्म र अधिदैवको यौटै रूप प्रमाणमा "तेरो शिर खस्थ्यो यदि तँ मकहाँ न आउँथिस्" इत्यादि श्रुति निर्देश पनि देखिन्छ ।

यहाँ जुन विराट् ब्रह्माण्डसँग विश्वको एकत्व देखाइएको छ त्यो हिरण्यगर्भको तैजससँग र अन्तर्यामीको प्राज्ञसँग एकत्व देखाउने तरीका हो । मधु ब्राह्मणमा पनि यस्तो भनिएको छ– "यस पृथिवीमा जुन तेजोमय र अमृतमय पुरुष छ तथा यो जुन अध्यात्म पुरुष छ यी दुवै एउटै हुन्" इत्यादि सुषुप्त र अव्याकृत यौटै हुन् । इनमा भेद नभएको कुरा सबैको अनुभवबाट सिद्ध छ । किनकि यी दुवैमा कुनै विशेषता छैन । यसरी सम्पूर्ण द्वैत हराएपछि अद्वैत नै बाँकी रहन्छ भन्ने कुरा सिद्ध हुन्छ ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल उपनिषत्को चौथो मन्त्र

स्वप्नस्थानोऽन्तप्रज्ञः सप्ताङ्ग एकोनविंशतिमुखः प्रविविक्तभुक् तैजसो द्वितीयः पादः ॥४॥

अर्थ– स्वप्नजस्तो सूक्ष्म जगत् जसको ठाउँ हो, जसले भित्री जगत्का विषयमा ज्ञान राख्दछ, जसको सातलोकरूप सात अंग र माथि वैश्वानरमा बताएजस्तै उन्नाइस मुखहरू छन्, त्यस्तो सूक्ष्म जगत्को भोग गर्ने प्रकाशस्वरूप यस आत्माको दोस्रो पाउ 'तैजस' वा 'हिरण्यगर्भ' हो ॥४॥

भाष्य

स्वप्नस्थानमस्य तैजसस्य स्वप्नस्थानः । जाग्रत्प्रज्ञाऽनेकसाधना बहिर्विषयेवावभासमाना मनः स्पन्दनमात्रा सती तथाभूतं संस्कारं मनस्याधत्ते । तन्मनस्तथा संस्कृतं चित्रित इव पटौ वाह्यसाधनानपेक्षमविद्याकामकर्मभिः प्रेर्यमाणं जाग्रद्वदवभासते । तथा चोक्तम्– "अस्य लोकस्य सर्वावतो मात्रामपादाय" इति । तथा "परे देवे मनस्येकी भवति" इति प्रस्तुत्य "अत्रैष देव स्वप्ने महिमानमनुभवति" इत्यथर्वणे । इन्द्रियापेक्षयान्तःस्थत्वान्मनस्तद्वासनारूपा च स्वप्ने प्रज्ञा यस्येत्यन्तः प्रज्ञः । विषयशून्यायां प्रज्ञायां केवलप्रकाशस्वरूपायां विषयित्वेन भवतीति तैजसः । विश्वस्य सविषयत्वेनं प्रज्ञायाः स्थूलायाः भोज्यत्वम् । इह पुनः केवला वासनामात्रा प्रज्ञा भोज्येति प्रविविक्तो भोग इति । समानमन्यत् । द्वितीयः पादस्तैजसः ॥४॥

अर्थ– आत्माको दोस्रो पाउ तैजस हो । यसको उपलब्धिस्थान स्वप्न हो । जागा अवस्थामा बुद्धि अनेक साधनहरू भएको मनबाट स्पन्दित हुँदै बाहिरी विषयहरूसँग संबद्ध भएजस्तो देखिन्छ र त्यो त्यसै प्रकारका संस्कारहरूलाई मनमा राख्दछ । त्यस्ता संस्कारहरूले युक्त मन रंगाइएको कपडाजस्तो हुन्छ । ऊ बाहिरी साधनहरूको केही पनि वास्ता नगरी अविद्या, काम र कर्मबाट प्रेरित भएर जाग्रतजस्तो भएर चम्कन्छ । त्यस्तै भनिएको पनि छ "सबै साधनयुक्त यस लोकको वासनाहरूलाई लिएर" आदि । अनि "इन्द्रियहरूभन्दा उत्कृष्ट भाव भएको मनमा सबै इन्द्रिय एक हुन्छन् ।" यसरी शुरु गरेर "यस स्वप्नावस्थामा स्वयं प्रकाश स्वप्नद्रष्टा आफ्ना विभूतिहरूको अनुभव गर्दछ" इत्यादि अथर्व वेदमा पनि भनिएको छ । बाहिरी इन्द्रियहरूभन्दा मनभित्र रहेको कारण स्वप्न अवस्थामा जसलाई वासनास्वरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको अन्तःप्रज्ञा मानिन्छ । त्यसैले यस तैजसलाई अन्तप्रज्ञ भनिएको छ । वाह्य विषयवाला भएकाले जाग्रत अवस्थामा विश्वले भोग गर्ने स्थूलप्रज्ञा हो । अर्थात् जुन वासनामय प्रज्ञामा स्थूल विषयहरू होऊन् त्यस प्रज्ञालाई नै स्थूल भनिन्छ । विश्वात्माको भोज्य त्यही हो । तर यहाँ स्वप्नावस्थामा त केवल वासनामय प्रज्ञा भोज्य छ । यसैले तैजसको भोग सूक्ष्म मानिएको छ । सात अंग र उन्नाइस मुखको कुरा विश्वात्माको जस्तै तैजसको पनि समान छ । यसरी यो तैजस आत्माको दोस्रो पाउ हो ॥४॥

मूल उपनिषत्को पाँचौं मन्त्र

यत्र सुप्तो न कञ्चन कामं कामयते न कञ्चन स्वप्नं पश्यति तत्सुषुप्तम्। सुषुप्तस्थान एकीभूतः प्रज्ञानघन एवाऽऽनन्दमयो ह्यानन्दभुक् चेतोमुखः प्राज्ञस्तृतीयः पादः ॥५॥

अर्थ– जुन अवस्थामा सुतेको मानिस कुनै पनि भोगको इच्छा राख्दैन र कुनै पनि सपना देख्दैन त्यस्तो अवस्थालाई सुषुप्ति भनिन्छ । यस्तो सुषुप्ति यानी जगत्को प्रलय अवस्था ठाउँ भएको, ईश्वरसँग एकाकार भएको जस्तो भएर रहेको, जो एक मात्र गहिरो उत्कृष्ट ज्ञानस्वरूप र आनन्दमय छ र आनन्दभोग गर्दछ त्यही चेतनारूप आत्माको तेस्रो पाउ 'प्राज्ञ' हो ॥५॥

भाष्य

दर्शनादर्शनवृत्योस्तत्वाप्रबोधलक्षणस्य स्वापस्य तुल्यत्वात् सुषुप्तिग्रहणार्थं यत्र सुप्त इत्यादि विशेषणम् । अथ वा त्रिष्वपि स्थानेषु तत्वाप्रतिबोधलक्षणः स्वापो विशिष्ट इति पूर्वाभ्यां सुषुप्तं विभजते । यत्र यस्मिन् स्थाने काले वा सुप्तो न कंचन स्वप्नं पश्यति न कंचन कामं कामयते । न हि सुषुप्ते पूर्वयोरिवान्यथाग्रहणलक्षणं स्वप्नदर्शनं कामो वा कञ्चन विद्यते । तदेतत्सुषुप्तं स्थानमस्येति सुषुप्तस्थानः । स्थानद्वयप्रविभक्तं मनः स्पन्दितं द्वैतजातम् । तथा रूपापरित्यागेनाविवेकापन्नं नैशतमोग्रस्तमिवाहः सप्रपञ्चकमेकीभूतमित्युच्यते । अत एव स्वप्नजाग्रन्मनःस्पन्दनानि प्रज्ञानानि घनीभूतानीव सेयमवस्थाऽविवेकरूपत्वात्प्रज्ञानघन उच्यते । यथा रात्रौ नैशेन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तमसाऽविभज्यमानं सर्वं घनमिव तद्वत्प्रज्ञानघन एव। एवशब्दान्न जात्यन्तरं प्रज्ञानव्यतिरेकेणास्तीत्यर्थः। मनसो विषयविषय्याकारस्पन्दनायासदुःखाभावादानन्दमय आनन्दप्रायो नाऽऽनन्द एव। अनात्यन्तिकत्वात्। यथा लोके निरायासस्थितः सुख्यानन्दभुगुच्यते। अत्यन्तानायासरुपा हीयं स्थिति रनेनानुभूयत इत्यानन्दभुक्। "एषोऽस्य परम आनन्दः" इति श्रुतेः। स्वप्नादि प्रतिवोधचेतः प्रति द्वारीभूतत्वाच्चेतोमुखः। बोधलक्षणं वा चेतोद्वारं मुखमस्य स्वप्नाद्यागमनं प्रतीति चेतोमुखः। भूतभविष्यज्ज्ञातृत्वं सर्वविषयज्ञातृत्वमस्यैवेति प्राज्ञः। सुषुप्तोऽपि हि भूतपूर्वगत्या प्राज्ञ उच्यते। अथ वा प्रज्ञप्तिमात्रधामस्यैवासाधारणं रूपमिति प्राज्ञः। इतरयोर्विशिष्टमपि विज्ञानमस्ति सोऽयं प्राज्ञस्तृतीयः पादः ॥५॥

अर्थ– तत्त्वज्ञान नहुनुलाई सुषुप्ति भनिन्छ। यस्तो सुषुप्ति जाग्रत् र स्वप्नमा पनि बराबर हुन्छ। तर पनि जाग्रत्मा स्थूल विषयको दर्शन हुन्छ। स्वप्नमा स्थूल विषयको दर्शन हुन्न। यी दुवैबाट पृथक् सुषुप्ति बताउन मूल मन्त्रमा "यत्र सुप्त..." आदि सुषुप्तिको विशेषण दिइन्छ। अथवा यो कुरा यसरी बुझौं कि तत्त्वज्ञानको अभाव त तीनै अवस्थामा बराबर नै हुन्छ। अज्ञानरूप निद्रा पनि समान नै हुन्छ। तर पनि पहिलो दुई अवस्था र सुषुप्तिमा के फरक छ त्यो यहाँ बताइन्छ।

जुन अवस्थामा सुतेको मानिस न कुनै सपना देख्दछ, न कुनै भोगको चाहना गर्दछ त्यस अवस्थालाई सुषुप्ति भनिन्छ। सुषुप्तिमा स्वप्न र भोग हुँदैन। त्यो यो स्थान सुषुप्ति प्राज्ञ आत्माको छ। दुवै स्थानभन्दा फरक यहाँ मनस्फुरणबाट उत्पन्न द्वैत प्रपंच रहन्छ। त्यो सबै अविवेकबाट उत्पन्न प्रपंच सृष्टि सुषुप्तिमा त्यसरी नै एक भएको हुन्छ जसरी रातको अँध्यारोमा दिन ढाकिएको हुन्छ। त्यस्तै जाग्रत् र स्वप्न अवस्थामा मनस्फुरणरूप प्रज्ञान बाक्लिएर रहने भएकाले यस सुषुप्ति अवस्थालाई 'प्रज्ञानघन' भनिन्छ। जसरी रातमा अँध्यारोले ढाकिएर सबै दृश्यवस्तु यौटेजस्तो हुन्छ त्यस्तोलाई प्रज्ञानघन भनेको हो। मन्त्रमा आएको 'एव' शब्दको यहाँ अर्थ हो प्रज्ञान छाडेर अरू वस्तु यहाँ केही पनि देखिन्न। अरु अवस्थामा विषय र विषयीको आकार रूप मनको स्पन्दन हुने गर्थ्यो त्यसैले त्यहाँ दुःख पनि अनुभव हुन्थ्यो। तर यस सुषुप्ति अवस्थामा त्यस्तो दुःखको अभाव हुनाले यो प्राज्ञ आत्मा आनन्दमय छ। जसरी लोकमा कुनै मिहिनेत र प्रयत्न नगरी बसेको मानिसलाई सुखी र आनन्दभोगी भनिन्छ त्यस्तै सुषुप्ति अवस्था पनि चेष्टारहित हुन्छ। यस अवस्थामा जीवले यस स्थितिको अनुभव गर्दछ। त्यसैले यसलाई आनन्दभोगी भनिएको हो। "यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूपानुभवरूप आनन्द उत्कृष्ट छ" भन्ने श्रुतिमा पनि भनिन्छ। स्वप्न आदि अवस्थामा ज्ञानरूप चेतनाका लागि यो द्वार हो। त्यसैले यसलाई चेतोमुख पनि भनिन्छ। अथवा स्वप्नादि प्राप्तिका लागि ज्ञानस्वरूप चेतना नै सुषुप्तिको द्वार पनि मानिएकाले यसलाई चेतोमुख भनिएको हो। भूत भविष्यको वा वर्तमानसमेत सबै विषयको जानकारी राख्ने हुनाले प्राज्ञ भनिएको हो। सुषुप्ति अवस्था भए पनि जाग्रत् र स्वप्नमा आत्मालाई यी सबै कुराको जानकारी त थियो त्यसैले भूतपूर्व गतिले प्राज्ञ भनिएको हो। अथवा जाग्रत् र स्वप्नभन्दा पनि विशिष्ट ज्ञान प्रज्ञप्ति मात्र भएकाले असाधारण रूपमा प्राज्ञ भनिन्छ, यस्तो प्राज्ञ आत्माको तेस्रो पाउ हो ॥५॥

मूल उपनिषद्को छैटौं मन्त्र

एषः सर्वेश्वर एष सर्वज्ञ एषोऽन्तर्याम्येष योनिः सर्वस्य प्रभवाप्ययौ हि भूतानाम् ॥६॥

अर्थ– यो प्राज्ञ आत्मा सबैको शासक ईश्वर हो। यो प्राज्ञ आत्मा सर्वज्ञ, अन्तर्यामी एवं सम्पूर्ण प्राणीको उत्पत्ति र प्रलयको कारण पनि हो ॥६॥

भाष्य

एष हि स्वरूपावस्थः सर्वेश्वरः साधिदैविकस्य भेदजातस्य सर्वस्येशिता नैतस्माज्जात्यन्तरभूतो ऽन्येषामिव। "प्राणबन्धनं हि सोम्य मनः" इति श्रुतेः। अयमेव हि सर्वस्य सर्वभेदावस्थो ज्ञातेत्येष सर्वज्ञ एषोऽन्तर्याम्यन्तरनुप्रविश्य सर्वेषां भूतानां नियन्ताऽप्येष एव। अत एव यथोक्तं सभेदं जगत्प्रसूयत इत्येष योनिः सर्वस्य। यत एवं प्रभवश्चाप्ययश्च प्रभवाप्ययौ हि भूतानामेष एव ॥६॥

अत्रैतस्मिन्यथोक्तेऽर्थ एते श्लोका भवन्ति।

अर्थ– आफ्नो स्वरूपमा रहेको यो प्राज्ञ नै सम्पूर्ण द्वैत प्रपञ्चको स्वामी हो त्यसैले यसलाई सर्वेश्वर भनिन्छ। अरु मतावलम्बीहरूले जस्तो यस प्राज्ञबाट भिन्न शासक ईश्वर वेदान्त सिद्धान्तमा मानिन्न। न्यायमा जस्तो तटस्थ मान्दा अपसिद्धान्त हुन जान्छ। यस विषयमा श्रुति छ, "हे सोम्य! यो मन (उपाधि भएको जीव) प्राणबाट बाँधिएको छ"। सम्पूर्ण प्रपञ्चमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको यो प्राज्ञ आत्मा नै सबैको ज्ञाता हो । यसैले यो प्राज्ञ आत्मा सम्पूर्ण प्राणीको भित्र पसेर नियन्त्रण गर्ने भएकाले अन्तर्यामीरूप नियन्ता पनि हो । यसैले माथि भनिएजस्तो सम्पूर्ण जगत् यसै प्राज्ञबाट उत्पन्न हुन्छ । त्यसैले यसलाई सबैको योनि भनिन्छ । सम्पूर्ण प्राणीको उत्पत्ति र प्रलय यसै प्राज्ञ आत्माबाट हुन्छ ॥६॥

यहाँ आचार्य गौडपादका वहिष्प्रज्ञो ... इत्यादि पूर्वोक्त अर्थमा यी श्लोकहरू छन्–

कारिका

बहिष्प्रज्ञो विभुर्विश्वो ह्यन्तःप्रज्ञस्तु तैजसः ।
घनप्रज्ञस्तथा प्राज्ञ एक एव त्रिधा स्मृतः ॥१॥

विभु विश्व वहिष्प्रज्ञ[1], अन्तःप्रज्ञ[2] छ तैजस ।
त्यस्तै प्राज्ञ घनप्रज्ञ[3] आत्मा तीन प्रकारले ।
बसेको छ भोग गर्दै जाग्रत् स्वप्न सुषुप्तिमा ।
भिन्दाभिन्दै किमिसले तर त्यो आफू एक छ ॥१॥

भाष्य

बहिष्प्रज्ञ इति । पर्यायेण त्रिस्थानत्वात्सोऽहमिति स्मृत्या प्रतिसंधानाच्च स्थानत्रयव्यतिरिक्तत्वमेकत्वं शुद्धत्वमसंगत्वं च सिद्धमित्यभिप्रायः । महामत्स्यादिदृष्टान्तश्रुतेः ॥१॥

अर्थ– जाग्रत् आदि तीन स्थानमा रहेको हुनाले र "म त्यही हुँ जो पहिले सुतें र स्वप्न देखें" यस्तो जागेपछि थाहा हुने हुनाले यो मान्नुपर्छ कि आत्मा तीनै ठाउँबाट भिन्न एक शुद्ध र असंग छ । जस्तो कुनै नदीमा रहने बलवान् माछा नदीको बलवान् वेगबाट विचलित नभई दुवै तीरमा आउने-जाने गर्छ तर दुवै तीरबाट सर्वथा भिन्न छ त्यस्तै यो आत्मा जाग्रत्, स्वप्न, सुषुप्ति तीनै ठाउँमा आउने-जाने गर्छ, तर यिनबाट भिन्न एक असंग र शुद्ध छ । यस्तो वृहदारण्यक उपनिषद्मा बताइएको दृष्टान्तमा भनिएको छ ॥१॥

---

[1] बहिष्प्रज्ञ– जाग्रत् अवस्थामा आँखा कान आदि इन्द्रियले रूप, स्वर आदि विषयको ज्ञान गर्ने
[2] अन्तप्रज्ञ– स्वप्न अवस्थामा वासनामय इन्द्रियले वासनामय पदार्थको अनुभव गर्ने ।
[3] घनप्रज्ञ– सुषुप्ति अवस्थामा जाग्रत् र स्वप्नका विभिन्न ज्ञानलाई आफूमा लीन गरी बस्ने ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

दक्षिणाक्षिमुखे विश्वो मनस्यन्तस्तु तैजसः ।
आकाशे च हृदि प्राज्ञस्त्रिधा देहे व्यवस्थितः ॥२॥

दाहिने नेत्रमा विश्व, मनभित्र छ तैजस ।
हृदयाकाशमा प्राज्ञ आत्मा यौटै शरीरमा ।
उपलब्ध हुन्छ हेर यहाँ तीन प्रकारले ॥२॥

भाष्य

जागरितावस्थायामेव विश्वादीनां त्रयाणामनुभव प्रदर्शनार्थोऽयं श्लोकः– दक्षिणक्षीति । दक्षिणमक्ष्येव मुखं तस्मिन्प्रधान्येन द्रष्टा स्थूलानां विश्वोऽनुभूयते । "इन्धो ह वै नामैष यो ऽयं दक्षिणेऽक्षन्पुरुषः" इति श्रुतेः । इन्धो दीप्तिगुणो वैश्वानर आदित्यान्तर्गतो वैराज आत्मा चक्षुषि च द्रष्टैकः । नन्वन्यो हिरण्यगर्भः क्षेत्रज्ञो दक्षिणेऽक्षिण्यक्ष्णोनिर्यन्ता द्रष्टा चान्यो देहस्वामी । न । स्वतो भेदानभ्युपगमात् । "एको देवः सर्वभूतेषु गूढः" इति श्रुतेः ।

"क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।" इति स्मृतेः ।

सर्वेषु करणेष्वविशेषेऽपि दक्षिणाक्षिण्युपलब्धिपाटवदर्शनात्तत्र विशेषेण निर्देशो विश्वस्य । दक्षिणाक्षिगतो रूपं दृष्ट्वा निमीलिताक्षस्तदेव स्मरन्मनस्यन्तः स्वप्न इव तदेव वासनारूपाभिव्यक्तं पश्यति । यथाऽत्र तथा स्वप्ने । अतो मनस्यन्तस्तु तैजसोऽपि विश्व एव । आकाशे च हृदि स्मरणाख्यव्यापारोपरमे प्राज्ञ एकीभूतो घनप्रज्ञ एव भवति । मनोव्यापाराभावात् । दर्शनस्मरणे एव हि मनःस्पन्दिते तदभावे हृद्येवाविशेषेण प्राणात्मनाऽवस्थानम् । "प्राणो ह्येवैतान्सर्वान्संवृङ्क्ते" इति श्रुतेः ।

तैजसो हिरण्यगर्भो मनःस्थत्वात् । लिङ्गं मनः । "मनोमयोऽयं पुरुषः" इत्यादि श्रुतिभ्यः । ननु व्याकृतः प्राणः सुषुप्ते तदात्मकानि करणानि भवन्ति । कथमव्याकृतता । नैष दोषः । अव्याकृतस्य देशकाल विशेषाभावात् ।

यद्यपि प्राणाभिमाने सति व्याकृततैव प्राणस्य तथाऽपि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिण्डपरिच्छिन्नविशेषाभिमाननिरोधः प्राणे भवतीत्यव्याकृत एव प्राणः सुषुप्ते परिच्छिन्नाभिमानवताम् । यथा प्राणलये परिच्छिन्नाभिमानिनां प्राणोऽव्याकृतस्तथा प्राणाभिमानिनोऽप्यविशेषापत्तावव्याकृतता समाना प्रसवबीजात्मकत्वं च तदध्यक्षश्चैकोऽव्याकृतावस्थः । परिच्छिन्नाभिमानिनामध्यक्षाणां च तेनैकत्वमिति पूर्वोक्तं विशेषणमेकीभूतः प्रज्ञानघन इत्याद्युपपन्नम् । तस्मिन्नुक्तहेतुसत्वाच्च ।

कथं प्राणशब्दत्वमव्याकृतस्य । "प्राणबन्धनं हि सोम्य मनः" इति श्रुतेः । ननु तत्र "सदेव सोम्य" इति प्रकृतं सद्ब्रह्म प्राणशब्दवाच्यम् । नैष दोषः । बीजात्मकत्वाभ्युपगमात्सतः । यद्यपि सद्ब्रह्म प्राणशब्दवाच्यम् । तत्र तथाऽपि जीवप्रसवबीजात्मकत्वमपरित्यज्यैव प्राणशब्दवाच्यत्वं सतः सच्छब्दवाच्यता च । यदि हि निर्बीजरूपं विवक्षितं ब्रह्माभविष्यत् "नेति नेति" "यतो वाचो निवर्तन्ते" "अन्यदेव तद्विदितादथो अविदितात्" इत्यवक्षत् । "न सत्तन्नासदुच्यते" इति स्मृतेः । निर्बीजतयैव चेत्सति लीनानां संपन्नानां सुषुप्तप्रलययोः पुनरुत्थानानुपपत्तिः स्यात् । मुक्तानां च पुनरुत्पत्तिप्रसङ्गः । बीजाभावाविशेषात् ।

ज्ञानदाह्यबीजाभावे च ज्ञानानर्थक्यप्रसंगः । तस्मात्सबीजत्वाभ्युपगमेनैव सतः प्राणत्वव्यपदेशः सर्वश्रुतिषु च कारणत्वव्यपदेशः । अत एव "अक्षरात्परतः पर" । "स बाह्याभ्यन्तरो ह्यजः" । "यतो वाचो निवर्तन्ते" । "नेति नेति" इत्यादिना बीजत्वापनयनेन व्यपदेशः । तामबीजावस्थां तस्यैव प्राज्ञशब्दवाच्यस्य तुरीयत्वेन देहादिसंबंधरहितां पारमार्थिकीं पृथग्वक्ष्यति । बीजाऽवस्थापि न किंचिदवेदिषमित्युत्थितस्य प्रत्ययदर्शनाद्देहेऽनुभूयत एवेति त्रिधा देहे व्यवस्थित इत्युच्यते ॥२॥

अर्थ– यो "दक्षिणाक्षिमुखे ..." इत्यादि गौडपादाचार्यको दोस्रो कारिकाले जाग्रत् अवस्थामा नै विश्व तैजस र प्राज्ञ आत्माको कसरी अनुभव हुन्छ भन्ने कुरा बताउँछ । दाहिने आँखाले स्थूल पदार्थ हेर्ने विश्वात्मा चिन्न सकिन्छ । "यो पुरुष जो दाहिने आँखामा रहेको छ निश्चय नै त्यो 'इन्ध' नाम भएको हो" भन्ने श्रुतिमा बताइएको छ । प्रकाश गुण भएको वैश्वानरलाई 'इन्ध' भनिन्छ । आदित्यको मित्र विराट् मण्डलमा रहने आत्मा र आँखामा रहने द्रष्टा आत्मा यौटै हो । के क्षेत्रज्ञ हिरण्यगर्भ दाहिने आँखालाई नियन्त्रण गर्ने आत्मा भिन्नै र द्रष्टा देहको मालिक आत्मा भिन्नै हो त ? होइन । आत्माको भेद मानिएको छैन । यी दुवैमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिने भेद त केवल औपाधिक अर्थात् देखावटी मात्र हो । यसैले "सम्पूर्ण प्राणीमा यौटै परमात्मा समष्टि र व्यष्टि रूपले लुकेर बसेको छ" भन्ने श्रुतिमा बताइएको छ । गीतामा श्रीकृष्णले अर्जुनलाई भन्नुभएको पनि छ, "सम्पूर्ण शरीरमा रहने क्षेत्रज्ञ आत्मा भनेर मलाई नै जान, वास्तवमा म यौटै भए तापनि सम्पूर्ण प्राणीमा बाँडिएजस्तो गरी रहेको हुन्छु" इत्यादि । जीव ईश्वरको एकत्व श्रुति र स्मृतिबाट सिद्ध छ । सम्पूर्ण इन्द्रियमा समान रूपले रहेर पनि दाहिने आँखामा विश्वात्माको निर्देश गरिएको छ । दाहिने आँखाले जीवात्माको रूप हेरेर फेरि आँखा बन्द गरी मनमा त्यही रूप सम्झँदै वासनारूपले प्रकट हुने त्यसै पदार्थलाई स्वप्न जस्तै हेर्दछ । जस्तो जाग्रत् अवस्थामा हुन्छ त्यस्तै स्वप्नावस्थामा पनि हुन्छ । यी दुवैमा कुनै भेद नभएकाले यो जाग्रत् पनि स्वप्नजस्तै छ । अतः दुवै ठाउँको द्रष्टामा भेद नभएको कारण मनभित्र रहेको तैजस पनि विश्व नै हो । हृदयाकाशमा स्मरणरूप व्यापार नभएपछि त्यहाँ रहेको प्राज्ञ आत्मा एकीभूत र घनप्रज्ञा भएको हुन्छ । अर्थात् त्यस बेला विशेष विज्ञान रहन्न किनकि मनोव्यापार हुँदैन । दर्शन र स्मरण भनेको मनको स्फुरण त हो । त्यो हटेपछि मनलाई हृदयाकाशमा साधारण प्राण रूपले रहने मानिएको छ । यो मानौं जाग्रतमा सुषुप्ति छ । "त्यो आध्यात्मिक प्राणले यी सबै प्राणवायुहरूलाई आफूमा लीन गर्दछ" भन्ने श्रुतिबाट मनमा बस्ने भएकाले तैजस हिरण्यगर्भस्वरूप छ । "सत्र अंग भएको लिङ्गरूप शरीर मन हो, यो हिरण्यगर्भरूप पुरुष मनोमय छ" इत्यादि श्रुतिबाट पनि हिरण्यगर्भ र तैजस एकै हुन् भन्ने सिद्ध हुन्छ ।

सुषुप्ति अवस्थामा प्राण त विशेष भावमा रहन्छ र सबै इन्द्रिय त्यस बेला प्राणरूप भएका हुन्छन् । त्यस बेला प्राणलाई अव्याकृत कसरी भन्न सकिन्छ ? ह्वैन, यसो भन्नुमा दोष छैन । किनभने अव्याकृत वस्तुमा देश-काल विशेषको अभाव रहन्छ । जो दुवैमा समान रूपले पाइन्छ । यद्यपि स्वप्नकालमा प्राणको अभिमान रहेमा प्राण व्याकृत अवश्य देखिन्छ तापनि सुषुप्तिकालमा पिण्ड परिच्छेद विशेषको अभिमान रहन्न । मेरो शरीरमा यो प्राण चलिरहेको छ, यस्तो अभिमान सुषुप्त पुरुषलाई हुँदैन । त्यसैले परिच्छिन्न देहाभिमानीहरूलाई पनि सुषुप्तावस्थामा प्राण अव्याकृत नै हुन्छ । जसरी मरेपछि परिच्छिन्न शरीराभिमानीहरूको प्राण अव्याकृत भएर रहन्छ त्यस्तै प्राणाभिमानीहरूको पनि प्राणाभिमान रोकिएपछि प्राण अविशेष भावमा पुग्दछ । त्यसैले अव्याकृतरूपता सुषुप्त पुरुषमा पनि बराबर नै छ । त्यस्तै उत्पत्तिको वीजरूपता पनि समान नै हुन्छ । यसैले अव्याकृत र सुषुप्त यी दुवै अवस्थाको मालिक पनि अव्याकृत अवस्थामा पुगेको यौटै चेतन हो । परिछिन्न देहाभिमानी र त्यसको साक्षी उपाधि परिछिन्नको एकता ऊसँग मानिएको छ । यस सम्बन्धमा अध्यात्म र अधिदैवको एकत्वरूप अघि भनिएको कारण पनि छँदै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्याकृतलाई कसरी प्राण शब्दले बोलाउँछौ ? "हे सोम्य ! यो मन प्राणकै अधीनमा छ" भन्ने श्रुतिको आधारमा हामीले अव्याकृतलाई प्राणशब्दवाच्य भनेका हौं । त्यहाँ त "सदेव सोम्य" यस्तो श्रुतिको प्रसंगअनुसार सद् ब्रह्म नै प्राणवाच्य छ नि । यो ठीकै हो किनभने त्यहाँ सद् ब्रह्मलाई वीजरूपवाट स्वीकार गरिएको छ । निरुपाधिक ब्रह्मबाट जगत्को सृष्टि हुँदैन । यो ठीक हो कि यहाँ प्राण शब्दवाच्य शब्द ब्रह्म नै हो तापनि जीवको उत्पत्तिको कारण जीवरूपता नै त्यसमा छ । त्यस अव्याकृत उपाधिलाई नछाडीकन पनि त्यस सोपाधिक सद् ब्रह्ममा प्राण शब्दको प्रयोग छ र सद्ब्रह्ममा सत् शब्द वाच्यता पनि छ । यदि निरुपाधिक ब्रह्मलाई त्यहाँ सत् शब्दले बताउनुहुन्थ्यो त 'यो हैन, यो हैन' 'जहाँबाट शब्द फर्केर आउँछ' "ऊ जानिएको वस्तुबाट फरक छ र नजानिएको वस्तुभन्दा पनि माथि छ" इत्यादि प्रकारले किन भनिन्थ्यो । "उसलाई न सत् भन्न सकिन्छ न असत् नै" भनेर शुद्ध वस्तुलाई स्मृतिमा किन भनिन्थ्यो । यदि यहाँ सत् शब्दबाट निर्वीजरूपले ब्रह्मलाई वताउनुहुन्थ्यो त सुषुप्ति र मरणमा सद् ब्रह्ममा लीन भएका सम्पूर्ण जीवहरूको पुनरुत्थान सम्भव हुन्न र शुद्ध ब्रह्मबाट पुनरुत्थान हुन्छ भन्ने मान्यौ भने मुक्त पुरुषहरूको पनि पुनर्जन्मको कुरा आउन सक्छ । किनकि शुद्ध ब्रह्ममा लीन भएका सुषुप्त पुरुष र मुक्त पुरुषमा बीजको अभाव बराबर नै हुन्छ ।

ज्ञानले जलाउन सक्ने अज्ञानलाई मानेर ज्ञान प्रागभाव वा मिथ्याज्ञानलाई अज्ञान मानेर अर्थ गर्ने हो भने ज्ञानको उपदेश अनर्थ होला । 'म अज्ञानी छु' यस्तो भावरूप अज्ञान प्रत्यक्ष भैरहेको छ । ज्ञान प्रागभावरूप यस अज्ञानलाई मानेर नै यसको प्रत्यक्ष हुन सक्दैन परन्तु यो हानि प्रमाणित होला । त्यसैले सद् ब्रह्मलाई अज्ञानरूप बीज भएको मानेर नै त्यसलाई सवै श्रुतिमा प्राणरूपवाट वताइएको छ । यसको साथै बीजलाई नै जगत्को कारण भनिएको छ । यसैले "यो परमात्मा अक्षरभन्दा पनि टाढा छ", "त्यो कार्य र कारणसहित त्यस कल्पनाको अधिष्ठान हुनाले अजन्मा छ", "जुन ब्रह्मको नजीकबाट मनसहित वाणी फर्कन्छ", "यो हैन, यो हैन" इत्यादि श्रुति वाक्यवाट शुद्ध ब्रह्मको स्वरूप बताइएकाले सबल ब्रह्म नै जगत्को कारण सिद्ध हुन्छ । त्यस प्राज्ञ शब्दवाट जानिने जीवको देहादिसँगको सम्वन्ध एवं जाग्रदादि अवस्थारहित त्यस परमार्थिक अज्ञानरूप वीज अवस्थावाट शून्य तुरीय रूपबाट भिन्न वताइनेछ । सुषुप्तिबाट जागेका व्यक्तिले 'मैले केही पनि थाहा पाइन' यस्तो भन्ने भएकाले यस वर्तमान शरीरमा बीजावस्थाको पनि अनुभव हुन्छ नै । त्यसैले त "यो शरीरमा तीन प्रकारले रहेको छ..." इत्यादि आचार्यले कारिकामा भन्नुभएको छ ॥२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

विश्वो हि स्थूलभुङ्नित्यं तैजसः प्रविविक्तभुक् ।
आनन्दभुक्तथा प्राज्ञस्त्रिधा भोगं निबोधत ॥३॥

विश्वले स्थूलविषय सूक्ष्म तैजस भोग्दछ ।
आनन्दभोगी हो प्राज्ञ, भोग तीन प्रकार छ ॥३॥

स्थूलं तर्पयते विश्वं प्रविविक्तं तु तैजसम् ।
आनन्दश्च तथा प्राज्ञं त्रिधा तृप्तिं निबोधत ॥४॥

ठूलो विषयले विश्व सूक्ष्म तैजस तर्पक ।
आनन्दभोगी हो प्राज्ञ तृप्ति तीन प्रकार छ ॥४॥

उक्तार्थौ श्लोकौ ॥३॥ ॥४॥

अर्थ– उपरोक्त ३ र ४ कारिकाको अर्थ कारिकाबाटै स्वतः स्पष्ट छ । अर्थात्– विश्वात्मा सधैं स्थूल विषयको भोक्ता हो । तैजस सूक्ष्म विषयहरूको भोक्ता हो । प्राज्ञ आनन्दको भोक्ता हो । यसरी तीन किसिमबाट भोक्तालाई चिन । फेरि तृप्ति र तर्पकको विषयमा स्थूल वस्तु विश्वात्मालाई तृप्त गर्दछ । सूक्ष्म वस्तुले तैजसलाई तृप्त गर्दछ भने आनन्दले प्राज्ञ आत्मालाई तृप्त गर्दछ । यसरी तृप्ति पनि तीन प्रकारका हुन्छन् भन्ने जान ॥३-४॥

कारिका

त्रिषु धामसु यद् भोज्यं भोक्ता यश्च प्रकीर्तितः ।
वेदैतदुभयं यस्तु स भुञ्जानो न लिप्यते ॥५॥

अवस्था र भोज्य भोक्ता जे-जे तीन बताइयो ।
बुझे सबै रीतिसँग भोगमा लिप्त हुन्न त्यो ॥५॥

भाष्य

त्रिषु धामसु जाग्रदादिषु स्थूलप्रविविक्तानन्दाख्यं भोज्यमेकं त्रिधा भूतम् । यश्च विश्वतैजसप्राज्ञाख्यो भोक्तैकः सोऽहमित्येकत्वेन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिसंधानाद्द्रष्टृत्वाविशेषाच्च प्रकीर्तितः। यो वेदैतदुभयं भोज्यभोक्तृतयाऽनेकधा भिन्नं स भुञ्जानो न लिप्यते। भोज्यस्य सर्वस्यैकस्य भोक्तुर्भोज्यत्वात्। न हि यस्य यो विषयः स तेन हीयते वर्धते वा। न ह्यग्निः स्वविषयं दग्ध्वा काष्ठादि तद्वत् ॥५॥

अर्थ– जाग्रत् आदि तीन स्थानहरूमा स्थूल, सूक्ष्म र आनन्द नामक एउटै भोज्य तीन रूपमा बाँडिएका छन्, जसको विश्व, तैजस र प्राज्ञ नामक भोक्ता एउटै हो। किनकि 'त्यो म हुँ यसरी अनुसन्धान हुन्छ र तीनैमा हेर्ने काम पनि समान छ। यसरी भोज्य र भोक्ताको रूपमा अनेक भावमा विभक्त यी दुवैलाई जसले जान्दछ ऊ तीनै अवस्थाहरूलाई भोज्य वस्तुको अनुभव (भोग) गरेर पनि त्यसमा लिप्त हुन्न। किनकि समस्त भोज्य वस्तु यौटै भोक्ताका भोज्य हुन्। विषयबाट विषयी सदा फरक हुन्छ। अतः जसको जुन विषय हो त्यो विषयी विषयको न्यूनता र अधिकताबाट ह्रास वा वृद्धि हुँदैन। जस्तो आफ्नो विषय काठ आदि जलाएर आगो आफ्नो स्वरूपमा घटबढ हुँदैन, सधैं बराबर नै रहन्छ ॥५॥

कारिका

प्रभवः सर्वभावानां सतामिति विनिश्चयः।
सर्वं जनयति प्राणश्चेतोंशून्पुरुषः पृथक् ॥६॥

जो छन् पदार्थ उब्जन्छन् यस्तो विद्वान भन्दछन्।
वीजरूप प्राणले नै सबै उत्पत्ति गर्दछन्।
जड चेतनको भिन्दाभिन्दै ईश्वर-रूपले ॥६॥

भाष्य

सतां विद्यमानानां स्वेनाविद्याकृतनामरूपमायास्वरूपेण सर्वभावानां विश्वतैजसप्राज्ञभेदानां प्रभव उत्पत्तिः। वक्ष्यति च– "वन्ध्यापुत्रो न तत्वेन मायया वाऽपि जायते" इति। यदि ह्यसतामेव जन्म स्याद्ब्रह्मणो व्यवहार्यस्य ग्रहणद्वाराभावादसत्वप्रसङ्गः। इष्टं च रज्जुसर्पादीनामविद्याकृतमायाबीजोत्पन्नानां रज्ज्वाद्यात्मना सत्वम्। नहि निरास्पदा रज्जुसर्पमृगतृष्णिकादयः क्वचिदुपलभ्यन्ते केनचित्। यथा रज्ज्वां, प्राक्सर्पोपत्ते रज्ज्वात्मना सर्पः सन्नेवाऽऽसीत्। एवं सर्वभावानामुत्पत्तेः प्राक्प्राणाबीजात्मनैव सत्वम्। इत्यतः श्रुतिरपि वक्ति– "ब्रह्मैवेदम्",

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"आत्मैवेदमग्र आसीत्" इति। सर्वं जनयति प्राणश्चेतोशूनंशव इव रवेश्चिदात्मकस्य पुरुषस्य चेतोरूपा जलार्कसमाः प्राज्ञतैजसविश्वभेदेन देवतिर्यगादिदेहभेदेषु विभाव्यमानाश्चेतोंशवो ये तान्पुरुषः पृथग्विषयभावविलक्षणानग्निविस्फुलिङ्गवत्सलक्षणाञ्जलार्कवच्च जीवलक्षणांस्त्वितरान्सर्वभावान्प्राणो बीजात्मा जनयति यथोर्णनाभिः। "यथाग्नेः क्षुद्राः विस्फुलिङ्गाः" इत्यादिश्रुतेः ॥६॥

अर्थ– सत्य यानी आफ्नो अविद्या-कल्पित नामरूप आत्मा मायिक स्वरूपबाट विद्यमान विश्व तैजस र प्राज्ञ भेद भएको सबै पदार्थको उत्पादक वा कारण हो। किनकि "असत् वन्ध्यापुत्र न तत्त्वबाट न मायाले नै जन्मन सक्दछ" यस्तो कारिकाकारले स्वयं अगाडि नै भन्नुहुनेछ। यदि स्वरूपले असत् वस्तुको जन्म संभव हुन्थ्यो त सर्वथा व्यवहारयोग्य ब्रह्मज्ञानको साधन नभएको कारण त्यसको पनि असत्व हुन लाग्थ्यो, परन्तु अज्ञानकृत मायामय कारणबाट उत्पन्न डोरी सर्पको सत्ता आधार डोरी देखिएको छ किनकि कहीं कसैले पनि विना एउटा आधारको डोरी-सर्प वा मृगतृष्णा आदि भ्रम भएको पाइन्न। जसरी सर्पको तर्क उठ्नुअघि डोरीमा अधिष्ठान डोरीरूपले सर्प सत्य थियो त्यस्तै उत्पत्ति हुनुभन्दा पहिले प्राणात्मक वीजरूपले सम्पूर्ण पदार्थको सत्ता विद्यमान थियो। यसैले श्रुति पनि भन्दछ– "यो दृश्यमान जगत् ब्रह्म नै हो", "उत्पत्तिभन्दा पहिले यो सब आत्मा नै थियो" इत्यादि। सम्पूर्ण जड जगत्लाई बीजात्मा प्राणले नै व्यवहार योग्य रूपमा उत्पन्न गर्छ। जसरी सूर्यका किरणहरू हुन्छन् त्यसरी नै स्वयं प्रकाश आत्माका पानीमा प्रतिविम्बित सूर्यका समान प्राज्ञ, तैजस र विश्वरूपबाट देव, मनुष्य र तिर्यगादि विभिन्न शरीरमा प्रतिविम्बित जुन चिदाभास छ यसलाई पुरुषले उत्पन्न गर्छ, जसरी जल-जलमा प्रतिविम्बित सूर्य आकाशमा हुने सूर्यबाट भिन्न हुँदैन ठीक त्यस्तै चेतन प्रतिविम्व आफ्नो विश्वभूत चेतन आत्माबाट भिन्न हुँदैन। विषय भावबाट विलक्षण तथा आगाको फिलिङ्गोजस्तो लक्षण भएका जीवहरूलाई भिन्दाभिन्दै उत्पन्न गर्छ। जलगत सूर्य प्रतिविम्ब जस्तै सबै पदार्थहरूलाई बीजात्मक प्राण उत्पन्न गर्छ। "जसरी माकुराले जालो बुन्दछ" र "जसरी आगोबाट ससाना फिलिङ्गा निक्लन्छन्" इत्यादि श्रुतिवाक्यहरूबाट पनि यो कुरा सिद्ध हुन्छ ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

विभूतिं प्रसवं त्वन्ये मन्यन्ते सृष्टिचिन्तकाः ।
स्वप्नमायासरूपेति सृष्टिरन्यैर्विकल्पिता ॥७॥

विभूति ईशको सृष्टि कसैले ठान्दछन् भने ।
स्वप्नमायासरी सृष्टि हो भन्ने पनि छन् कुनै ॥७॥

भाष्य

विभूतिर्विस्तार ईश्वरस्य सृष्टिरिति सृष्टिचिन्तका मन्यन्ते नतु परमार्थचिन्तकानां सृष्टावादर इत्यर्थः । "इन्द्रो मायाभिः पुरुरूप ईयते" इति श्रुतेः । न हि मायाविनं सूत्रमाकाशे निक्षिप्य तेन सायुधमारुह्य चक्षुर्गोचरतामतीत्य युद्धेन खण्डशश्छिन्नं पतितं पुनरुत्थितं च पश्यतां तत्कृतमायादिसतत्वचिन्तयामादरो भवति । तथैवायं मायाविनः सूत्रप्रसारणसमः सुषुप्तस्वप्नादिविकासस्तदारुढमायाविसमश्च तत्स्थः प्राज्ञतैजसादिः सूत्रतदारुढाभ्यामन्यः परमार्थमायावी । स एवं भूमिष्ठो मायाच्छन्नोऽदृश्यमान एव स्थितो यथा तथा तुरीयाख्यं परमार्थतत्वम् । अतस्तच्चिन्तायामेवाऽऽदरो मुमुक्षूणामार्याणां न निष्प्रयोजनायां सृष्टावादर इत्यतः सृष्टिचिन्तकानामेवैते विकल्पा इत्याह– स्वप्नमायासरुपेति । स्वप्नसरूपा मायासरूपा चेति ॥७॥

अर्थ– एक थरी सृष्टिचिन्तकहरू सृष्टिलाई ईश्वरको विभूति अर्थात् विस्तार मान्दछन् । परमार्थ चिन्तकको त सृष्टिमा विश्वास नै हुँदैन । "इन्द्र मायाले धेरै रूप भएको हुन्छ" भन्ने श्रुतिवाक्य पनि छ । मायाजालले आकाशमा धागो फ्याँकेर त्यसमा हतियारसहित चढेर आँखाको दृष्टिभन्दा वाहिर गई लडाइँद्वारा टुक्रा-टुक्रा भैं खसेर फेरि उठेको हेर्नेहरूले त्यस्तो तमासालाई के सत्य मानी विश्वास गर्छन्? कदापि गर्दैनन् । त्यस्तै मायावीले धागो फालेजस्तो जीवात्मा सुषुप्ति स्वप्न आदिको विकास र त्यस धागोमा चढ्ने मायावीजस्तै ती-ती अवस्थामा रहेको प्राज्ञ तैजस आत्मा हुन् भने यो धागो र धागो चढ्ने मायावी भिन्दाभिन्दै छ परमार्थमायावी । त्यो परमार्थमायावी पृथ्वीमा मायाले ढाकिएको हुँदा अदृश्य भएर तुरीय नामक परमार्थतत्त्वका रूपमा रहेको हुन्छ । मुमुक्षुहरू त्यही तुरीय परमार्थ तत्त्वको मात्र चिन्तनमा विश्वास गर्छन् । बेमतलबको सृष्टिमा मुमुक्षुहरू विश्वास गर्दैनन् । अर्का थरी सृष्टि चिन्तकहरू सृष्टिलाई स्वप्न र माया समान मान्दछन् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

इच्छामात्रं प्रभोः सृष्टिरिति सृष्टौ विनिश्चिताः ।
कालात्प्रसूतिं भूतानां मन्यन्ते कालचिन्तकाः ॥८॥

कसैले प्रभुको इच्छा सृष्टि हो भनी ठान्दछन् ।
कालचिन्तकले सृष्टि कालले भनी मान्दछन् ॥८॥

भाष्य

इच्छामात्रं प्रभोः सत्यसंकल्पत्वात्सृष्टिर्घटादिसंकल्पनामात्रं न संकल्पनातिरिक्तम् । कालादेव सृष्टिरिति केचित् ॥८॥

अर्थ– कुमालेले आफ्नो इच्छाले घैंटो बनाएजस्तो यो सृष्टि ईश्वरको इच्छाले बनेको भन्ने एकथरी छन् भने अर्काथरी काल अर्थात् समयले नै सृष्टि उत्पन्न हुन्छ भन्ने मान्दछन् ॥८॥

कारिका

भोगार्थं सृष्टिरित्यन्ये क्रीडार्थमिति चापरे ।
देवस्यैष स्वभावो ऽयमाप्तकामस्य का स्पृहा ॥९॥

भोगका निम्ति हो सृष्टि भन्ने मान्ने भए कति ।
खेलको निम्ति प्रभुको सृष्टि भन्ने भए अरू
सबै इच्छा पुगेका ती ईशको के छ चाहना ।
परमेश्वरको सृष्टि स्वभाव मात्र मान न ॥९॥

भाष्य

भोगार्थं क्रीडार्थमिति चान्ये सृष्टिं मन्यन्ते । अनयोः पक्षयोर्दूषणं देवस्यैषः स्वभावोऽयमिति । देवस्य स्वभावपक्षमाश्रित्य सर्वेषां वा पक्षाणामाप्तकामस्य का स्पृहेति । न हि रज्ज्वादीनामविद्यास्वभावव्यतिरेकेण सर्पाद्याभासत्वे कारणं शक्यं वक्तुम् ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– कसै-कसैले भोग र खेलको लागि सृष्टि भएको भन्ने मान्दछन् । सृष्टि परमेश्वरको स्वभाव हो । अरू जे-जे मत बताइए, ती सत्य होइनन् । ईश्वर आप्तकाम अर्थात् सबै इच्छा पूर्ण भएकालाई अरू के इच्छा हुन सक्छ भन्ने गौडपाद आचार्यको निष्कर्ष छ । अविद्यारूप आफ्नो स्वभाव नै डोरीमा सर्पको भान हुनको कारण हो ॥९॥

मूल उपनिषत्को सातौं मन्त्र

नान्तः प्रज्ञं न वहिष्प्रज्ञं नोभयतः प्रज्ञं न प्रज्ञानघनं न प्रज्ञं नाप्रज्ञम् । अदृष्टमव्यवहार्यमग्राह्य मलक्षणमचिन्त्यमव्यपदेश्यमेकात्मप्रत्ययसारं प्रपञ्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः ॥७॥

अर्थ– स्वरूपले आत्मा न अन्तप्रज्ञ छ न वहिष्प्रज्ञ, न भित्री वा बाहिरी वा दुवै प्रकारले जानिने छ, न प्रज्ञानघन छ न प्रज्ञ छ न अप्रज्ञ छ । यस आत्मालाई न कसैले देखेको छ न यससँग कुनै व्यवहार हुन सक्दछ । न यो ग्रहण गर्न योग्य छ न यो आत्मा कुनै लक्षण भएको छ न चिताएर पहिचान गर्न सकिनेछ । यो यस्तो भनी न शब्दले वर्णन गर्न सकिनेछ । केवल अनुभवले मात्र यस आत्मालाई जान्न सकिन्छ । सृष्टि प्रपञ्चबाट भिन्न, शान्त, शिव र अद्वैत आत्माको स्वरूप हो र यसैलाई राम्ररी पहिचान गर्न सक्नुपर्छ । यही आत्माको चौथो पाउ अद्वैत हो ॥७॥

भाष्य

चतुर्थः पादः क्रमप्राप्तो वक्तव्य इत्याह– नान्तः प्रज्ञमित्यादिना । सर्वशब्दप्रवृत्तिनिमित्तशून्यत्वात्तस्य शब्दानभिधेयत्वमिति विशेषप्रतिषेधेनैव च तुरीयं निर्दिदिक्षति । शून्यमेव तर्हि तत् । न । मिथ्याविकल्पस्य निर्निमित्तत्वानुपपत्तेः । न हि रजतसर्पपुरुषमृगतृष्णिकादिविकल्पाः शुक्तिकारज्जुस्थाणूषरादिव्यतिरेकेणावस्त्वास्पदाः शक्याः कल्पयितुम् ।

एवं तर्हि प्राणादिसर्वविकल्पास्पदत्वात्तुरीयस्य शब्दवाच्यत्वमिति च प्रतिषेधैः प्रत्याय्यत्वमुदकाधारादेरिव घटादेः । न प्राणादिविकल्पस्यासत्वाच्छुक्तिकादिष्विव रजतादेः । न हि सदसतोः संबंधः । शब्दप्रवृत्तिनिमित्तभागवस्तुत्वात् । नापि प्रमाणान्तरविषयत्वं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूपेण गवादिवत्। आत्मनो निरुपाधिकत्वाद् गवादिवन्नापि जातिमत्वमद्वितीयत्वेन सामान्यविशेषाभावात्। नापि क्रियावत्वं पाचकादिवदविक्रियत्वात्। नापि गुणवत्वं नीलादिवन्निर्गुणत्वात्।

अतो नाभिधानेन निर्देशमर्हति। शशविषाणादिसमत्वान्निरर्थकत्वं तर्हि। न। आत्मत्वावगमे तुरीयस्यानात्मतृष्णाव्यावृत्तिहेतुत्वाच्छुक्तिकावगम इव रजततृष्णायाः। न हि तुरीयस्याऽऽत्मत्वावगमे सत्यविद्यातृष्णादिदोषाणां संभवोऽस्ति। न च तुरीयस्या ऽऽत्मत्वानवगमे कारणमस्ति। सर्वोपनिषदां तादर्थ्येनोपक्षयात्। "तत्त्वमसि"। "अयमात्मा ब्रह्म"। "तत्सत्यम्"। "स आत्मा"। "यत्साक्षादपरोक्षाद् ब्रह्म"। "स बाह्याभ्यन्तरो ह्यजः"। "आत्मैवेदं सर्वम्" इत्यादीनाम्।

सोऽयमात्मा परमार्थापरमार्थरूपश्चतुष्पादित्युक्तस्तस्यापरमार्थरूपमविद्याकृतं रज्जुसर्पादिसममुक्तं पादत्रयलक्षणं बीजाङ्कुरस्थानीयम्। अथैदानीमबीजात्मकं परमार्थस्वरूपं रज्जुस्थानीयं सर्पादिस्थानीयोक्तस्थानत्रयनिराकरणेनाऽऽह–

नान्तः प्रज्ञमित्यादि। नन्वात्मनश्चतुष्पात्त्वं प्रतिज्ञाय पादत्रयकथनेनैव चतुर्थस्यान्तः प्रज्ञादिभ्योऽन्यत्वे सिद्धे नान्तप्रज्ञमित्यादिप्रतिषेधोऽनर्थकः। न। सर्पादिविकल्पप्रतिषेधेनैव रज्जुस्वरूपप्रतिपत्तिवत्त्र्यवस्थस्यैवाऽऽत्मनस्तुरीयत्वेन प्रतिपिपादयिषितत्वात्। तत्वमसीतिवत्।

यदि हि त्र्यवस्थात्मविलक्षणं तुरीयमन्यत्तत्प्रतिपत्तिद्वाराभावाच्छास्त्रोपदेशानर्थक्यं शून्यतापत्तिर्वा।

रज्जुरिव सर्पादिभिर्विकल्प्यमाना स्थानत्रयेऽप्यात्मैक एवान्तः प्रज्ञादित्वेन विकल्प्यते यदा तदाऽन्तःप्रज्ञादित्वप्रतिषेधविज्ञानप्रमाणसमकालमेवाऽऽत्मन्यनर्थप्रपञ्चनिवृत्तिलक्षणफलं परिसमाप्तमिति तुरीयाधिगमे प्रमाणान्तरं साधनान्तरं वा न मृग्यम्।

रज्जुसर्पविवेकसमकाले इव रज्ज्वां सर्पनिवृत्तिफले सति रज्ज्वधिगमस्य येषां पुनस्तमोपनयव्यतिरेकेण घटाधिगमे प्रमाणं व्याप्रियते तेषां छेद्यावयवसंबंधवियोगव्यतिरेकेणान्यतरावयवेऽपि च्छिदिर्व्याप्रियत इत्युक्तं स्यात्।

यदा पुनर्घटतमसोर्विवेककरणे प्रवृत्तं प्रमाणमनुपादित्सिततमोनिवृत्तिफलावसानं छिदिरिव च्छेद्यावयवसंबंधविवेककरणे प्रवृत्ता तदवयवद्वैधीभावफलावसाना तदा नान्तरीयकं घटविज्ञानं न तत्प्रमाणफलम्।

न च तद्वदप्यात्मन्यध्यारोपितान्तःप्रज्ञत्वादिविवेककरणे प्रवृत्तस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिषेधविज्ञान प्रमाणस्यानुपादित्सितान्तःप्रज्ञात्वादिनिवृत्तिव्यतिरेकेण तुरीये व्यापारोपपत्तिः । अन्तः प्रज्ञत्वादिनिवृत्तिसमकालमेव प्रमातृत्वादिभेदनिवृत्तेः । तथा च वक्ष्यति– "ज्ञाते द्वैतं न विद्यते" इति । ज्ञानस्य द्वैतनिवृत्तिक्षणव्यतिरेकेण क्षणान्तरानवस्थानात् । अवस्थाने चानवस्था प्रसङ्गाद् द्वैतानिवृत्तिः ।

तस्मात्प्रतिषेधविज्ञानप्रमाणव्यापारसमकालैवाऽऽत्मन्यध्यारोपितान्तःप्रज्ञत्वाद्यनर्थनिवृत्तिरिति सिद्धम् । नान्तप्रज्ञमिति तैजसप्रतिषेधः । न बहिष्प्रज्ञमिति 'विश्वप्रतिषेधः । नोभयतः प्रज्ञमिति जाग्रत्स्वप्नयोरन्तरालावस्थाप्रतिषेधः । न प्रज्ञानघनमिति सुषुप्तावस्थाप्रतिषेधः । बीजभावाविवेकरूपत्वात् । न प्रज्ञमिति युगवत्सर्वविषयप्रज्ञातृत्वप्रतिषेध : । नाप्रज्ञमित्यचैतन्यप्रतिषेधः ।

कथं पुनरन्तःप्रज्ञत्वादीनामात्मनि गम्यमानानां रज्ज्वादौ सर्पादिवत्प्रतिषेधादसत्वं गम्यत इत्युच्यते । ज्ञस्वरूपाविशेषेऽपीतरेतरव्यभिचाराद्रज्वादाविव सर्पधारादिविकल्पितभेदवत्सर्वत्राव्यभिचाराज्ज्ञस्वरूपस्य सत्यत्वं सुषुप्ते व्यभिचरतीति चेन्न । सुषुप्तस्यानुभूयमानत्वात् । "न हि विज्ञातुर्विज्ञातेर्विपरिलोपो विद्यते" इति श्रुतेः ।

अत एवादृष्टम् । यस्माददृष्टं तस्मादव्यवहार्यम् । अग्राह्यं कर्मेन्द्रियैः । अलक्षणमलिङ्गमित्येतदननुमेयमित्यर्थः । अत एवाचिन्त्यम् । अत एवाव्यपदेश्यं शब्दैः । एकात्मप्रत्ययसारं जाग्रदादिस्थानेष्वेकोऽयमात्मेत्यव्यभिचारी यः प्रत्ययस्तेनानुसरणीयम् ।

अथवैक आत्मप्रत्ययः सारं प्रमाणं यस्य तुरीयस्याधिगमे तत्तुरीयमेकात्मप्रत्ययसारम् । "आत्मेत्येवोपासीत" इति श्रुतेः ।

अन्तःप्रज्ञत्वादिस्थानिधर्मप्रतिषेधः कृतः । प्रपञ्चोपशममिति जाग्रदादिस्थानधर्माभाव उच्यते । अत एव शान्तं शिवं यतोऽद्वैतं भेदविकल्परहितं चतुर्थं तुरीयं मन्यन्ते । प्रतीमानपादत्रयवैलक्षण्यात् । स आत्मा स विज्ञेय इति प्रतीयमानसर्पभूछिद्रदण्डादिव्यतिरिक्ता यथा रज्जुस्तथा तत्वमसीत्यादिवाक्यार्थ आत्माऽदृष्टो द्रष्टा "न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यते" इत्यादिभिरुक्तो यः स विज्ञेय इति भूतपूर्वगत्या ज्ञाते द्वैताभावः ॥७॥

अर्थ– "नान्त प्रज्ञम् ..." इत्यादि मन्त्रबाट क्रमैले आएको आत्माको चौथो पाउबारे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बताइन्छ। शब्दप्रवृत्तिको जात, गुन, क्रिया, सम्बन्ध र रूप आदि सबै निमित्तले शून्य भएकाले आत्माको चौथो पाउ तुरीयलाई शब्दको शक्तिले चिनिन्न। त्यसो भए यो तुरीय आत्मा शून्य हो त भन्दा विना निमित्त झूठो विकल्प सिद्ध हुन नसक्ने भएकाले शून्य मान्न सकिन्न। संसारमा सिपीविना चाँदी, डोरीविना सर्प, ठूटाविना मानिस र बालुवाको बगरविना मृगतृणाको विकल्प बताउनु सर्वथा असक्य छ। यदि यसो भन्छौ भने तब त प्राणादि सबै विकल्पहरूको आश्रय भएकाले तुरीय आत्मा पनि शब्दशक्तिको विषय हुन सकिहाल्छ नि। जलको आधार गाग्रो भएजस्तो प्राणादिको आधार तुरीय आत्मा हो भने फेरि 'अन्तः प्रज्ञत्वआदि' निर्णयद्वारा त्यसको पहिचान गर्नु ठीक छैन, यस्तो भन्नु उचित छैन। प्राणादि विकल्प सिपीमा चाँदीजस्तो भन्नु सर्वथा असत्य हो। दुवै सत्य वस्तुको मात्र आधार र आधेयभाव सम्बन्ध हुन सक्दछ। सत्य र असत्यको होइन। त्यसको सम्बन्ध त तुरीय आत्मा अवस्तुरूप भएकाले शब्दप्रवृत्तिको निमित्त हुन नै सक्दैन। त्यसै पनि उपाधि नभई स्वरूपले पनि तुरीय आत्मा गवादिजस्तै "नान्तः प्रज्ञम्" इत्यादि श्रुति प्रमाणबाट भिन्न प्रमाणको विषय हुन सक्दैन किनकि स्वरूपले नै आत्मा उपाधिरहित छ। अद्वितीय भएकाले उसमा सामान्य विशेषाभाव पनि हुँदैन, जसबाट गाईमा गाईको जाति भएजस्तो आत्मामा कुनै जातको सम्बन्ध मान्न सकियोस्। निर्विकार भएकाले पाक्ने आदि क्रिया पनि त्यस तुरीय आत्मामा हुँदैन। निर्गुण भएकाले आत्मामा नीलो, रातो आदि गुण पनि हुँदैन।

त्यसैले आत्मालाई कुनै नामले बताउन मिल्दैन। त्यसो भए खरायोको सिङ्जस्तो निरर्थक छ त त्यो तुरीय आत्मा ? ह्वैन त्यसो भन्नु ठीक छैन। किनकि सिपी भन्ने जानेपछि जसरी भान परेको चाँदीको तृष्णा हराउँछ ठीक त्यस्तै तुरीय तत्त्वलाई आत्मरूपले चिनेपछि अनात्मवस्तुको तृष्णा हटि नै हाल्दछ। तुरीय आत्मालाई जानेपछि अविद्या र त्यसबाट आउने तृष्णा आदिको रहनु सर्वथा सम्भव छैन।

तुरीयलाई आफ्नो आत्मरूपमा बोध नहुनुमा कुनै कारण पनि छैन। "यो तिमी हौ", "यो आत्मा ब्रह्म हो", "त्यो सत्य हो", "त्यो आत्मा हो", "जो ब्रह्म साक्षात् अपरोक्ष्य छ", "त्यो अजन्मा वाहिर-भित्र सबैतिर विद्यमान छ", "यो सम्पूर्ण दृश्य आत्मा नै हो" इत्यादि सम्पूर्ण उपनिषद् वाक्यहरूको तात्पर्य विशुद्ध आत्मतत्त्वको ज्ञान गराउनमा नै छ।

त्यो यो आत्मा परमार्थ र अपरमार्थरूपले चार पाउ भएको छ, यस्तो भनिएको थियो। त्यसमध्ये वीजाङ्कुर स्थान भएको अविद्याबाट जन्मेको तीन पाउ त अपरमार्थिक भनिसकिएको छ। अब अहिले अवीजरूप परमार्थस्वरूप डोरीस्थान भएको तुरीय आत्मालाई सर्पादि तीन स्थानको निषेध गर्दै 'नान्तः प्रज्ञम्..' इत्यादि वाक्यले बोध गराउँछन्।

आत्मालाई चार पाउ भएको भनेर तीन पाउको बयान गरिसकेपछि मात्र चौथो पाउमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तः प्रज्ञादिबाट भेद जब सिद्ध भैहाल्छ भने फेरि 'नान्तः प्रज्ञम्' इत्यादि निषेध निरर्थक त छैन भन्ने तर्कको उत्तरमा भनिन्छ– यस्तो तर्क गर्नु ठीक छैन । किनभने जसरी सर्प, जलधारा, भूइँको प्वाल आदि विकल्पको निषेध गरेर नै डोरीको स्वरूपको ज्ञान हुन्छ त्यस्तै जाग्रत् आदि तीन अवस्थामा रहेको तर तीन अवस्थाभन्दा भिन्न आत्मालाई नै तुरीय आत्माका रूपमा बोध गराउनुपरेको छ । जसरी 'तत्वमसि' इत्यादि महावाक्यमा 'त्वं' शब्दले आत्माको एकाकार बताउँछ त्यस्तै अवस्थात्रयबाट फरक तुरीय आत्मा ब्रह्मरूप छ यस्तो बोध गराउनुपरेको छ । यस्तो ज्ञान उपरोक्त निषेध वाक्यको उपदेश नभै हुन सक्दैन । यसैले 'नान्त प्रज्ञम्' इत्यादि तुरीय ग्रन्थ सार्थक छ । यस्तो माध्यमको विना तीन अवस्थाबाट भिन्न तुरीय आत्माको पहिचान गर्ने अरू उपाय नभएकाले अरू शास्त्रको उपदेश निरर्थक र शून्यवादको आशंका पनि हुन सक्दथ्यो ।

सर्प आदि विकल्पले चिनिने डोरीजस्तै जाग्रत् आदि तीन स्थानमा रहने आत्मा यौटै हो । त्यसैको विकल्प अन्तः प्रज्ञ आदि रूपले भैरहेको छ । यस स्थितिमा 'नान्तः प्रज्ञ' इत्यादि निषेध रूप प्रमाणको जब उत्पत्ति हुन्छ त्यसै बेला आत्मामा अनर्थ प्रपंचको निवृत्तिरूप फल पनि सिद्ध हुन्छ । त्यसैले तुरीय आत्माको पहिचानको लागि नान्तः प्रज्ञ इत्यादि निषेध विज्ञानबाट भिन्न प्रमाण खोज्ने आवश्यकता पर्दैन ।

डोरी र सर्पको ज्ञान हुने बित्तिकै डोरीमा सर्पको भाव हटेर डोरीको ज्ञान भैहाल्छ, ठीक त्यस्तै आत्मामा कल्पित जाग्रत आदि तीन अवस्था र तिनको अभिमानी अन्तः प्रज्ञ आदि निषेध गरिदिएपछि त्यसै बेला अधिष्ठान तुरीय आत्माको ज्ञान भैहाल्छ । अँध्यारोमा रहेको गाग्रो चिन्न अन्धकार हटाउनुभन्दा अरु उपाय संसारमा देखिएको छैन । ठीक त्यस्तै स्वयंप्रकाश आत्मामा अनादि अनिर्वचनीय र कल्पित अज्ञान हटाउनु सिवाय उपनिषद् प्रमाणको आत्मबोधको लागि अरू व्यापार हुँदैन । जसको मतमा घट ज्ञानको लागि अन्धकार हटाउनुभन्दा भिन्दै काममा पनि प्रमाण हुन्छ भन्छन् तिनको मतमा फुटाउन लायक पदार्थको अंगभंग गर्नुका अतिरिक्त कुनै एक अंगमा फुटाउने कामको व्यापार हुन्छ । यस्तो भनाइको प्रसंग आउला । प्वाल पार्नुपर्ने वस्तुका अंगहरूको सम्बन्ध-विच्छेदमा प्रवृत्त प्वाल पार्ने काम जब त्यसको अंग फुटाउने बित्तिकै सकिन्छ तब नै गाग्रो र अन्धकारलाई छुट्याउन लागेको प्रमाण अनिष्ट अन्धकार हट्ने फल पछि हराउँछ । त्यस बेला गाग्राको ज्ञान अवश्य हुन्छ । घटज्ञान प्रमाणको फल होइन किन्तु अज्ञान हट्नु नै प्रमाणको फल हो । घैंटोमा विद्यमान चैतन्यबाट अभिन्न चैतन्यमा रहेको घैंटाको प्रकाश घटाकार वृत्ति दशामा अवश्यंभावी छ । त्यो प्रकाश घटाकारवृत्तिरूप प्रमाणको फल होइन । प्रमाणको फल त घैंटोमा रहेको चैतन्यलाई ढाक्ने अज्ञानको निवृत्ति नै हो । त्यस्तै आत्मामा कल्पित अन्तः प्रज्ञत्वको विवेकले बताउने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'नान्तः प्रज्ञम्' इत्यादि निषेधरूप अनिष्ट अन्तप्रज्ञत्वादि हटाउनुका अतिरिक्त तुरीय आत्मबोधको लागि केही पनि हुन सक्दैन । किनकि जुन बेला निषेध प्रमाणरूप विज्ञानद्वारा आत्मामा अन्तः प्रज्ञत्वादि हट्छ त्यसै बेला आत्मामा प्रयातृत्व आदि सम्पूर्ण भेद पनि समाप्त हुन्छन् । "द्वैतलाई चिनेपछि द्वैत रहन्न" भन्ने श्रुतिवाक्यबाट पनि यो कुरा सिद्ध हुन्छ । जुन बेला द्वैत प्रपंच हट्छ, त्यसबाट भिन्न क्षणमा वृत्तिरूप ज्ञान रहन्न । यदि अर्को क्षणमा वृत्तिरूप ज्ञान भएको मान्ने हो भने त्यस वृत्तिलाई हटाउन अर्को वृत्तिको आवश्यकता होला र त्यस वृत्तिलाई हटाउन अर्को वृत्तिको आवश्यकता पर्ला । यसरी अनवस्थाको प्रसंग आउनाले द्वैतको निवृत्ति हुन नसक्ला । यसबाट यो सिद्ध भो कि निषेध विज्ञानरूप प्रमाण प्रवृत्त हुने बित्तिकै आत्मामा कल्पित अन्त प्रज्ञत्वादि सम्पूर्ण अनर्थहरू हट्छन् ।

'अन्तः प्रज्ञ होइन' भन्नाले आत्मामा तैजसत्वको निषेध गरिएको हो, 'वहिष्प्रज्ञ होइन' भन्नाले आत्मामा विश्वभावको निषेध गरिएको हो, 'उभयतः प्रज्ञ होइन' भन्नाले आत्मामा जाग्रत् र स्वप्नको मध्य अवस्थाको निषेध गरिएको हो । किनकि सुषुप्तावस्था वीजभावयुक्त अविवेकरूप हो र तुरीय आत्मामा त्यो अविवेक हुँदैन । 'प्रज्ञ होइन' भन्नाले एकै पटक सम्पूर्ण विषयहरूको ज्ञाता हो भन्ने कुराको निषेध गरिएको हो भने 'अप्रज्ञ होइन' भन्नाले आत्मामा जडताको निषेध गरिएको हो ।

कसरी फेरि आत्मामा देखिने अन्तःप्रज्ञत्व आदि डोरीमा देखिने सर्पजस्तै निषेध गर्दैमा नभएको हुन सक्छ भन्ने तर्कको उत्तरमा भनिन्छ– डोरीमा देखिने सर्प जलधारा आदि विकल्पहरूको परस्पर व्यभिचार भएको कारण तिनमा असत्यत्व छ । त्यस्तै चैतन्यरूपता सर्वत्र बराबर भएर पनि अन्तः प्रज्ञत्व आदि विकल्पहरूको परस्पर व्यभिचार भएको कारण असत्यत्व छ, किन्तु डोरीको सामान्य धर्म इदन्ता बराबर चैतन्यरूपताको कहीं पनि व्यभिचार नहुने भएकाले सत्यत्व छ ।

सुषुप्त पुरुषमा चेतनाको व्यभिचार हुन्छ भन्ने कुरा ठीक होइन, किनकि सुषुप्तिको पनि अनुभव त हुन्छ नै र 'विज्ञाताको दृष्टि लोप हुँदैन' भन्ने श्रुतिले पनि जानिदैन भन्ने कुराको निषेध गर्छ । त्यसैले अनुभव र श्रुति प्रमाणले पनि सुषुप्तमा पनि चिद्रूपता रहन्छ नै । त्यसैले यो आत्मा अदृश्य छ त्यसैले अव्यवहार्य छ । यो आत्मा कर्मेन्द्रियले चिन्न सकिनेछैन । त्यसैले यो अग्राह्य छ । यसरी अदृश्य र अग्राह्यको फरक व्याख्या गरिदिनाले पुनरुक्ति दोष पनि हुँदैन । यो आत्मा अलक्षण (लिंगरहित) छ । लिंगाभाव भएर नै अनुमान गर्न नसकिने छ । अनुमान गर्न नसक्ने भएकाले नै अचिन्त्य छ । त्यसैले शब्दले बताउन नसकिने छ । यति भएर पनि त्यो नहुने कुराको आशंका गर्न सकिन्न । किनकि यो 'एकात्मप्रत्ययसार' छ । अर्थात् जाग्रत् आदि तीनै ठाउँमा आत्मा एउटै छ । यस्तो अव्यभिचारी प्रतीत हुन्छ । यस अव्यभिचारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानबाट आत्माको अनुसरण गर्नुपर्छ। अथवा 'आत्मा छ' यसरी यसको उपासना गर्नु। यस श्रुतिको आधारमा जुन तुरीय आत्माको पहिचान गर्न पूर्वोक्त आत्मप्रतीति नै एक मात्र प्रमाण हो। ऊ तुरीय 'एकात्मप्रत्ययसार' भनिएको छ।

यहाँसम्म अन्तःप्रज्ञत्व आदिको स्थानी अर्थात् जाग्रत् आदि अवस्थाको अभिमानी विश्वादिको अन्तःप्रज्ञत्व धर्मको निषेध गरिएको छ। अव 'प्रपञ्चोपशमम्' इत्यादि वाक्यदेखि जाग्रत् आदि अवस्थाहरूका धर्महरूको निषेध गरिन्छ। त्यसैले त्यो शान्त (निर्विकार) शिव, अद्वैतरूप एवं विकल्प नभएको कारण कल्याणस्वरूप छ। यसलाई पहिलेका तीनको अपेक्षा चौथो (तुरीय) मान्दछन्। पहिलेका जानिने तीन पाउहरूभन्दा यो विलक्षण अर्थात् भिन्न छ। यी आत्मा हो, यो नै जान्न योग्य छ। यसैले जसरी डोरीमा भान पर्ने सर्पको भुइँको प्वाल, दण्ड आदिभन्दा भिन्न परमार्थिक वस्तु डोरी हो, जसलाई 'यो डोरी हो' यस्तो वाक्यबाट बोध गराइन्छ, ठीक त्यस्तै तीन अवस्था– जाग्रत्, स्वप्न र सुषुप्तिबाट भिन्न 'तत्त्वमसि' इत्यादि महावाक्यको अर्थस्वरूप आत्मा हो भनिन्छ। 'जो देखिंदैन, तर जसले सबलाई देख्छ', 'द्रष्टाको दृष्टिको कहिल्यै लोप हुन्न' आदि श्रुतिवाक्यबाट भनिने आत्मालाई जानेपछि द्वैतभाव हराएर जान्छ ॥७॥

यसै अर्थमा अगाडि यी श्लोकहरू छन्–

कारिका

निवृत्तेः सर्वदुखानामीशानः प्रभुरव्ययः।
अद्वैतः सर्वभावानां देवस्तुर्यो विभुः स्मृतः ॥१०॥

समर्थ छन् अव्यय ती ईश दुःख हटाउन।
भावमा उनी अद्वैत तुरीय अनि व्यापक ॥१०॥

भाष्य

प्राज्ञतैजसविश्वलक्षणानां सर्वदुःखानां निवृत्तेरीशानस्तुरीय आत्मा। ईशान इत्यस्य पदस्य व्याख्यानं प्रभुरिति। दुःखनिवृत्तिं प्रति प्रभवतीत्यर्थः। तद्विज्ञाननिमित्तत्वाद्दुःखनिवृत्तेः। अव्ययो न व्येति स्वरूपान्न व्यभिचरतीति यावत्। एतत्कुतः। यस्मादद्वैतः सर्वभावानां रज्जुसर्पवन्मृषात्वात्स एष देवो द्योतनातुरीयश्चतुर्थो विभुर्व्यापी स्मृतः ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– प्राज्ञ तैजस र विश्वरूप सम्पूर्ण दुःखहरूलाई हटाउनमा तुरीय आत्मा इशान अर्थात् समर्थ छ। दुःखनिवृत्तिमा समर्थ भएकाले त्यसै तुरीय आत्मालाई 'प्रभु' र आफ्नो स्वरूपबाट घटबढ नहुने भएकाले 'अव्यय' पनि भनिएको हो। सम्पूर्ण प्राणीमा अद्वितीय भएकाले 'अद्वैत', प्रकाशक भएकाले 'देव', कल्पित तीन विश्वादिको अपेक्षा चौथो संख्याको भएकाले 'तुरीय' तथा व्यापक भएकाले त्यसलाई 'विभु' भनिएको हो ॥१०॥

कारिका

कार्यकारणबद्धौ ताविष्येते विश्वतैजसो।
प्राज्ञः कारणबद्धस्तु द्वौ तौ तुर्ये न सिध्यतः ॥११॥

विश्व तैजस भन्ने त कार्यकारण बद्ध छन्।
प्राज्ञ कारणले बद्ध तुर्यमा यी दुवै कहाँ ॥११॥

भाष्य

विश्वादीनां सामान्यविशेषभावो निरूप्यते तुर्ययाथात्म्यावधारणार्थम्। कार्यं क्रियते इति फलभावः। कारणं करोतीति बीजभावः। तत्वाग्रहणान्यथाग्रहणाभ्यां बीजफलभावाभ्यां तौ यथोक्तौ विश्वतैजसौ बद्धौ संगृहीताविष्येते। प्राज्ञस्तु बीजभावेनैव बद्धः। तत्वाप्रतिबोधमात्रमेव हि बीजं प्राज्ञत्वे निमित्तम्। ततो द्वौ तौ बीजफलभावौ तत्वाग्रहणान्यथाग्रहणे तुर्ये न सिध्यतो न विद्येते न संभवत इत्यर्थः ॥११॥

अर्थ– तुरीय आत्माको यथार्थरूप निश्चय गर्न विश्वादिमा यसको समानता र विशेषता बताइन्छ। जो गरिन्छ त्यो कार्य हो अर्थात् फलभाव र जो गर्दछ त्यसलाई कारण भन्दछन् अर्थात् वीजभाव। पूर्वोक्त विश्व र तैजस तत्त्व नजान्ने वीज र त्यसबाट उत्पन्न भ्रान्तिरूप फलबाट बाँधिएका छन्। प्राज्ञ तत्त्व नजान्ने अज्ञानबाट बाँधिएका छन्। तत्त्व नजान्ने अज्ञानरूपी बीउ नै त्यसको प्राज्ञपनमा निमित्त कारण मानिन्छ। यसको विपरीत तुरीय आत्मामा वीजभाव तत्त्वको अज्ञान फलभाव अन्यथाग्रहणरूप भ्रान्तिज्ञान यी दुवै छैनन्। किनकि यी दुवैको तुरीय आत्मामा हुनु सर्वथा असंभव छ ॥११॥

कारिका

नाऽऽत्मानं न परांश्चैव न सत्यं नापि चानृतम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राज्ञः किंचन संवेत्ति तुर्यं तत्सर्वदृक्सदा ॥१२॥

सत्यासत्य अरु आफू चिन्न सक्दैन प्राज्ञ त ।
तुरीय आत्मा भन्ने त सदा सर्वज्ञरूप छ ॥१२॥

भाष्य

कथं पुनः कारणबद्धत्वं प्राज्ञस्य तुरीये वा तत्वाग्रहणान्यथाग्रहणलक्षणौ बन्धौ नसिध्यत इति । यस्मादात्मविलक्षणमविद्याबीजप्रसूतं बाह्यं द्वैतं प्राज्ञो न किंचन संवेत्ति यथा विश्वतैजसौ ततश्चासौ तत्वाग्रहणेन तमसाऽन्यथाग्रहणबीजभूतेन बद्धो भवति । यस्मात्तुरीयं तत्सर्वदृक्सदा तुरीयादन्यस्याभावात्सर्वदा सदवेति सर्वं च तद्दृक्चेति सर्वदृक्तस्मान्न तत्वाग्रहणलक्षणं बीजम् । तत्र तत्प्रसूतस्यान्यथाग्रहणस्याप्यत एवाभावो न हि सवितरि सदा प्रकाशात्मके तद्विरुद्धमप्रकाशनमन्यथाप्रकाशनं वा संभवति । "न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यते" इति श्रुतेः । अथवा जाग्रत्स्वप्नयोः सर्वभूतावस्थः सर्ववस्तुदृगाभासस्तुरीय एवेति सर्वदृक्सदा । "नान्यदतोऽस्ति द्रष्टृ" इत्यादि श्रुतेः ॥१२॥

अर्थ– प्राज्ञ कसरी कारणसँग बाँधिएको छ ? तुरीय आत्मामा तत्त्वको अज्ञान र त्यसबाट उत्पन्न हुने भ्रान्तिरूप विपरीत ज्ञान नभएको कसरी सिद्ध हुन्छ ? भन्दा भनिन्छ– अज्ञानरूप बीजबाट उत्पन्न बाह्य द्वैत वस्तुलाई आत्माले जान्दैन, तर विश्व र तैजसले जान्दछन् । प्राज्ञ तत्त्वको अज्ञान र सो अज्ञानजन्य भ्रान्ति ज्ञानको अन्धकारले बाँधिएको छ । यसबाट भिन्न ती सबैको द्रष्टा तुरीय आत्मा आफूभन्दा भिन्न वस्तुको अभाव भएकाले सधैं सर्वरूप र सर्वद्रष्टा छ, जो सबैको साक्षी पनि हो त्यसैलाई सर्वदृक पनि भनिन्छ । त्यसैले त्यसमा तत्त्वको अज्ञानरूप बीज मान्न हुँदैन । यसैले तत्त्वको अज्ञानबाट उत्पन्न हुने भ्रान्तिको पनि यसमा अभाव छ । सदा प्रकाश सूर्यमा त्यसको विरुद्ध अप्रकाशन वा विपरीत प्रकाशन सम्भव छैन । "द्रष्टाको दृष्टिको सर्वथा कहिल्यै पनि लोप हुन सक्दैन" भन्ने श्रुतिवाक्यबाट सिद्ध हुन्छ कि जाग्रत् र स्वप्नका सबै प्राणीमा रहेको सबै वस्तुको साक्षी तुरीय आत्माले नै उज्यालो गराइरहेको छ । यसैले यो सधैं सबैको साक्षी मानिन्छ, यस्तो नै "यसबाट भिन्न अरू कुनै द्रष्टा छैन" भन्ने श्रुतिवाक्यबाट पनि सिद्ध हुन्छ ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

द्वैतस्याग्रहणं तुल्यमुभयोः प्राज्ञतुर्ययोः ।
बीजनिद्रायुतः प्राज्ञः सा च तुर्ये न विद्यते ॥१३॥

द्वैतको ज्ञान नहुने समता प्राज्ञ तुर्यमा ।
अज्ञान निद्रा देखिन्छ प्राज्ञमा वीजरूपमा ॥
तर यो हुन सक्दैन पटक्कै नै तुरीयमा ॥१३॥

भाष्य

निमित्तान्तरप्राप्ताशङ्का निवृत्त्यर्थोऽयं श्लोकः । कथं द्वैताग्रहणस्य तुल्यत्वात्कारणवद्धत्वं प्राज्ञस्यैव न तुरीयस्येति प्राप्ताऽऽशंका निवर्त्यते । यस्माद्बीजनिद्रायुतस्तत्वाप्रतिबोधो निद्रा । सैव च विशेष प्रतिबोधप्रसवस्य बीजम् । सा बीजनिद्रा । तया युतः प्राज्ञः । सदा दृक्स्वभावत्वात्तत्वाप्रतिबोध लक्षणा निद्रा तुरीये न विद्यते । अतो न कारणबन्धस्तस्मिन्नित्यभिप्रायः ॥१३॥

अर्थ– जब द्वैतको अग्रहण-अस्वीकार प्राज्ञ र तुरीयमा समान छ भने फेरि प्राज्ञलाई मात्र कारणले बाँधिएको मान्नु र तुरीयलाई वीजरूप अज्ञानले नबाँधिएको कसरी भनिन्छ भन्ने तर्कको उत्तरमा भनिन्छ– किनकि प्राज्ञ वीजरूप निद्रा अर्थात् तत्त्वको अज्ञानले युक्त छ । यही वीज द्वैतको उत्पत्तिको बीउ हो । यस बीउसँग प्राज्ञ सम्बद्ध छ तर तुरीय आत्मामा सदा साक्षी स्वभाव भएको कारण त्यो तत्त्वको अज्ञानरूप निद्रा छैन । यसैले ऊ कारणले बाँधिएको पनि छैन ॥१३॥

कारिका

स्वप्ननिद्रायुतावाद्यौ प्राज्ञस्त्वस्वप्ननिद्रया ।
न निद्रां नैव च स्वप्नं तुर्ये पश्यन्ति निश्चिताः ॥१४॥

विश्व तैजसमा हुन्छ स्वप्न निद्रा दुवै भने ।
प्राज्ञमा सपना छैन निद्रा खालि त्यहाँ हुने ॥
तुर्यावस्था पुग्न सक्ने तत्ववेत्ताहरू भने ।
न निद्रा हुन्छ उनीमा सपना न त देख्दछन् ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

स्वप्नोऽन्यथाग्रहणं सर्प इव रज्वाम् । निद्रोक्ता तत्वाप्रतिबोधलक्षणं तम इति । ताभ्यां स्वप्ननिद्राभ्यां युक्तौ विश्वतैजसौ अतस्तौ कार्यकारणबद्धावित्युक्तौ । प्राज्ञस्तु स्वप्नवर्जित केवलयैव निद्रया युत इति कारणबद्ध इत्युक्तम् । नोभयं पश्यन्ति तुरीये निश्चिता ब्रह्मविदो विरुद्धत्वात्सवितरीव तमः । अतो न कारणबद्ध इत्युक्तस्तुरीयः ॥१४॥

अर्थ– जसरी डोरीलाई सर्प भनेर जान्नु 'अन्यथाग्रहण' भनिन्छ, त्यस्तै तुरीय आत्मामा अन्यथाग्रहणको नाम स्वप्न हो र तत्वको अज्ञानलाई यहाँ 'तम' नामले चिनिन्छ जसलाई यहाँ निद्रा भनिन्छ । यस्तो स्वप्न र निद्राले युक्त विश्व र तैजस मानिएका छन् । यसैले उनीहरू स्वप्नरूप कार्य र निद्रारूप कारणले बाँधिएका भनिन्छन् । किन्तु प्राज्ञ स्वप्नरहित केवल निद्राले युक्त छ । यसैले प्राज्ञलाई कारणबद्ध भनिन्छ । दृढनिश्चय भएका ब्रह्मज्ञानी पुरुषहरू सूर्यमा अन्धकार नदेखेझैं तुरीयमा स्वप्न निद्रा दुवै देख्दैनन् । यसैले तुरीय आत्मा कार्यकारणबद्ध छैन भनेर भनिएको हो ॥१४॥

कारिका

अन्यथा गृह्णतः स्वप्नो निद्रा तत्वमजानतः ।
विपर्यासे तयोः क्षीणे तुरीयं पदमश्नुते ॥१५॥

उल्टो बुझ्दा हुन्छ स्वप्न निद्रा तत्व न जानदा ।
हराए यी दुवै ज्ञानी तुरीय पद पाउँछ ॥१५॥

भाष्य

कदा तुरीये निश्चितो भवतीत्युच्यते । स्वप्न जागीरतयोरन्यथा रज्ज्वां सर्प इव गृह्णतस्तत्वं स्वप्नो भवति । निद्रा तत्वमजानतस्तिसृष्ववस्थासु तुल्या । स्वप्ननिद्रयोस्तुल्यत्वाद्विश्वतैजसयोरेकराशित्वम् । अन्यथाग्रहणप्राधान्याच्च गुणभूता निद्रेति तस्मिन्विपर्यासः स्वप्नः । तृतीये तु स्थाने तत्वाज्ञानलक्षणो निद्रैव केवला विपर्यासः । अतस्तयोः कार्यकारणस्थानयोरन्यथाग्रहणविपर्यासे कार्यकारणबन्धनरूपे परमार्थतत्वप्रतिबोधतः क्षीणे तुरीयं पदमश्नुते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदोभयलक्षणं बन्धरूपं तत्रापश्यंस्तुरीये निश्चितो भवतीत्यर्थ ॥१५॥

अर्थ– मानिस तुरीय आत्मामा स्थिर कहिले हुन्छ भन्ने सम्बन्धमा भनिन्छ– डोरीलाई सर्प भनेर जान्नु स्वप्न हो । जाग्रत्मा तत्त्वको विपरीत ज्ञानबाट स्वप्न हुन्छ र तत्त्व नजान्नाले निद्रा हुन्छ । यो निद्रा जाग्रत् आदि तीनै अवस्थामा बराबर छ । यीमध्ये स्वप्न र निद्रा बराबर हुनाले विश्व र तैजसलाई एक श्रेणीमा राखिएको छ; अर्थात् यी दुवै अवस्थामा स्वप्न र निद्रा बराबर छन् र विपरीत ज्ञान भएकाले निद्रा गौण छ । यसैले स्वप्नरूप भ्रान्तिज्ञान रहन्छ, तर तेस्रो स्थान सुषुप्तिमा त खालि तत्त्वको अज्ञानरूप निद्रा नै विपरीत ज्ञान हो । यसैले ती कार्यकारणको स्थानमा विपरीत ज्ञान र अज्ञान जो कार्यकारण बन्धनरूप विपर्यास हो ती दुवै नै परमार्थ तत्त्वको ज्ञानबाट जब क्षीण हुन्छन्, तब साधकले तुरीय पद पाउँछ । त्यस वेला ऊ दुवै कार्यकारणको बन्धनलाई हेर्दै तुरीयमा स्थिर हुन्छ ॥१५॥

कारिका

अनादिमायया सुप्तो यदा जीवः प्रबुध्यते ।
अजमनिद्रमस्वप्नमद्वैतं बुध्यते तदा ॥१६॥

अनादि मायाले सुत्ने जहिले जीव जाग्दछ ॥
जन्म निद्रा तथा स्वप्न हीन अद्वैत बुझ्दछ ॥१६॥

भाष्य

यो ऽयं संसारी जीवः स उभयलक्षणेन तत्वाप्रतिबोधरूपेण बीजात्मनाऽन्यथाग्रहणलक्षणेन चानादिकालप्रवृत्तेन मायालक्षणेन स्वप्नेन ममायं पिता पुत्रोऽयं नप्ता क्षेत्रं पशवोऽहमेषां स्वामी सुखी-दुःखी क्षयितोऽहमनेन वर्धितश्चानेनेत्येवंप्रकारान्स्वप्नान्स्थानद्वयेऽपि पश्यन्सुप्तो यदा वेदान्तार्थतत्वाभिज्ञेन परमकारुणिकेन गुरुणा नास्येवं त्वं हेतुफलात्मकः किंतु तत्वमसीति प्रतिबोध्यमानो यदा तदैवं प्रतिबुध्यते । कथं नास्मिन्वाह्यमाभ्यन्तरं वा जन्मादिभावविकारोऽस्त्यतोऽजं सवाह्याभ्यन्तरो ह्यज इति श्रुतेः सर्वभावविकारवर्जितमित्यर्थः । यस्माज्जन्मादिकारणभूतं नास्मिन्नविद्यातमोवीजं निद्रा विद्यत इत्यनिद्रम् । अनिद्रं हि तत्तुरीयमत एवास्वप्नम् । तन्निमित्तत्वादन्यथाग्रहणस्य । यस्माच्चानिद्रमस्वप्नं तस्मादजमद्वैतं तुरीयमात्मानं बुध्यते तदा ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– जुन यो संसारी जीव छ त्यो तत्त्व नजान्ने बीउ र अन्यथा जान्ने भ्रान्ति जो अनादिकालबाट चलिआएको छ, त्यस मायारूपी स्वप्नले गर्दा यो मेरो पिता, यो मेरो छोरा, यो मेरो नाति हो, यो मेरो घर हो, यी मेरा पशु हुन्, म इनको स्वामी हुँ, इनलाई पाएर सुखी र समृद्धिशाली हुन्छु इनलाई गुमाउँदा म दुःखी र क्षीण हुन्छु आदि यस्ता स्वप्न जाग्रत् र स्वप्न दुवै अवस्थामा हेर्दै सुतिरहेको छ । जब वेदान्तको अर्थ जान्ने परम दयालु गुरुद्वारा यसरी तिमी कार्यकारणरूप होइनौ, जाग्रत्, स्वप्न र सुषुप्ति अवस्थामा देखिने कार्यकारणबाट फरक छौ, ब्रह्म स्वरूप छौ आदि प्रकारले त्यो सुतिरहेको जीवलाई जगाइन्छ, तब उसलाई तत्त्वबोध हुन्छ । त्यस तत्त्वबोधको प्रकार बताइन्छ– यस आत्मामा बाहिरिया अथवा भित्रिया जन्मादि भावविकार छैनन् । त्यसैले यो आत्मा अजन्मा, सबै भित्र-बाहिरका विकारबाट शून्य, जन्मादि अविद्यारूप अन्धकारको बीउ निद्राहीन त्यसैले स्वप्नरहित भएकै कारण अजन्मा अद्वितीय तुरीय आत्माको बोध साधकलाई भै नै हाल्दछ ॥१६॥

कारिका

प्रपञ्चो यदि विद्येत निवर्तेत न संशयः ।
मायामात्रमिदं द्वैतमद्वैतं परमार्थतः ॥१७॥

भए डोरी सर्प भन्ने हुन सक्दछ संशय ।
माया मात्र छ यो द्वैत साँचो अद्वैत तत्व छ ॥१७॥

भाष्य

प्रपञ्चनिवृत्त्या चेत्प्रतिबुध्यतेऽनिवृत्ते प्रपञ्चे कथमद्वैतमिति । उच्यते । सत्यमेवं स्यात्प्रपञ्चो यदि विद्येत रज्ज्वां सर्प इव कल्पितत्वान्न तु स विद्यते । विद्यमानश्चेन्निवर्तेत न संशयः । न हि रज्ज्वां भ्रान्तिबुद्धया कल्पितः सर्पो विद्यमानः सन्विवेकतो निवृत्तः । नैव माया मायाविना प्रयुक्ता, तद्दर्शिनां चक्षुर्बन्धापगमे विद्यमाना सती निवृत्ता । तथेदं प्रपञ्चाख्यं मायामात्रं द्वैतं रज्जुवन्मायाविवच्चाद्वैतं परमार्थतस्तस्मान्न काश्चित्प्रपञ्चः प्रवृत्तो निवृत्तो वाऽस्तीत्यभिप्रायः ॥१७॥

अर्थ– यदि प्रपंच हटेपछि मात्र तत्त्वज्ञान हुने हो भने सो नहटेमा अद्वैतलाई कसरी मान्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्छ त भन्ने तर्कको उत्तरमा भनिन्छ– यसरी यो शंका साँच्चै हुन सक्थ्यो यदि परमार्थ दृष्टिले प्रपंच हुन्थ्यो त । यो त डोरीमा कल्पना गरिएको सर्पजस्तै भएको कारण परमार्थतः छँदै छैन । प्रपंच हुन्थ्यो त मेटिने पनि थ्यो । जसरी डोरीमा कल्पित सर्प वस्तुतः हुँदैन त्यस्तै ब्रह्ममा कल्पित प्रपंच वास्तवमा छैन । त्यो त डोरीमा भ्रान्तिले कल्पित सर्पसरि पहिले थियो, पछि विवेकले मेटियो भन्नुकै बराबर हो । मायावीले प्रयोग गरेको माया त्यो हेर्नेको दृष्टिबन्धन हट्ने बित्तिकै पहिले थ्यो पछि हरायो, यस्तो कुरा इन्द्रजालको विषयमा भन्न सकिन्न । वास्तविक कुरा त पहिले पनि थिएन, दृष्टिबन्धनको कारण भएजस्तो भान भएको हो, दृष्टिबन्धन हट्ने बित्तिकै अहिले पनि नभएको कुरा स्पष्ट हुन्छ । ठीक त्यस्तै प्रपंच नामक द्वैत पनि डोरीमा सर्पसरि माया मात्र हो । परमार्थरूपले त मायावी र डोरीजस्तै अरु असत्य र अद्वितीय ब्रह्मतत्त्व मात्र सत्य हो । अतः न कुनै प्रपंच बन्छ न मेटिन्छ । तीनै कालमा अद्वितीय परमात्मा नै परमार्थिक वस्तु हो ॥१७॥

कारिका

विकल्पो विनिवर्तेत कल्पितो यदि केनचित् ।
उपदेशादयं वादो ज्ञाते द्वैतं न विद्यते ॥१८॥

हट्ने थियो यो विकल्प कल्पना यदि हो भने ।
ज्ञानका लागि जन्मन्छ डोरी सर्प विवाद नै ॥
जब भो तत्वको ज्ञान द्वैत त्याहाँ कहाँ हुने ॥१८॥

भाष्य

ननु शास्ता शास्त्रं शिष्य इति विकल्पः कथं निवर्तत इत्युच्यते । विकल्पो विनिवर्तेत यदि केनचित्कल्पितः स्यात् । यथाऽयं प्रपञ्चो मायारज्जुसर्पवत्तथाऽयंशिष्यादिभेदविकल्पोऽपि प्राक्प्रतिबोधादेवो-पदेशनिमित्तोऽत उपदेशादयं वादः शिष्यः शास्ता शास्त्रमिति । उपदेशकार्ये तु ज्ञाने निर्वृत्ते ज्ञाते परमार्थतत्वे द्वैतं न विद्यते ॥१८॥

अर्थ– गुरु, शिष्य र शास्त्रको विकल्प कसरी हट्न सक्छ त भन्ने तर्कको उत्तरमा भनिन्छ– जसरी प्रपञ्च, इन्द्रजाल र डोरी सर्प मिथ्या हुन् त्यस्तै यो विकल्प पनि मिथ्या हो । गुरु शिष्यको भेद त तत्त्वज्ञानभन्दा पहिलेको कुरा हो । तत्त्वज्ञानपछि त द्वैत प्रपञ्चको अस्तित्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हुन्न त गुरु शिष्यादि वाद पनि कसरी रहन सक्दछ । सम्पूर्ण विकल्पको अभाव त उपदेशभन्दा पहिले पनि थियो उपदेशपछि तत्त्वज्ञान भएर थाहा भएपछि पनि छ । अतः कुनै पनि भेदमा परमार्थिक गन्ध पनि छैन ॥१८॥

मूल उपनिषत्को आठौं मन्त्र

सो ऽयमात्माऽध्यक्षरमोंकारोऽधिमात्रं पादा मात्रा मात्राश्च पादा अकार उकारो मकार इति ॥८॥

अर्थ– त्यो यो आत्मा अक्षरको आधारमा भन्ने हो भने ओंकारस्वरूप छ र पाउस्वरूपले विभक्त गर्ने हो भने अधिमात्र भनिन्छ । मात्राको आश्रय लिएर जो रहन्छ त्यसलाई अधिमात्र भनिन्छ । किनभने आत्माका जुन पाउहरू छन् ती ओंकारका मात्राहरू हुन् । मात्राहरू हुन्– अकार, उकार र मकार ॥८॥

भाष्य

अभिधेयप्रधान ओंकारश्चतुष्पादात्मेति व्याख्यातो यः सो ऽयमात्माऽध्यक्षरमक्षरमधिकृत्याभिधानप्राधान्येन वर्ण्यमानोऽध्यक्षरम् । किं पुनस्तदक्षरमित्याह । ओंकारः । सोऽयमोंकारः पादशः प्रविभज्यमानोऽधिमात्रं मात्रामधिकृत्य वर्तत इत्यधिमात्रम् । कथमात्मनो ये पादास्त ओंकारस्य मात्राः । कास्ताः । अकार उकारो मकार इति ॥८॥

अर्थ– आत्मासँग तादात्म्य सम्बन्ध भएकाले अभिधेयप्रधान भएको चार पाउवाला भनी माथि व्याख्या गरिएको त्यो ओंकाररूप आत्मा अध्यक्षरस्वरूप अक्षरलाई आश्रय लिएर जसलाई नामको प्रधानताले बोलाइन्छ त्यसलाई अध्यक्षर, भन्दछन् । त्यो अक्षर के हो त भने त्यो ओंकार हो । त्यही ओंकार जो अघि पाउबाट बाँडिएको थियो 'अ', 'उ' र 'म' तीन मात्राको आश्रय लिएर रहेको छ । आत्माको पाउ र ओंकारको मात्रामा कुनै भेद नभएकाले विरोध छैन ॥८॥

मूल उपनिषत्को नवौं मन्त्र

जागरितस्थानो वैश्वानरोऽकारः प्रथमा मात्राऽऽप्तेरादिमत्वाद्वाऽऽप्नोति ह वै सर्वान् कामानादिश्च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवति य एवं वेद ॥९॥

अर्थ– जाग्रत् ठाउँ भएको पूर्वोक्त वैश्वानर नामक आत्माको पहिलो पाउ व्यापक र सबभन्दा अघिल्लो भएको कारण प्रणवको पहिलो मात्रा 'अकार' हो। यसरी जुन साधकले कुरा बुभ्दछ त्यसका सबै कामनाहरू पूरा हुन्छन् र ऊ महापुरुषहरूमा प्रधान पनि हुन्छ ॥९॥

भाष्य

तत्र विशेषनियमः क्रियते। जागरितस्थानो वैश्वानरो यः स ओंकारस्याकारः प्रथमा मात्रा। केन साम्येन्येनेत्याह। आप्तेराप्तिर्व्याप्तिरकारेण सर्वावाग्व्याप्ता। "अकारो वै सर्वा वाक्" इति श्रुतेः। तथा वैश्वानरेण जगत्। "तस्य ह बैतस्याऽऽत्मनो वैश्वानरस्य मूर्धैव सुतेजाः" इत्यादि श्रुतेः। अभिधानाभिधेययोरेकत्वं चावोचाम। आदिरस्य विद्यत इत्यादिमद्यथैवाऽऽदिमदकाराख्यमक्षरं तथैव वैश्वानरस्तस्माद्वा सामान्यादकारत्वं वैश्वानरस्य। तदेकत्वविदः फलमाह। आप्नोति ह वै सर्वान्कामानादिः प्रथमश्च भवति महतां य एवं वेद यथोक्तमेकत्वं वेदेत्यर्थः ॥९॥

अर्थ– अब यहाँ यस विषयमा विशेष नियम बनाइन्छ– जुन वैश्वानर जागा अवस्थामा रहने भनेर बताइयो त्यो नै ओंकारको पहिलो मात्रा 'अकार' हो। यी दुईमा के समानता छ त भने व्यापकताका कारण यी दुई 'विश्व' र 'अकार' लाई समान मानिन्छ। अकारले सम्पूर्ण बोली व्याप्त छ। श्रुतिमा भनिएको छ, "संम्पूर्ण वाणी नै अकार छ"। त्यस्तै वैश्वानरले सम्पूर्ण जगत् व्याप्त छ। "त्यो ऊ वैश्वानर आत्माको शिर नै पृथ्वी हो" इत्यादि श्रुतिमा भनिएको छ। अभिधान र अभिधेय अर्थात् वाचक र वाच्यको एकता हामीले पहिले पनि बताइसकेका छौं। यी दुवै आदिम अर्थात् पहिलो हुने कुरा पनि समान छ। जसको आदि त्यसलाई आदिम भनिन्छ। ओंकारको पहिलो अक्षर 'अकार' भएजस्तो आत्माको विश्वानर पद पनि पहिलो हो। यसै समानताका आधारमा वैश्वानरलाई अकाररूप भनिएको छ। इनको एकरूप वा अभिन्न रूप जान्दा के फल हुन्छ त्यो बताइन्छ। जुन पुरुषले अकार र वैश्वानरको यसरी एकरूपता जान्दछ त्यसले सम्पूर्ण कामनाहरूलाई पाउँदछ अर्थात् उसका सबै इच्छा ईश्वरले पूरा गराइदिनुहुन्छ र सबै श्रेष्ठ पुरुषहरूमा प्रथम हुन्छ ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल उपनिषत्को दशौं मन्त्र

स्वप्नस्थानस्तैजस उकारो द्वितीया मात्रोत्कर्षादुभयत्वाद्वोत्कर्षति ह वै ज्ञानसंततिं समानश्च भवति नास्याब्रह्मवित्कुले भवति य एवं वेद ॥१०॥

अर्थ– सपना ठाउँमा रहेको आत्माको दोस्रो पाउ तैजस उत्कर्ष र बीचमा रहने यी दुई कारणहरूले ओंकारको दोस्रो मात्रा 'उकार' स्वरूपले रहेको छ। यसरी जुन साधकले कुरा बुझ्दछ त्यसले आफ्नो जानकारी बढाउँछ र सबैप्रति ऊ समान रहन्छ। त्यसैले इनको शत्रु हुँदैन। यसको अतिरिक्त उस्को वंशमा ब्रह्मज्ञानले हीन कोही हुँदैन ॥१०॥

भाष्य

स्वप्नस्थानस्तैजसो यः स ओंकारस्योकारो द्वितीया मात्रा। केन सामान्येनेत्याह। उत्कर्षात्। अकारादुत्कृष्ट इव ह्युकारस्तथा तैजसो विश्वादुभयत्वाद्वा ऽकारमकारयोर्मध्यस्थ उकारस्तथा विश्वप्राज्ञयोर्मध्ये तैजसोऽत उभयभावत्वसामान्यात्। विद्वत्फलमुच्यते। उत्कर्षति ह वै ज्ञानसंततिम्। विज्ञानसंततिं वर्धयतीत्यर्थः। समानस्तुल्यश्च मित्रपक्षस्येव शत्रुपक्षाणामप्रद्वेष्यो भवति। अब्रह्मविदस्य कुले न भवति य एवं वेद ॥१०॥

अर्थ– स्वप्नस्थान भएको तैजस ओंकारको दोस्रो मात्रा उकारस्वरूप छ। यी दुवैमा विश्व र 'अकार' भन्दा उत्कृष्टता र बीचमा रहने स्थिति जस्तै विश्व र प्राज्ञको बीचमा तैजस छ त्यस्तै ओंकारको 'अ' र 'म' को बीचमा 'उ' भएजस्तै यी दुई कुरामा यी दुईमा समानता छ। जसले यसरी तैजस र 'उकार' मा समानता यानी अभेद जान्दछ त्यसले आफ्नो ज्ञानको सागर बढाउँदै जान्छ। ऊ मित्र र शत्रु दुवै पक्षले द्वेष नराखिने हुन्छ तथा यस्को कुलमा ब्रह्म नजान्ने कोही हुँदैन ॥१०॥

मूल उपनिषत्को एघारौं मन्त्र

सुषुप्तस्थानः प्राज्ञो मकारस्तृतीया मात्रा मितेरपीतेर्वा मिनोति ह वा इदꣳ सर्वमपीतिश्च भवति य एवं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेद ॥११॥

अर्थ– सुषुप्ति ठाउँ भएको प्राज्ञस्वरूप आत्माको तेस्रो मात्रा 'म' कार हो । जो साधकले यो कुरा बुझ्दछ त्यसले यो सम्पूर्ण जगत् राम्ररी बुझेको हुन्छ, अर्थात् उसले जगत्को उत्पत्ति र प्रलयको प्रक्रिया जानेर सम्पूर्ण जगत्को यथार्थस्वरूप सम्झन्छ ॥११॥

भाष्य

सुषुप्तस्थानः प्राज्ञो यः स मकार ओंकारस्य तृतीया मात्रा । केन सामान्येनेत्याह सामान्यमिदमत्र । मितेर्मितिर्मानं मीयेते इव हि विश्वतैजसौ प्राज्ञेन प्रलयोत्पत्त्योः प्रवेशनिर्गमाभ्यां प्रस्थेनेव यवाः । तथोंकार समाप्तौ पुनः प्रयोगे च प्रविश्य निर्गच्छत इवाकारोकारौ मकारे । अपीतेर्वा । अपीतिरप्यय एकीभावः । ओंकारोच्चारणेऽन्त्येऽक्षर एकीभूताविवाकारोकारौ । तथा विश्वतैजसौ सुषुप्तिकाले प्राज्ञे । अतो वा सामान्यादेकत्वं प्राज्ञमकारयोः । विद्वत्फलमाह । मिनोति ह वा इदं सर्वं जगद्याथात्म्यं जानातीत्यर्थः । अपीतिश्च जगत्कारणात्मा भवतीत्यर्थः । अत्रावान्तरफलवचनं प्रधानसाधनस्तुत्यर्थम् ॥११॥

अर्थ– सुषुप्ति स्थान भएको प्राज्ञ आत्मा ओंकारको तेस्रो मात्रा मकार स्वरूप छ । यी दुईमा के-के समानता छन् त भने पहिलो छ तौलने शक्ति । जसरी प्रस्थ (पत्थर) रूप बाट– विशेषले जौ तौलिन्छ त्यस्तै गरी प्रलय र उत्पत्तिको बेला भित्र पस्ने र बाहिर निक्लने क्रियाद्वारा प्राज्ञबाट विश्व र तैजस तौलिन्छन् । अर्थात् विश्व र तैजसको प्रवेश सुषुप्तिकालमा प्राज्ञमा नै हुन्छ र जागरण कालमा दुवैको प्राज्ञबाटै फेरि बाहिर निक्लने काम हुन्छ । यसरी प्राज्ञले विश्व र तैजसलाई तौलिन्छ । त्यस्तै ओंकारको आखिरीमा मकारमा नै अकार र उकारको प्रवेश हुन्छ र फेरि ओंकारको उच्चारण गर्दा मकारबाट नै अकार र उकार निक्लन्छन् । यसरी अकार र उकारलाई मकारले तौलेजस्तो विश्व तैजसलाई प्राज्ञले तौलिन्छ । अपीति शब्दको अर्थ प्रलय अथवा एकीभाव हो । जसरी सुषुप्तिको बेला विश्व र तैजस प्राज्ञमा लीन हुन्छन् त्यस्तै ओंकारको उच्चारण गर्दा अन्तिम 'मकार' अक्षरमा शुरुका अकार र उकार लीन हुन्छन् । अतः लीनस्वरूप एकताको कारण पनि प्राज्ञ र मकारमा समानता छ । यसरी यी दुईमा अभेद जान्दा हुने फल के छ त भने त्यस्तो यी दुईमा अभेद जान्ने पुरुषले यस सम्पूर्ण जगत्लाई निःसन्देह तौलन सक्छ; अर्थात् जगत्को उत्पत्ति र प्रलयको प्रक्रिया जानेर सम्पूर्ण जगत्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथार्थ स्वरूप जान्दछ। सम्पूर्ण जगत्को कारणस्वरूप अव्यय प्रलयरूप पनि हुन्छ। यो अवान्तरफल प्रधान साधनको प्रशंसाको लागि भनिएको हो ॥११॥

यस विषयमा अगाडि यी श्लोकहरू छन्–

कारिका

विश्वस्यात्वविवक्षायामादिसामान्यमुत्कटम्।
मात्रासंप्रतिपत्तौ स्यादाप्तिसामान्यमेव च ॥१९॥

ओंकारको आदिमात्रा विश्वात्माको अकार हो।
विश्व– अकारमा हेर व्याप्ति आदित्व तुल्य
छन् ॥१९॥

भाष्य

विश्वस्यात्वमकारमात्रत्वं यदा विवक्ष्यते तदाऽऽदित्वसामान्यमुक्तन्यायेनोत्कटमुद्भूतं दृश्यत इत्यर्थः। अत्वविवक्षायामित्यस्य व्याख्यानं मात्रासंप्रतिपत्ताविति। विश्वस्याकारमात्रत्वं यदा संप्रतिपद्यत इत्यर्थः। आप्तिसामान्यमेव चोत्कटमित्यनुवर्तते च शब्दात् ॥१९॥

अर्थ– जब विश्वलाई ओंकारको अकारमातृत्व बताउन अभीष्ट हुन्छ तब पहिले भनिएजस्तो विश्व र अकार दुवैमा आदित्व र व्याप्तित्वको समानता स्पष्ट रूपमा रहेकोपाइन्छ ॥१९॥

कारिका

तैजसस्योत्वविज्ञान उत्कर्षो दृश्यते स्फुटम्।
मात्रासंप्रतिपत्तौ स्यादुभयत्वं तथाविधम् ॥२०॥

ओंकारको उमात्राले तैजसात्मा जनाउँछ।
उभयत्व र उत्कर्ष दुवैमा स्पष्ट खुल्दछ ॥२०॥

भाष्य

तैजसस्योत्वविज्ञान उकारत्वविवक्षायामुत्कर्षो दृश्यते स्फुटं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पष्टमित्यर्थः । उभयत्वं च स्फुटमेवेति । पूर्ववत्सर्वम् ॥२०॥

अर्थ– तैजस आत्मालाई ओंकारको उकाररूप बताउँदा दुवैमा उत्कर्षर उभयत्व दुवै कुरा समान रूपमा रहेको स्पष्ट छ ॥२०॥

कारिका

मकारभावे प्राज्ञस्य मानसामान्यमुत्कटम् ।
मात्रासंप्रतिपत्तौ तु लयसामान्यमेव च ॥२१॥

ओंकारको अन्त्य वर्ण मकार प्राज्ञरूप हो ।
दुवैको मान लयमा तुल्यता बुभ्नुपर्दछ ॥२१॥

भाष्य

मकारत्वे प्राज्ञस्य मितिलयावुत्कृष्टे सामान्ये इत्यर्थः ॥२१॥

अर्थ– प्राज्ञ आत्मालाई ओंकारको मकाररूप वताउँदा दुवैमा नाप्ने र लय हुने कुरा समान रहेको स्पष्ट छ ।

कारिका

त्रिषु धामसु यत्तुल्यं सामान्यं वेत्ति निश्चितः ।
स पूज्यः सर्वभूतानां वन्द्यश्चैव महामुनिः ॥२२॥

तीनै ठाउँ जाग्रदादि तिनमा जे समानता ।
जान्ने हो पूज्य औ वन्द्य प्राणीमा त्यो
महामुनि ॥२२॥

भाष्य

यथोक्त स्थानत्रये तुल्यमुक्तं सामान्यं वेत्त्येवमेवैतदिति निश्चितो यः स पूज्यो वन्द्यश्च ब्रह्मविल्लोके भवति॥२२॥

अर्थ– पूर्वोक्त तीनै ठाउँमा रहेको समानता जसले जान्दछ अर्थात् यो यस प्रकार छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने कुरामा जसले निश्चय गर्दछ त्यो व्यक्ति ब्रह्मज्ञानी, वन्दनीय र पूज्य हुन्छ ॥२२॥

कारिका

अकारो नयते विश्वमुकारश्चापि तैजसम् ।
मकारश्च पुनः प्राज्ञं नामात्रे विद्यते गतिः ॥२३॥

पृथक् उपासना गर्दा 'अ', 'उ', 'म' ले चिनाउँछन्
विश्व तैजस र प्राज्ञ विनामात्रा कहाँ गति ॥२३॥

भाष्य

यथोक्तैः सामान्यैरात्मपादानां मात्राभिः सहैकत्वं कृत्वा यथोक्तोंकारं प्रतिपद्य यो ध्यायति तमकारो नयते विश्वं प्रापयति । अकारालम्बनमोंकारं विद्वान्वैश्वानरो भवतीत्यर्थः । तथोकारश्तैजसम् । मकारश्चापि पुनः प्राज्ञं चशब्दान्नयत इत्यनुवर्तते । क्षीणे तु मकारे बीजभावक्षयादमात्र ओंकारे गतिर्न विद्यते क्वचिदित्यर्थः ॥२३॥

अर्थ– माथि बताइएअनुसार अकारमा आश्रित ओंकारको ध्यान गर्ने साधक वैश्वानर हुन्छ, त्यस्तै ओंकारमा आश्रित उकार र मकारको ध्यान गर्ने साधकले तैजस र प्राज्ञ आत्माको पद पाउँछ । मात्रारहित ओंकारमा गति हुँदैन ॥२३॥

मूल उपनिषत्को बाह्रौं मन्त्र

अमात्रश्चतुर्थोऽव्यवहार्यः प्रपञ्चोपशमः शिवोऽद्वैत एवमोंकार आत्मैव संविशत्यात्मनाऽऽत्मानं य एवं वेद ॥१२॥

अर्थ– मात्रारहित ओंकार नै व्यवहारमा नआउने सांसारिक प्रपञ्चबाट पर कल्याणमय 'अद्वैत' आत्माको चौथो पाउ हो । यो आत्मा नै आत्माद्वारा परमात्मामा राम्ररी प्रवेश हुन्छ ॥१२॥

भाष्य

अमात्रो मात्रा यस्य नास्ति सोऽमात्र ओंकारश्चतुर्थस्तुरीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मैव केवलोऽभिधानाभिधेयरुपयोर्वाङमनसयोः क्षीणत्वादव्यवहार्यः। प्रपञ्चोमशमः शिवोऽद्वैतः संवृत्त एवं यथोक्त विज्ञानवता प्रयुक्त ओंकारस्त्रिमात्रस्त्रिपादः आत्मैव। संविशत्यात्मना स्वेनैव स्वं पारमार्थिकमात्मानं य एवं वेद। परमार्थदर्शी ब्रह्मवित्तृतीयं बीजभावं दग्ध्वाऽऽत्मानं प्रविष्ट इति न पुनर्जायते तुरीयस्याबीजत्वात्। न हि रज्जुसर्पयोर्विवेके रज्ज्वां पवृष्टः सर्पो बुद्धिसंस्कारात्पुनः पूर्ववत्तद्विवेकिनामुत्थास्यति। मन्दमध्यमधियां तु प्रतिपन्नसाधकभावनां सन्मार्गगामिनां संन्यासिनां मात्राणां पादानां च क्लृप्तसामान्यविदां यथावदुपास्यमान ओंकारो ब्रह्मप्रतिपत्तय आलम्बनी भवति। तथाच वक्ष्यति– "आश्रमास्त्रिविधा हीन" इत्यादि ॥१२॥

अर्थ– मात्रारहित चौथो तुरीय आत्मा नै जान्न लायक छ। वाणीलाई अभिधान र मनलाई अभिधेय भनिन्छ। वाणी र मनको शक्ति क्षीण भएकाले यो चौथो आत्मा व्यवहारयोग्य छैन। यो तुरीय आत्मा प्रपञ्चलाई कल्याणरूप अद्वितीय छ। पूर्वोक्त तीन मात्रा भएको ओंकार तीन पाउ भएको आत्मा नै हो। जसले यस्तो आफ्नो परमार्थिक आत्मालाई जान्दछ त्यो स्वयं नै आफ्नो तात्त्विक रूपमा प्रवेश गर्दछ। परमार्थ तत्त्वदर्शी ब्रह्मवेत्ता पुरुष तीन बीजभाव अज्ञानलाई जलाएर शुद्ध आत्मामा प्रवेश गर्छ। यसैले त्यस तत्त्ववेत्ताको पुनर्जन्म हुँदैन, किनकि त्यो तुरीय आत्मा अज्ञानरूप वीजभावबाट टाढा छ। डोरी र सर्पको ज्ञान भएपछि डोरीमा कल्पित सर्प त्यस यथार्थदर्शीको भ्रान्ति र त्यसबाट उत्पन्न संस्कारबाट पहिलेजस्तो भान रहिरहन्छ र ? अर्थात् रहन्न। हो, जो मन्द एवं मध्यम वुद्धि साधक छन् जसले ओंकारको मात्रा र आत्माका पाउहरूलाई माथि वताइएअनुसार सिद्ध समानताहरूका आधारमा जानेका छन् तिनीहरूका लागि विधिपूर्वक उपासना गरिएको ओंकार ब्रह्मबोधको प्रति बलियो सहारा अवश्य हुन्छ। यसै कुरालाई 'आश्रम' तीन प्रकारका छन् इत्यादि वाक्यहरूबाट कारिकाकार आफैं अगाडि बताउनुहुनेछ। यी विषयहरूमा तल उल्लेख भएका कारिका (श्लोक) हरू पहिलेजस्तै हुन् ॥१२॥

कारिका

ओंकारं पादशो विद्यात्पादा मात्रा न संशयः।
ओंकारं पादशो ज्ञात्वा न किंचिदपि चिन्तयेत् ॥२४॥

ओंकार पाउले जान्नु मात्रा हुन् पाउ निश्चय।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाने यसरी ओंकार धन्य निश्चिन्त बन्दछ ॥२४॥

भाष्य

यथोक्तैः सामान्यैः पादा एव मात्रा मात्राश्च पादास्तस्मादोंकारं पादशो विद्यादित्यर्थः । एवमोंकारे ज्ञाते दृष्टार्थमदृष्टार्थं वा न किंचित्प्रयोजनं चिन्तयेत्कृतार्थत्वादित्यर्थः ॥२४॥

अर्थ– पहिले बताइएका समानताका कारण आत्माका पाउहरू नै ओंकारका मात्राहरू हुन् र मात्राहरू नै पाउ हुन् । यसरी ओंकारलाई आत्माका पाउहरूको क्रमले जानेपछि कुनै पनि लौकिक वा परलौकिक प्रयोजनको चिन्ता नगर्नु, किनकि माथि भनिएअनुसार ओंकारको रहस्य जान्ने तत्त्वदर्शी कृतार्थ हुन्छन् ॥२४॥

कारिका

युञ्जीत प्रणवे चेतः प्रणवो ब्रह्म निर्भयम् ।
प्रणवे नित्ययुक्तस्य न भयं विद्यते क्वचित् ॥२५॥

मन ओंकारमा जोडौं ओंकार ब्रह्म निर्भय ।
नित्य प्रणवमा लागे मन उस्मा कहाँ भय ॥२५॥

भाष्य

युञ्जीत समादध्याद्यथाव्याख्याते परमार्थरूपे प्रणवे चेतो मनः । यस्मात्प्रणवो ब्रह्म निभर्यम् । न हि तत्र सदा युक्तस्य भयं विद्यते क्वचित् । "विद्वान्न विभेति कुतश्चन" इति श्रुतेः ॥२५॥

अर्थ– माथि बताइएअनुसारको ओंकारमा आफ्नो चित्तलाई साधकले लगाओस् किनकि ब्रह्म निर्भय छ । ओंकारमा सधैं चित्त लगाउने पुरुषलाई कुनै प्रकारको भय कहिल्यै कतैबाट हुन्न । "तत्ववेत्ता कहीं पनि कुनै विषयमा डराउन्न" यस्तो श्रुतिवाक्य पनि छ ॥२५॥

कारिका

प्रणवो ह्यपरं ब्रह्म प्रणवश्च परः स्मृतः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपूर्वो ऽनन्तरो ऽबाह्यो ऽनपरः प्रणवोऽव्ययः ॥२६॥

ओंकार सगुण ब्रह्म निर्गुण पनि हो यही ।
विजातीय बाह्य ह्वैन वस्तु यो छैन कारण ॥२६॥

भाष्य

परापरे ब्रह्मणी प्रणवः परमार्थतः क्षीणेषु मात्रापादेषु पर एवाऽऽत्मा ब्रह्मेति न पूर्वं कारणमस्य विद्यत इत्यपूर्वः । नास्यान्तरं भिन्नजातीयं किंचिद्विद्यत इत्यनन्तरः । तथा वाह्यमन्यन्न विद्यत इत्यवाह्यः । अपरं कार्यमस्य न विद्यत इत्यनपरः । सबाह्याभ्यन्तरो ह्यजः सैन्धवघनवदित्यर्थः ॥२६॥

अर्थ– वास्तवमा मात्रारूप पाउहरू हराएपछि पर-आत्मा नै परब्रह्म हो । यसको कुनै कारण नहुनाले यो अपूर्व हो । यसरी यसलाई भिन्न जातीय नभएकाले अनन्तर भन्दछन् । यसबाट बाहिर अरू कोही नभएकाले यस ओंकारलाई अबाह्य भनिन्छ । यसको कुनै कार्य नभएकाले अनपर पनि हो । यो ओंकार भित्र-बाहिर सबैतिरबाट भएकाले जताततैबाट नूनैनून भएको नूनको डल्लोजस्तो पनि छ । त्यस्तै जन्मरहित पनि छ ॥२६॥

कारिका

सर्वस्य प्रणवो ह्यादिर्मध्यमन्तस्तथैव च ।
एवं हि प्रणवं ज्ञात्वा व्यश्नुते तदनन्तरम् ॥२७॥

ओंकार सृष्टिको आदि मध्य अन्त समेत हो ।
चिन्ने ओंकार यसरी मिल्छ प्रणव तत्वमा ॥२७॥

भाष्य

आदिमध्यान्ता उत्पत्तिस्थितिप्रलयाः । सर्वस्यैव मायाहस्तिरज्जुसर्पमृगतृष्णिका स्वप्नादिवदुत्पद्यमानस्य वियदादिप्रपञ्चस्य यथा मायाव्यादयः । एवं हि प्रणवमात्मानं मायाव्यादिस्थानीयं ज्ञात्वा तत्क्षणादेव तदात्मभावं व्यश्नुत इत्यर्थः ॥२७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– सम्पूर्ण सृष्टिको आदि, मध्य र अन्त अर्थात् सृष्टि पालन र संहार ओंकार नै हो। जसरी मायामय हात्ती, डोरी सर्प, मृगतृष्णा र स्वप्न आदि कल्पित जगत्को कारण तिनको अधिष्ठान हो त्यस्तै उत्पन्न हुने आकाश आदि प्रपञ्चका कारण मायावी आदि हुन्। त्यस्तै मायावी आदि स्थानीय त्यस प्रणवरूप आत्मालाई जानेर तत्वदर्शी विद्वान् त्यसैबेला आत्मरूपमा पुग्दछन्। यो नै यसको अभिप्राय हो ॥२७॥

कारिका

प्रणवं हीश्वरं विद्यात् सर्वस्य हृदये स्थितम्।
सर्वव्यापिनमोंकारं मत्वा धीरो न शोचति ॥२८॥

सबैको मनमा बस्ने ईश ओंकार हो बुझ।
ओंकार सर्वव्यापी छ बुझे शोक हराउँछ ॥२८॥

भाष्य

सर्वस्य प्राणिजातस्य स्मृतिप्रत्ययास्पदे हृदये स्थितमीश्वरं प्रणवं विद्यात्सर्वव्यापिनं व्योमवदोंकारमात्मानमसंसारिणं धीरो बुद्धिमान्मत्वा न शोचति। शोकनिमित्तानुपपत्तेः। "तरति शोकमात्मवित्" इत्यादिश्रुतिभ्यः ॥२८॥

अर्थ– सबै जन्मशील प्राणीको स्मरण ज्ञानको आश्रय हृदयमा रहेको ईश्वर प्रणवलाई नै सम्झनुपर्छ। आकाश समान सर्वव्यापी ओंकारलाई संसार धर्मरहित आत्मस्वरूप मानेर धीर साधक शोक गर्दैन। "आत्मा जान्नेहरू शोक गर्दैनन्" इत्यादि श्रुतिवाक्यबाट पनि यही कुरा सिद्ध हुन्छ ॥२८॥

कारिका

अमात्रोऽनन्तमात्रश्च द्वैतस्योपशमः शिवः।
ओंकारो विदितो येन स मुनिर्नेतरो जनः ॥२९॥

पाद मात्रा परिच्छेद छैन द्वैत पपञ्च क्यै
कल्याणरूप ओंकार चिन्छ साधकले भने।
त्यस्तो ओंकारको ज्ञाता मुनि हो अरू होइन ॥२९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

अमात्रस्तुरीय ओंकारो मीयतेऽनयेति मात्रापरिच्छित्तिः साऽनन्ता यस्य सोऽनन्तमात्रः । नैतावत्त्वमस्य परिच्छेत्वं, शक्यत इत्यर्थः । सर्वद्वैतोपशमत्वादेव शिवः । ओंकारो यथा व्याख्यातो विदितो येन स परमार्थतत्वस्य मननान्मुनिः । नेतरो जनः शास्त्रविदपीत्यर्थः ॥२९॥

अर्थ– पूर्वोक्त रीतिले मात्रारहित ओंकार र तुरीयलाई एकरूपले जसले जान्दछ त्यो नै परमार्थतत्त्व जान्ने भएकाले मुनि हो । तत्त्वज्ञान नभएमा शास्त्रज्ञ भए पनि कुनै मानिस मुनि हुन सक्दैन । यहाँ जसले नापिन्छ त्यसलाई मात्रा भनिन्छ र यो मात्रा जसको अनन्त छ त्यो अनन्त मात्रा भएको भनिन्छ । किनकि यसको नापको सीमाको निश्चय गर्न सकिंदैन । त्यस्तै सम्पूर्ण द्वैतरूपी अनर्थको शान्त गर्ने भएको भएर यो ओंकारलाई मंगलमय र शिवरूप भनिन्छ । यसरी ओंकारलाई जान्ने साधक मुनि हो ॥२९॥

इति आगम प्रकरणं समाप्तम् ।

ॐ तत्सत् ।

यहाँ माण्डूक्योपनिषत्को पहिलो आगम प्रकरण समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैतथ्य प्रकरण-२

कारिका

वैतथ्यं सर्वभावानां स्वप्न आहुर्मनीषिणः ।
अन्तःस्थानात्तु भावानां संवृतत्वेन हेतुना ॥१॥

स्वप्नमा देखिने वस्तु ज्ञानी झूठो बताउँछन् ।
साङ्‌ग्रो शरीरको भित्री भागमा के अटाउँछन् ? ॥१॥

भाष्य

ॐ । ज्ञाते द्वैतं न विद्यत इत्युक्तम् । एकमेवाद्वितीयमित्यादिश्रुतिभ्यः । आगममात्रं तत् । तत्रोपपत्त्याऽपि द्वैतस्य वैतथ्यं शक्यतेऽवधारयितुमिति द्वितीयं प्रकरणमारभ्यते- वैतथ्य मित्यादिना । वितथस्य भावो वैतथ्यम्, असत्यत्वमित्यर्थः । कस्य ? सर्वेषां बाह्याध्यात्मिकानां भावानां पदार्थानां स्वप्न उपलभ्यमानानां । आहुः कथयन्ति । मनीषिणः प्रमाणकुशलाः । वैतथ्ये हेतुमाह– अन्तः स्थानात् । अन्तः शरीरस्य मध्ये स्थानं ह्येषां । तत्र हि भावा उपलभ्यन्ते पर्वतहस्त्यादयो न वहिः शरीरात् । तस्मात्ते वितथा भवितुमर्हन्ति । नन्वपवरकाद्यन्तरुपलभ्यमानैर्घटादिभिरनैकान्तिको हेतुरित्याशङ्क्याऽऽह– संवृतत्वेन हेतुनेति । अन्तः संवृते स्थानादित्यर्थः । न ह्यन्तः संवृते देहान्तर्नाडीषु पर्वतहस्त्यादीनां संभवोऽस्ति । न हि देहे पर्वतोऽस्ति ॥१॥

अर्थ– 'एक अद्वैत मात्र सत्य हो' इत्यादि श्रुतिवाक्यका आधारमा अद्वैत तत्त्वलाई जानेपछि द्वैत रहन्न । यो त शास्त्रवचन अर्थात् आगम प्रकरणमा बताइएको कुरा मात्र थियो । युक्तिद्वारा पनि द्वैतको मिथ्यात्व-सृष्टि झूठो हो भन्ने कुरा सिद्ध गर्न सकिन्छ । यसैको लागि वैतथ्य प्रकरण शुरु गरिन्छ । संस्कृत शब्द वितथको भाव– असत्यत्व- झूठोपन भन्ने हुन्छ । कसको झूठो पन त ? स्वप्नमा देखिने बाहिरी र भित्री सबै पदार्थको प्रमाणकुशल तत्त्वदर्शीहरूले झूठोपन देखेका छन् । किनभने स्वप्नमा देखिने पर्वत, हात्ती आदि वस्तु शरीरभित्र नै हुने भएकोले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरभित्र ठूलो पर्वत वा हात्ती आदि साङ्गो ठाउँ हुँदा घरभित्र गाग्रो आदि अटाएजस्तो नअटाउने हुनाले भूठा हुन् ॥१॥

कारिका

अदीर्घत्वाच्च कालस्य गत्वा देशान्न पश्यति ।
प्रतिबुद्धश्च वै सर्वस्तस्मिन्देशे न विद्यते ॥२॥

छोटो समयमा टाढा पुगी देख्दैन व्यक्तिले ।
जाग्दा ती स्वप्नका ठाउँ वस्तु त्याहाँ कहाँ हुने ? ॥२॥

भाष्य

स्वप्नदृश्यानां भावानामन्तसंवृतस्थानमेत्येतदसिद्धम् । यस्मात्प्राच्येषु सुप्त उदक्षु स्वप्नान्पश्यन्निव दृश्येत । इत्येतदाशङ्क्याऽऽह । न देहाद्बहिर्देशान्तरं गत्वा स्वप्नान्पश्यति । यस्मात्सुप्त मात्र एव देहदेशाद्योजनशतान्तरिते मासमात्रप्राप्ये देशे स्वप्नान्पश्यन्निव दृश्यते । न च तद्देशप्राप्तेरागमनस्य च दीर्घः कालोऽस्ति । अतो दीर्घत्वाच्च कालस्य न स्वप्नदृग्देशान्तरं गच्छति । किंच प्रतिबुद्धश्च वै सर्वः स्वप्नदृक्स्वप्नदर्शनदेशे न विद्यते । यदि च स्वप्ने देशान्तरं गच्छेद्यस्मिन्देशे स्वप्नान्पश्येत्तत्रैव प्रतिबुध्येत । न चैतदस्ति । रात्रौ सुप्तोऽहनीव भावान्पश्यति बहुभिः संगतो यैश्च संगतो भवति तैर्गृह्येत । न च गृह्यते । गृहीतश्चेत्त्वामद्य तत्रोपलब्धवन्तो वयमिति ब्रूयुः । न चैतदस्ति । तस्मान्न देशान्तरं गच्छति स्वप्ने ॥२॥

अर्थ– स्वप्नमा देखिने वस्तुहरू भित्र साङ्गो ठाउँमा नअटाउने भन्ने कुरामा पूर्व दिशामा सुतेको पुरुषले उत्तरदिशाको कुराको स्वप्न देख्ने हुँदा सिद्ध हुँदैन । यसबाट यो सिद्ध हुन्छ– स्वप्न देख्ने पुरुष शरीरको बाहिरी प्रदेशमा गएर ती वस्तुहरूलाई हेरेको होला । यस्तो शंका हुँदा अगाडिको कारिकामा भनिन्छ– स्वप्नद्रष्टा आफ्नो शरीरबाहिर देशान्तर गएर स्वप्न देख्दैन, किनभने एक महिनामा हिंडेर पुगिने सयौं कोश टाढाको देशमा सुत्ने बित्तिकै स्वप्नका विभिन्न दृश्य देखेको पाइन्छ । त्यस देशमा पुग्न र फर्कन जति समय लाग्छ त्यो व्यावहारिक समय पनि त्यहाँ लागेको देखिन्न । थोरै समय लागेको कारण स्वप्नद्रष्टा त्यहाँ पुग्दैन भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्नु नै उचित देखिन्छ । यति मात्र होइन निद्राबाट जागेपछि सबै स्वप्नद्रष्टा स्वप्नमा देखिएको देशमा आफूलाई पाउन्नन् । त्यस्तै राति सुतेको मानिसले सपनामा दिनको सपना देख्दछ र एक्लै सुतेको सपनामा धेरै जनासँग भेट गर्दछ । सपनामा भेटिएका मानिसले जागेपछि सोद्धा भेटिएको कुरा बताउन्नन् । यसबाट स्पष्ट सिद्ध हुन्छ कि स्वप्नद्रष्टा सपनामा देशान्तर गएर सपना देख्दैन भन्ने कुरा नै युक्तियुक्त छ ॥२॥

कारिका

अभावश्चय रथादीनां श्रूयते न्यायपूर्वकम् ।
वैतथ्यं तेन वै प्राप्तं स्वप्न आहुः प्रकाशितम् ॥३॥

स्वप्नका रथ झूठा हुन् भन्ने न्याय बताउँछ ।
त्यसैले शास्त्रले भन्छ स्वप्न झूठो असत्य छ ॥३॥

भाष्य

इतश्च स्वप्नदृश्या भावा वितथाः । यतोऽभावश्चैव रथादीनां स्वप्नदृश्यानां श्रूयते न्यायपूर्वकं युक्तितः श्रुतौ "न तत्र रथाः" इत्यत्र । तेनान्तस्थानसंवृतत्वादि हेतुना प्राप्तं वैतथ्यं तदनुवादिन्या श्रुत्या स्वप्ने स्वयंज्योतिष्ट्वप्रतिपादनपरया प्रकाशितमाहुर्ब्रह्मविदः ॥३॥

अर्थ– स्वप्नमा देखिएका पदार्थहरू झूठा हुन् किनकि "स्वप्न अवस्थामा न रथ हुन्छ, न घोडा न बाटो नै हुन्छ" इत्यादि श्रुतिहरूमा युक्तिपूर्वक स्वप्नमा देखिने रथ आदिको अभाव सिद्ध गरेको सुनिन्छ । शरीरभित्र साङ्गो ठाउँमा देखिनाले "स्वप्न दृश्य झूठा हुन्" इत्यादि कारणहरूले झूठो भएको कुरा सिद्ध हुने र त्यसैको अनुवाद गर्ने स्वप्नमा आत्माको प्रकाशत्व बताउने उक्त श्रुतिहरूबाट ब्रह्मवेत्ता पुरुषहरूले पूर्वोक्त मिथ्यात्वलाई स्पष्ट गरेका छन् ॥३॥

कारिका

अन्तःस्थानात्तु भेदानां तस्माज्जागरिते स्मृतम् ।
यथा तत्र तथा स्वप्ने संवृतत्त्वेन भिद्यते ॥४॥

इनै कारणले जाग्दा देखिने सब वस्तु यी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूठा सिद्ध हुने हुन्छन् स्वप्नका झैं दुवै थरी ॥
देखिने हेतु यौटै छ खाली फरक एक छ ।
स्वप्नमा देखिने वस्तु देहभित्रै अटाउँछ ॥४॥

भाष्य

जाग्रद्दृश्यानां भावानां वैततथ्यमिति प्रतिज्ञा । दृश्यत्वादिति हेतुः । स्वप्नदृश्यभाववदिति दृष्टान्तः । यथा तत्र स्वप्ने दृश्यानां भावानां वैतथ्यं तथा जागरितेऽपि दृश्यत्वमविशिष्टमिति हेतूपनयः । तस्माज्जागरितेऽपि वैतथ्यं स्मृतमिति निगमनम् । अन्तस्थानात्संवृतत्वेन च स्वप्नदृश्यानां भावानां जाग्रद्दृश्येभ्यो भेदः । दृश्यत्वमसत्यत्वं चाविशिष्टमुभयत्र ॥४॥

अर्थ– 'जाग्रत् अवस्थामा देखिने वस्तुहरू पनि भूठा हुन्' यस्तो प्रतिज्ञा गरिन्छ, किनभने स्वप्न दृश्यजस्तै जाग्रत् दृश्य पनि देखिने कारणले गर्दा भूठो हो । यहाँ स्वप्न र जाग्रत पदार्थहरूको मिथ्यात्वमा दृश्यत्व कारणको उपनय पनि हुन्छ । त्यसैले जागा अवस्थामा देखिने पनि पदार्थहरूको मिथ्यात्व सम्झियो भन्ने निगमन हुन्छ । शरीरभित्र रहने र त्यहाँ साङ्ग्रो ठाउँ हुँदा अटाउन नसक्ने भन्ने कुरा स्वप्नदृश्य र जाग्रत् दृश्यमा भेद छ । दृश्यत्व र मिथ्यात्व त दुवै अवस्थाका पदार्थमा बराबरी छ ॥४॥

कारिका

स्वप्नजागरिते स्थाने ह्येकमाहुर्मनीषिणः ।
भेदानां हि समत्वेन प्रसिद्धेनैव हेतुना ॥५॥

जाग्ने सुत्ने दुवै ठाउँ ज्ञानी एकै बताउँछन् ।
भेद हेतु प्रसिद्धै छ दुवैमा भनि मान्दछन् ॥५॥

भाष्य

प्रसिद्धेनैव भेदानां ग्राह्यग्राहकत्वेन हेतुना समत्वेन स्वप्नजागरितस्थानयोरेकत्वमाहुर्विवेकिन इति पूर्वप्रमाणसिद्धस्यैव फलम् ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– जसरी सपनाका पदार्थहरूमा ग्राह्यग्राहक भाव छ त्यस्तै जाग्रत्का पदार्थमा पनि त्यही भाव छ। यो ग्राह्यग्राहक भावरूप प्रसिद्ध हेतु बराबर भएकाले पनि स्वप्न र जाग्रत्का अवस्थाहरूलाई विवेकी पुरुषले एउटै बताएका छन्। यसरी पूर्व प्रमाणबाट सिद्ध भएको दृश्यत्व हेतुको मिथ्यात्व फल यहाँ बताइएको छ ॥५॥

कारिका

आदावन्ते च यन्नास्ति वर्तमाने ऽपि तत्तथा।
वितथैः सदृशाः सन्तो ऽवितथा इव लक्षिताः ॥६॥

आदिमा अन्त्यमा छैन जो वस्तु वर्तमानमा।
पनि हुन्न भनी जान्नु सत्य त्यो मूर्खदृष्टिमा ॥६॥

भाष्य

इतश्च वैतथ्यं जाग्रद्दृश्यानां भेदानामाद्यन्तयोरभावाद्यदादावन्ते च नास्ति वस्तु मृगतृष्णिकादि तन्मध्येऽपि नास्तीति निश्चितं लोके। तथेमे जाग्रद्दृश्या भेदाः। आद्यन्तयोरभावाद्वितथैरेव मृगतृष्णिकादिभिः सदृशत्वाद्वितथा एव तथाऽप्यवितथा इव लक्षिता मूढैरनात्मविद्भिः ॥६॥

अर्थ– आदि र अन्तमा जुन वस्तु हुन्न त्यो वस्तु देखिए पनि 'मृगतृष्णिका' जस्तै वर्तमानमा पनि असत्य हुन्छ भन्ने कुरा संसारमा निश्चय छ। ठीक त्यस्तै जाग्रत् दृश्य पदार्थ पनि भूठा हुन् किनभने इनको पनि आदि र अन्तमा मृगतृष्णिका जस्तै अभाव छ। मृगतृष्णिका आदि असद् वस्तु समान वर्तमानमा देखिए पनि वास्तवमा मिथ्या छन्, तर अनात्म मूर्ख पुरुषले सत्यजस्तै सम्झेका छन् ॥६॥

कारिका

सप्रयोजनता तेषां स्वप्ने विप्रतिपद्यते।
तस्मादाद्यन्तवत्वेन मिथ्यैव खलु ते स्मृताः ॥७॥

जागदा भोगिने वस्तु स्वप्नमा उल्टिने हुँदा।
आद्यन्त हेतुले गर्दा भूठा ती छन् दुवै सदा ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

स्वप्नदृश्यवज्जागरितदृश्यानामप्यसत्वमिति यदुक्तं तदयुक्तम् । यस्माज्जाग्रत्दृश्या अन्नपानवाहनादयः क्षुत्पिपासादिनिवृत्तिं कुर्वन्तो गमनागमनादिकार्यं च सप्रयोजना दृष्टा । न तु स्वप्नदृश्यानां तदस्ति । तस्मात्स्वप्नदृश्यवज्जाग्रद्दृश्यानामसत्वं मनोरथमात्रमिति । तन्न । कस्मात् । यस्मात्सप्रयोजनता दृष्टा याऽन्नपानादीनां सा स्वप्ने विप्रतिपद्यते । जागरिते हि भुक्त्वा पीत्वा च तृप्तो विनिवर्तिततृट्सुप्तमात्र एव क्षुत्पिपासाद्यार्तमहोरात्रोषितमभुक्तवन्तमात्मानं मन्यते । यथा स्वप्ने भुक्त्वा पीत्वा चातृप्तोत्थितस्तथा । तस्माज्जाग्रद्दृश्यानां स्वप्ने विप्रतिपत्तिर्दृष्टा । अतो मन्यामहे तेषामप्यसत्वं स्वप्नदृश्यवदनाशङ्कनीयमिति । तस्मादाद्यन्तवत्वमुभयत्र समानमिति मिथ्यैव खलु ते स्मृताः ॥७॥

अर्थ– स्वप्नदृश्य झैं जाग्रत् दृश्य पनि असत्य छन् भनिएको कुरामा तर्क हुन सक्दछ कि जाग्रत्मा देखिने अन्नपानले भोक मेटिने तथा वाहनले आवागमन कार्य सम्पन्न गर्ने हुँदा प्रयोजन पूर्ण गर्दछन् । त्यसैले स्वप्नदृश्यझैं जाग्रत्दृश्य मिथ्या भन्नु उचित हुँदैन भन्ने कुरा ठीक छैन । किनभने जाग्रत्मा टन्न खाएर सुतेको व्यक्ति सपनामा तत्क्षण आफूलाई भोक प्यासले अत्यन्त दुःखी र दिनरात नखाई बसेको मान्दछ । त्यस्तै सपनामा खानपिन गरी तृप्त भै जाग्दा तत्क्षण आफू भोकै रहेको अनुभव गर्दछ । सपनामा जाग्रत्को उल्टो भाव भएको पाइन्छ । यसैले सपनाको जस्तै जाग्रत्का वस्तु पनि मिथ्या मानिएको छ । यसमा शंका गर्नु पर्दैन । आदि र अन्तमा नहुने कारण समान भएकाले जाग्रत् दृश्य र स्वप्नदृश्य दुवै झूठो मानिन्छ ॥७॥

कारिका

अपूर्वं स्थानिधर्मो हि यथा स्वर्गनिवासिनाम् ।
तानयं प्रेक्षते गत्वा यथैवेह सुशिक्षितः ॥८॥

अचम्म छ स्वप्नदृश्य स्वर्गको कल्पना जगत् ।
यहाँ जस्तो चिताएथ्यो देख्छ त्यस्तै असत्य हो ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

स्वप्न जाग्रद्भेदयोः समत्वाज्जाग्रद्भेदानामसत्वमिति यदुक्तं तदसत्। कस्मात्। दृष्टान्तस्यासिद्धत्वात्। कथम्। नहि जाग्रद्दृष्टा एवैते भेदाः स्वप्ने दृश्यन्ते। किं तर्हि। अपूर्वं स्वप्ने पश्यति चतुर्दन्तं गजमारूढमष्टभुजमात्मानं मन्यते। अन्यदप्येवं प्रकारमपूर्वं पश्यति स्वप्ने। तन्नान्येनासता सममिति सदेव। अतो दृष्टान्तोऽसिद्धः। तस्मात्स्वप्नवज्जागरितस्यासत्वमित्ययुक्तम्। तन्न। स्वप्ने दृष्टमपूर्वं यन्मन्यसे न तत्स्वतः सिद्धम्। किं तर्हि। अपूर्वस्थानिधर्मो हि स्थानिनो द्रष्टुरेव हि स्वप्नस्थानवतो धर्मः। यथा स्वर्गनिवासिनामिन्द्रादीनां सहस्राक्षत्वादि तथा स्वप्नदृशोऽपूर्वोऽयं धर्मः। न स्वतः सिद्धो द्रष्टुः स्वरूपवत्। तानेवंप्रकारानपूर्वान्स्वचित्तविकल्पानयं स्थानी स्वप्नदृक्स्वप्नस्थानं गत्वा प्रेक्षते। यथैवेह लोके सुशिक्षितो देशान्तरमार्गस्तेन मार्गेण देशान्तरं गत्वा तान्पदार्थान् पश्यति तद्वत्। तस्माद्यथा स्थानिधर्माणां रज्जुसर्पमृगतृष्णिकादीनामसत्वं तथा स्वप्नदृश्यानामपूर्वाणां स्थानिधर्मत्वमेवेत्यसत्वमतो न स्वप्नदृष्टान्तस्यासिद्धत्वम् ॥८॥

अर्थ– जाग्रत्मा देखिएका वस्तु नै सपनामा देखिन्छन् भन्ने कुरा सत्य होइन। स्वप्नमा जाग्रत्मा कहिल्यै नदेखिएका अपूर्व वस्तु जस्तै हजार आँखा भएका इन्द्र, चार दाँत भएको हात्ती, सपनामा देखिने हुँदा ती वस्तुलाई माथि सातौं श्लोकमा दिएको दृष्टान्तका आधारमा भूठो भन्न मिल्दैन। यो तर्क उचित छैन। क़िनभने जसरी यस्तो प्रकारको पहिले नभएको शास्त्रमा पढेको आधारमा चित्तमा कल्पना गरेर चार दाँत भएको हात्तीमा हजार आँखा भएका इन्द्र चढेको दृश्य स्वप्नद्रष्टा स्वप्नस्थानमा गएर हेर्दछ, त्यसरी जाग्रतमा शिक्षित व्यक्ति वताइएको बाटोबाट हिंडेर तोकिएको ठाउँमा गै देशान्तरका दृश्य हेर्दछ। जसरी डोरी सर्प, मृगतृष्णिका आदि स्थानी धर्मका भएकाले असत्य छन् त्यसरी नै अपूर्व स्वप्नदृश्य पनि स्थानीका नै धर्म हुन्। त्यसैले यी पनि भूठा हुन्। त्यसैले स्वप्नदृष्टान्त मिलेन भन्ने आशंका सर्वथा असंगत छ ॥८॥

कारिका

स्वप्नवृत्तावपि त्वन्तश्चेतसा कल्पितं त्वसत्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहिश्चेतो गृहीतं सद्दृष्टं वैतथ्यमेतयोः ॥९॥

स्वप्नमा चित्तले भित्र चिताएको असत् तर ।
भोगेको सत्यझैं लाग्छ मिथ्या यी हुन् दुवै तर ॥९॥

भाष्य

अपूर्वत्वाशङ्कां निराकृत्य स्वप्नदृष्टान्तस्य पुनः स्वप्नतुल्यतां जाग्रद्भेदानां प्रपञ्चयन्नाह– स्वप्नवृत्तावपि स्वप्नस्थाने ऽप्यन्तश्चेतसा मनोरथसंकल्पितमसत् । संकल्पानन्तरं स्वप्नसमकालमेवादर्शनात्तत्रैव स्वप्ने बहिश्चेतसा गृहीतं चक्षुरादिद्वारेणेपलब्धं घटादि सदित्येवमसत्वमिति निश्चितेऽपि सदसद्विभागो दृष्टः । उभयोरप्यन्तर्वहिश्चेतः कल्पितयोर्वैतथ्येव दृष्टम् ॥९॥

अर्थ– स्वप्नदृष्टान्तमा अपूर्वत्वको आशंका उपरोक्त प्रकारले हटाएर फेरि जाग्रत्का पदार्थहरूमा स्वप्नदृश्यको समानताबारे अरु बताइन्छ । सपनामा पनि स्वप्नद्रष्टाले चित्तमा कल्पना गरेको पदार्थ असत्य र त्यसै बेला बिलाउने हुन्छ त्यसै गरी चित्तको बाहिरी आँखाले देखिने वस्तु घैंटो आदि सत्य मानिन्छ तर जाग्रतको आँखाले हेर्दा ती दुवै असत्य छन् । यी दुवै कुरा सपनामा चित्तले कल्पना गरेका पदार्थ र बाहिर आँखाले देखेको भनेका घटपट आदि पदार्थ दुवै कल्पित वस्तु हुँदा मिथ्या छन् ॥९॥

कारिका

जाग्रद्वृत्तावपि त्वन्तश्चेतसा कल्पितं त्वसत् ।
बहिश्चेतो गृहीतं सद्युक्तं वैतथ्यमेतयोः ॥१०॥

जाग्दा चिताएको झूठो भोगेको सत्य लाग्दछ ।
तर निचोडमा हेर्दा दुवै मिथ्या प्रमाणित ॥१०॥

भाष्य

सदसतोर्वैतथ्यं युक्तम् । अन्तर्बहिश्चेतकल्पितत्वाविशेषादिति । व्याख्यातमन्यत् ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– जाग्रत्‌मा पनि मनले कल्पना गरेका मनोराज्य आदि वस्तु असत्य र बाहिरी आँखाले देखिने वस्तु सत्य सम्झिन्छ । दुवै दृश्य मनका कल्पना हुँदा समान भएकाले निःसन्देह झूठा हुन्। बाँकी अरू पदहरूको व्याख्या भैसकेको छ ॥१०॥

कारिका

उभयोरपि वैतथ्यं भेदानां स्थानयोर्यदि ।
क एतान्बुध्यते भेदान्को वै तेषां विकल्पकः ॥११॥

दुवै अवस्थाका वस्तु यदि झूठा भए भने ।
कस्ले यो भेद जानेर इन्को गर्छ विवेचना ॥११॥

भाष्य

चोदकश्चाऽऽह– स्वप्नजाग्रत्स्थानयोर्भेदानां यदि वैतथ्यं क एतानन्तर्वहिश्चेतोकल्पितान्वुध्यते । को वै तेषां विकल्पकः । स्मृतिज्ञानयोः क आलम्बनमित्यभिप्रायः । नचेन्निरात्मवाद इष्टः ॥११॥

अर्थ– यदि स्वप्न र जाग्रत् दुवै अवस्थाका पदार्थमा मिथ्यात्व छ भने कसले चित्तको भित्र र बाहिर कल्पना गरिएका पदार्थलाई जान्दछ ? त्यो कल्पना गर्ने को हो ? स्मृति रूप स्वप्न र अनुभव रूप जाग्रत् यी दुवैको आलम्बन को हो ? आलम्बन कोही नभए निरात्मवाद आउला ॥११॥

कारिका

कल्पयत्यात्मना ऽऽत्मानमात्मा देवः स्वमायया ।
स एव वुध्यते भेदानिति वेदान्तनिश्चयः ॥१२॥

परमात्मा स्वमायाले आफैंले आफूलाई ऊ ।
विभिन्न रुपमा गर्छ कल्पना त्यो ऊ जान्दछ ॥
यस्तो सबै शास्त्र जाँची गर्छ वेदान्त निश्चय ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

स्वयं स्वमायया स्वमात्मानमात्मा देव आत्मन्येव वक्ष्यमाणं भेदाकारं कल्पयति रज्ज्वादाविव सर्पादीन्। स्वयमेव च तान्बुध्यते भेदांस्तद्वदेवेत्येवं वेदान्तनिश्चयः। नान्योऽस्ति ज्ञानस्मृत्याश्रयः न च निरास्पदे एव ज्ञानस्मृती वैनाशिकानानिवेत्यभिप्रायः ॥१२॥

अर्थ– स्वयं प्रकाश आत्मदेव आफ्नो मायाले आफू आफैंमा नै अगाडि बताइने प्रकारले भेदभावको कल्पना त्यसै गरी गर्छन् जसरी डोरीमा सर्पको कल्पना हुन्छ। तर डोरीमा कल्पना गरिने सर्पको द्रष्टा आधारबाट भिन्न पुरुष हुन्छ तर यहाँ त स्वयं आफूमा कल्पित स्वप्नदृश्य हेर्ने व्यक्ति स्वयं स्वप्नद्रष्टा नै हुन्छ। ऊ नै यी कल्पित पदार्थहरूलाई हेर्दछ। यस्तो वेदान्तशास्त्रको निश्चय छ। यसरी जाग्रत् र स्वप्नको आश्रय फरक-फरक छैन भन्ने जानेपछि बुद्धमत मान्नेहरूको जस्तो ज्ञान र स्मृति निराधार नहुने भएकाले हाम्रो सिद्धान्तमा नैरात्म्यवाद आउन सक्दैन ॥१२॥

कारिका

विकरोत्यपरान्भावानन्तश्चित्ते व्यवस्थितान्।
नियतांश्च बहिश्चित्त एवं कल्पयते प्रभुः ॥१३॥

चित्तमा वासनारूपी रहेका सब वस्तुको।
अनेक कल्पना गर्छ भिन्नभिन्नै भने यहाँ ॥
देखिने बाहिरी वस्तु बाहिरी चित्तमा पनि।
चिताउने गर्छ आत्मा यौटै त्यो प्रभु ईश हो ॥१३॥

भाष्य

संकल्पयन्केन प्रकारेण कल्पयतीत्युच्यते। विकरोति नाना करोत्यपराँल्लौकिकान्भावान्पदार्थाञ्शब्दादीनन्यांश्चान्तश्चित्ते वासनारूपेण व्यवस्थितानव्याकृतान्नियतांश्च पृथ्व्यादीननियतांश्च कल्पनाकालान्बहिश्चित्तः संस्तथाऽन्तश्चित्तो मनोरथादिलक्षणानित्येवं कल्पयति। प्रभुरीश्वर आत्मेत्यर्थः ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– द्रष्टा आत्माले चित्तमा वासनारूपले रहेका लौकिक शब्दादि पदार्थ र पृथ्वी आदि नियत पदार्थहरूलाई बहिर्मुख भएर नानारूपमा विकृत पहिचान गर्दछ अनि अन्र्तमुख भएर कल्पनाकालमा नै थाहा हुने पदार्थहरूको कल्पना गर्दछ । यसरी समर्थ ईश्वररूप आत्माले भित्र बाहिरका सबै पदार्थको कल्पना गर्छ ॥१३॥

कारिका

चित्तकाला हि येऽन्तस्तु द्वयकालाश्च ये बहिः ।
कल्पिता एव ते सर्वे विशेषो नान्यहेतुकः ॥१४॥

मनभित्र चिताएका वस्तु बाहिर देखिने ।
दुवै ती कल्पना नै हुन् छैन भेद त्यहाँ कुनै ॥१४॥

भाष्य

स्वप्नवच्चित्तपरिकल्पितं सर्वमित्येतदाशङ्क्यते । यस्माच्चित्तपरिकल्पितैर्मनोरथादिलक्षणैश्चित्तपरिच्छेद्यैर्वैलक्षण्यं बाह्यानामन्योन्यपरिच्छेद्यत्वमिति सा न युक्ताऽऽशङ्का । चित्तकाला हि येऽन्तस्तु चित्तपरिच्छेद्याः । नान्यश्चित्तकालव्यतिरेकेण परिच्छेदकः कालो येषां ते चित्तकालाः । कल्पनाकाल एवोपलभ्यन्त इत्यर्थः । द्वयकालश्च भेदकाला अन्योन्यपरिच्छेद्याः । यथाऽऽगोदोहनमास्ते यावदास्ते तावद्गां दोग्धि यावद्गां दोग्धि तावदास्ते । तावानयमेतावान्स इति परस्पर–परिच्छेद्यपरिच्छेदकत्वं बाह्यानां भेदानां ते द्वयकालाः । अन्तश्चित्तकाला बाह्याश्च द्वयकालाः कल्पिता एव ते सर्वे न बाह्यो द्वयकालत्वविशेषः कल्पितत्वव्यतिरेकेणान्यहेतुकः । अत्रापि हि स्वप्नदृष्टान्तो भवत्येव ॥१४॥

अर्थ– चित्तले कल्पना गरिने मनोराज्यको तुलनामा वाहिरी पदार्थजस्तै जाग्रत्मा अगाडि देखिने पदार्थलाई यो घट हो भनेर छुट्याउन सकिने हुँदा फरक छ । त्यसैले स्वप्नदृश्यजस्तो यस जाग्रत् दृश्यलाई मिथ्या भन्नु ठीक छैन भन्ने आशंकामा भनिन्छ– यस्तो आशंका गर्नु ठीक छैन । किनभने जुन आन्तरिक वस्तु चित्तवाट जान्न योग्य छन् तिनलाई चित्तकाल भनिन्छ र वाह्यपदार्थ त दुई काल भएका छन् । जस्तै गाग्रोलाई हानी हेर्दा पनि देख्छौं र आँखा चिम्म गर्दा पनि चित्तले देख्दछौं त्यसैले इनलाई अन्योन्य परिच्छेदक भनिन्छ । जसरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाई दुहिने बेलासम्म बस्दछ भन्दा जबसम्म गाई दुहिन्छ तबसम्म बस्छ र जबसम्म बस्छ तबसम्म गाई दुहिन्छ भन्दा गाई दुहिने र उसको रहने कुरा अन्योन्य परिच्छेदक भए । त्यसरी नै जाग्रत्‌का दृश्य पर र अपर दुवै कालमा परिच्छिन्न छन् । यसैले बाहिरी वस्तुहरूमा परस्पर परिच्छेद्य परिच्छेदकभाव सम्बन्ध छ । त्यसैले यी २ कालव्यापी भएका छन् । यसको विपरीत भित्री पदार्थ चित्तकालमा मात्र रहन्छन् । यसो भए तापनि चित्तकाल भएका भित्री पदार्थ र दुई काल भएका बाहिरी पदार्थ सबै कल्पित नै हुन् । बाहिरी पदार्थ दुई कालको विशेषता भए पनि कल्पना शिवाय अरू केही होइन । स्वप्नमा पनि बाह्य र आन्तरिक पदार्थ हुन्छन् । मनका पदार्थ र देखिने पदार्थ दुवै कल्पना भएजस्तै जाग्रत्‌का पदार्थको दुई कालको विशेषता पनि कल्पना नै हो । त्यसैले दुवै थरी पदार्थ मिथ्या छन् ॥१४॥

कारिका

अव्यक्ता एव येऽन्तस्तु स्फुटा एव च ये वहिः ।
कल्पिता एव ते सर्वे विशेषस्त्विन्द्रियान्तरे ॥१५॥

स्वप्नदृश्यादि अव्यक्त भित्रिया जति वस्तु छन् ।
आँखाले देखिने स्पष्ट बाहिर जति दृश्य छन् ॥
सबै ती कल्पना नै हुन् खालि इन्द्रिय भेद छ ।
पहिलो मनले देख्छ दोस्रो देख्दछ नेत्रले ॥१५॥

भाष्य

यदप्यन्तरव्यक्तत्वं भावानां मनोवासनामात्राभिव्यक्तानां स्फुटत्वं वा वहिश्चक्षुरादीन्द्रियान्तरग्राह्याणां विशेषो नासौ भेदानामस्तित्वकृतः स्वप्नेऽपि तथा दर्शनात् । किं तर्हीन्द्रियान्तरकृत एव । अतः कल्पिता एव जाग्रद्भावा अपि स्वप्नभाववदिति सिद्धम् ॥१५॥

अर्थ– भित्री र बाहिरी पदार्थको भेदको कारण त इन्द्रियहरू हुन् । मनको वासनामात्रबाट प्रकट हुने पदार्थहरू जो अन्तस्करणमा लुकेर रहेका थिए ती र बाहिर आँखा आदि इन्द्रियबाट अनुभव गरिने घटपट आदि पदार्थहरूमा जुन प्रकट रूप छ, इनको यो भेद पदार्थको अस्तित्वको कारणले नभई इन्द्रियको कारणले हो । आन्तरिक पदार्थ चित्तले जान्यो र बाह्य पदार्थ आँखा आदि इन्द्रियले जान्यो, तर कल्पितत्व त समान छ । त्यसैले दुवै थरी पदार्थ कल्पित भएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिथ्या हुन् भन्ने सिद्ध हुन्छ ॥१५॥

कारिका

जीवं कल्पयते पूर्वं ततो भावान्पृथग्विधान् ।
बाह्यानाध्यात्मिकांश्चैव यथाविद्यस्तथास्मृतिः ॥१६॥

प्रभुले शुद्ध आत्मामा जीवको कल्पना गरी ।
भित्र-बाहिरका बाँकी पदार्थ सृष्टि गर्नु भो ॥
त्यही जीव काम गर्दा जस्तो ज्ञान बटुल्दछ ।
व्यवहार त्यसै गर्छ विद्याले स्मृति बन्दछ ॥१६॥

भाष्य

बाह्याध्यात्मिकानां भावानामितरेतरनिमित्तनैमित्तिकतया कल्पनायां किं मूलमिति । उच्यते । जीवं हेतुफलात्मकम्। अहंकरोमि ममसुखदुःखे इत्येवंलक्षणम् । अनेवंलक्षण एव शुद्ध आत्मनि रज्ज्वामिव सर्प कल्पयते पूर्वम् । ततस्तादर्थ्येन क्रियाकारकफलभेदेन प्राणादीन्नानाविधान्भावान्बाह्यानाध्यात्मिकांश्चैव कल्पयते । तत्र कल्पनायां को हेतुरित्युच्यते । यो ऽसौ स्वयं कल्पितो जीवः सर्वकल्पनायामधिकृतः स यथाविद्यो यादृशी विद्या विज्ञानमस्येति यथाविद्यस्तथाविधैव स्मृतिस्तस्येति तथास्मृतिर्भवति स इति । अतो हेतुकल्पनाविज्ञानात्फलविज्ञानं ततो हेतुफलस्मृतिस्ततस्तद्विज्ञानं तदर्थक्रियाकारकतत्फलभेदविज्ञानानि । तेभ्यस्तत्स्मृतिस्तत्स्मृतेश्च पुनस्तद्विज्ञानानीत्येवं बाह्यानाध्यात्मिकांश्चेतरेतरनिमित्तनैमित्तिकभावेनानेकधा कल्पयते ॥१६॥

अर्थ– म कर्ता हुँ, मलाई सुखदुःख हुन्छ, यस्तो कर्तृत्वरूप हेतु र सुखदुःखरूप फलले वेरिएको जीवको शुद्ध आत्मामा डोरीमा सर्पको कल्पना भएसरि कल्पना प्रभुद्वारा हुन्छ । फेरि त्यसको लागि क्रियाकारक र फलरूप प्राण आदि नाना किसिमका बाहिरी र भित्री पदार्थहरूको उनी कल्पना गर्छन् । सम्पूर्ण कल्पनाको अधिकारी त्यो जीव नै हो जो स्वयं कल्पित छ । त्यो जस्तो चिताउँछ जस्तो जान्दछ, त्यस्तै उसको सम्झना शक्ति हुन्छ । भोजन गर्दा तृप्ति भएको हुँदा अर्को दिन भोजन हेतु र तृप्ति फलको सम्झना हुन्छ र खाना पकाउने क्रिया आदिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान हुन्छ। यसबाट फेरि इनै वस्तुहरूको सम्भना भइरहन्छ र यसबाट कारण विज्ञान उत्पन्न हुन्छ। यसरी जीव बाहिरी र भित्री पदार्थहरूको निमित्त र नैमित्तिक भावले अनेकविध कल्पना गर्दै रहन्छ ॥१६॥

कारिका

अनिश्चिता यथा रज्जुरन्धकारे विकल्पिता।
सर्पधारादिभिर्भावैस्तद्वदात्मा विकल्पितः ॥१७॥

अँध्यारोमा भान पर्छ डोरी नै सर्प दण्डभैं।
जस्तो अज्ञात आत्मा यो देख्छौं प्राणादि रूपले ॥१७॥

भाष्य

तत्र जीवकल्पना सर्वकल्पनामूलमित्युक्तं सैव जीवकल्पना किंनिमित्तेति दृष्टान्तेन प्रतिपादयति— यथा लोकेस्वेन रूपेणानिश्चिताऽनवधारितैवमेवेति रज्जुर्मन्दान्धकारे किं सर्प उदकधारा दण्ड इति वा ऽनेकधा विकल्पिता भवति पूर्वं स्वरूपानिश्चयनिमित्तम्। यदि हि पूर्वमेव रज्जुः स्वरूपेण निश्चिता स्यात्। न सर्पादिविकल्पो ऽभविष्यत्। यथा स्वहस्ताङ्गुल्यादिषु। एष दृष्टान्तः। तद्वद्धेतुफलादिसंसारधर्मानर्थविलक्षणतया स्वेन विशुद्धविज्ञप्तिमात्र-सत्ताऽद्वयरूपेणानिश्चितत्वाज्जीवप्राणाद्यनन्तभावभेदैरात्मा विकल्पित इत्येषः सर्वोपनिषदां सिद्धान्तः ॥१७॥

अर्थ– सम्पूर्ण कल्पनाको मूल कारण जीवकल्पना हो भने जीव कल्पनाको कारण के हो त भन्ने तर्कको उत्तर दिदै भनिन्छ– जसरी मिमिरे अँध्यारोमा डोरीलाई डोरी हो भन्ने नचिनेर सर्प, जलधारा, लौरो आदि हो कि भन्ने कल्पना हुन्छ, तर यदि पहिले नै डोरीको स्वरूप स्पष्ट ज्ञान भए यस्तो कल्पना हुने थिएन। जसरी आफ्नो हातको औंलामा कहिल्यै अनिश्चय हुन्न त्यस्तै ब्रह्मस्वरूपको निश्चय नभएकाले जीव र प्राण आदि पदार्थहरूको कल्पना हुन लाग्दछ। यसरी अधिष्ठान तत्त्वको यथार्थ ज्ञान हुन नसक्नाले विभिन्न सृष्टितत्त्वको कल्पना हुनमा कारण देखिन्छ भन्ने मूल तात्पर्य हो ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

निश्चितायां यथा रज्वां विकल्पो विनिवर्तते ।
रज्जुरेवेति चाद्वैतं तद्वदात्मविनिश्चयः ॥१८॥

डोरी चिनेपछि जस्तो सर्प त्याहाँ हराउँछ ।
चिने अद्वैत आत्मा यो विश्वभ्रम हराउँछ ॥१८॥

भाष्य

रज्जुरेवेति निश्चये सर्वविकल्पनिवृत्तौ रज्जुरेवेति चाद्वैतं यथा तथा "नेति नेति" इति सर्वसंसारधर्मशून्यप्रतिपादक-शास्त्रजनितविज्ञानसूर्यालोककृतात्मविनिश्चयः "आत्मैवेदं सर्वम्" "अपूर्वो ऽनपरो ऽनन्तरो ऽवाह्य" "सवाह्याभ्यन्तरो ह्यजः" "अजरो ऽमरो ऽमृतो ऽभय एव एवाद्वय" इति ॥१८॥

अर्थ– यो डोरी नै हो भन्ने निश्चिचय भएपछि जसरी सर्पादि विकल्प हराउँछ त्यस्तै सम्पूर्ण विश्व अद्वितीय आत्मा नै हो यस्तो निश्चय भएपछि "यो हैन यो हैन" भन्ने श्रुतिवाक्यबाट सम्पूर्ण संसार भ्रमशून्य तथा ज्ञानरूप सूर्यको प्रकाशले आत्माको निश्चय हुन्छ । अनि "यो सब आत्मा नै हो" "यो कार्यकारणले रहित बाहिरी र भित्री भावले शून्य छ" "बाहिर र भित्र सबै दृष्टिले अजन्मा आत्मा नै त छ" उ जरारहित, मृत्युरहित, अमृत र अभयरूप छ" "उ एक अद्वैत नै हो" इत्यादि श्रुतिवाक्यहरूबाट अधिष्ठान तत्त्वको ज्ञान हुन्छ । यो ज्ञानले नै सबै अज्ञान र भ्रान्ति हराउँछ ॥१८॥

कारिका

प्राणादिभिरनन्तैश्च भावैरेतैर्विकल्पितः ।
मायैषा तस्य देवस्य यया संमोहितः स्वयम् ॥१९॥

प्राण आदि धेर वस्तु सृष्टिमा जति देख्दछौ ।
सबै हो प्रभुको माया त्यसैमा आफू लट्ठ भैं ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

यद्यात्मैक एवेति निश्चयः कथं प्राणादिभिरनन्तैर्भावैरेतैः संसारलक्षणैर्विकल्पित इति । उच्यते । श्रृणु मायैषा तस्याऽऽत्मनो देवस्य । यथा मायाविना विहिता माया गगनमतिविमलं कुसुमितैः सफलपलाशैस्तरुभिराकीर्णमिव करोति तथेयमपि देवस्य माया यथाऽयं स्वयमपि मोहित इव मोहितो भवति । "मम माया दुरत्यया" इत्युक्तम् ॥१९॥

अर्थ– "आत्मा एक नै छ" यो कुरा यदि पक्का हो भने यी प्रणादि संसाररूप अनेक कुराहरूले विकल्प किन हुन्छ त ? यस्तो स्थितिमा त केवल एक अद्वितीय आत्माको मात्र भाव हुनुपर्थ्यो भन्ने तर्कको उत्तरमा भनिन्छ– त्यो आत्मदेवको मायाले स्वयं आत्मदेव नै मोहित भएझैं देखिन्छन् र यो माया बुझिनसक्नु छ । गीतामा श्रीकृष्णले पनि "मेरो माया बुझिनसक्नु छ" भन्नुभएको छ ॥१९॥

कारिका

प्राण इति प्राणविदो भूतानीति च तद्विदः ।
गुणा इति गुणविदस्तत्वानीति च तद्विदः ॥२०॥

सृष्टिको हेतु के भन्दा प्राणविद् प्राण भन्दछन् ।
चार्वाकले भोग भन्छन् सांख्यिक गुण मान्दछन् ॥
तत्त्वविद् तत्त्व नै सारा सृष्टिको जड ठान्दछन् ॥२०॥

पादा इति पादविदो विषया इति तद्विदः ।
लोका इति लोकविदो देवा इति च तद्विदः ॥२१॥

पाउ जान्ने पाउ भन्छन् विषय विषयज्ञले ।
पौराणिक लोक भन्छन् देवोपासक देव नै ॥२१॥

वेदा इति वेदविदो यज्ञा इति च तद्विदः ।
भोक्तेति च भोक्तृविदो भोज्यमिति च तद्विद : ॥२२॥

वेदविद् वेद हो भन्छन् याज्ञिक यज्ञ ठान्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा भोक्ता भनी मान्ने भोक्तात्मवादी छन् भने
भोज्यवादी भोज्यलाई परमतत्त्व ठान्दछन् ॥२२॥

सूक्ष्म इति सूक्ष्मविदः स्थूल इति च तद्विदः ।
मूर्त इति मूर्तविदोऽमूर्त इति च तद्विदः ॥२३॥

सूक्ष्मवेत्ता सूक्ष्मलाई स्थूलज्ञहरूले भने ।
स्थूललाई आदितत्त्व सृष्टिको भनी मान्दछन् ।
मूर्ति मान्ने मूर्तिलाई शून्यवित् शून्य मान्दछन् ॥२३॥

काल इति कालविदो दिश इति च तद्विदः ।
वादा इति वादविदो भुवनानीति तद्विदः ॥२४॥

कालविद् काललाई ठान्छन् दिग्विद् देखाउँछन् दिशा।
वाद जान्ने वाद भन्छन् भुवनज्ञ भने यहाँ
चौधै भुवन नै सृष्टि सार हो भनी मान्दछन् ॥२४॥

मन इति मनोविदो बुद्धिरिति च तद्विदः ।
चित्तमिति चित्तविदो धर्माधर्मौ च तद्विदः ॥२५॥

मनविद् मन हो भन्छन् बुद्धिविद् बुद्धि ठान्दछन् ॥
चित्तविद् चित्त ठान्छन् ता मिमांशकहरू भने ॥
धर्माधर्मलाई सारा सृष्टिको हेतु जान्दछन् ॥२५॥

पंचविंशक इत्येके षड्विंश इति चापरे ।
एकत्रिंशक इत्याहुरनन्त इति चापरे ॥२६॥

पच्चीस सृष्टिको तत्त्व सांख्यले ठहराउँछन् ।
त्यसमा ईश थपदै छब्बीस अरू मान्दछन् ॥
अर्को विचारधाराले एक्तीस मान्दछन् भने ॥
परमार्थ वस्तुलाई अनन्त अरू ठान्दछन् ॥२६॥

लोकान् लोकविदः प्राहु राश्रमा इति तद्विदः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीपुंनपुंसकं लैङ्गाः परापरमथापरे ॥२७॥

लोकविद्ले लोकलाई सृष्टिको मूल मान्दछन् ।
आश्रमवादीले फेरि आश्रमै मूल मान्दछन् ॥
लिङ्गवादी लिंगलाई परापर भन्दछन् अरू ॥२७॥

सृष्टिरिति सृष्टिविदो लय इति च तद्विदः ।
स्थितिरिति स्थितिविदः सर्वे चेह तु सर्वदा ॥२८॥

सृष्टिविद् सृष्टिलाई त लयविद् लय मान्दछन् ।
स्थिति जान्ने स्थितिलाई सृष्टिको सत्य ठान्दछन् ॥
थरी-थरीका यसरी आत्मामा हुन्छ कल्पना ॥२८॥

भाष्य

प्राणः प्राज्ञो बीजात्मा तत्कार्यभेदा हीतरे स्थित्यन्ताः । अन्ये च सर्वे लौकिकाः सर्वप्राणिपरिकल्पिता भेदा रज्ज्वामिव सर्पादयः । तच्छून्य आत्मन्यात्मस्वरूपानिश्चयहेतोरविद्यया कल्पिता इति पिण्डीकृतोऽर्थः प्रागादिभ्लोकानाम् । प्रत्येकं पदार्थव्याख्याने फल्गुप्रयोजनत्वाद्यत्नो न कृतः ॥२०॥ २१॥२२॥२३॥२४॥२५॥२६॥२७॥२८॥

अर्थ– 'समष्टि प्राण जगत्को बीज हो' यस्तो विद्वान् भन्दछन् । त्यसैको कार्यभेद सृष्टिका अरु विकल्पहरू हुन् । यी सब मतावलम्बीहरूका सृष्टिबारेका मतमतान्तरहरू त्यस आत्माको स्वरूपको निश्चय नहुनाले त्यस्तो नै भैरहेको छ, जस्तो डोरीको स्वरूप नजान्नाले सर्प आदि विकल्प हुन्छन् । वास्तवमा त ती सबै विकल्पहरूबाट शून्य आत्मस्वरूप छ । त्यस स्वरूपको निश्चय गर्न नसक्नाले नै अविद्याबाट परिकल्पित ती सब मतमतान्तरहरू हुन् । यही माथिका श्लोकहरूको सारभूत अर्थ हो । "प्राण इति प्राण विदः" इत्यादि श्लोकहरूको प्रत्येक पदार्थ अत्यन्त प्रसिद्ध छ। त्यसको व्याख्याको खास प्रयोजन हुन्न । त्यसैले व्याख्याको प्रयत्न गरिएन ॥२०-२८॥

कारिका

यं भावं दर्शयेद्यस्य तं भावं स तु पश्यति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तं चावति स भूत्वाऽसौ तद्ग्रहः समुपैति तम् ॥२९॥

आचार्यले शिष्यलाई जस्तो भाव सिकाउँछन् ।
उसैलाई तत्त्व ठान्छ त्यसैको गर्छ साधना ॥
परमार्थ तत्त्व भन्दै त्यसैले गर्छ पालना ॥२९॥

भाष्य

किं वहुना प्राणादीनामन्यतममुक्तमनुक्तं वा यं भावं पदार्थं दर्शयेद्यस्याऽऽचार्योऽन्योवाऽऽप्त इदमेव तत्वमिति स तं भावमात्मभूतं पश्यत्ययमहमिति वा ममेति वा तं च द्रष्टारं स भावोऽवति यो दर्शितो भावोऽसौ भूत्वा रक्षति । स्वेनाऽऽत्मना सर्वतो निरुणद्धि । तस्मिन्ग्रहस्तद्ग्रहस्तदभिनिवेश इदमेव तत्वमिति । स तं ग्रहीतारमुपैति तस्याऽऽत्मभावं निगच्छतीत्यर्थः ॥२९॥

अर्थ– धैरै कुरा के बताऊँ, गुरु अथवा कुनै विश्वासपात्र उपदेशकले उपरोक्त प्राणादिमध्ये कुनै एक वा अन्य पदार्थलाई 'यो नै परमार्थ तत्त्व हो' भनी बताइदिंदा ऊ अज्ञानी साधक त्यसैमा तन्मय भै लाग्दछ । 'यही म हुँ' भनी बताइदिंदा ऊ अज्ञानी साधक त्यसैमा तन्मय भै लाग्दछ । 'यही म हुँ र यो नै मेरो स्वरूप हो' र गुरुले बताएको भाव वा पदार्थ नै तद्रूप भएर त्यस द्रष्टा साधकको रक्षा गर्छन् । ज्ञानी आफ्नो स्वरूपले सबैतिरबाट त्यस साधकलाई प्रभावित गरेर अरू भावबाट उसको मन हटाएर आफूले बताएको कुरा नै परमार्थिक तत्त्व हो भन्ने कुरा विश्वास पार्दछ । अन्तमा, त्यो भाव पदार्थ पनि साधकलाई प्राप्त हुन्छ । यावत् जीवन तन्मय भै पारमार्थिक रूपले जुन तत्त्वको चिन्तन गर्छ अन्तमा त्यसैको स्वरूपमा प्राप्त हुन्छ ॥२९॥

कारिका

एतैरेषोऽपृथग्भावैः पृथगेवेति लक्षितः ।
एवं यो वेद तत्वेन कल्पयेत्सो ऽविशङ्कितः ॥३०॥

यस्ता यौटै भावबाट भिन्नभैं देखिने तर ।
आत्मालाई चिन्यो जस्ले भयो निःशंक निश्चय ॥३०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

एतैः प्राणादिभिरात्मनोऽपृथग्भावैरपृथग्भूतैरेष आत्मा रज्जुरिव सर्पादिविकल्पनारूपैः पृथगेवेति लक्षितोऽभिलक्षितो निश्चितो मूढैरित्यर्थः। विवेकिनां तु रज्ज्वामिव कल्पिताः सर्पादयो नाऽऽत्मव्यतिरेकेण प्राणादयः सन्तीत्यभिप्रायः। "इदं सर्वं यदयमात्मा" इति श्रुतेः। एवमात्मव्यतिरेकेणासत्वं रज्जुसर्पवदात्मनि कल्पितानामात्मानं च केवलं निर्विकल्पं यो वेद तत्वेन श्रुतितो युक्तितश्च सोऽविशङ्कितो वेदार्थं विभागतः कल्पयेत्कल्पयतीत्यर्थः। इदमेवं पर वाक्यमदोऽन्यपरमिति। न ह्यनध्यात्मविद्वेदार्थतत्वं ज्ञातुं शक्नोति तत्वतः। न ह्यनध्यात्मवित्कश्चित्क्रियाफलमुपाश्नुत इति हि मानवं वचनम् ॥३०॥

अर्थ– सर्प डोरीभन्दा फरक नभए पनि जसरी अज्ञानीबाट फरक देखिन्छ त्यस्तै आत्मा आफूबाट फरक नभएको प्राणादि भावबाट फरकजस्तो अविवेकीलाई लाग्दछ। सम्भन्छन् कि आत्मा पनि पारमार्थिक पदार्थ हो र त्यसबाट उत्पन्न प्राणादि प्रपंच पनि परमार्थिक हुन्। तर विवेकीको दृष्टिमा अधिष्ठानको सत्ताबाट कल्पित वस्तुको सत्ताबाट भिन्न सत्ता हुन्छ भनेर मानिन्न। जसरी डोरीमा कल्पित सर्प डोरीबाट भिन्न हुन्न, त्यस्तै सर्वाधिष्ठान आत्माको सत्ताबाट प्राणादि विकल्प भिन्नै सत्ता भएको मानिन्न। यसैले 'यो सब चीज जे छ आत्मा नै हो" श्रुति पनि भन्दछ। यसरी डोरीमा कल्पित सर्पजस्तै आत्मामा कल्पित पदार्थ आत्माबाट भिन्नरूपमा असत् हुन् र कल्पनाशून्य केवल आत्मा नै सत्य हो। यस आत्मालाई तात्त्विक रूपले श्रुति र युक्तिले जो जान्दछ त्यसले निःशंक भएर यो वाक्य यस अर्थको प्रतिपादक अर्थात् बुझाउने हो र यो वाक्य अर्को अर्थ बुझाउने हो यसरी छुट्टयाएर वेदार्थको कल्पना गर्न सक्छ। अध्यात्मज्ञान नभएको व्यक्तिले वेदलाई तात्त्विक रूपले जान्न सक्दैन। यसैले मनुको वचन छ कि अध्यात्म तत्त्व नजान्ने व्यक्तिले अग्निहोत्र आदिक्रिया रहस्य नबुझ्ने हुनाले क्रियाफल पाउन सक्दैन। किनकि अग्निहोत्र आदि क्रियाको फल सत्वशुद्धिद्वारा तत्त्वज्ञान नै हो। यस्तो निष्कर्ष उसलाई थाहा हुँदैन ॥३०॥

कारिका

स्वप्नमाये यथा दृष्टे गन्धर्वनगरं यथा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा विश्वमिदं दृष्टं वेदान्तेषु विचक्षणैः ॥३१॥

स्वप्नमायासरी विश्व भूठो हो सब यो भनी
वेदान्तजान्नेहरूले जान्दछन् देख्दछन् पनि ॥३१॥

भाष्य

यदेतद्वैतस्यासत्वमुक्तं युक्तितस्तदेतद्वेदान्तप्रमाणाववगतमित्याह । स्वप्नश्च माया च स्वप्नमाये असद्वस्त्वात्मिके असत्यौ सद्वस्त्वात्मिके इव लक्ष्येते अविवेकिभिः । यथा च प्रसारित– पण्यापणगृहप्रासादस्त्रीपुंजनपद-व्यवहाराकीर्णमिव गन्धर्वनगरं दृश्यमानमेव सदकस्मादभावतां गतं दृष्टम् । यथा च स्वप्नमाये दृष्टे असद्रूपे तथा विश्वमिदं द्वैतं समस्तमसद्दृष्टम् । क्वेत्याह । वेदान्तेषु । "नेह नानाऽस्ति किंचन" । "इन्द्रो मायाभिः" । "आत्मैवेदमग्र आसीत्" ।" ब्रह्मैवेदमग्र आसीत्" । "द्वितीयाद्वै भयं भवति । "न तु तद्द्वितीयमस्ति ।" "यत्र त्वस्य सर्वमात्मैवाभूत्" इत्यादिषु । विचक्षणैर्निपुणतरवस्तुदर्शिभिः पण्डितैरित्यर्थः ।

"तमः श्वभ्रनिभं दृष्टं वर्षवुद्वुदसंनिभम् ।
नाशप्रायं सुखाद्धीनं नाशोत्तरमभावगम्" ॥
इति व्यासस्मृतेः ॥३१॥

अर्थ– जुन यो द्वैतको मिथ्यात्व युक्तिपूर्वक बताइयो त्यो केवल वेदान्त प्रमाणले नै जान्न सकिन्छ । स्वप्न र माया जुन असद् वस्तुस्वरूप छन् तिनलाई अविवेकीले सद् वस्तुझैं गरी हेर्दछन् । ती स्वप्नमायाबाट देखाइएको बजार, घर, नगरवासी स्त्री-पुरुषका व्यवहारले भरिपूर्ण नगर हेर्दाहेर्दै बिलाएजस्तो तत्त्वज्ञानीका दृष्टिमा यो संसार पनि बिलाएर जान्छ । स्वप्न र माया असत्य भएजस्तै सम्पूर्ण द्वैत संसार असत्य हो । वेदान्तमा यस्तो देख्ने व्यक्ति तत्त्वज्ञानी मानिन्छ । "यहाँ नाना केही पनि छैन", "इन्द्रले मायाले ....," "सृष्टिभन्दा पहिले यो सम्पूर्ण जगत् माया नै थियो," "उत्पत्तिभन्दा पहिले यो सम्पूर्ण जगत् ब्रह्म नै थियो," "निःसन्देह भेदले भय हुन्छ," "त्यस ब्रह्मबाट भिन्न केही छैन," "यहाँ त त्यस तत्त्वदर्शीको लागि सब आत्मा नै भयो" इत्यादि श्रुतिवाक्यहरूद्वारा तत्त्वदर्शी पण्डितहरूले द्वैतमा मिथ्यात्व देखे । "मन्द अन्धकारमा डोरीमा सर्पादि भ्रान्ति भएजस्तै अज्ञान अन्धकारमा यो जगत् वर्षाको पानीको थोपाजस्तो नाश हुने सुखादिबाट शून्य नाशपछि हराउने तत्त्वदर्शीले मानेका छन्"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने व्याससस्मृतिबाट पनि यही कुरा सिद्ध हुन्छ ॥३१॥

कारिका

न बिरोधो नचोत्पत्तिर्न बद्धो न च साधकः ।
न मुमुक्षुर्न वै मुक्त इत्येषा परमार्थता ॥३२॥

न उत्पत्ति न प्रलय न बद्ध न छ साधक ।
मुमुक्षु छैन न मुक्त यो यौटै परमार्थ हो ॥३२॥

भाष्य

प्रकरणार्थोपसंग्रहार्थोऽयं श्लोकः । यदा वितथं द्वैतमात्मैवेकः परमार्थत संस्तदेदं निष्पन्नं भवति सर्वोऽयं लौकिको वैदिकश्च व्यवहारोऽविद्याविषय एवेति तदा न निरोधः । निरोधनं निरोधः प्रलय उत्पत्तिर्जननं बद्धः संसारी जीवः साधकः साधनवान्मोक्षस्य मुमुक्षुर्मोचनार्थी मुक्तो विमुक्तवन्धः । उत्पत्तिप्रलययोरभावाद्बद्धादयो न सन्तीत्येषा परमार्थता । कथमुत्पत्तिप्रलयोरभाव इत्युच्यते । द्वैतस्यासत्वात् । "यत्र हि द्वैतमिव भवति" । "य इह नानेव पश्यति" । "आत्मैवेदं सर्वम्" । "ब्रह्मैवेदं सर्वम्" । "एकमेवाद्वितीयम्" । "इदं सर्वं यदयमात्मा" इत्यादिनानाश्रुतिभ्यो द्वैतस्यासत्वं सिद्धम् । सतोह्युत्पत्तिः प्रलयो वा स्यान्नासतः शशविषाणादेः । नाप्यद्वैतमुत्पद्यते लीयते वा । अद्वयं चोत्पत्तिप्रलयवच्चेति विप्रतिषिद्धम् । यस्तु पुनर्द्वैतसंव्यहवारः स रज्जुसर्पवदात्मनि प्राणादिलक्षणः कल्पित इत्युक्तम् । न हि मनोविकल्पनाया रज्जुसर्पादिलक्षणाया रज्ज्वां प्रलय उत्पत्तिर्वा । न च मनसि रज्जुसर्पस्योत्पत्तिः प्रलयो वा न चोभयतो वा । तथा मानसत्वाविशेषाद्द्वैतस्य । न हि नियते मनसि सुषुप्ते वा द्वैतं गृह्यते । अतो मनो विकल्पनामात्रं द्वैतमिति सिद्धम् । तस्मात्सूक्तम् द्वैतस्यासत्वान्निरोधाद्यभावः परमार्थतेति ।

यद्येवं द्वैताभावे शास्त्रव्यापारो नाद्वैते विरोधात् । तथा च सत्यद्वैतस्य वस्तुत्वे प्रमाणाभावाच्छून्यवादप्रसङ्गः । द्वैतस्य चाभावान्न रज्जुसर्पादिविकल्पनाया निरास्पदत्वानुपपत्तिरिति प्रत्युक्तमेतत्कथमुज्जीवयसीत्याह । रज्जुरपि सर्पविकल्पस्याऽऽस्पदभूता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकल्पितैवेति दृष्टान्तानुपपत्तिः । न । विकल्पनाक्षयेऽविकल्पितस्याविकल्पिततत्वादेव सत्वोपपत्तेः । रज्जुसर्पवदसत्वमितिचेत् । न । एकान्तेनाविकल्पिततत्वादविकल्पितरज्वंशवत्प्राक्सर्पाभावविज्ञानात् । विकल्पयितुश्च प्राग्विकल्पनोत्पत्तेः सिद्धत्वाभ्युपगमादसत्वानुपपत्तिः ।

कथं पुनः स्वरूपे व्यापाराभावे शास्त्रस्य द्वैतविज्ञाननिवर्तकत्वम् । नैष दोषः । रज्ज्वां सर्पादिवदात्मनि द्वैतस्यविद्याध्यस्तत्वात् । कथं सुख्यहं दुःखी मूढो जातो मृतो जीर्णो देहवान्पश्यामि श्रृणोनि व्यक्तोऽव्यक्तः कर्ता फली संयुक्तो वियुक्तः क्षीणो वृद्धोऽहं ममैत इत्येवमादयः सर्व आत्मन्यध्यारोप्यन्ते । आत्मैतेष्वनुगतः सर्वत्राव्यभिचारात् । यथा सर्पधारिदिभेदेषु रज्जुः । यथा चैवं विशेष्यस्वरूपप्रत्ययस्य सिद्धत्वान्न कर्तव्यत्वं शास्त्रेण । अकृतकर्तृ च शास्त्रं कृतानुकारित्वेऽप्रमाणम् । यतोऽविद्याध्यारोपितसुखित्वादिविशेषप्रतिबन्धादेवाऽऽत्मनः स्वरूपेणानवस्थानं स्वरूपावस्थानं च श्रेय इति ।

सुखित्वादिनिवर्तकं शास्त्रमात्मन्यसुखित्वादिप्रत्ययकरणेन नेति नेत्यस्थूलादिवाक्यैरात्मस्वरूपवदसुखित्वाद्यपि सुखित्वादिभेदेषु नानुवृत्तोऽस्ति धर्मः । यद्यनुवृत्तः स्यान्नाध्यारोप्येतसुखित्वादिलक्षणो विशेषः । यथोष्णत्वविशेषवत्यग्नौ शीतता । तस्मान्निर्विशेष एवाऽऽत्मनि सुखित्वादयो विशेषाः कल्पिताः । यत्त्वसुखित्वादिशास्त्रमात्मनस्तत्सुखित्वादिविशेषनिवृत्यर्थमेवेति सिद्धम् । "सिद्धं तु निवर्तकत्वात्" इत्यागमविदां सूत्रम् । ॥३२॥

अर्थ– यो श्लोक यस वैतथ्य प्रकरणको उपसंहार अथवा निचोडको रूपमा छ । जब द्वैत असत्य हो र आत्मा नै परमार्थ सत्य हो भने त यो सिद्ध हुन्छ कि यो सम्पूर्ण लौकिक र वैदिक व्यवहार अविद्या विषयक नै हुन्छ र यसबाट परमार्थ अवस्थामा निरोध अर्थात् प्रलय छैन न त उत्पत्ति छ न त बाँधिएको संसारी जीव नै छ न त मोक्षको साधनले सम्पन्न साधक नै छ, न मुमुक्षु छ न त बन्धनरहित मुक्त पुरुष नै छ । जब उत्पत्ति र प्रलय नै छैन भने वद्ध आदि पनि छैन । यही नै परमार्थिक तत्त्व हो । उत्पत्ति र प्रलयको अभाव कसरी भो त भन्दा भनिन्छ– द्वैत असत्य हुनाले उत्पत्ति र प्रलयको पनि अभाव भो । "जहाँ द्वैतजस्तो हुन्छ", "जो यहाँ द्वैतको जस्तो हेर्दछ," "यो सब आत्मा नै हो," "एउटा नै अद्वितीय ब्रह्म छ," "त्यो सब जे पनि छ सबै आत्मा नै हो" इत्यादि श्रुतिवाक्यहरूबाट द्वैतको मिथ्यात्व सिद्ध हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यमान वस्तुको उत्पत्ति र प्रलय हुन सक्छ तर खरायोको सिङ्जस्तो हुँदै नहुने चीजको अर्थात् असत्यको उत्पत्ति र प्रलय हुँदैन । त्यस्तै अद्वैतको पनि न उत्पत्ति हुन्छ न प्रलय । अद्वय पनि होस्, उत्पत्ति र नाशवान् पनि होस् यस्तो त सर्वथा असंभव छ । जुन प्राण आदि द्वैत कुराहरू हुन् त्यो त डोरीमा सर्पजस्तै अधिष्ठान आत्मामा कल्पित मात्र छन् । यस्तो पहिले पनि भनिसकिएको छ । डोरी सर्पजस्तै मनले कल्पना गरिएको नै डोरीमा उत्पत्ति र प्रलय हुँदैन । न त मनमा डोरी सर्पको उत्पत्ति या प्रलय हुन्छ । यस्तै नै द्वैतको मनोमय हुने कुरा पनि बराबर छ । किनकि मनमा समाहित भएपछि अर्थात् सुषुप्तिकालमा सर्वथा द्वैतको भान हुँदैन । त्यसैले अन्वय व्यतिरेकले यो कुरा सिद्ध हुन्छ कि द्वैत मनको कल्पना मात्र हो । यसैले यो ठीक भनिएको छ कि द्वैत मिथ्या भएकाले उत्पत्ति र प्रलयको अभाव पारमार्थिक सत्य हो ।

यदि यसो हो भने द्वैताभावमा शास्त्रको व्यापार मान्नुपर्छ, अद्वैतमा होइन । अद्वैतको परमार्थिक हुनुमा कुनै प्रमाण न भेटिनाले शून्यवादको प्रसंग आउला । यस्तो भन्नु उचित छैन । किनभने डोरी सर्पको विकल्पको आधारविना संभव छैन । त्यस्तै आधारविना सृष्टिको कल्पना हुन सक्दैन । यसरी शून्यवादको निराकरण हामीले पहिले गरेका छौं । फेरि त्यस्तै प्रश्नलाई किन दोहोऱ्याउने ?

शून्यवादी भन्छन्– जब सम्पूर्ण विश्व कल्पित हो त विश्वभित्रको डोरी पनि कल्पित भो भने डोरी सर्पको दृष्टान्त विश्वकल्पनामा कसरी मिल्ला ? यसो भन्नु उचित छैन । किनभने कल्पना नष्ट भएपछि अकल्पित आत्माको अस्तित्व अकल्पित भएको कारणले नै सिद्ध हुन्छ । यो निर्विवाद छ कि कुनै पनि कल्पनाको आधार हुनुपर्छ । यदि भन्छौ कि अद्वैत असत्य हो, अप्रामाणिक भएकाले डोरी सर्पझैं । यो ठीक छैन । डोरी सर्प मिथ्या हुनुमा भ्रान्ति कारण हो । आत्मा भ्रमको साक्षी हो । न कि भ्रमको विषय । यसर्थ कल्पित डोरीको टुक्राजस्तो सर्पको अभाव ज्ञानभन्दा पहिले त्यो सर्वथा अविकल्पित नै थियो । तर पनि त्यो सामान्य अंश स्वरूपले कल्पित छैन, केवल त्यसको तादात्म्य संसर्ग नै कल्पित हो । यसको अतिरिक्त विकल्प गर्नेको सत्ता विकल्प उत्पत्तिभन्दा पहिले नै सिद्ध मानिएको छ । त्यसैले विकल्पको आधार आत्माको असत्यत्व कुनै पनि प्रकारले मान्न सकिन्न ।

जब आत्मस्वरूप जान्न शास्त्रबाट मद्दत हुन्न भने त्यही शास्त्र द्वैतप्रपंच मिथ्या कसरी सिद्ध गर्न सक्छ त भन्ने प्रश्नको उत्तरमा भनिन्छ– जसरी डोरीमा सर्प आदि अज्ञानले कल्पित हुन् त्यसै गरी आत्मामा द्वैत अविद्या वा अज्ञानले कल्पित हो । कसरी त भन्दा "म सुखी छु म दुःखी छु मूर्ख छु उत्पन्न भएको छु म मरें, म बूढो भएँ, देहधारी हुँ, देख्दछु अव्यक्त छु कर्ता छु फल भएको छु संयुक्त छु छुट्टिएको छु दुब्लो छु उनीहरू मेरा हुन्" इत्यादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकल्प आत्मामा कल्पना गरिन्छ ।

विकल्पहरूको परस्पर व्यभिचार भए तापनि अहंतत्त्व आत्माको सर्वत्र अव्यभिचार छ । जसरी सर्प जलधारा आदि विकल्पहरूबाट डोरीको अव्यभिचार छ । किनकि डोरीको यो भन्ने अंशको ज्ञान सबै विकल्पहरूसँग हुन्छ नै । जब यस्तो कुरा छ भने विकल्प विशेषणहरूको विशेष्य रूप ब्रह्मको स्वरूप जान्न शास्त्रको कुनै प्रयोजन छैन । किनकि म भन्ने ज्ञानको विषय विशेष्यरूप आत्मालाई सधैं थाहा भैरहेको नै हुन्छ । शास्त्र त नजानेको कुरा बुझाउने हो । सिद्ध वस्तुलाई अनुवाद गर्दा शास्त्र अप्रमाण हुनेछ । यसैले यो मान्नु नै ठीक छ कि द्वैत मिथ्या भन्नमा शास्त्र प्रमाण हो । अद्वैत बोधमा होइन । किनकि अविद्याबाट कल्पित सुखित्व आदि रूप विशेष प्रतिबन्धकहरूकै कारण नै आत्माको स्वरूपतः अवस्थान भइरहेको छैन र स्वरूपतः अवस्थानलाई नै मोक्ष भनिन्छ । यसैले "नेति नेति" र "अस्थूल मनण" आदि वाक्यबाट आत्मामा असुखित्व आदि बोध गराएर सुखित्व आदि कल्पित धर्मलाई हटाउँछ । जसरी आत्माको स्वरूप सुखित्व आदि विकल्पभेदमा लाग्दैन, त्यस्तै नै दुखित्व आदि धर्म पनि कल्पित भेदमा मिसिन्न । यदि दुखित्वको भान आत्मस्वरूपको समान नै लाग्थ्यो त कल्पित सुखित्व आदि रूपविशेषको भान नै हुँदैनथ्यो । जसरी तातो धर्म भएको आगोमा चीसोको आरोप हुन्न त्यस्तै निर्विशेष आत्मामा सुखित्व आदि रूप विशेष कल्पित हुन् । यसबाट यो पनि सिद्ध भो कि जुन आत्माको विषयमा असुखित्व आदि बोधक शास्त्र छन् ती त केवल सुखित्व आदि कल्पित विशेष निवृत्तिका लागि नै हुन् । यसै विषयमा शास्त्रवेत्ता द्रविडाचार्यको सूत्र पनि छ । त्यसमा भनिन्छ– असुखित्वरूप कल्पित धर्महरूको निवर्तक भएकाले शास्त्र प्रामाणिक छ । स्वाभाविक द्वैतभावको ज्ञानबाट अध्यस्त वस्तुको निवृत्ति हुनाका कारण शास्त्रलाई प्रमाण मानिएको छ ॥३२॥

कारिका

भावै रसद्भिरेवायमद्वयेन च कल्पितः ।
भावा अप्यद्वयेनैव तस्मादद्वयता शिवा ॥३३॥

डोरी-सर्पसरी आत्मा असत्य सत्य भावले ।
कल्पिन्छ तर यी भाव अद्वैत परमात्ममा ॥
कल्पना गरिएकाले अद्वैत मङ्गलप्रद ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

पूर्वश्लोकार्थस्य हेतुमाह— यथा रज्ज्वामसद्भिः सर्पधारादिभिरद्वयेन च रज्जुद्रव्येण सताऽयं सर्प इयं धारा दण्डोऽयमिति वा रज्जुद्रव्यमेव कल्प्यत एवं प्राणादिभिरनन्तैरसद्भिरेवाविद्यमानो न परमार्थतः । न ह्यप्रचलिते मनसि कश्चिद्भाव उपलक्षयितुं शक्यते केन चित् । न चाऽऽत्मनः प्रचलनमस्ति । प्रचलितस्यैवोपलभ्यमाना भावा न परमार्थतः सन्तः कल्पयितुं शक्याः । अतो ऽसद्भिरेव प्राणादिभावैरद्वयेन च परमार्थसताऽत्मना रज्जुवत्सर्वविकल्पास्पदभूतेनायं स्वयमेवाऽऽत्मा कल्पितः । सदैकस्वभावोऽपि संस्ते च प्राणादिभावा अप्यद्वयेनैव सताऽऽत्मना विकल्पिताः । नहि निरास्पदा काचित्कल्पनोपलभ्यते । अतः सर्वकल्पनास्पदत्वात्स्वेना ऽऽत्मनाऽद्वयस्याव्यभिचारात्कल्पनावस्थायामप्यद्वयता शिवा । कल्पना एव त्वशिवाः । रज्जुसर्पादिवत्त्रासादि कारिण्यो हि ताः । अद्वयता ऽभयाऽतः सैव शिवा ॥३३॥

अर्थ— पहिलेको श्लोकको हेतु बताउँदै भनिन्छ— जसरी डोरीमा असत् सर्प जलधारा आदिले र सत् अद्वितीय डोरीरूपले यो सर्प हो, यो जलधारा हो अथवा यो दण्ड हो भनी कल्पना गरिन्छ त्यस्तै परमार्थ दृष्टिले अविद्यमान असंख्य प्राणादि रूपले आत्मा नै कल्पित भइरहेको छ । अर्थात् ती सब कल्पनाको आधार आत्मा नै हो । किनकि मन कल्पनाशून्य भो भने कुनै पनि व्यक्तिले कुनै पनि भाव देख्न सक्दैन । आत्मामा प्रचलनरूप अथवा कल्पनाशील धर्म हुन्न । जो चल्दछ यस्तो चित्रबाट देखिने पदार्थ परमार्थतः सत्य हो, यस्तो कल्पना गर्न सकिन्न । अतः आत्मा स्वयं सत् स्वरूप छ । त्यो डोरीजस्तै परमार्थ सत् अद्वितीय रूप छ । त्यही आफ्नो रूपमा रहँदारहँदै पनि असत् स्वरूप प्राणादि सम्पूर्ण विकल्पहरूको आधार रूप, डोरीजस्तो कल्पित भइरहेको छ र स्वयं एक मात्र सत्यरूप नै छ । स्वरूपले विकल्पशून्य भएर पनि आत्मा प्राणादि रूपले अज्ञानीद्वारा कल्पित भएको छ ।

कुनै पनि कल्पना आधारको विना हुन संभव छैन । अतः सबै कल्पनाको आधार भएकाले स्वरूपले अद्वैत तत्त्वको व्यभिचार हुँदैन । कल्पना अवस्थामा पनि अद्वितीयता मंगलमय छ । केवल कल्पना त अमंगलमय मानिएको छ, किनभने डोरीमा सर्पझैं त्यो डर कम्पादिको कारण हो र अद्वितीयता अभयस्वरूप छ । यसैले यो अद्वयरूपलाई मंगलमय मान्नु सर्वथा उचित छ ॥३३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

नाऽऽत्मभावेन नानेदं न स्वेनापि कथंचन ।
न पृथङ्नापृथक्किञ्चिदिति तत्वविदो विदुः ॥३४॥

न जंगत् रूपले नाना न छ यो आत्मभावले ।
न बेग्लै छ न यौंटै छ यस्तो तत्वज्ञ मान्दछन् ॥३४॥

भाष्य

कुतश्चाद्वयता शिवा । नानाभूतं पृथक्त्वमन्यस्यान्यस्माद्यत्र दृष्टं तत्राशिवं भवेत् । न ह्यत्राद्वये परमार्थसत्यात्मनि प्राणादिसंसारजातमिदं जगदात्मभावेन परमार्थस्वरूपेण निरूप्यमाणं नानावस्त्वन्तरभूतं भवति । यथा रज्जुस्वरूपेण प्रकाशेन निरूप्यमाणो न नानाभूतः कल्पितः सर्पोऽस्ति तद्वत् । नापि स्वेन प्राणाद्यात्मनेदं विद्यते कदाचिदपि रज्जुसर्पवत्कल्पितत्वादेव । तथाऽन्योन्यं न पृथक्प्राणादि वस्तु यथाऽश्वान्महिषः पृथग्विद्यत एव । अतोऽसत्वान्नापृथग्विद्यतेऽन्योन्यं परेण वा किंचिदिति । एवं परमार्थतत्वविदो ब्राह्मणा विदुः । अतोऽशिवहेतुत्वाभावादद्वयतैव शिवेत्यभिप्रायः ॥३४॥

अर्थ– अद्वयता कसरी मंगलमय छ ? जहाँ एकबाट अर्को फरक देखिन्छ त्यहाँ अमंगल हुन्छ भनिन्छ भन्ने तर्कको उत्तरमा भनिन्छ– यो अद्वितीय परमार्थ सत्यस्वरूप आत्मामा यो प्राणादि संसार समुदाय परमार्थस्वरूप आत्मभावले निरूपण गरिएमा नाना वस्तुको अन्तर रहन्न । त्यस बेला त आत्मा मात्र बाँकी रहन्छ । जसरी उज्यालोमा डोरी चिनेपछि सर्पादि भ्रान्ति रहन्न, त्यस्तै परमार्थ दृष्टिले आत्मतत्त्वको निरूपण गरेपछि भेद प्रपञ्च रहन्न र न आफ्नो प्राणादि रूपले नै जगत् रहन्छ । किनकि डोरी सर्पजस्तो यो त सधैं कल्पित नै हो । अतः परमार्थतत्त्वज्ञानको बेला आधार र आधेय दृष्टिले पनि कल्पित वस्तुको अभाव नै सिद्ध हुन्छ । जसरी घोडाबाट भैंसी फरक वस्तु हो त्यस्तै प्रमादि प्राणादि वस्तु परस्पर पृथक् होइनन्, यसरी आत्मदर्शी ब्राह्मणहरू परमार्थतत्त्वलाई जान्दछन् । यसरी अमंगलको कारण नभएको जानेर अद्वयभाव मंगलमय छ भन्ने कुरा स्पष्ट हुन्छ ॥३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

वीतराग भयक्रोधैर्मुनिभिर्वेदपारगैः।
निर्विकल्पो ह्ययं दृष्टः प्रपञ्चोपशमोऽद्वयः ॥३५॥

भय क्रोध हटेका ती वेदज्ञ मुनिवर्गले ।
द्वैतभाव हराएको निर्विकल्प र अद्वय
आत्मतत्त्व देखिँदछ सक्दैनन् अरु देखन ॥३५॥

भाष्य

तदेतत्सम्यग्दर्शनं स्तूयते । विगतरागभयद्वेषक्रोधादिसर्वदोषैः सर्वदा मुनिभिर्मननशीलैर्विवेकिभिर्वेदपारगैरवगतवेदार्थतत्त्वैर्ज्ञानिभिर्निर्विकल्पः सर्वविकल्पशून्योऽयमात्मा दृष्ट उपलब्धो वेदान्तार्थतत्परैः प्रपञ्चोपशमः प्रपञ्चो द्वैतभेदविस्तारस्तस्योपशमोऽभावो यस्मिन्स आत्मा प्रपञ्चोपशमोऽत एवाद्वयः । विगतदोषैरेव, पण्डितैर्वेदान्तार्थतत्परैः संन्यासिभिः परमात्मा द्रष्टुं शक्यो नान्यै रागादिकलुषितचेतोभिः स्वपक्षपातिदर्शनैस्तार्किकादिभिरित्यभिप्रायः ॥३५॥

अर्थ– अब यस सम्यग् दर्शनको स्तुति गरिन्छ । राग, द्वेष, भय, क्रोध आदि सम्पूर्ण दोषहरू नभएका सर्वदा मननशील विवेकी मुनिहरू र वेदको अर्थ राम्रो जान्ने तत्त्वज्ञहरूद्वारा यो आत्मा जानिएको छ। यो आत्मा सम्पूर्ण विकल्पहरू नभएको प्रपञ्च शान्त गर्ने स्वरूपको छ। द्वैतविस्तारलाई प्रपञ्च भन्दछन्, जसको यो प्रपंच निवृत्त भो त्यस्तो आत्मालाई प्रपञ्च उपराम भनिन्छ। यसैले यो अद्वयस्वरूप छ। यस्तो आत्मा वेदान्तार्थमा तत्पर दोषहीन तत्त्वदर्शी संन्यासीद्वारा देख्न सकिन्छ ॥३५॥

कारिका

तस्मादेवं विदित्वैनमद्वैते योजयेत्स्मृतिम् ।
अद्वैतं समनुप्राप्य जडवल्लोकमाचरेत् ॥३६॥

यसर्थ यस्तो जानेर मन अद्वैतमा लग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्वैत तत्त्व पाएर अज्ञझैं वस लोकमा ॥३६॥

भाष्य

यस्मात्सर्वानर्थप्रशमरूपत्वाददद्वयं शिवमभयमत एवं विदित्वैनमद्वैते स्मृतिं योजयेत्। अद्वैतावगमायैव स्मृति कुर्यादित्यर्थः। तच्चाद्वैतमवगम्याहमस्मि परं ब्रह्मेति विदित्वा ऽशनायाद्यतीतं साक्षादपरोक्षादजमात्मानं सर्वलोकव्यवहारातीतो जडवल्लोकमाचरेत्। अप्रख्यापयन्नात्मानमहंमेवंविध इत्यभिप्रायः ॥३६॥

अर्थ– सबै अनर्थ शान्त गर्ने स्वरूपको भएकाले अद्वयलाई मंगलमय र भयहारी जानेर यसैमा मन लगाउनुपर्छ। ज्ञानीले अद्वैतबोधको लागि सधैं अद्वैततत्त्वको चिन्तन गरोस् र यस अद्वैत तत्त्वलाई जानेपछि 'म ब्रह्मस्वरूप छु' भन्दै भोक प्यासबाट टाढा सबै लौकिक व्यवहार नभएको आत्मालाई साक्षात् अनुभव गरेर तत्त्वज्ञ पुरुष जडजस्तै लोकाचरण गरोस्। यस्तो भन्नुको तात्पर्य यो हो कि आत्मतत्त्वलाई चिनेपछि सो कुरा नबताउँदै अज्ञजस्तै व्यवहार गरोस् ॥३६॥

कारिका

निस्तुतिर्निर्नमस्कारो निःस्वधाकार एव च।
चलाचलनिकेतश्च यतिर्यादृच्छिको भवेत् ॥३७॥

स्तुति नमस्कार स्वधा त्यागी यी कर्मबन्धन।
शरीर र आत्मतत्त्व दुवैमा गरि आश्रय।
योगीले भइ सन्तुष्ट जे पायो खानु लाउनु ॥
बिताउनु जिन्दगी यो इच्छा केही नलीकन ॥३७॥

भाष्य

कया चर्यया लोकमाचरेदित्याह- स्तुतिनमस्कारादिसर्वकर्मवर्जितस्त्यक्तसर्ववाह्यैषणः प्रतिपन्नपारमहंस्यपारिव्राज्य इत्यभिप्रायः। "एतं वै तमात्मानं विदित्वा" इत्यादि श्रुतेः। "तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः" इत्यादि स्मृतेश्च। चलं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीर प्रतिक्षणमन्यथाभावात्। अचलमात्मतत्वम्। यदा कदाचिद्भोजनादिव्यवहारनिमित्तमाकाशवदचलरूपमात्मतत्वमात्मनो निकेतमाश्रयमात्मस्थितिं विस्मृत्याहमिति मन्यते यदाय तदा चलो देहो निकेतो यस्य सोऽयमे चलाचलनिकेतो विद्वान्न पुनर्वाह्यविषयाश्रयः। स च यादृच्छिको भवेत्। यदृच्छाप्राप्तकौपीनाच्छादनग्रास-मात्रदेहस्थितिरित्यर्थः ॥३७॥

अर्थ– माथि जडजस्तै आचरण गरोस् भनिएकोमा कस्तो-कस्तो गरोस् त भन्ने कुरामा यस श्लोकमा विवरण दिइन्छ– स्तुति नमस्कार आदि सबै कर्मलाई त्याग गरेर बाहिरी इच्छाहरूबाट मुक्त परमहंस र परिव्राज्यभावलाई प्राप्त गरी लोकव्यवहार गर्नुपर्छ। किनभने "यस्तो त्यो आत्मालाई चिनेर" इत्यादि श्रुतिवाक्य र "जसको बुद्धि, आत्मा र निष्ठा एकमात्र परमात्मामा लागेको छ, जो त्यसैमा लीन भैसकेको छ" भन्ने स्मृतिवाक्यबाट पनि यही सिद्ध हुन्छ। यो शरीर चल छ किनकि यो प्रतिक्षण बदलिन्छ। किन्तु आत्मतत्त्व अचल छ। यसै आत्मतत्त्वमा तत्वज्ञ अड्छ। कहिलेकाहीं भोजन आदिका लागि आफ्नो स्वरूप भएको आकाशजस्तो आफ्नो आश्रय भएको आत्मतत्त्वलाई बिर्सेर 'म छु' यस्तो अभिमान गर्छ तब ऊ चल देहरूप हुन्छ। यसरी त्यो तत्त्वज्ञ कहिले देहरूपी चल र कहिले आत्मतत्वरूप अचल भएर रहन्छ। अर्थात् बाहिरी विषयहरूको आश्रय नलिई 'यदृच्छालाभ सन्तुष्ट' हुन्छ। भाव यो हो कि इच्छा नगरीकन अनायास भेटिएको कौपीन वस्त्र लगाएर स्वतः पाइएको गाँस खाएर रहेको शरीर लिएको तत्त्वज्ञानी हुन्छ ॥३७॥

कारिका

तत्वमाध्यात्मिकं दृष्ट्वा तत्वं दृष्ट्वा तु बाह्यतः।
तत्वीभूतस्तदारामस्तत्वादप्रच्युतो भवेत् ॥३८॥

आध्यात्मिक तत्व जानी बाह्य तत्त्व पनि बुझी।
तत्त्वज्ञरूपले आफ्नो ठाउँबाट नखस्नु नि ॥३८॥

भाष्य

बाह्यं पृथिव्यादितत्वमाध्यात्मिकं च देहादिलक्षणं रज्जुसर्पादिवत्स्वप्नमायादिवच्चासत्। "वाचारम्भणं विकारो नामधेयं"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादि श्रुतेः । "आत्मा च सबाह्याभ्यन्तरो ह्यजोऽपूर्वोऽनन्तरो ऽबाह्यः कृत्स्न आकाशवत्सर्वगतः सूक्ष्मो ऽचलो निर्गुणो निष्कलो निष्क्रियस्तत्सत्यं स आत्मा तत्वमसि" इति श्रुतेः । इत्येवं तत्वं दृष्ट्वा तत्वीभूतस्तदारामो न बाह्यरमणो यथाऽतत्वदर्शी कश्चिच्चित्तमात्मत्वेन प्रतिपन्नश्चित्तचलनमनु चलितमात्मानं मन्यमानस्तत्वाच्चलितं देहादिभूतमात्मानं कदाचिन्मन्यते प्रच्युतो ऽहमात्मतत्वादिदानीमिति । समाहिते तु मनसि कदाचित्तत्त्वभूतं प्रसन्नात्मानं मन्यत इदानीमस्मि तत्वीभूत इति । न तथाऽऽत्मविद्भवेत् । आत्मन एकरूपत्वात्स्वरूपप्रच्यवनासंभवाच्च । सदैव ब्रह्मास्मीत्यप्रच्युतो भवेत्तत्वात्सदाऽप्रच्युतात्मतत्वदर्शनो भवेदित्यभिप्रायः । "शुनि चैव स्वपाके च" । "समं सर्वेषु भूतेषु" इत्यादि स्मृतेः ॥३८॥

अर्थ– पृथ्वी आदि बाहिरी तत्त्व र देह आदि भित्री तत्त्व डोरी सर्प र स्वप्न मायाजस्तै मिथ्या हुन् । "नामरूप बोलीले भन्नु मात्रको लागि" यस्तो श्रुतिवाक्य छ । "आत्मा भित्र-बाहिर सर्वत्र विद्यमान अजन्मा, कार्यकारणभावरहित, परिपूर्ण, आकाशजस्तै व्यापक, सूक्ष्म, चलन आदि क्रिया नभएको, निर्गुण, निरवयव र निष्क्रिय छ, किनभने त्यही सत्य हो, त्यही आत्मा हो त्यही तिमी हौ" यस्तो श्रुतिवाक्य छ । यसरी तत्त्व जानेपछि तद्रूप भै त्यसैमा रमाउने बाहिरी विषयमा नरमाउने हुन्छ । जसरी कुनै तत्त्व नजान्ने व्यक्ति चित्तलाई नै आत्मा ठानेर चित्त चञ्चल हुँदा आत्मालाई चंचल ठानेर तत्त्वबाट विचलित भै देहादिलाई नै कहिलेकाहीं आत्मा मानेर त्यस बेला "म आत्मतत्त्वबाट च्युत भएको छु" यस्तो ठान्दछ । त्यही व्यक्ति फेरि मन शान्त भएको बेला आफूलाई तत्वरूप र प्रसन्न सम्झन्छ र सोच्दछ– "यस बेला म यथार्थ तत्त्वमा रहेको छु" । परन्तु आत्मतत्त्वदर्शी यस्तो हुँदैन, किनकि आत्मा सधैं एकरूप छ, यसको स्वरूपबाट च्युत हुनु संभव छैन । त्यसैले तत्त्वज्ञ त 'म ब्रह्म हुँ' यस्तो सधैं निश्चय गरी तत्त्वबाट कहिल्यै नखसोस् यस्तो शास्त्रको आदेश छ । यस विषयमा "कुक्कुर र चण्डालमा पनि विद्वान् समान दृष्टि राख्दछन्", "सबै प्राणीमा समान भावले रहेका परमात्मालाई हेर्दछन्" इत्यादि स्मृतिवाक्य पनि प्रमाण छ ॥३८॥

वैतथ्य प्रकरणं समाप्तम् ।

ॐ तत्सत् ।

यहाँ माण्डूक्योपनिषत्को दोस्रो वैतथ्य प्रकरण समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्वैत प्रकरण-३

कारिका

ॐ उपासनाश्रितो धर्मो जाते ब्रह्मणि वर्तते ।
प्रागुत्पत्तेरजं सर्वं तेनासौ कृपणः स्मृतः ॥१॥

जुन साधकले कार्यब्रह्म तादात्म्य भैकन ।
नित्य बुद्ध शुद्ध मुक्त स्वभाव नबुझीकन ।
उपासनाका भरमा सृष्टिपूर्व सबै अज ।
मान्छन् बन्धन निवृत्ति यथार्थ उनी दीन छन् ॥१॥

भाष्य

ओंकारनिर्णय उक्तः प्रपञ्चोपशमः शिवोऽद्वैत आत्मेतिप्रतिज्ञामात्रेण ज्ञाते द्वैतं न विद्यत इति च तत्र। द्वैताभावस्तु वैतथ्यप्रकरणेन स्वप्नमायागन्धर्वनगरादिदृष्टान्तैदृश्यत्वाद्यन्तवत्वादिहेतुभिस्तर्केण च प्रतिपादितः। अद्वैतं किमागममात्रेण प्रतिपत्तव्यमाहोस्वित्तर्केणापीत्यत आह। शक्यते तर्केणापि ज्ञातुम्। तत्कथमित्यद्वैतप्रकरणमारभ्यते। उपास्योपासनादिभेदजातं सर्वं वितथं केवलाश्चाऽऽत्माऽद्वय परमार्थ इति स्थितमतीते प्रकरणे यतः। उपासनाश्रित उपासनामात्मनो मोक्षसाधनत्वेन गत उपासकोऽहं ममोपास्यं ब्रह्म। तदुपासनं कृत्वा जाते ब्रह्मणीदानीं वर्तमानोऽजं ब्रह्म शरीरपातादूर्ध्वं प्रतिपत्स्ये प्रागुत्पत्तेश्चाजमिदं सर्वमहं च। यदात्मकोऽहं प्रागुत्पत्तेरिदानीं जातो जाते ब्रह्मणि च वर्तमान उपासनया पुनस्तदेव प्रतिपत्स्य इत्येवमुपासनाश्रितो धर्मः साधको येनैवं क्षुद्रब्रह्मवित्तेनासौ कारणेन कृपणो दीनोऽल्पकः स्मृतो नित्याजब्रह्मदर्शिभिरित्यभिप्रायः। "यद्वा चाऽनभ्युदितं येन वागभ्युद्यते तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते" इत्यादिश्रुतेस्तलवकाराणाम् ॥१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– यस ग्रन्थको पहिलो आगम प्रकरणमा 'आत्मा प्रपंचको उपशमस्वरूप मंगलमय अद्वैतरूप छ' यस्तो प्रतिज्ञा गर्दै ओंकारको अर्थ निर्णय गरियो। त्यस्तै अद्वैत तत्त्व जानेपछि द्वैत रहन्न पनि भनिएको थियो। फेरि दोस्रो वैतथ्य प्रकरणमा स्वप्न, माया, गन्धर्वनगर आदि उदाहरण र दृश्यत्व आदि र अन्तमा नहुने आदि हेतुद्वारा द्वैतप्रपंचको मिथ्यात्व बताइएको थियो। के श्रुति प्रमाण मात्रले अद्वैत जान्न सकिन्छ या तर्कले पनि भन्ने प्रश्नको उत्तरमा यो अद्वैत प्रकरण शुरु हुन्छ। उपास्य र उपासना आदि सबै भेद समुदाय हुन् र केवल अद्वितीय आत्मा नै परमार्थ वस्तु हो, यो पहिलो प्रकरणमा निश्चय भैसकेको छ। किनकि उपासनालाई आत्माको मुक्तिको साधनाका रूपमा मान्नेलाई उपासनामा आश्रित भनिन्छ। म उपासक हुँ ब्रह्म मेरो उपास्य हो, त्यसको उपासना गरेर जो आजसम्म म कार्यब्रह्ममा रहेको छु त्यो शरीर समाप्तिपछि अजन्मा ब्रह्ममा प्राप्त हुन्छु। जगत् उत्पत्तिभन्दा पहिले हामी सबै यो सम्पूर्ण संसार र हामी अजन्मा ब्रह्म नै थियौं। सृष्टि उत्पत्तिभन्दा अघि म जस्तो रूप भएको थिएँ अब उत्पन्न भएपछि अहिले कार्यब्रह्ममा रहिरहेको छु। फेरि उपासनाद्वारा त्यही अजन्मा ब्रह्मत्व पाउनेछु। यसरी उपासनाको आश्रय लिने साधक कृपण, दीन र क्षुद्र मानिन्छ। किनकि यो क्षुद्र ब्रह्मलाई जान्दछ। यसैले यस्ता उपासकलाई नित्य अजन्मा ब्रह्मदर्शीहरूले दीन भन्दछन् भन्ने यस श्लोकको भाव हो। यस्तै "जो बोलीद्वारा प्रकाशित हुन सक्दैन तर जसद्वारा बोली प्रकाशित हुन्छ उसैलाई ब्रह्म सम्झ। जुन उपाधि परिच्छिन्न ब्रह्मको मानिस उपासना गर्छन् त्यो ब्रह्म होइन" इत्यादि तलवकारशाखाको श्रुति भन्दछ ॥१॥

कारिका

अतो वक्ष्याम्यकार्पण्यमजाति समतां गतम्।
यथा न जायते किंचिज्जायमानं समन्ततः ॥२॥

त्यसैले भन्छु म अब तथ्य ब्रह्मस्वरूप जो ॥
जन्मँदैन जाति छैन जन्मेझैं देखिने तर ॥
त्यहाँ छैन कृपणता समतामात्र व्याप्त छ ॥२॥

भाष्य

सबाह्याभ्यन्तरमजमात्मानं प्रतिपत्तुमशक्नुवन्नविद्यया दीनमात्मानं मन्यमानो जातोऽहं जाते ब्रह्मणि वर्ते तदुपासनाश्रितः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्ब्रह्म प्रतिपत्स्य इत्येवं प्रतिपन्नः कृपणो भवति यस्मादतो वक्ष्याम्यकार्पण्यमकृपणभावमजं ब्रह्म। तद्धि कार्पण्यास्पदम् "यत्रान्योऽन्यत्पश्यत्यन्यच्छृणोत्यन्यद्विजानाति तदल्पं मर्त्यमसत्" "वाचारम्भणं विकारो नामधेयम्" इत्यादिश्रुतिभ्यः। तद्विपरीतं सबाह्याभ्यन्तरमजमकार्पण्यं भूमाख्यं ब्रह्म। यत्प्राप्याविद्याकृतसर्वकार्पण्यनिवृत्तिस्तदकार्पण्यं वक्ष्यामीत्यर्थः। तदजाति, अविद्यमाना जातिरस्य। समतां गतं सर्वसाम्यं गतम्। कस्मात्। अवयववैषम्याभावात्। यद्धि सावयवं वस्तु तदवयववैर्वैषम्यं गच्छज्जायत इत्युच्यते। इदं तु निरवयवत्वात्समतांगतमिति न कैश्चिदवयवैः स्फुटत्यतोऽजात्यकार्पण्यम्। समन्ततः समन्ताद्यथा न जायते किंचिदल्पमपि न स्फुटति। रज्जुसर्पवदविद्याकृतदृष्ट्या जायमानं येन प्रकारेण न जायते सर्वतोऽजमेवं ब्रह्म भवति तथा तं प्रकारं शृण्वित्यर्थः ॥२॥

अर्थ– बाहिर र भित्र सर्वत्र विद्यमान अजन्मा आत्मालाई अविद्याको कारण पाउन नसक्नाको कारण आफूले आफैंलाई दुःखी मान्ने पुरुषले यस्तो भन्छन् कि "म उत्पन्न भएको छु यस बेला कार्यब्रह्ममा रहेको छु र उपासनाको आश्रय लिएर नै अजन्मा ब्रह्मपद पाउँला"। उ यही भावनाले दीन छ। यसैले म अब "अकार्पण्य, दीनता नभएको अजन्मा ब्रह्म" लाई बताउँला। किनकि "जो दीनताको आश्रय छ, त्यसलाई जहाँ अर्काले अर्कालाई देख्दछ, अर्काले अर्कालाई सुन्दछ, अर्काले अर्कालाई जान्दछ, त्यो अल्प छ, मर्ने हो र असत्य छ," "कार्यवाणीबाट आरम्भ हुने नाम मात्रका लागि छन्" इत्यादि श्रुतिहरूद्वारा नश्वर र तुच्छ भनिएको छ। यसको विपरीत बाहिर-भित्र सर्वत्र विद्यमान 'अजन्मा भूमा' नामक ब्रह्मलाई अकार्पण्यरूप भनिएको छ। जसलाई पाएर अविद्याजन्य सबै दीनता हराउँछ। त्यही दीनभाव नभएको ब्रह्म म बताउँला।

जसको जाति छैन त्यसलाई अजाति भन्छन्। त्यो अजाति नै सर्वसाम्यभावमा पुगेको हुन्छ। किनकि त्यसमा अंगहरूको विषमता यानि भेद हुन्न। जुन वस्तु अंग भएको हुन्छ त्यो अवश्य अवयव भेद प्राप्त गरी जन्मन्छ, यस्तो भनिएको छ। यो ब्रह्म त अवयव नभएकोले समतायुक्त छ। यी नै अवयव नभएको कारण स्पष्ट चिन्न गाह्रो छ। त्यसैले यो अजन्मा ब्रह्म दीनभाव नभएको छ। जसरी कुनै वस्तु सबैतिरबाट उत्पन्न पनि हुन्न नष्ट पनि हुन्न। डोरी सर्पझैं भ्रमबाट उत्पन्न भएर पनि वास्तवमा उत्पन्न हुन्न र यसैले सबैतिरबाट अजन्मा ब्रह्ममै रहन्छ। त्यो प्रकार के हो, सुन, म बताउँछु भन्ने यस श्लोकको अर्थ हो ॥२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

आत्मा ह्याकाशवज्जीवैर्घटाकाशैरिवोदितः ।
घटादिवच्च संघातैर्जातावेतन्निदर्शनम् ॥३॥

आत्मा आकाश हो जीव घटाकाशस्वरूप हो ।
माटोबाट घडाजस्तै पृथ्वी उत्पत्ति जाननु ॥३॥

भाष्य

अजाति ब्रह्माकार्पण्यं वक्ष्यामीति यत्प्रतिज्ञातं तत्सिद्धयर्थं हेतुं दृष्टान्तं च वक्ष्यामीत्याह । आत्मा परो हि यस्मादाकाशवत्सूक्ष्मो निरवयवः सर्वगतस्तस्मादाकाशवदुक्तो जीवैः क्षेत्रज्ञैर्घटाकाशैरिव घटाकाशतुल्यैः उदित उक्तः । स एवाऽऽकाशसम पर आत्मा । अथवा घटाकाशैर्यथाऽऽकाश उदित उत्पन्नस्तथा परो जीवात्मभिरुत्पन्नो जीवात्मनां परस्मादात्मन उत्पत्तिर्या श्रूयते वेदान्तेषु सा महाकाशाद्घटाकाशोत्पत्तिसमा न परमार्थत इत्यभिप्रायः । तस्मादेवाऽऽकाशाद् घटादयः संघाता यथोत्पद्यन्त एवमाकाशस्थानीयात्परमात्मनः पृथिव्यादिभूतसंघाता आध्यात्मिकाश्च कार्यकरणलक्षणा रज्जुसर्पवद्विकल्पिता जायन्ते । अत उच्यते घटादिवच्च सघातैरुदित इति । यदा मन्दवुद्धिं प्रतिपिपादयिषया श्रुत्याऽऽत्मनो जातिरुच्यते जीवादीनां तदा जातावुपगम्यमानायामेतन्निदर्शनं दृष्टान्तो यथोदिताकाशवदित्यादिः ॥३॥

अर्थ– दीनभाव नभएको अजन्मा ब्रह्मलाई बताउने जुन प्रतिज्ञा गरिएको थियो त्यसको सिद्धिको लागि हेतु र दृष्टान्त बताउने आशयले भनिन्छ– किनकि परमात्मा आकाशझैं सूक्ष्म, निरवयव र सर्वव्यापक भनिएको छ। त्यो महाकाशबाट घटाकाशजस्तै क्षेत्रज्ञ जीवरूप उत्पन्न भएको भनिन्छ। यसैले त्यो परमात्मा महाकाश मानिएको छ। अथवा जसरी घटाकाशको रूपमा महाकाश उत्पन्न हुन्छ त्यसरी नै जीवात्माको रूपमा परमात्मा नै उत्पन्न हुन्छ। भाव यो हो कि श्रुतिहरूमा परमात्माबाट जीवात्माको उत्पत्ति जो सुनिएको छ त्यो महाकाशबाट घटाकाशको उत्पत्तिजस्तै हो। परमार्थरूपले यो कुरा होइन। त्यसै महाकाशवाट जसरी घटाकाश आदि समूह उत्पन्न हुन्छन् त्यस्तै नै महाकाश स्थानीय परमात्मावाट पृथ्व्यादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृष्टिसमूह र आध्यात्मिक कार्यकरण लक्षण भएका डोरी सर्पझैं कल्पना गरिएका उत्पन्न हुन्छन्। त्यसैले भनिन्छ, घटादिजस्तै समूह उब्जियो भनेर। जसरी मन्दबुद्धि साधकलाई बताउने उद्देश्यले श्रुतिले जीवात्माको उत्पत्ति बताएको छ तब त्यसको उत्पत्ति मानिन्छ भन्नमा पूर्वोक्त आकाश आदि दृष्टान्त मान्नुपर्छ। परमात्माबाट जीव उत्पत्ति मान्नमा अरुदृष्टान्तको आश्रय लिनु अपसिद्धान्त हुन लाग्ला ॥३॥

कारिका

घटादिषु प्रलीनेषु घटाकाशादयो यथा ॥
आकाशे संप्रलीयन्ते तद्वज्जीवा इहाऽऽत्मनि ॥४॥

घटाकाश घडा फुट्दा महाकाश मिलेसरि ।
जीव मिल्दछ आत्मामा देह मर्दा त्यसै गरी ॥४॥

भाष्य

यथा घटाद्युत्पत्त्या घटाकाशाद्युत्पत्तिः। यथा च घटादिप्रलये घटाकाशादि प्रलयस्तद्वद्देहादिसंघातोत्पत्त्या जीवोत्पत्तिस्तत्प्रलये च जीवानामिहाऽऽत्मनि प्रलयो न स्वत इत्यर्थः ॥४॥

अर्थ– जसरी घटादि उत्पत्ति हुँदा घटाकाश उत्पन्न हुन्छ त्यस्तै घटादि हराउँदा घटाकाश हराउँछ। त्यस्तै देहादि समूह उत्पन्न हुँदा जीवात्माको उत्पत्ति हुन्छ र देहसमूहको नाश हुँदा जीवात्माको परमात्मामा विलय मानिएको छ। तर स्वरूपले महाकाशजस्तै जीवको न उत्पत्ति हुन्छ न नाश नै ॥४॥

कारिका

यथैकस्मिन्घटाकाशे रजोधूमादिभिर्युते ।
न सर्वे संप्रयुज्यन्ते तद्वज्जीवाः सुखादिभिः ॥५॥

जस्तो यौटा घटाकाश धूवाँ धूलो परे पनि ।
धमिलिन्नन् अरू सब त्यस्तै हो जीवको कुरा ।
यौटा जीव सुखी बन्दा अरू त्यस्तो कहाँ हुनु ॥५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

सर्वदेहेष्वात्मैकत्व एकस्मिञ्जननमरणसुखादिमत्यात्मनि सर्वात्मनां तत्संबंधः क्रियाफलसांकर्यं च स्यादिति य आहुर्द्वैतिनस्तान्प्रतीदमुच्यते। यथैकस्मिन्घटाकाशे रजो धूमादिभिर्युते संयुक्ते न सर्वे घटाकाशादयस्तद्रजोधूमादिभिः संयुज्यन्ते तद्वज्जीवाः सुखादिभिः।

नन्वेक एवाऽऽत्मा। वाढम्। ननु न श्रुतं त्वयाऽऽकाशवत्सर्वसंघातेष्वेक एवाऽऽत्मेति। यद्येक एवात्मा तर्हि सर्वत्र सुखी दुखी च स्यात्। न चेदं सांख्यचोद्यं संभवति। न हि सांख्य आत्मनः सुखदुःखादिमत्वमिच्छति बुद्धिसमवायाभ्युपगमात्सुखदुःखादीनाम्। न चोपलब्धिस्वरूपस्याऽऽत्मनो भेदकल्पनायां प्रमाणमस्ति। भेदाभावे प्रधानस्य पारार्थ्यानुपपत्तिरिति चेत्। न। प्रधानकृतस्यार्थस्याऽऽत्मन्यसमवायात्। यदि हि प्रधानकृतो वन्धो मोक्षो वाऽर्थः पुरुषेषु भेदेन समवैति ततः प्रधानस्य पारार्थ्यमात्मैकत्वे नोपपद्यत इति युक्ता पुरुषभेदकल्पना। न च सांख्यैर्वन्धो मोक्षो वाऽर्थः पुरुषसमवेतोऽभ्युपगम्यते। निर्विशेषाश्च चेतनमात्रा आत्मानोऽभ्युपगम्यन्ते। अतः पुरुषसत्तामात्रप्रयुक्तमेव प्रधानस्य पारार्थ्यं सिद्धं न तु पुरुषभेद प्रयुक्तमिति।

अतः पुरुषभेद कल्पनायां न प्रधानस्य पारार्थ्यं हेतुः। न चान्यत्पुरुषभेदकल्पनायां प्रमाणमस्ति सांख्यानाम्। परसत्तामात्रमेव चैतन्निमित्तीकृत्य स्वयं बध्यते मुच्यते च प्रधानम्। परश्चोपलब्धिमात्रसत्तास्वरूपेण प्रधानप्रवृत्तौ हेतुर्न केनचिद्विशेषेणेति। केवलमूढतयैव पुरुषभेदकल्पना वेदार्थपरित्यागश्च। ये त्वाहुर्वैशेषिकादय इच्छादय आत्मसमवायिन इति। तदप्यसत्। स्मृतिहेतूनां संस्काराणामप्रदेशवत्यात्मन्यसमवायात्।

आत्ममनःसंयोगाच्च स्मृत्युत्पत्तेः स्मृतिनियमानुपपत्तिः। युगपद्वा सर्वस्मृत्युत्पत्तिप्रसङ्गः। न च भिन्नजातीयानां स्पर्शादिहीनानामात्मनां मन आदिभिः संवंधो युक्तः। न च द्रव्याद्रूपादयो गुणाः कर्मसामान्यविशेषसमवाया वा भिन्नाः सन्ति परेषाम्। यदि ह्यत्यन्तभिन्ना एव द्रव्यात्स्युरिच्छादयश्चाऽऽत्मनस्तथा च सति द्रव्येण तेषां संवंधानुपपत्तिः। अयुतसिद्धानां समवायलक्षणः संबंधो न विरुध्यत इति चेत्। न।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छादिभ्योऽनित्येभ्य आत्मनो नित्यस्य पूर्वसिद्धत्वान्नायुतसिद्धत्वोपपत्तिः। आत्मनाऽयुतसिद्धत्वे चेच्छादीनामात्मगतमहत्ववन्नित्यत्वप्रसङ्गः। स चानिष्टः। आत्मनोऽनिर्मोक्षप्रसङ्गात्।

समवायस्य च द्रव्यादन्यत्वे सति द्रव्येण संबंधान्तरं वाच्यं यथा द्रव्यगुणयोः। समवायो नित्यसंबंध एवेति न वाच्यमिति चेत्तथा च समवायसंबंधवतां नित्यसंबंधप्रसङ्गात्पृथक्त्वानुपपत्तिः। अत्यन्तपृथक्त्वे च द्रव्यादीनां स्पर्शवदस्पर्शद्रव्ययोरिव षष्ठ्यर्थानुपपत्तिः। इच्छाद्युपजनापायवद्गुणवत्त्वे चाऽऽत्मनोऽनित्यत्वप्रसङ्गः। देहफलादिवत्सावयवत्वं विक्रियावत्त्वं च देहादिवदेवेति दोषावपरिहार्यौ। यथा त्वाकाशस्याविद्याध्यारोपितरजोधूममलत्वादिदोषवत्वं तथाऽऽत्मनोऽविद्याध्यारोपितवुद्ध्याद्युपाधिकृतसुखदुःखादिदोषवत्वे बन्धमोक्षादयो व्यावहारिका न बिरुध्यन्ते। सर्ववादिभिरविद्याकृतव्यवहाराभ्युपगमात्परमार्थानभ्युपगमाच्च। तस्मादात्मभेदपरिकल्पना वृथैव तार्किकैः क्रियत इति ॥५॥

अर्थ– सबै देहमा एउटै आत्मा भए त एउटा देहमा जन्म-मरण सुखादि हुने आत्मामा सर्वात्माको सो सम्बन्ध क्रिया र फलको सांकर्य अर्थात् अनुचित मिसावट होला भन्ने द्वैतवादीको कुरामा भनिन्छ– जसरी एउटा घटाकाश धूलो-धूवाँयुक्त हुँदैमा अरू घटाकाश त्यस्तो हुन्नन् त्यस्तै एक जीव सुखादिले लिप्त हुँदैमा सबै त्यसो हुन्नन्।

आत्मा त यौटै छ तर आत्मभेद मानेर कसरी समाधान दिन्छौ भन्ने तर्कको उत्तरमा भनिन्छ– सबै प्राणीमा आकाशजस्तै आत्मा यौटै हो। त्यसो भए सबै प्राणीमा रहेको आत्मामध्ये कुनै सुखी कुनै दुःखी नभई सबै एकैनास हुनुपर्ने हो। सांख्यहरूले गर्ने यो शंका ठीक छैन। किनभने उनीहरू आत्मामा सुख-दुःख स्वीकार गर्दैनन्। सुख-दुःख आदि त बुद्धिमा मानिन्छ। ती आत्माका धर्म होइनन्। यसको अतिरिक्त ज्ञानस्वरूप आत्माको भेदको कल्पनामा कुनै प्रमाण पनि छैन। भेद छैन भने प्रधानको परार्थता सिद्ध हुन्न त भन्ने हो भने सो होइन। प्रधानद्वारा सम्पादित प्रयोजनको आत्मासँग कुनै सम्बन्ध छैन। यदि प्रधानले गरेको वन्ध र मोक्ष पुरुषमा भिन्दाभिन्दै रहन्थे त आत्माको एकत्व मानेपछि प्रधानको परार्थता युक्तिसंगत हुन सक्दैन। यस्तो स्थितिमा पुरुषको नानात्व कल्पना ठीक नै मानिएला। तर सांख्यले वन्ध या मोक्ष पुरुषमा मानेका छैनन्। उनीहरू आत्मालाई निर्विशेष, असंग, चेतन मात्र मान्दछन्। त्यसैले प्रधानमा परार्थता पुरुषसत्ता मात्रले प्रयोग गरेको नै सिद्ध हुन्छ। न कि पुरुष भेद प्रयुक्त।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले पुरुषमा भेद कल्पना गरेर प्रधानको परार्थतामा कुनै हेतु रहन्न । भेद कल्पनामा सांख्यहरूसँग कुनै प्रमाण पनि छैन । आत्माको सत्तामात्रलाई निमित्त बनाएर यो स्वयं प्रधान नै बाँधिन्छ, मुक्त पनि हुन्छ । प्रधानको प्रवृत्तिमा ज्ञान मात्र सत्तास्वरूपले नै पुरुष हेतु मानिएको छ। अरू कुनैको कारण होइन ।

अत: खाली मूर्खताको कारणले नै पुरुष भेदको कल्पना सांख्यहरूले गरेका छन् र वेदको अर्थको त्याग गरेका छन् । यसको अतिरिक्त वैशेषिक आदि मतावलम्बीहरूले जो भनेका छन् कि इच्छा आदि आत्मामा समवाय सम्बन्धले रहन्छन्, यस्तो भनाइ सर्वथा असंगत छ। स्मृतिको असाधरण कारण संस्कारहरूको निरवयव आत्मासँग समवाय सम्बन्ध हुन सक्दैन । आत्मा र मनको संयोग मात्रले स्मृतिको उत्पत्ति मानेमा स्मृति नियमको सिद्धि हुन सक्दैन । एकसाथ सबै स्मृतिको उत्पत्तिको प्रसङ्ग पनि आउला । त्यसैले स्मृतिको संस्कारलाई असाधारण मान्नु नै पर्छ। यसको निरवयव आत्मामा समवाय सम्बन्ध मान्नु असंभव छ। यसको अतिरिक्त स्पर्शादिहीन भिन्नभिन्न प्रकार भएका आत्माहरूका मन आदिसँग सम्बन्ध मान्नु युक्तिसंगत पनि छैन । द्रव्यबाट रूप आदि गुण कर्म समान्य विशेष वा समवाय अरू मतावलम्बीहरूको दृष्टिमा फरक छैनन् । यदि वेदान्तीहरूको मतमा इच्छा आदि आत्मरूप द्रव्यबाट अत्यन्त भिन्न नै छन् भने फेरि त्यस द्रव्यसँग ती इच्छा आदिको सम्बन्ध सिद्ध हुन नसक्ला ।

यदि भन्छौ कि अयुतसिद्ध पदार्थहरूको समवाय सिद्ध मान्नुमा कुनै विरोध छैन त यसो भन्नु ठीक छैन । किनभने अनित्य इच्छाहरूभन्दा नित्य आत्मा पहिलेबाट नै सिद्ध छ। त्यसैले यसको अयुतसिद्धि सर्वथा संभव छैन । यदि इच्छाहरू आत्मासँग अयुत सिद्ध छन् त, आत्मासँग समवाय सम्बन्धले रहने परम महत परिमाण नित्य हो र त्यस्तै त्यही समवाय सम्बन्धले रहने इच्छा आदि पनि नित्य हुन लाग्लान्, जो उपयुक्त छैन । किनभने यस्तो मानेमा आत्मामा मोक्षको अभावको कुरा आउला ।

यदि समवाय सम्बन्ध, आफ्नो समवायी द्रव्यबाट भिन्न छ त त्यसको द्रव्यसँग सम्बन्ध मान्नुमा अरु सम्बन्धको पनि कल्पना गर्नुपर्ला । जसरी द्रव्यबाट भिन्न गुण द्रव्यमा समवाय सम्बन्धले रहन्छ त्यस्तै द्रव्यबाट भिन्न समवाय सम्बन्ध पनि कुनै न कुनै सम्बन्धले रहनुपर्छ । यदि भन्छौ कि समवाय नित्य सम्बन्ध स्वरूप नै हो त द्रव्यमा समवायको रहनको लागि कुनै सम्बन्ध बनाउनुपर्ने जरुरी छैन भन्नु ठीक होइन । किनभने यस्तो अवस्थामा समवाय सम्बन्ध हुनेहरूको सम्बन्ध नित्य भएकाले त्यसको पृथक्ता सिद्ध नहोला । यसको अतिरिक्त द्रव्यहरूलाई परस्पर अत्यन्त भिन्न मान्छौ भने जसरी स्पर्श हुने र नहुने द्रव्यमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पस्पर सम्बन्ध हुन्न त्यसै गरी उनको सम्बन्ध पनि युक्तिपूर्वक सिद्ध नहोला । यदि इच्छाहरूको उत्पत्तिस्थल नाश हुने गुणहरू भएको आत्मालाई मान्दछौ भने आत्मा अनित्य हुन लाग्ला ।

शरीर र फलहरू जस्तै आत्मालाई सावयव र विकारी मान्दा त ती दुवै दोष हराउन सक्दैनन् । जसरी आकाशलाई धूलो, धूवाँ भएको दोष लाग्दछ त्यस्तै आत्मालाई अविद्याकल्पित बुद्धि आदि उपाधिका कारण सुख-दुःख आदिको दोष लाग्ला । यस स्थितिमा वन्ध मोक्ष आदिलाई व्यावहारिक मान्नुमा कुनै विरोध छैन । किनभने सबै मतावलम्बीहरूले व्यवहारलाई अविद्याकृत मानेका छन्, परमार्थिक होइन । आत्मामा मनुष्यत्व आदि धर्म जब कल्पित हो त त्यसले प्रयोग गर्ने लौकिक वा वैदिक व्यवहार पनि कल्पित नै मानिएलान् । यसै अभिप्रायले भनियो कि सबै मतावलम्बीहरूले व्यवहारलाई अविद्याकृत भनेका छन् । त्यसैले तार्किकहरूले आत्माको भिन्नताको परिकल्पना व्यर्थै गरेका छन् भनेर भनियो ॥५॥

कारिका

रूपकार्यसमाख्याश्च भिद्यन्ते तत्र तत्र वै ।
आकाशस्य न भेदोऽस्ति तद्वज्जीवेषु निर्णयः ॥६॥

घैंटो थरी-थरी हुन्छ रूप काम र नाममा ।
आकाश त्यसमा बस्ने तर यौटै बराबर ।
जीवात्मा देहको बारे तथ्य जान्न मुमुक्षुले ।
घटाकाश बुझे पुग्छ पूर्वोक्त उपमा गुनी ॥६॥

भाष्य

कथं पुनरात्मभेदनिमित्त इव व्यवहार एकस्मिन्नात्मन्यविद्याकृत उपपद्यत इति । उच्यते । यथेहाऽऽकाश एकस्मिन्घटकरकापवरकाद्याकाशानामल्पत्वमहत्वादिरूपाणि भिद्यन्ते तथा कार्यमुदकाहरणधारणशयनादिसमाख्याश्च घटाकाशकरकाकाश इत्याद्यास्तत्कृताश्च भिन्ना दृश्यन्ते । तत्र तत्र वै व्यवहारविषय इत्यर्थः । सर्वोऽयमाकाशे रूपादिभेदकृतो व्यवहारो न परमार्थ एव । परमार्थतस्त्वाकाशस्य न भेदोऽस्ति । न चाऽऽकाशभेदनिमित्तो व्यवहारोऽस्त्यन्तरेण परोपाधिकृतं द्वारम् । यथैतत्तद्वद्देहोपाधिभेदकृतेषु जीवेषु घटाकाशस्थानीयेष्वात्मसु निरूपणात्कृतो बुद्धिमद्भिर्निर्णयो निश्चय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यर्थः ॥६॥

अर्थ– यौटै आत्मालाई अविद्याले भिन्न-भिन्न बताउने कुरा कसरी सम्भव होला भन्दा बताइन्छ– जसरी यौटै आकाश घडा, कमण्डलु, कोठा आदिमा सानो-ठूलो विभिन्न रूपमा रहन्छ र व्यवहारमा पानी ल्याउने, पानी राख्ने, सुत्ने आदि काम र घटाकाश, कमण्डलु आकाश, मठाकाश आदि नामले बोलाइन्छ। तर परमार्थ रूपमा आकाश एउटै छ, भेद छैन। भेद अरु उपाधिका कारण देखिएको हो। त्यस्तै देहादि उपाधिका भेदले जीवात्मामा भेद देखिएको हो। वास्तवमा आकाश एउटै भएजस्तै आत्मा एक छ र उपरोक्त अनुसार आत्मामा देखिने भेद र त्यसको व्यवहार औपाधिक हो, परमार्थिक होइन ॥६॥

कारिका

नाऽऽकाशस्य घटाकाशो विकारावयवौ यथा।
नैवाऽऽत्मनः सदा जीवो विकारावयवौ तथा ॥७॥

आत्माको हैन यो जीव अङ्ग नै न विकार हो।
त्यस्तै महाकाशको यो घटाकाश पनि बुझौं ॥७॥

भाष्य

ननु तत्र परमार्थकृत एव घटाकाशादिषु रूपकार्यादिभेदव्यवहार इति। नैतदस्ति। यस्मात्परमार्थाकाशस्य घटाकाशो न विकारः। यथा सुवर्णस्य रुचकादिर्यथा वाऽपां फेनबुद्बुदहिमादिः। नाप्यवयवो यथा वृक्षस्य शाखादिः। न तथा ऽऽकाशस्य घटाकाशो विकारावयवौ यथा तथा नवाऽऽत्मनः परस्य परमार्थसतो महाकाश स्थानीयस्य घटाकाशस्थानीयो जीवः सदा सर्वदा यथोक्तदृष्टान्तवन्नविकारो नाप्यवयवः। अत आत्मभेदकृतो व्यवहारो मृषैवेत्यर्थः ॥७॥

अर्थ– घटाकांशमा रूप, कार्य आदि व्यवहार परमार्थिक हो त भन्ने तर्कको उत्तरमा भनिन्छ– यस्तो भन्नु उचित छैन। किनभने परमार्थिक आकाशको घटाकाश विकार होइन। जसरी सुनको विकार रुचकादि र जलको विकार फिंज, फोका र हिउँ आदि हुन्, त्यस्तो विकार महाकाशको घटाकाश होइन। जसरी रूखका हाँगा पात आदि हुन्छन् त्यस्तो पनि घटाकाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाकाशको होइन । त्यस्तै परमात्माको स्थानीय जीव कुनै पनि हालतमा विकार वा अवयव अलिकति पनि होइन । अतः आत्मभेदको कारण उत्पन्न व्यवहार आत्माको विषयमा मिथ्या हो, परमार्थ होइन ॥७॥

कारिका

यथा भवति बालानां गगनं मलिनं मलैः ।
तथा भवत्यबुद्धानामात्मा ऽपि मलिनो मलैः ॥८॥

मूर्खले भन्छ आकाश धमिलो यदि भो धूवाँ ।
अविवेकी भन्छ आत्मा मलिनो रागद्वेषले ॥८॥

भाष्य

यस्माद्यथा घटाकाशादिभेदबुद्धिनिबन्धनो रूपकार्यादिभेदव्यवहारस्तथा देहोपाधिजीवभेदकृतो जन्म-मरणादिव्यवहारस्तस्मात्तत्कृतमेव क्लेशकर्मफलमलवत्त्वमात्मानो न परमार्थत इत्येतमर्थं दृष्टान्तेन प्रतिपादयिषन्नाह– यथा भवति लोके बालानामविवेकिनां गगनमाकाशं घनरजोधूमादिमलैर्मलिनं मलवन्न गगनं मलवद्याथात्म्यविवेकिनाम्, तथा भवत्यात्मा परोऽपि यो विज्ञाता प्रत्यक्क्लेशकर्मफलमलैर्मलिनोऽबुद्धानां प्रत्यगात्मविवेकरहितानां नाऽऽत्मविवेकवताम् । न ह्यूषरदेशस्तृड्वत्प्राण्यध्यारोपितोदकफेनतरङ्गादिमांस्तथा नाऽऽत्माऽबुधारोपितक्लेशादिमलैर्मलिनो भवतीत्यर्थः ॥८॥

अर्थ– जसरी घटाकाश आदि भेदबुद्धिको कारण रूप र कामको भेद देखिन्छ त्यस्तै देहरूप उपाधिभित्र रहेको जीवभेदको कारण जन्ममरण आदि व्यवहार हुन् । त्यसैले आत्माको अविद्या आदि क्लेश शुभ-अशुभ कर्म, त्यसको फलरूप मलले युक्त हुनु पनि औपाधिक नै हो, पारमार्थिक होइन ।

यसलाई अझ स्पष्ट पार्दै दृष्टान्त दिँदै भनिन्छ– अविवेकी पुरुषको दृष्टिमा आकाश बादल, धूवाँ र धूलोद्वारा मलीन हुन्छ तर आकाश तत्त्व जान्ने विवेकीको दृष्टिमा होइन । त्यस्तै परमात्मा, जो विज्ञाता, प्रत्यक र सर्वसाक्षी छ, अविवेकी, शून्य र अज्ञानीको दृष्टिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र क्लेश, कर्म फलरूप मलले मलीन हुन्छ । आत्मज्ञानीको दृष्टिमा होइन । जसरी मरुभूमि प्यासी प्राणीद्वारा कल्पना गरिने फेन तरङ्ग आदि मृगमरीचिकाको कारण पानी भएको हुन सक्दैन त्यस्तै आत्मा पनि अज्ञानीद्वारा कल्पित उक्त क्लेश आदि मलले मलीन हुन्न ॥८॥

कारिका

मरणे संभवे चैव गत्यागमनयोरपि ।
स्थितौ सर्वशरीरेषु आकाशेनाविलक्षणः ॥९॥

सबै शरीरमा आत्मा जन्मँदा मरदा पनि ।
एकै रूप लिई बस्छ घैंटोमा नभभैं गरी ॥९॥

भाष्य

पुनरप्युक्तमेवार्थं प्रपंचयति– घटाकाशजन्मनाशगमनागमनस्थितिवत्सर्वशरीरेष्वात्मनो जन्ममरणादिराकाशेनाविलक्षणः प्रत्येतव्य इत्यर्थः ॥९॥

अर्थ– फेरि पनि माथि बताइएकै कुरालाई विस्तारले बताउँछन्– घटाकाशको जन्म, नाश, आगमन र स्थिति जसरी छ त्यस्तै आत्माको जन्म-मरण आदि पनि छ । अर्थात् जन्म मरण आदि व्यवहारले सर्वथा विलक्षण भएजस्तै आत्मालाई सम्झनुपर्छ ।

कारिका

संघाताः स्वप्नवत्सर्वे आत्ममाया विसर्जिताः ।
आधिक्ये सर्वसाम्ये वा नोपपत्तिर्हि विद्यते ॥१०॥

आत्म अज्ञानले देख्छौ सबै नै सृष्टि देह यी
पशु मानव औ देव शरीर सब एक छन् ॥१०॥

भाष्य

घटादिस्थानीयास्तु देहादिसंघाताः स्वप्नदृश्यदेहादिवन्मायाविकृतदेहादिवच्चाऽऽत्ममायाविसर्जिता आत्मनो मायाऽविद्या तया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्युपस्थापिता न परमार्थतः सन्तीत्यर्थः। यद्याधिक्यमधिकभावस्तिर्यग्देहाद्यपेक्षया देहादिकार्यकरणसंघातानां यदि वा सर्वेषां समतैव नैषामुपपत्तिः संभवः सद्भावप्रतिपादको हेतुर्विद्यते। नास्ति हि यस्या तस्मादविद्याकृता एव न परमार्थतः सन्तीत्यर्थः ॥१०॥

अर्थ– घट आदि जस्ता देहहरू स्वप्नमा देखिने देहादिजस्तै मायावीले बनाएका देहादिझैं नै आत्मदेवको मायाले बनाइएका हुन् । आत्माको माया भन्नु अविद्या हो । त्यसैको कारण देह आदि खडा भएका छन् । परमार्थ दृष्टिले यो होइन । यदि सांसारिक प्राणीको भन्दा स्वर्गका देवताको कामकुरामा केही अधिकता देखिन्छ वा परमार्थ दृष्टिले सबैमा समानता नै प्रतीत हुन्छ तापनि इनको सत्तालाई सिद्ध गर्न तर्कपूर्ण हेतु छैन । यसो भएकाले देह आदि सबै कुरा अविद्याबाट उत्पन्न नै हुन् ॥१०॥

कारिका

रसादयो हि ये कोशा व्याख्यातास्तैत्तरीयके।
तेषामात्मा परो जीवः खं यथा संप्रकाशितः ॥११॥

रसादि कोशहरूको बयान तैत्तरीयमा।
गरिएको छ तिनको आत्मा नै मुख्य जीव हो।
विराट आकाशसरि आत्मा व्यापक रूप छ ॥११॥

भाष्य

उत्पत्त्यादिवर्जितस्याद्वयस्याऽऽत्मतत्वस्य श्रुतिप्रमाणकत्वप्रदर्शनार्थं वाक्यान्युपन्यस्यन्ते। रसादयोऽन्नरसमयः प्राणमयः इत्येवमादयः कोशा इव कोशा अस्यादेरिवोत्तरोत्तरस्यापेक्षया बहिर्भावात्पूर्वपूर्वस्य व्याख्याता विस्पष्टमाख्यातास्तैत्तरीयके तैत्तरीयकशाखोपनिषद्वल्ल्यां तेषां कोषानामात्मा येना ऽऽत्मना पञ्चापि कोशा आत्मवन्तोऽन्तरतमेन। स हि सर्वेषां जीवननिमित्तत्वाज्जीवः। को ऽसावित्याह। पर एवा ऽऽत्मा यः पूर्वम् "सत्यं ज्ञानमनन्तं ब्रह्म" इति प्रकृतः। यस्मादात्मनः स्वप्नमायादिवदाकाशादिक्रमेण रसादयः कोशलक्षणाः संघाता आत्ममायाविसर्जिता इत्युक्तम्। स आत्माऽस्माभिर्यथा खं तथेति संप्रकाशित आत्माह्याकाशवदित्यादिश्लोकैः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न तार्किकपरिकल्पितात्मवत्पुरुषबुद्धिप्रमाणगम्य इत्यभिप्रायः ॥११॥

अर्थ– उत्पत्ति आदि नभएको अद्वितीय आत्माको श्रुति प्रमाण देखाउन अगाडिका कारिकामा श्रुतिवाक्यको उल्लेख हुन्छ । अन्न रसमय र प्राणमय इत्यादि कोशहरूको व्याख्या तैत्तरीय उपनिषद्‌मा स्पष्ट बताइएको छ । ती कोश तरबारको कोश (खोल) जस्तै आत्मालाई ढाक्ने भएकाले उत्तर-उत्तरभन्दा पूर्व-पूर्व कोशमा वहिर्भाव छ । यस्तो बताइएको छ । यस कोशको जुन आत्मा छ, जसअन्तर्तम आत्माबाट यी पाँचै कोश आत्मवान् भएका छन् । त्यही यौटा मात्र सबैको निमित्त भएको कारण जीव भनिन्छ । आखिर यो को हो ? यसमा भनिन्छ– त्यो परमात्मा नै हो । यसलाई पहिले 'सत्य ज्ञान र अनन्त ब्रह्म हो' इत्यादिबाट प्रसंग आरम्भ गरिएको थियो । यस आत्माबाट स्वप्न मायाभैं आकाश आदि क्रमले कोशरूपी अन्नमय सृष्टि रचिएको छ । यसैको मायाले नै इनको रचना भएको हो, यस्तो तैत्तरीयमा भनिएको छ । यस आत्मालाई हामीले पनि 'आत्मा आकाशजस्तो छ' भनेर कारिकाहरूमा व्यापक बताएका छौं । तार्किकहरूले परिकल्पित आत्माभैं पुरुषको बुद्धिप्रमाणले चिनिने परमात्माभैं परमात्मा होइन भन्ने हाम्रो अभिप्राय हो ॥११॥

कारिका

द्वयोर्द्वयोर्मधुज्ञाने परं ब्रह्म प्रकाशितम् ।
पृथिव्यामुदरे चैव यथाऽऽकाशः प्रकाशितः ॥१२॥

पेटभित्र पृथिवीमा यौटै आकाश जस्तरी ।
आधिदैव जगत र अध्यात्म देहमा पनि ।
ब्रह्म यौटै रहेको छ समतासाथ त्यस्तरी ॥१२॥

भाष्य

किं चाधिदैवमध्यात्मं च तेजोमयो ऽमृतमयः पुरुषः पृथिव्याद्यन्तर्गतो यो विज्ञाता पर एवाऽऽत्मा ब्रह्म सर्वमिति द्वयोर्द्वयोराऽऽद्वैतक्षयात्परं ब्रह्म प्रकाशितम् । क्वेत्याह । ब्रह्मविद्याख्यं मध्वमृतममृतत्वं मोदनहेतुत्वाद्विज्ञायते यस्मिन्निति मधुज्ञानं मधुब्राह्मणं तस्मिन्नित्यर्थ किमिवेत्याह । पृथिव्यामुदरे चैव यथैक आकाशोऽनुमानेन प्रकाशितो लोके तद्वदित्यर्थः ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– अधिदैव र अध्यात्म भेदले पृथिवीभित्र जुन तेजोमय र अमृतमय पुरुष बताइएको छ त्यो विज्ञाता परब्रह्म परमात्मा नै ब्रह्म सबै हो। यसरी द्वैत नहटाउन्जेल अध्यात्म र अधिदैव दुवै ठाउँमा परब्रह्म नै प्रकाशित छ भनेर मधुब्राह्मणको द्वितीय अध्यायको पंचम ब्राह्मणमा बताइएको छ। त्यहाँ यो पनि बताइएको छ कि पृथिवी र पेटभित्र एउटै आकाश प्रकाशित भएझैं एउटै आत्मा अधिदैव र अध्यात्म दुवैतिर प्रकाशित छ ॥१२॥

कारिका

जीवात्मनोरनन्यत्वमभेदेन प्रशस्यते।
नानात्वं निन्द्यते यच्च तदेवं हि समञ्जसम् ॥१३॥

जीवात्मा एक हो हैन भेद यो गर निश्चय।
भेद मान्ने निन्द्य हुन्छ एक हो शास्त्रसम्मत ॥१३॥

भाष्य

यद्युक्तितः श्रुतितश्च निर्धारितं जीवस्य परस्य चाऽऽत्मनो जीवात्मनोरनन्यत्वमभेदेन प्रशस्यते स्तूयते शास्त्रेण व्यासादिभिश्च। यच्च सर्वप्राणिसाधारणं स्वाभाविकं शास्त्रवहिष्कृतैः कुतार्किकैर्विरचितं नानात्वदर्शनं निन्द्यते "न तु तद्द्वितीयमस्ति" "द्वितीयाद्वै भयं भवति" "उदरमन्तरं कुरुते अथ तस्य भयं भवति" "इदं सर्वं यदयमात्मा" "मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति" इत्यादिवाक्यैश्चान्यैश्च ब्रह्मविद्भिः। यच्चैतत्तदेवं हि समञ्जसमृज्ववबोधं न्याय्यमित्यर्थः। यास्तु तर्किकपरिकल्पिताः कुदृष्टयस्ता अनृज्व्यो निरूप्यमाणा न घटनां प्राञ्चन्तीत्यभिप्रायः ॥१३॥

अर्थ– जीवात्मा र परमात्माको एकत्व शास्त्र र युक्तिबाट पनि निश्चय गरिएको छ। यस एकत्वको प्रशंसा एक स्वरले शास्त्र र व्यास आदि ऋषिहरूले पनि गर्नुभएको छ। शास्त्रको बहिष्कार गर्ने कुतार्किकद्वारा बनाइएको नानात्व दर्शनलाई "यसको अतिरिक्त दोस्रो अरू कुनै छैन" "निःसन्देह दोस्रोबाट डर हुन्छ" "जसले अलिकति पनि भेद गर्छ उसलाई अवश्य पनि भय हुन्छ" "यो जे पनि नामरूप छ त्यो सबै आत्मा नै हो" "यहाँ जसले नानाझैं गरी हेर्दछ त्यो मृत्युबाट मृत्युमा पुग्छ" इत्यादि श्रुतिवाक्यहरूद्वारा तथा अरु ब्रह्मज्ञानीहरूबाट पनि निन्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ। हामीले बताएको एकत्व सरल, बोधगम्य र न्यायसंगत छ भने कुतार्किकद्वारा परिकल्पित नानात्व टेढो र अप्रासंगिक पनि छ ॥१३॥

कारिका

जीवात्मनोः पृथक्त्वं यत्प्रागुत्पत्तेः प्रकीर्तितम्।
भविष्यद्वृत्या गौणं तन्मुख्यत्वं हि न युज्यते ॥१४॥

जीवात्मा परमात्माको ब्रह्मज्ञान हुनुअघि।
बताइयो भेद त्यो त भविष्यवृत्ति मात्र हो।
गौण हो तर आखिरमा अभेद मुख्य वस्तु हो ॥१४॥

भाष्य

ननु श्रुत्याऽपि जीवपरमात्मनोः पृथक्त्वं यत्प्रागुत्पत्तेरुत्पत्यर्थोपनिषद्वाक्येभ्यः पूर्वं प्रकीर्तितं कर्मकाण्डे। अनेकशः कामभेदतः इदं कामो ऽदः काम इति। परश्च "स दधार पृथिवीं द्याम्" इत्यादि मन्त्रवर्णैः। तत्र कथं कर्मज्ञानकाण्डवाक्यविरोधे ज्ञानकाण्डवाक्यार्थस्यैवैकत्वस्य सामञ्जस्यमवधार्यत इति। अत्रोच्यते "यतो वा इमानि भूतानि जायन्ते" "यथाऽग्नेः क्षुद्राः विस्फुलिङ्गाः" "तस्माद्वा एतस्मादात्मन आकाशः संभूतः" "तदैक्षत" "तत्तेजोऽसृजत" इत्याद्युत्पत्यर्थोपनिषद्वाक्येभ्यः प्राक्पृथक्त्वं कर्मकाण्डे प्रकीर्तितं यत्तन्न परमार्थम्। किं तर्हि गौणम्। महाकाशघटाकाशादि भेदवत्। यथौदनं पचतीति भविष्यद्वृत्या तद्वत्। नहि भेदवाक्यानां कदाचिदपि मुख्यभेदार्थत्वमुपपद्यते। स्वाभाविकाविद्यावत्प्राणि भेददृष्टचनुवादित्वादात्मभेदवाक्यानाम्। इह चोपनिषत्सूत्पत्तिप्रलयादिवाक्यैर्जीवपरमात्मनोरेकत्वमेव प्रतिपिपादयिषितम्। "तत्त्वमसि" "अन्यो ऽसावन्यो ऽहमस्मीति न स वेद" इत्यादिभिः। अत उपनिषत्स्वेकत्वं श्रुत्या प्रतिपिपादयिषितं भविष्यतीति भाविनीमेकवृत्तिमाश्रित्य लोके भेददृष्टचनुवादो गौण एवेत्यभिप्रायः। अथ वा "तदैक्षत" "तत्तेजोऽसृजत" इत्याद्युत्पत्तेः प्राक् "एकमेवाद्वितीयम्" इत्येकत्वं प्रकीर्तितम्। तदैव च "तत्सत्यं स आत्मा तत्वमसि" इत्येकत्वं भविष्यतीति तां भविष्यद्वृत्तिमपेक्ष्य यज्जीवात्मनोः पृथक्त्वं यत्र क्वचिद्वाक्ये

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गम्यमानं तद्गौणम् । यथौदनं पचतीति तद्वत् ॥१४॥

अर्थ– जीवात्मा र परमात्मा फरक हुन् भन्ने कुरा तत्त्वबोध हुनुअघि कर्मकाण्डमा सृष्टिबोधक उपनिषद् वाक्यहरूद्वारा "यो इच्छ्य ऊ इच्छ्य" आदि भनेर बताइएको छ । किनभने कामनाका भेदले कर्मको भेद हुन्छ र कर्मको भेदले कर्ता पुरुषको भेद हुन्छ । यस्तै जीवबाट फरक परमात्मालाई "त्यस परमात्माले पृथ्वी र स्वर्गलाई धारण गरे" इत्यादि मन्त्रवर्णले बताएको छ । यसर्थ ज्ञानकाण्डमा बताइएको जीवात्मा र परमात्मा एक भन्ने कुरा युक्तियुक्त छैन त भन्ने तर्क सम्बन्धमा भनिन्छ– 'जसबाट यी सबै प्राणी उत्पन्न हुन्छन्' 'उसले निरीक्षण गऱ्यो' 'उसले तेजको सृष्टि गऱ्यो' 'जसरी आगोबाट साना-साना फिलिङ्गा निस्कन्छन्' 'त्यस्तै उस आत्माबाट आकाश उत्पन्न भयो' इत्यादि सृष्टिबोधक उपनिषद् वाक्यभन्दा पहिले कर्मकाण्डमा जुन पृथक्त्व बताइएको छ त्यो परमार्थिक होइन । यो महाकाशबाट घटाकाश आदि भेदजस्तै गौण हो । जसरी भविष्यमा भात पाक्ला भन्दा यस भविष्यत् वृत्तिको कारण वर्तमानमा पनि चामललाई भात पाक्दैछ भन्ने चलन छ त्यस्तै कर्मकाण्डमा बताइएको भेदलाई पनि सम्झनुपर्छ ।

उपनिषद्हरूमा उत्पत्ति र प्रलय जनाउने वाक्यहरूबाट जीव ब्रह्मको एकत्व बताउनु नै इष्ट छ । यसरी नै 'त्यो तिमी हौ' 'अरू त्यो अर्को म हुँ भन्नेले वस्तुतः जान्दैन' इत्यादि श्रुतिवाक्यहरूबाट जीव ब्रह्मको एकत्व नै बताइएको छ । यसरी भावी अभेद दृष्टिको आश्रय लिएर लौकिक सिद्ध भेददृष्टि गौण मानिएला । अथवा 'उसले निरीक्षण गऱ्यो' 'उसले तेजलाई बनायो' इत्यादि श्रुतिहरूद्वारा उत्पत्तिभन्दा पहिलेदेखि जो 'एउटा मात्र छ दोस्रो होइन' इत्यादि वाक्यबाट एकत्व बताइएको छ । 'ऊ सत्य छ, ऊ आत्मा हो र ऊ नै तिमी हौ' यसरी अगाडि एकत्व बताइएला, यही भविष्यवृत्ति एकत्वको अपेक्षा गरेर जुन जीवात्मा परमात्माको पृथक्त्व जहाँ पनि जानिएको छ त्यो गौण त्यसरी नै हो जसरी चामल पकाउनुलाई 'भात पाक्दैछ' भन्ने भनाइमा हुन्छ ॥१४॥

कारिका

मृल्लोहविस्फुलिङ्गाद्यैः सृष्टिर्या चोदिताऽन्यथा ।
उपायः सोऽवताराय नास्ति भेदः कथंचन ॥१५॥

माटो फलाम आगोका सृष्टि दृष्टान्त दीकन ।
परमात्माबाट उत्पत्ति विश्वको जो बताइयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुमुक्षुमा जीव ब्रह्म अभेद ज्ञान होस् भनी ।
यौटा उपाय मात्रै हो– वस्तुतः भेद छैन क्यै ॥१५॥

भाष्य

ननु यद्यप्युत्पत्तेः प्रागजं सर्वमेकमेवाद्वितीयं तथाऽप्युत्पत्तेरुर्ध्वं जातमिदं सर्वं जीवाश्च भिन्ना इति । मैवम् । अन्यार्थत्वादुत्पत्तिश्रुतीनाम् । पूर्वमपि परिहृत एवायं दोषः । स्वप्नवदात्ममायाविसर्जिताः संघाताः घटाकाशोत्पत्तिभेदादिवज्जीवानामुत्पत्तिभेदादिरिति । इत एवोत्पत्ति भेदादिश्रुतिभ्य आकृष्येह पुनरुत्पत्ति- श्रुतीनामैदंपर्यप्रतिपिपादयिषयोपन्यासः । मृल्लोहविस्फुलिङ्गादिदृष्टान्तोपन्यासैः सृष्टिर्या चोदिता प्रकाशिता ऽन्यथा च स सर्वः सृष्टिप्रकारो जीवपरमात्मैकत्वबुद्धयवतारायोपायोऽस्माकम् । यथा प्राणसंवादे वागाद्यासुरपाप्मवेधाद्याख्यायिका कल्पिता प्राणवैशिष्ट्यवोधावताराय । तदप्यसिद्धमिति चेत् । न । शाखा-भेदेष्वन्यथाऽन्यथा च प्राणादिसंवादश्रवणात् । यदि हि संवादः परमार्थ एवाभूदेकरुप एव संवादः सर्वशाखास्वश्रोष्यद्विरुद्धानेकप्रकारेण नाश्रोष्यत् । श्रूयते तु । तस्मान्न तादर्थ्यं संवादश्रुतीनाम् । तथोत्पत्तिवाक्यानि प्रत्येतव्यानि । कल्पसर्गभेदात्संवादश्रुतीनामुत्पत्तिश्रुतीनां च प्रतिसर्गमन्यथात्वमिति चेन्न । निष्प्रयोजनत्वाद्यथोक्तबुद्ध-यवतारप्रयोजनव्यतिरेकेण । न ह्यन्यप्रयोजनवत्वं संवादोत्पत्तिश्रुतीनां शक्यं कल्पयितुम् । तथात्वप्रतिपत्तये ध्यानार्थमिति चेन्न । कलहोत्त्पत्तिप्रलयानां प्रतिपत्तेरनिष्टत्वात् । तस्मादुत्पत्त्यादिश्रुतय आत्मैकत्वबुद्धयवतारायैव नान्यार्थाः कल्पयितुं युक्ताः । अतो नास्त्युत्पत्यादिकृतो भेदः कथंचन ॥१५॥

अर्थ– यदि भन्छौ कि उत्पत्तिभन्दा पहिले सबै जगत् अजन्मा सब एउटै अद्वितीय थियो र उत्पत्तिपछि सम्पूर्ण जगत् र जीव भिन्न नै हो, यस्तो भन्नु ठीक छैन । किनकि उत्पत्तिश्रुतिको प्रयोजन फरक छ । यसको परिहार हामीले पहिलेदेखि नै गर्दै आएका छौं कि स्वप्नझैं आत्माको मायाले बनेको देहादि समूह हो । घटाकाश उत्पत्ति भेदजस्तै जीवात्माको उत्पत्ति भेद छ । यद्यपि पहिले नै यसको समाधान दिइसकिएको छ तापनि उत्पत्तिभेद बताउने श्रुतिहरूको निष्कर्ष लिएर फेरि यहाँ उत्पत्ति आदि श्रुतिहरूको जीव परमात्मा एकत्व बताउने इच्छाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपन्यास गरिन्छ । माटो, फलामको डल्लो, आगोको फिलिङ्गा आदि दृष्टान्त दिँदै जुन भिन्न-भिन्न प्रकारको सृष्टि भनिएको छ त्यो सबै सृष्टि, प्रकार हामीलाई जीवात्मा परमात्माको एकत्व बताउने उपाय मात्र हो । जसरी प्राणसंवादमा वाणी आदि इन्द्रियहरूलाई असुरहरूद्वारा पाप वाणले हान्ने आदि कथाको कल्पना खाली प्राणको विशेषता बताउनको लागि गरिएको छ न कि यस्तो संवाद भएकै होस् ।

यदि परमार्थतः प्राणहरूमा परस्पर संवाद भएकै हुन्थ्यो त सबै शांखाहरूमा यौटै संवाद सुनिन्थ्यो, परस्पर विरुद्ध विभिन्न प्रकारको सुनिन्नथ्यो । यसैले प्राण संवाद सृष्टिबोधक श्रुतिवाक्यहरूलाई सम्झनुपर्छ ।

प्रतिकल्प सृष्टिभेदको कारण प्राणसंवाद श्रुति र उत्पत्तिश्रुतिहरूमा प्रत्येक सर्गमा भेद छ भन्नु ठीक छैन, किनभने जीवात्मा परमात्मा एकत्वबोधक पूर्वोक्त श्रुतिहरूको एकत्वबोधमा बुद्धिको अवतरण गराउने प्रयोजनले भिन्न ती श्रुतिहरूको भिन्न अर्थमा तात्पर्य छैन । यदि भन्छौ कि तद्रूपता पाउनका लागि ध्यानार्थ संवादश्रुतिहरू बताइएका हुन् यस्तो भन्नु पनि उचित छैन, किनकि कलह, उत्पत्ति र प्रलय प्राप्त गर्नु कसैलाई पनि इष्ट हुन्न । यसैले उत्पत्ति आदि कारणले हुने भेद कुनै पनि प्रकारको पारमार्थिक हुन सक्दैन ॥१५॥

कारिका

आश्रमास्त्रिविधा हीनमध्यमोत्कृष्टदृष्टयः ।
उपासनोपदिष्टेयं तदर्थमनुकम्पया ॥१६॥

हीन मध्यम उत्कृष्ट मान्छे तीन प्रकारका ।
शास्त्रले यिनीमध्येमा पहिला दुई प्रकारमा ॥
उत्कृष्ट दृष्टिमा जस्तो तत्त्वज्ञ नहुने हुँदा ।
उपासना कर्म भन्यो वेदले नै दया गरी ॥१६॥

भाष्य

यदि पर एवाऽऽत्मा नित्यशुद्धबुद्धयुक्तस्वभाव एकः परमार्थः सन् "एकमेवाद्वितीयम्" इत्यादि श्रुतिभ्योऽसदन्यत्किमर्थेयमुपासनोपदिष्टा । "आत्मा वा अरे द्रष्टव्यः" "य आत्माऽपहतपाप्मा" "स क्रतुं कुर्वीत" । "आत्मेत्येवोपासीत" इत्यादिश्रुतिभ्यः । कर्माणि चाग्निहोत्रादीनि । शृणु तत्र कारणम् । आश्रमा आश्रमिणोऽधिकृता वर्णिनश्च मार्गगाः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्रमशब्दस्य प्रदर्शनार्थत्वात्त्रिविधाः । कथम् । हीनमध्यमोत्कृष्टदृष्टयः । हीना निकृष्टा मध्यमोत्कृष्टा च दृष्टिदर्शनसामर्थ्यं येषां ते मन्दमध्यमोत्तम बुद्धिसामर्थ्योपिता इत्यर्थः । उपासनोपदिष्टेयं तदर्थं मन्दमध्यमदृष्टचाश्रमाद्यर्थं कर्माणि च । नचाऽऽत्मैक एवाद्वितीय इति निश्चितोत्तमदृष्टचर्थं दयालुना वेदेनानुकम्पया सन्मार्गगाः सन्तः कथमिमामुत्तमामेकत्वदृष्टिं प्राप्नुयुरिति ।

"यन्मनसा न मनुते येनाऽऽहुर्मनो मतम् ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।"
"तत्त्वमसि" "आत्मैवेदं सर्वम्" इत्यादिश्रुतिभ्यः ॥१६॥

अर्थ– यदि "एक नै अद्वितीय छ" इत्यादि श्रुतिवाक्यहरूबाट परमार्थतः नित्य, शुद्ध, बुद्ध र मुक्त स्वभावको एक परमात्मा नै सत्य छ, अरु सब मिथ्या हो भने "हे मैत्रेयी ! यो आत्मा नै दर्शन गर्न योग्य छ" "जो आत्मा पापरहित छ, "त्यो अधिकृत पुरुष उपास्यसम्बन्धी संकल्परूप यज्ञ गरोस्" "आत्मा छ यस प्रकारले नै उपासना गरोस्" इत्यादि श्रुतिहरूबाट यस उपासनाको उपदेश किन गरियो ? अग्निहोत्र आदि कर्म पनि किन भनियो भन्ने प्रश्नको उत्तरमा भनिन्छ कि कर्माधिकारीहरू निकृष्ट, मध्यम र उत्तम गरी बुद्धि सामर्थ्यका आधारमा तीन प्रकारका हुन्छन् । निकृष्ट र मध्यम वुद्धि भएकालाई कर्म र उपासना उपदेश गरिएको हो। आत्मा एक र अद्वितीय छ भन्ने दृष्टि राख्ने उत्तम दृष्टि भएकाका लागि होइन ।

दयालु वेदले कृपा गरेर यसैले ती निकृष्ट र मध्यम दृष्टि भएका सन्मार्गगामी पुरुषहरूलाई यो एकत्व दृष्टि प्राप्त गर्न सकुन् भनेर उपासना र कर्मको उपदेश गरेका हुन्। "जसलाई मनले मनन गरिन्न तर जसद्वारा मन जान्न सकिन्छ त्यसैलाई तिमी ब्रह्म जान" "जुन उपाधियुक्तको उपासना गर्छौ त्यो ब्रह्म होइन" इत्यादि श्रुतिहरूद्वारा त्यही एकत्व सर्वोत्तम दृष्टिको प्रतिपादन गरिएको छ ॥१६॥

कारिका

स्वसिद्धान्तव्यवस्थासु द्वैतिनो निश्चिता दृढम् ।
परस्परं विरुध्यन्ते तैरयं न विरुध्यते ॥१७॥

सिद्धान्त सिद्ध गरदा द्वैतवादीहरू सधैं ।
परस्पर बाझदछन् तर अद्वैत दर्शन ॥
कसैसँग वाझिँदैन यो हो अध्यात्मदर्शन ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

शास्त्रोपपत्तिभ्यामवधारितत्वादद्वयात्मदर्शनं सम्यग्दर्शनं तद्बाह्यत्वान्मिथ्यादर्शनमन्यत्। इतश्च मिथ्यादर्शनं द्वैतिनां रागद्वेषादिदोषास्पदत्वात्कथं स्वसिद्धान्तव्यवस्थासु स्वसिद्धान्तरचनानियमेषु कपिलकणादबुद्धार्हतादिदृष्ट्यनुसारिणो द्वैतिनो निश्चिताः। एवमेवैष परमार्थो नान्यथेति तत्र तत्रानुरक्ता, प्रतिपक्षं चाऽऽत्मनः पश्यन्तस्तं द्विषन्त इत्येवं रागद्वेषोपेता स्वसिद्धान्तदर्शननिमित्तमेव परस्परमन्योन्यं विरुध्यन्ते। तैरन्योन्यविरोधिभिरस्मदीयोऽयं वैदिकः सर्वानन्यत्वादात्मैकत्वदर्शनपक्षो न विरुध्यते। यथा स्वहस्तपादादिभिः। एवं रागद्वेषादिदोषानास्पदत्वादात्मैकत्वबुद्धिरेव सम्यग्दर्शनमित्यभिप्रायः ॥१७॥

अर्थ– शास्त्र र युक्तिले अद्वितीय आत्मदर्शन गर्नु नै यथार्थ दर्शन हो भन्ने कुराको निश्चय भैसकेको छ। द्वैतवादीहरूको दर्शन मिथ्या हो किनकि त्यो राग, द्वेष आदि दोषहरूले भरिएको छ। कसरी त भन्दा आफ्नो सिद्धान्त प्रतिपादन गर्न कपिल कणाद, बुद्ध र जैनको दृष्टिको अनुसरण गर्ने द्वैतवादीले निश्चय गरेका छन् कि परमार्थ तत्त्व यस्तै छ यसबाट फरक छैन। यसरी ती-ती सिद्धान्तमा लागेकाहरू विरोधीसँग द्वेष गर्छन्। आपसमा विरोध गर्छन्। तर तिनीहरूसँग यो वैदिक सिद्धान्त विरोध गर्दैन। किनकि यो आत्मैकत्वदर्शन पक्ष अरुबाट अभिन्न छ। जसरी आफ्ना हात-खुट्टासँग कसैको विरोध हुन्न। राग द्वेष आदिबाट दोषमुक्त भएको कारण आत्मैकत्व ज्ञान नै सम्यक् दर्शन हो र द्वैतवादीद्वारा कल्पित अरु दर्शन मिथ्या हुन् ॥१७॥

कारिका

अद्वैतं परमार्थो हि द्वैतं तद्भेद उच्यते।
तेषामुभयथा द्वैतं तेनायं न विरुध्यते ॥१८॥

परमार्थ छ अद्वैत त्यसको भेद द्वैत हो।
द्वैतका दृष्टिमा दुइटा परमार्थ र व्यत्यय ॥
अद्वैतको द्वैतसँग विरोध छैन निश्चय ॥१८॥

भाष्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केन हेतुना तैर्न विरुध्यत इत्युच्यते। अद्वैतं परमार्थो हि यस्माद्द्वैतं नानात्वं तस्याद्वैतस्य भेदस्तद्भेदस्तस्य कार्यमित्यर्थः। "एकमेवाद्वितीयम्"। "तत्तेजोऽसृजत" इति श्रुतेः। उपपत्तेश्च। स्वचित्तस्पन्दनाभावे समाधौ मूर्च्छायां सुषुप्तौ चाभावात्। अतस्तद्भेद उच्यते द्वैतम्। द्वैतिनां तु तेषां परमार्थतश्चापरमार्थतश्चोभयथाऽपि द्वैतमेव। यदि च तेषां भ्रान्तानां द्वैतदृष्टिरस्माकमद्वैतदृष्टिरभ्रान्तानाम्। तेनायं हेतुना ऽस्मत्पक्षो न विरुध्यते तैः। "इन्द्रो मायाभिः पुरुरूप ईयते"। "न तु तद्द्वितीयमस्ति" इति श्रुतेः। यथा मत्तगजारुढ उन्मत्तं भूमिष्ठं प्रति गजारुढोऽहं वाहय मां प्रतीति ब्रुवाणमपि तं प्रति न वाहयत्यविरोधबुद्ध्या तद्वत्। तत परमार्थतो ब्रह्मविदात्मैव द्वैतिनाम्। तेनायं हेतुनाऽस्मत्पक्षो न विरुध्यते तैः ॥१८॥

अर्थ– के कारणले अरु दर्शनसँग यस अद्वैत आत्मदर्शनको विरोध छैन भन्दा भनिन्छ– अद्वैत पारमार्थिक छ, द्वैत अर्थात् नानात्व अद्वैतको काम हो। यस्तै "एक मात्र छ दुई होइन" "त्यस्तो तेजको सृष्टि भयो" आदि श्रुतिवाक्यबाट तथा मूर्च्छा र सुषुप्तिमा मनको स्पन्दन नहुने हुँदा समाधिमा पनि द्वैत देखिन्न, यस्तो युक्तिबाट उक्त सिद्धान्त सिद्ध हुन्छ। द्वैत अद्वैतको विकल्प मात्र हो। द्वैतवादीको दृष्टिमा त परमार्थ र अपरमार्थ दुवै प्रकारले द्वैत मात्र छ भन्ने छ। ती भ्रान्त पुरुषको द्वैत दृष्टि र यी भ्रान्तिहीनको अद्वैत दृष्टि भएको कारणले नै दुवै पक्षबीच कुनै विरोध छैन। "परमेश्वर मायाले अनेक रूप बनाउँछ" "त्यसबाट भिन्न अर्को केही पनि छैन" इत्यादि श्रुतिवाक्यहरू त्यसै अद्वैतको विषयमा प्रमाण हुन्। जसरी मत्त हात्तीमा चढेको मानिस जमिनमा रहेको उन्मत्त व्यक्तिप्रति "म तिम्रो प्रतिद्वन्दी हात्तीमा चढेको छु मतिर हात्ती बढाऊ" यस्तो भन्दा पनि त्यसतिर हात्ती लग्दैन, किनकि यससँग पहिलाको कुनै विरोध छैन। त्यस्तै द्वैतवादीसँग हाम्रो कुनै विरोध छैन। परमार्थ दृष्टिले ब्रह्मज्ञानी द्वैतवादीको पनि आत्मा नै छ। वस, यसै कारणले उनीसँग हामी अद्वैतवाद पक्षको कुनै विरोध छैन ॥१८॥

कारिका

मायया भिद्यते ह्येतन्नान्यथाऽजं कथंचन।
तत्वतो भिद्यमाने हि मर्त्यताममृतं व्रजेत् ॥१९॥

मायाले भेद देखिन्छ नत्र यो अज एक छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँच्चै भेद भए यस्मा आत्मा नस्वर बन्दछ ॥१९॥

भाष्य

द्वैतमद्वैतभेद इत्युक्ते द्वैतमप्यद्वैतवत्परमार्थसदिति स्यात्कस्यचिदाशङ्केत्यत आह। यत्परमार्थसदद्वैतं मायया भिद्यते ह्येतत्तैमिरिकानेकचन्द्रवद्रज्जुः सर्पधारादिभिर्भेदैरिव न परमार्थतो निरवयवत्वादात्मनः। सावयवं ह्यवयवान्यथात्वेन भिद्यते। यथा मृद् घटादिभेदैः। तस्मान्निरवयवमजं नान्यथा कथंचन केनचिदपि प्रकारेण न भिद्यत इत्यभिप्रायः। तत्वतो भिद्यमाने ह्यमृतमजमद्वयं स्वभावतः सन्मर्त्यतां व्रजेत्। यथाऽग्निः शीतताम्। तच्चानिष्टं स्वभाववैपरीत्यगमनम्। सर्वप्रमाणविरोधात्। अजमव्ययमात्मतत्वम् माययैव भिद्यते न परमार्थतः। तस्मान्न परमार्थसद्द्वैतम् ॥१९॥

अर्थ– "द्वैत पनि अद्वैतकै भेद हो" भन्दा अद्वैतझैं द्वैत पनि पारमार्थिक सत्य हो, यस्तो शंका कसैलाई हुन सक्दछ। यसबारे भनिन्छ– जुन-जुन परमार्थ सत्य अद्वैत छ त्यो मायाले नै भेद भएको देखिन्छ। जसरी अँध्यारोरूप दोषको कारण देखिने अनेक चन्द्र, भ्रमको कारण लाग्ने सर्प जलधारा आदिको आधार पारमार्थिक चन्द्र र डोरी हुन् त्यस्तै मायाले हो जस्तो लाग्ने द्वैतको पारमार्थिक रूप सत्य अद्वैत नै हो। त्यो द्वैतभेद पारमार्थिक होइन। किनकि आत्मा निरवयव छ। अङ्गहरूको भेदले अङ्ग हुने वस्तु मात्र भेद भएको हुन्छ। जसरी घडा आदि अङ्ग भेदले माटो हो। त्यसैले अंग नहुने र अजन्मा आत्मा मायाको अतिरिक्त अरु कुनै पनि कारणले भेद भएको हुन सक्दैन। यदि यस अद्वैतमा परमार्थ रूपले भेद हुँदो हो त अजन्मा, अद्वय एवं स्वभावले सत्य भएर पनि आत्माको मृत्यु हुन लाग्ला। जसरी आगो चिसो हुन सक्दैन त्यस्तै आफ्नो स्वभावको विपरीत हुनु सबै प्रमाणको विरुद्ध हुँदा सम्भव छैन। यसैले अद्वय अजन्मा तत्त्व मायाले नै भेद भएको हुन्छ, परमार्थले होइन। द्वैत पारमार्थिक सत्य होइन ॥१९॥

कारिका

अजातस्यैव भावस्य जातिमिच्छन्ति वादिनः।
अजातो ह्यमृतो भावो मर्त्यतां कथमेष्यति ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वैतवादीहरू आत्मा जन्मन्छ भनि मान्दछन् ।
अविनाशी अजन्मा हो आत्मा कसरी मर्त्य होस् ॥२०॥

भाष्य

ये तु पुनः केचिदुपनिषद्व्याख्यातारो ब्रह्मवादिनो वावदूका अजातस्यैवाऽऽत्मतत्वस्यामृतस्य स्वभावतो जातिमुत्पत्तिमिच्छन्ति परमार्थत एव तेषां जातं चेत्तदेव मर्त्यतामेष्यत्यवश्यम् । स चाजातोह्यमृतो भावः स्वभावतः सन्नात्मा कथं मर्त्यतामेष्यति । न कथंचन मर्त्यत्वं स्वभाववैपरीत्यमेष्यतीत्यर्थः ॥२०॥

अर्थ– उपनिषद्को व्याख्या गर्ने भेदाभेदवादी ब्रह्मवादीले जन्मरहित, मृत्युरहित आत्मतत्त्वको स्वभावले जन्म मान्दछन् र तिनको मतमा जन्म पारमार्थिक हो त मृत्यु पनि अवश्य मान्नुपर्छ । जुन स्वभावले अजन्मा र अमर पदार्थ छ यस्तो आत्माको कसरी मृत्यु हुन सक्दछ ? स्वभावले उल्टो अमर आत्माको मृत्यु हुने कुरा मान्न सकिन्न ॥२०॥

कारिका

न भवत्यमृतं मर्त्यं न मर्त्यममृतं तथा ।
प्रकृतेरन्यथाभावो न कथंचिद्भविष्यति ॥२१॥

न सुधा मर्त्य हुँदछ मर्त्य हुन्छ न अमृत ।
प्रकृति जे छ त्यै हुन्छ उल्टो हुनु असंभव ॥२१॥

भाष्य

यस्मान्न भवत्यमृतं मर्त्यं लोके नापि मर्त्यममृतं तथा । ततः प्रकृतेः स्वभावस्यान्यथाभावः स्वतः प्रच्युतिर्न कथंचिद्भविष्यति । अग्नेरिवौष्ण्यस्य ॥२१॥

अर्थ– न मरणशील वस्तु नै संसारमा अमर हुन सक्दछ र न अमृत मरणशील हुन सक्दछ । यो त आगोको तातोपनाजस्तो स्वभावको विपरीत अवस्था अर्थात् आफ्नो रूपबाट अरु रूपमा बदलिनु कुनै प्रकारले पनि हुन सक्दैन ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

स्वभावेनामृतो यस्य भावो गच्छति मर्त्यताम् ।
कृतकेनामृतस्तस्य कथं स्थास्यति निश्चलः ॥२२॥

स्वभावले अमृत त्यो मर्त्य हुन्छ कसोरि लौ ? ।
उत्पन्न हुन्छ जो मर्छ आत्मा कसरि निश्चल ? ॥२२॥

भाष्य

यस्य पुनर्वादिनः स्वभावेनामृतो भावो मर्त्यतां गच्छति परमार्थतो जायते तस्य प्रागुत्पत्तेः स भावः स्वभावतोऽमृत इति प्रतिज्ञा मृषैव । कथं तर्हि कृतकेनामृतस्तस्य स भावः कृतकेनामृतः स कथं स्थास्यति निश्चलो ऽमृतस्वभावतया न कथंचित्स्थास्यत्यात्मजातिवादिनः सर्वदाऽजं नाम नास्त्येव सर्वमेतन्मर्त्यम् । अतो ऽनिर्मोक्षप्रसङ्ग इत्यभिप्रायः ॥२२॥

अर्थ– जुन मतालम्बीका अनुसार स्वभावैले अमर पदार्थ पनि मर्न सक्दछ अर्थात् उसको जन्म हुन्छ त्यस मतावलम्बीको यो भनाइ छ कि उत्पत्तिभन्दा पहिले यो पदार्थ अमर थियो भन्नु झूठो हो। तब त कार्य भएको कारण उसको स्वभाव अमर कसरी हुन सक्दछ। त्यसैले आत्मालाई 'जन्मशील' मान्नेको मतमा त अजन्मा नामको कुनै वस्तु नै छैन । अनि त इनको मतमा मोक्ष भन्ने कुरा हुँदै नभएको हुन आउला ॥२२॥

कारिका

भूततोऽभूततो वाऽपि सृज्यमाने समा श्रुतिः ।
निश्चितं युक्तियुक्तं च यत्तद्भवति नेतरत् ॥२३॥

पंचमहाभूतबाट गन्धर्व नगरीसरि ।
दुवै प्रकारले सृष्टिबारे शास्त्र समान छन् ।
त्यही श्रुति मान्य जो छ युक्तियुक्त र निश्चित ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

नन्वजातिवादिनः सृष्टिप्रतिपादिका श्रुतिर्न संगच्छते प्रमाण्यम् । बाढं विद्यते सृष्टिप्रतिपदिका श्रुतिः । सा त्वन्यपरा । उपायः सोऽवतारायेत्यवोचाम । इदानीमुक्तेऽपि परिहारे पुनश्चोद्यपरिहारौ विवक्षितार्थं प्रति सृष्टिश्रुत्यक्षराणामानुलोम्य विरोधाशंकामात्रपरिहारार्थौ । भूततः परमार्थतः सृज्यमाने वस्तुन्यभूततो मायया वा मायाविनेव सृज्यमाने वस्तुनि समा तुल्या सृष्टिश्रुतिः । ननु गौणमुख्ययोर्मुख्ये शब्दार्थप्रतिपत्तिर्युक्ता । न । अन्यथा सृष्टेरप्रसिद्धत्वान्निष्प्रयोजनत्वाच्चेत्यवोचाम । अविद्यासृष्टिविषयैव सर्वा गौणी मुख्या च सृष्टिर्न परमार्थतः । "सबाह्याभ्यन्तरो ह्यजः" इति श्रुतेः । तस्माच्छ्रुत्या निश्चितं यदेकमेवाद्वितीयमजममृतमिति युक्तियुक्तं च । युक्त्या च स 'पन्नं तदेवेत्यवोचाम पूर्वैर्ग्रन्थैः । तदेब श्रुत्यर्थो भवति नेतरत्कदाचिदपि ॥२३॥

अर्थ– अजातवादीको मतमा सृष्टिबोधक श्रुतिहरूलाई प्रमाण मानिदैन । सृष्टिबोधक श्रुति त छ तर त्यसको तात्पर्य अर्कै छ । त्यो ब्रह्म र आत्माको ऐक्यबोध गराउने उपाय मात्र हो । यस शंकाको निवारण पहिले पनि गरिसकिएको छ तापनि यस बेला शंका र समाधान भन्न लागेको कुराको अर्थ बुझाउनु मात्र हो । त्यसैले सृष्टिका श्रुतिका अक्षरअनुसार विरोध शंका परिहारको लागि मात्र उल्लेख गरिन्छ ।

परमार्थ रूपले वस्तुको सृष्टि भएको होस् वा मायावीद्वारा मायाले वस्तुको रचना भएको होस्– दुवै स्थितिमा सृष्टिबोधक श्रुति त यौटै होला । यदि भन्छौ कि गौण र मुख्य दुवै प्रकारले शब्दको अर्थ गर्नुपरे त शब्दको मुख्य अर्थ लिनु नै उचित हुन्छ । यस्तो भन्नु ठीक छैन । किनभने अरु प्रकारले न त सृष्टि सिद्ध हुन्छ न त त्यसको कुनै प्रयोजन नै देखिन्छ, यस्तो हामीले पहिले पनि भनेका छौं । गौण या मुख्य सबै प्रकारको सृष्टि अविद्याकल्पित नै हो । "ऊ बाहिर-भित्र सबैतिर विद्यमान छ र अजन्मा छ" यस्तो श्रुति बताउँछ । यस श्रुतिवाक्यबाट जुन एक, अज, अद्वितीय र अमृत तत्त्व निश्चय गरेको छ त्यो युक्तियुक्त छ । श्रुतिको अर्थ यही हो, अरू होइन ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

नेह नानेति चाऽऽम्नायादिन्द्रो मायाभिरित्यपि ।
अजायमानो बहुधा मायया जायते तु सः ॥२४॥

ब्रह्ममा देखिने द्वैत झूठो हो ह्वैन वस्तुतः ।
मायाले परमात्मामा देखिने बहुरूप हुन् ।
अजन्मा परमात्मा नै मायाले जन्मशील छन् ।
फाटे अज्ञानको पर्दा अद्वय ब्रह्म एक छ ॥२४॥

भाष्य

कथं श्रुतिनिश्चय इत्याह– यदि हि भूतत एव सृष्टिः स्यात्ततः सत्यमेव नाना वस्त्विति तदभावप्रदर्शनार्थं आम्नायो न स्यात् । अस्ति च "नेह नानाऽस्ति किंचन" इत्यादिराम्नायो द्वैतभावप्रतिषेधार्थः । तस्मादात्मैकत्वपतिपत्यर्था कल्पिता सृष्टिरभूतैव प्राणसंवादवत् । "इन्द्रो मायाभिः" इत्यप्यभूतार्थप्रतिपादकेन मायाशब्देन सृष्टेर्व्यपदेशात् । ननु प्रज्ञावचनो मायाशब्दः । सत्यम् । इन्द्रियप्रज्ञाया अविद्यामयत्वेन मायात्वाभ्युपगमाददोषः । मायाभिरिन्द्रियप्रज्ञाभिरविद्यारूपाभिरित्यर्थः । "अजायमानो बहुधा विजायते" इति श्रुतेः । तस्मान्माययैव जायते तु सः । तु शब्दो ऽवधारणार्थः– माययैवेति । न ह्यजायमानत्वं बहुधा जन्म चैकत्र संभवति । अग्नाविव शैत्यमौष्ण्यं च । फलवत्वाच्चा ऽऽत्मैकत्वदर्शनमेव श्रुतिनिश्चतोऽर्थः । "तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः" इत्यादिमन्त्रवर्णात् । "मृत्योः स मृत्युमाप्नोति" इति निन्दितत्वाच्च सृष्ट्यादिभेददृष्टेः ॥२४॥

अर्थ– श्रुतिको निश्चय यही हो, यो कसरी सम्झने ? यसमा भनिन्छ– यदि परमार्थतः सृष्टि भएकै होस् त नाना वस्तु सत्य नै थिए, फेरि तिनको अभाव देखाउन कुनै वेदवाक्य नहुनुपर्थ्यो । तर द्वैतको निषेध गर्ने श्रुति त छ, जस्तो "यहाँ नाना केही पनि छैन" इत्यादि । आत्माको एकत्व बुझाउन प्राणसंवादजस्तै सृष्टिश्रुति अपरमार्थिक छ । यसको अतिरिक्त "परमेश्वर मायाशक्तिद्वारा अनेक रूप धारण गर्छन्", यस्तो मायिक सृष्टि बताउने श्रुतिवाक्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि छन् जसको माया शब्दले निर्देश गरिएको छ ।

मायाशब्द प्रज्ञा यानि वुद्धिवाचक भनेर 'निघन्टु' ग्रन्थमा भनिएकाले मिथ्यावाचक नहुनाले सृष्टि मिथ्या सिद्ध हुन्न भन्दा भनिन्छ– अविद्यामय भएकाले इन्द्रियजन्य प्रज्ञालाई मायिक मानिएको छ । अतः मायाशब्द प्रज्ञावाचकभन्दा पनि दोष छैन । माया अर्थात् इन्द्रियजन्य प्रज्ञा (जो अविद्या रूप छ) बाट परमेश्वर अनेक रूप धारण गर्छन् । "वस्तुतः अजन्मा भएर पनि अनेक रूपले जन्मन्छन्" यस्तो श्रुति पनि छ । यसैले मायाले नै परमेश्वरको जन्म संभव छ । "मायाले नै" भन्ने शब्द निश्चयबोधक हो । एक धर्मीमा नजन्मनु र अनेक प्रकारले जन्म लिनु विरुद्ध धर्म संभव छैन, जसरी आगोमा शीतलता र उष्णता दुवै रहन सक्दैन । फल भएर पनि आत्मा एक छ भन्ने दर्शन नै श्रुतिको निश्चित अर्थ हो । "एकत्व आत्मदर्शीमा तत्त्वबोध भएपछि के शोक र के मोह हुन सक्दछ", "अनि जो भेद देख्दछ ऊ मृत्युबाट मृत्युमा पुग्दछ" यस श्रुतिवाक्यबाट सृष्टि आदि भेद दृष्टिको निन्दा सुनिनाले उक्त आत्मा एक छ भन्ने दर्शन नै श्रुतिको सुनिश्चत अर्थ हो, यो कुरा सिद्ध हुन्छ ॥२४॥

कारिका

संभूतेरपवादाच्च संभवः प्रतिषिध्यते ।
को न्वेनं जनयेदिदि कारणं प्रतिषिध्यते ॥२५॥

संभूतिको हुँदा निन्दा कार्य हुन्छ निषेधित ।
को यस्लाई जन्म देला ? भन्दा कारण निन्दित ॥२५॥

भाष्य

"अन्धं तमः प्रविशन्ति ये संभूतिमुपासते" इति संभूतेरुपास्यत्वापवादात्संभवः प्रतिषिध्यते । न हि परमार्थतः संभूतायां संभूतौ तदपवाद उपपद्यते । ननु विनाशेन संभूतेः समुच्चयविध्यर्थः संभूत्यपवादः । यथा "अन्धं तमः प्रविशन्ति, येऽविद्यामुपासते" इति । सत्यमेव देवतादर्शनस्य संभूतिविषयस्य विनाशशब्दवाच्यस्य च कर्मणः समुच्चयविधानार्थः संभूत्यपवादः । तथाऽपि विनाशाख्यस्य कर्मणः स्वाभाविकाज्ञानप्रवृत्तिरूपस्य मृत्योरतितरणार्थत्ववद्देवता-दर्शनकर्मसमुच्चयस्य पुरुषसंस्कारार्थस्य कर्मफलरागप्रवृत्तिरूपस्य साध्यसाधनैषणाद्वयलक्षणस्य मृत्योरतितरणार्थत्वम् । एवं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ह्येषणाद्वयरूपान्मृत्योरशुद्धेर्वियुक्तः पुरुषः संस्कृतः स्यादतो मृत्योरतितरणार्था देवतादर्शनकर्मसमुच्चयलक्षणा ह्यविद्या। एवमेवैषणालक्षणादविद्यया मृत्योरतितीर्णस्य विरक्तस्योपनिषच्छास्त्रार्थालोचनपरस्य नान्तरीयकी परमात्मैकत्वविद्योत्पत्तिरिति पूर्वभाविनीमविद्यामपेक्ष्य पश्चाद्भाविनी ब्रह्मविद्याऽमृतत्वसाधनमेकेन पुरुषेण संवध्यमानाऽविद्यया समुच्चीयत इत्युच्यते। अतोऽन्यार्थत्वादमृतत्वसाधनं ब्रह्मविद्यामपेक्ष्य निन्दार्थ एव भवति संभूत्यपवादः। यद्यप्यशुद्धिवियोगहेतुरतन्निष्ठत्वात्। अत एव संभूतेरपवादात्संभूतेरापेक्षिकमेव सत्वमिति। परमार्थसदात्मैकत्व-मपेक्ष्यानृताख्यः संभवः प्रतिषिध्यते। एवं मायानिर्मितस्यैव जीवस्याविद्यया प्रत्युपस्थापितस्याविद्यानाशे स्वभावरूपत्वात्परमार्थतः को न्वेनं जनयेत्। न हि रज्ज्वामविद्यारोपितं सर्पं पुनर्विवेकतो नष्टं जनयेत्कश्चित्। तथा न कश्चिदेनं जनयेदिति को न्वित्याक्षेपार्थत्वात्कारणं प्रतिषिध्यते। अविद्योद्भूतस्य नष्टस्य जनयितृ कारणं न किंचिदस्तीत्यभिप्रायः। "नायं कुतश्चिन्न बभूव कश्चित्" इति श्रुतेः ॥२५॥

अर्थ– "सृष्टिको उपासना गर्नेहरू अँध्यारोमा फस्छन्" भन्ने भनाइबाट सृष्टिको निन्दा गरिएकाले सृष्टि परमार्थतः भएको थिएन भन्ने बुझिन्छ। सृष्टिको उपासनाको निन्दा समुच्चय विधानको लागि हो। जस्तो "जो अविद्याको उपासना गर्छन् ती घोर अन्धकारमा पर्छन्" इत्यादि वाक्यबाट सो कुरा सिद्ध हुन्छ। यद्यपि संभूतिविषयक देवताको उपासनाको विनाश शब्दले भनिने कर्मको समुच्चय विधानको लागि सृष्टिको निन्दा सत्य नै हो। तर पनि विनाश नामक कर्म जुन स्वाभाविक अज्ञानप्रवृत्तिरूप, मृत्युको सन्तरणको लागि हो, त्यस्तै नै देवोपासना एवं कर्मको समुच्चय पुरुष संस्कारको लागि हो। त्यो कर्मफलको रागबाट हुने प्रवृत्तिरूप साध्य साधन लक्षण दुई प्रकारको वासनामा मृत्यु छ, त्यसबाट पार पाउनको लागि हो। यसरी तृष्णा रूप मृत्युको अशुद्धिबाट छुटेको पुरुष संस्कारयुक्त हुन्छ। यसैले देवदर्शन र कर्मसमुच्चयरूप अविद्या पनि मृत्युबाट पार हुनको लागि नै हो।

यसरी तृष्णारूप अविद्या मृत्युबाट पार भएको विरक्त तथा उपनिषद्को अर्थको आलोचनामा तत्पर व्यक्तिलाई अवश्य नै ब्रह्म आत्मा एक जनाउने विद्या प्राप्त हुन्छ। यसैले पहिले हुने अविद्याको अपेक्षा पछि हुने ब्रह्मविद्या अमर हुने साधन हो। अतः एक पुरुषको साथ पूर्वोक्त रीतले सम्बद्ध भएको कारण अविद्यासँग देवोपासना संभव हुन्छ। यसैले अमरत्वको साधन साक्षात् ब्रह्मविद्या हो। त्यसको अपेक्षा आपेक्षिक अमरत्वको साधन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएकोले नै सृष्टिको उपासनाको निन्दा गरिएको हो । यद्यपि उक्त रीतिले समुच्चय उपासना अशुद्धिनाशको कारण हो तापनि मोक्षको साक्षात् साधन नभएको कारण उसको निन्दा युक्ति संगत नै छ । यसैले सृष्टिको निन्दा भएको कारण उसको सत्ता पारमार्थिक छैन । यसै अभिप्रायले परमार्थ सत्य आत्मैकत्वको अपेक्षा सापेक्ष्य अमृत नामक हिरण्यगर्भ सृष्टिको निषेध गरिएको हो । यसरी अविद्याबाट उभ्याइएको मायाबाट बनेको जीव जब अविद्या नाश भएपछि आफ्नो स्वरूपमा रहन थाल्छ तब उसलाई परमार्थतः कसले उत्पन्न गर्न सक्छ ? डोरीमा अविद्याले कल्पित सर्प जब विवेकले नष्ट हुन्छ तब फेरि त्यस सर्पलाई कसले उत्पन्न गर्न सक्छ ? ऊ त उत्पन्न नभैकन पनि भ्रमबाट देखिएको थियो । 'कसले यसलाई उत्पन्न गर्ला' इत्यादि श्रुति आक्षेपार्थक हो, प्रश्नार्थक होइन । अतः यसबाट कारणको निषेध गरिएको हो । भाव अर्थ यो हो कि अविद्याबाट उत्पन्न भएको जीवलाई विद्याबाट नष्ट गरेपछि फेरि त्यसको जनक कारण रहन सक्दैन । त्यस्तो नै "कुनै कारण कुनै रूपमा यो आत्मा उत्पन्न भएको छैन" इत्यादि श्रुतिले पनि भनिरहेको छ ॥२५॥

कारिका

स एष नेति नेतीति व्याख्यातं निन्हुते यतः ।
सर्वमग्राह्यभावेन हेतुनाऽजं प्रकाशते ॥२६॥

यो हैन त्यो पनि हैन भन्ने यो श्रुतिवाक्यले ।
साकार र निराकार वस्तुमा ब्रह्मतत्त्वको
निषेधबाट विषयभिन्न ब्रह्म प्रकाशित ॥२६॥

भाष्य

सर्वविशेषप्रतिषेधेन "अथात आदेशो नेति नेति" इति प्रतिपादितस्याऽऽत्मनो दुर्बोधत्वं मन्यमाना श्रुतिः पुनःपुनरुपायान्तरत्वेन तस्यैव प्रतिपिपादयिषया यद्यद्व्याख्यातं तत्सर्वं निन्हुते । ग्राह्यं जनिमद्बुद्धिविषयमपलपत्यर्थात् "स एष नेति नेति" इत्यात्मनोऽदृश्यतां दर्शयन्ती श्रुतिरुपायस्योपेयनिष्ठतामजानत उपायत्वेन व्याख्यातस्योपेयवद्ग्राह्यता मा भूदित्यग्राह्यभावेन हेतुना कारणेन निन्हुत इत्यर्थः । ततश्चैवमुपायस्योपेयनिष्ठतामेव जानत उपेयस्य च नित्यैकरूपत्वमिति तस्य सबाह्याभ्यन्तरमजमात्मतत्वं प्रकाशते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयमेव ॥२६॥

अर्थ– "त्यो आत्मा यो पनि होइन त्यो पनि होइन" आदि श्रुति वाक्य सम्पूर्ण विशेषणलाई निषेध गरेर आत्माको दुर्वोधत्व मान्दै अरु उपायले उसलाई बताउन चाहन्छ। यसैले पहिले बताइएको सबै प्रपंचमा आत्मतत्त्वको निषेधद्वारा अदृश्यता देखाउने श्रुति यसैले पनि सावधानीले तत्त्व प्रतिपादन गर्छ कि उपायरूपले बताइएको तत्त्व जो उपेयनिष्ठ छन्, तर यस रहस्यलाई नजान्ने अज्ञानीले जीव साध्यलाई जस्तै साधन वस्तुलाई पनि ग्राह्य नमानोस् भनेर अग्राह्यतारूप हेतुले तिनको निषेध गर्छन्। यो नै यसको तात्पर्य हो। यसपछि त्यस रीतिले उपाय उपेयनिष्ठ छ, उपेय नित्य एकरस छ, यस रहस्यलाई जान्ने पुरुषलाई भित्र-बाहिर विद्यमान अजन्मा आत्मतत्त्व स्वयं नै प्रकाशित हुन्छ। कल्पित वस्तु आधार जान्ने उपाय हो। आधार नित्य एकरस छ भन्ने रहस्य जो जान्दछ त्यस व्यक्तिद्वारा कल्पित उपायलाई निषेध गरेर उपेयरूप आधारलाई जान्नको लागि भिन्नै प्रयत्न गर्नुपर्दैन। यसैले श्रुतिमा निर्विशेष आत्मालाई चिनाउन पहिले आरोप र पछि आरोपित वस्तुको अपवाद गरिन्छ। यसै आरोप र अपवादको तरीकाले निर्विशेष वस्तुको बोध सम्भव छ ॥२६॥

कारिका

सतो हि मायया जन्म युज्यते न तु तत्वतः।
तत्वतो जायते यस्य जातं तस्य हि जायते ॥२७॥

मायाबाट मात्र जन्म सतको हुनु संभव।
परमार्थरूपबाट यस्तो हुनु असंभव।
साँच्चिकै जन्मिने ब्रह्म कसरी अज बन्दछ? ॥२७॥

भाष्य

एवं हि श्रुतिवाक्यशतैः सबाह्याभ्यन्तरमजमात्मतत्वमद्वयं न ततोऽन्यदस्तीति निश्चितमेतत्। युक्त्या चाधुनैतदेव पुनर्निर्धार्यत इत्याह। तत्रैतत्स्यात्सदाऽग्राह्यमेव चेदसदेवाऽऽत्मतत्वमिति। तन्न। कार्यग्रहणात्। यथा सतो मायाविनो मायया जन्मकार्यम्। एवं जगतो जन्मकार्यं गृह्यमाणं मायाविनमिव परमार्थसन्तमात्मानं जगज्जन्म मायास्पदमवगमयति। यस्मात्सतो हि विद्यमानात्कारणान्मायानिर्मितस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हस्त्यादिकार्यस्येव जगज्जन्म युज्यते नासतः कारणात्। न तु तत्वत एवाऽऽत्मनो जन्म युज्यते। अथ वा सतो विद्यमानस्य वस्तुनो रज्ज्वादेः सर्पादिवन्मायया जन्म युज्यते न तु तत्वतो यथा तथाऽग्राह्यस्यापि सत एवाऽऽत्मनो रज्जुसर्पवज्जगद्रूपेण मायया जन्म युज्यते। न तु तत्वत एवाजस्याऽऽत्मनो जन्म। यस्य पुनः परमार्थसदजमात्मतत्वं जगद्रूपेण जायते वादिनो न हि तस्याजं जायत इति शक्यं वक्तुं विरोधात्। ततस्तस्यार्थाज्जातं जायत इत्यापन्नं ततश्चानवस्था जाताज्जायमानत्वेन। तस्मादजमेकमेवा ऽऽत्मतत्वमिति सिद्धम् ॥२७॥

अर्थ– यसरी सयौं श्रुतिवाक्यहरूबाट यही निश्चय हुन्छ कि अजन्मा, अद्वितीय आत्मतत्त्व नै भित्र-बाहिर जताततै विद्यमान छ। त्यसबाट भिन्न केही पनि छैन। यही कुरा युक्तिद्वारा अब फेरि पनि निश्चय गराउन भन्दछन्– यस विषयमा सधैं शंका हुन सक्छ कि जब आत्मतत्त्व सधैं अग्राह्य नै छ त त्यसलाई असत्य नै किन नमान्ने? यस्तो भन्नु ठीक छैन, किनभने त्यसको कार्य देखिन्छ। जसरी सत्य मायावीको मायाले जन्म हुन्छ त्यस्तै जगत्को जन्मरूप काम जो देखिन्छ त्यो नै यसको कारण मायावीजस्तै परमार्थ सत्य आत्मालाई जगत्को जन्मको कारण मायाको आश्रयलाई चिनाउँछ। जसरी मायाले रचिएका हात्ती आदि कार्यजस्तै जगत्को जन्मरूप कार्य विद्यमान सत्य कारणले नै मान्नु संभव छ। असत्य कारणले होइन र तत्त्वरूपले त आत्माले जन्म लिनु संभव नै छैन। जसरी डोरी आदिबाट सर्प आदिको जन्म हुन्छ त्यस्तै विद्यमान वस्तुको जन्म मायाबाट नै संभव छ भन्ने कुरा वस्तुतः होइन र अग्राह्य विद्यमान आत्माको डोरी सर्पझैं मायाद्वारा नै जगत्झैं जन्म संभव छ। साँच्चै भन्ने हो भने त अजन्मा आत्माको जन्म नै हुन सक्दैन। तर जुन मतमा परमार्थ सत्य आत्मतत्त्व नै जगत् रूपमा जन्मन्छ र यो भन्न सकिन्न कि अजन्मा वस्तुको नै जन्म हुन्छ। किनभने यसो भन्दा स्पष्ट विरोध हुन्छ। अतः यो अर्थ सिद्ध हुन्छ कि उसको सिद्धान्तबाट कुनै जन्मने पदार्थको नै जन्म हुन्छ, त्यसपछि त वर्तमान जन्मने वस्तुको कारण कुनै जन्मशील नै छ त, त्यसको कारण पनि कुनै जन्मशील वस्तु नै होला। यसरी फेरि खोजी गर्दा अनवस्था आउला। त्यसैले आत्मतत्त्व एक र अज छ भन्ने नै सिद्ध हुन्छ ॥२७॥

कारिका

असतो मायया जन्म तत्वतो नैव युज्यते।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बन्ध्यापुत्रो न तत्वेन मायया वा ऽपि जायते ॥२८॥

असत्को जन्म मायाले न त संभव तत्त्वले ।
बन्ध्याको पुत्र जन्मन्न मायाले न त तत्त्वले ॥२८॥

भाष्य

असद्वादिनामसतोऽभावस्य मायया तत्वतो वा न कथंचन जन्म युज्यते । अदृष्टत्वात् । न हि बन्ध्यापुत्रो मायया तत्वतो वा जायते तस्मादत्रासद्वादो दूरत एवानुपपन्न इत्यर्थः ॥२८॥

अर्थ– असत्यवादको पक्षमा पनि असत्य वस्तुको जन्म न मायाले न वस्तुतः कुनै प्रकारले संभव छ । किनकि संसारमा यस्तो कहीं पनि देखिएन । बन्ध्याको छोरो न मायाले उत्पन्न हुन्छ न वास्तवमा । अतः कार्यकारण निरूपण गर्दा असत्यवाद त सर्वथा असंभव छ ॥२८॥

कारिका

यथा स्वप्ने द्वयाभासं स्पन्दते मायया मनः ।
तथा जाग्रद्द्वयाभासं स्पन्दते मायया मनः ॥२९॥

मायाले स्वप्नमा चित्त डोरीमा सर्पझैं दुई ।
भाव ठान्दछ जाग्दामा त्यस्तै दुई स्वरूपको ॥
मनमा कल्पना गर्छ मायाले स्वप्नमा सरी ॥२९॥

भाष्य

कथं पुनः सतो माययैव जन्मेत्युच्यते । यथा रज्ज्वां विकल्पितः सर्पो रज्जुरूपेणावेक्ष्यमाणः सन्नेवं मनः परमार्थविज्ञप्त्याऽऽत्मरूपेणावेक्ष्यमाणं सद्ग्राह्यग्राहकरूपेण द्वयाभासं स्पन्दते स्वप्ने मायया रज्ज्वामिव सर्पः । तथा तद्वदेव जाग्रज्जागरिते स्पन्दते मायया मनः स्पन्दत इवेत्यर्थः ॥२९॥

अर्थ– सत्यवस्तुको जन्म मायाद्वारा नै कसरी हुन सक्छ त भन्दा भनिन्छ– जसरी डोरीमा कल्पित सर्प डोरीको रूपले हेर्दा सत्य छ– त्यस्तै परमार्थ चैतन्य आत्मस्वरूपले हेर्दा मन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि सत्य हो । त्यस्तै ग्राह्यग्राहकभावले बुझिने द्वैतको प्रतीति मायाद्वारा स्वप्नमा मनको स्पन्दन मात्र नै हो । त्यो त डोरीमा सर्पजस्तै हो । त्यस्तै नै जागा अवस्थामा यो मन नै मायाद्वारा विविध रूपमा फुरेजस्तो लाग्दछ । वास्तवमा फुरेको हुन्न ॥२९॥

कारिका

अद्वयं च द्वयाभासं मनः स्वप्ने न संशयः ।
अद्वयं च द्वयाभासं तथा जाग्रन्न संशयः ॥३०॥

अद्वय मन पुग्दाझैं स्वप्नमा द्वैत भावमा ।
अद्वैत मन नै पुग्छ जाग्रत्मा पनि द्वैतमा ॥३०॥

भाष्य

रज्जुरूपेण सर्प इव परमार्थत आत्मरूपेणाद्वयं सद्द्वयाभासं मनः स्वप्ने न संशयः । न हि स्वप्ने हस्त्यादि ग्राह्यं तद्ग्राहकं वा चक्षुरादिद्वयं विज्ञानव्यतिरेकेणास्ति । जाग्रदपि तथैवेत्यर्थः । परमार्थसद्विज्ञानमात्राविशेषात् ॥३०॥

अर्थ– डोरीको रूपमा सर्प सत्य भएजस्तै परमार्थ रूपमा अद्वय आत्मस्वरूपले सत्य मन नै स्वप्नमा द्वैताभासको रूपमा देखिन्छ । यसमा शंका छैन, किनकि स्वप्नमा देखिने हात्ती आदि र त्यसलाई देख्ने आँखा आदि दुवै जान्ने स्वप्नद्रष्टा भन्दा भिन्न केही पनि होइनन् । त्यस्तै जागा अवस्थामा थाहा हुने ग्राह्यग्राहक पनि आफ्नो साक्षीभन्दा भिन्न छैन । किनभने दुवै अवस्थामा परमार्थ सत्य विज्ञान मात्र त बराबर नै छ ॥३०॥

कारिका

मनोदृश्यमिदं द्वैतं यत्किंचित्सचराचरम् ।
मनसो ह्यमनीभावे द्वैतं नैवोपलभ्यते ॥३१॥

मनको दृश्य हो द्वैत सारा सृष्टि चराचर ॥
वैराग्यले मन जिते द्वैत त्यस्सै हराउँछ ॥३१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

रज्जुसर्पवद्विकल्पनारूपं द्वैतरूपेण मन एवेत्युक्तम्। तत्र किं प्रमाणमित्यन्वयव्यतिरेकलक्षणमनुमानमाह। कथं तेन हि मनसा विकल्प्यमानेन दृश्यं मनोदृश्यमिदं द्वैतं सर्वं मन इति प्रतिज्ञा। तद्भावे भावात्तदभावे चाभावात्। मनसो ह्यमनीभावे निरुद्धे विवेकदर्शनाभ्यासवैराग्याभ्यां रज्ज्वामिव सर्पे लयं गते वा सुषुप्ते द्वैतं नैवोपलभ्यत इत्यभावात्सिद्धं द्वैतस्यासत्वमित्यर्थः ॥३१॥

अर्थ– " डोरी सर्पजस्तै कल्पनारूप मन नै द्वैतको रूपमा देखिन्छ" यस्तो भनिन्छ। यस विषयमा प्रमाण के त भने अन्वय- व्यतिरेक अनुमान नै हो। त्यो कल्पनारूप मनले देखिने यो सम्पूर्ण द्वैत मन नै हो। किनभने मन रहे द्वैत रहन्छ मन नरहे द्वैत रहन्न। विवेक, ज्ञानको अभ्यास र वैराग्यद्वारा मनको निरोध गरिएमा वा सुषुप्त अवस्थामा द्वैत त्यसै पनि देखिन्न। जसरी डोरीमा सर्पलाई लय गरिदिए वा सुते सर्प देखिन्न ॥३१॥

कारिका

आत्मसत्यानुबोधेन न संकल्पयते यदा।
अमनस्तां तदा याति ग्राह्याभावे तदग्रहम् ॥३२॥

आत्मसत्य ज्ञान खुल्दा जब इच्छा हराउँछ।
नहुँदा ग्राह्य ग्रहण चित्त हुन्छ निरोधित ॥३२॥

भाष्य

कथं पुनरमनीभाव इति। उच्यते। आत्मैव सत्यमात्मसत्यं मृत्तिकावत्। "वाचारम्भणं विकारो नामधेयं मृत्तिकेत्येव सत्यम्" इति श्रुतेः। तस्य शास्त्राचार्योपदेशमन्ववबोध आत्मसत्यानुबोधः। तेन संकल्प्याभावतया न संकल्पयते। दाह्याभावे ज्वलनमिवाग्नेः। यदा यस्मिन्काले तदा तस्मिन्काले ऽमनस्तामममनोभावं याति ग्राह्याभावे तन्मनोऽग्रहं ग्रहणविकल्पनावर्जितमित्यर्थः ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– अमनीभाव कसरी हुन्छ त भन्दा भनिन्छ– "विकार बोलीमा भन्नको लागि मात्र हो वास्तवमा माटो नै सत्य हो" यस श्रुतिवाक्यबाट घटको कारण माटो भएसरि विश्वको कल्पनाको कारण आत्मालाई सम्झनुपर्छ। त्यस आत्मतत्त्वको शास्त्र र आचार्यको उपदेशपछि जो ज्ञान हुन्छ त्यसैलाई आत्मसत्यको ज्ञान भनिन्छ। यही ज्ञानको संकल्पयोग्य वस्तु नभएको कारण साधक त्यसै पनि संकल्प गर्दैन, जसरी डढाउनुपर्ने वस्तु नहुँदा आगाको जलाउने काम त्यसै शान्त हुन्छ। जब चित्तले संकल्प गर्दैन तब त्यो मन अमनीभावमा पुग्दछ, जसरी ग्राह्य वस्तु नभएपछि त्यो मन ग्रहण गर्ने काम छाडेर अग्रह हुन पुग्दछ ॥३२॥

कारिका

अकल्पकमजं ज्ञानं ज्ञेयाभिन्नं प्रचक्षते।
ब्रह्मज्ञेयमजं नित्यमजेनाजं विबुध्यते ॥३३॥

अजन्मा कल्पनाहीन ब्रह्माभिन्न छ ज्ञान त्यो।
ज्ञेय हो ब्रह्म जो नित्य जानिन्छ अजले अज ॥३३॥

भाष्य

यद्यसदिदं द्वैतं तर्हि केन स्वमजमात्मतत्वं विबुध्यत इति। उच्यते। अकल्पकं सर्वकल्पनावर्जितमत एवाजं ज्ञानं ज्ञप्तिमात्रं ज्ञेयेन परमार्थसता ब्रह्मणाऽभिन्नं प्रचक्षते कथयन्ति ब्रह्मविदः। न हि विज्ञातुर्विज्ञातेर्विपरिलोपो विद्यतेऽग्न्युष्णवत्। "विज्ञानमानन्दं ब्रह्म"। "सत्यं ज्ञानमानन्दं ब्रह्म" इत्यादिश्रुतिभ्यः। तस्यैव विशेषणं ब्रह्म ज्ञेयं यस्य स्वस्य तदिदं ब्रह्मज्ञेयमौष्ण्यस्येवाग्निवदभिन्नम्। तेनाऽऽत्मस्वरूपेणाऽजेन ज्ञानेनाजं ज्ञेयमात्मतत्वं स्वयमेव विबुध्यतेऽवगच्छति नित्यप्रकाशस्वरूप इव सविता। नित्यविज्ञानैकरसघनत्वान्न ज्ञानान्तरमपेक्षत इत्यर्थः ॥३३॥

अर्थ– सम्पूर्ण द्वैत असत्य भए आत्मतत्त्व कसले जान्ने त भन्दा भनिन्छ– कल्पनारहित र जन्मरहित ज्ञानलाई ब्रह्मज्ञानीहरू ज्ञेयस्वरूप ब्रह्मबाट अभिन्न छ भन्छन्। जसरी आगोको तातोपन आगो रहुन्जेल हराउन्न, त्यस्तै नै नित्य विज्ञाताको ज्ञान कहिल्यै पनि हराउन्न। त्यस्तै "ब्रह्म विज्ञान र आनन्दरूप छ"। "ब्रह्म सत्य ज्ञान र देशकाल वस्तुपरिच्छेदबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहित छ" इत्यादि श्रुतिवाक्यबाट सिद्ध हुन्छ। त्यसको नै विशेषण ब्रह्म जुन ज्ञेय हो त्यो ज्ञान आगोको तातोपनजस्तै ब्रह्मबाट अभिन्न छ। त्यही आत्मस्वरूप अजन्मा ज्ञानबाट जन्मरहित ज्ञेयस्वरूप आत्मतत्त्व स्वयं नै जानिन्छ। भाव यो हो कि नित्य प्रकाशरूप सूर्यजस्तै नित्य विज्ञान एकरस घनस्वरूप भएकाले त्यो ब्रह्म आफ्नो प्रकाशको लागि कुनै ज्ञानान्तरको अपेक्षा राख्दैन ॥३३॥

कारिका

निगृहीतस्य मनसो निर्विकल्पस्य धीमतः।
प्रचारः स तु विज्ञेयः सुषुप्तेऽन्यो न तत्समः ॥३४॥

निरुद्ध कल्पनाहीन विवेकी मनको सही।
सुषुप्तिबाट त्यो भिन्न व्यापार जान्न योग्य छ ॥३४॥

भाष्य

आत्मसत्यानुबोधेन संकल्पमकुर्वब्दाह्यविषयाभावे निरिन्धनाग्निवत्प्रशान्तं निगृहीतं निरुद्धं मनो भवतीत्युक्तम्। एवं च मनसो ह्यमनीभावे द्वैताभावश्चोक्तः। तस्यैवं निगृहीतस्य निरुद्धस्य मनसो निर्विकल्पस्य सर्वकल्पनावर्जितस्य धीमतो विवेकवतः प्रचरणं प्रचारो यः स तु प्रचारो विशेषेण ज्ञेयो योगिभिः। ननु सर्वप्रत्ययाभावे यादृशः सुषुप्तस्थस्य मनसः प्रचारस्तादृश एव निरुद्धस्यापि प्रत्ययाभावाविशेषात्किं तत्र विज्ञेयमिति। अत्रोच्यते। नैवम्। यस्मात्सुषुप्तेऽन्यः प्रचारोऽविद्यामोहतमोग्रस्तस्यान्तर्लीनानेकानर्थप्रवृत्तिबीजवासनावतो मनस आत्मसत्यानुबोधहुताशविप्लुष्टाविद्याद्यनर्थप्रवृत्तिबीजस्य निरुद्धस्यान्य एव प्रशान्तसर्वक्लेशरजसः स्वतन्त्रः प्रचारः। अतो न तत्समः। तस्माद्युक्तः स विज्ञातुमित्यभिप्रायः ॥३४॥

अर्थ– आत्मसत्यको ज्ञान भएपछि जब मनमा संकल्प रहन्न तब जलाउने वस्तु नभएको आगो समान मन स्वयं शान्त र निगृहीत हुन्छ। यसरी मन अमनीभाव भएपछि द्वैत नरहने कुरा पहिले पनि भनिसकिएको छ। यसरी निग्रह गरिएको, कल्पनाशून्य र विवेक सम्पन्न चित्तको जुन व्यापार छ त्यो योगीद्वारा विशेष रूपले जान्न योग्य छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै ज्ञान हराएपछि सुषुप्तिमा रहेको मनको व्यापार जस्तो हुन्छ त्यस्तै निरुद्ध मनको व्यापार पनि हुन्छ। त्यसमा जान्नलायक त्यस्तो के हुन्छ भन्ने तर्कको उत्तरमा भनिन्छ– अविद्या मोहरूप अन्धकारले ग्रस्त अन्तर्लीन अनेक अनर्थ प्रवृत्तिको बीउ, वासनायुक्त मनको व्यापार सुषुप्तिमा अर्कै प्रकारको हुन्छ। अनि आत्मसत्यको बोधरूप आगोले जलाएको अविद्याबाट उत्पन्न अनर्थ प्रवृत्तिको बीउमा शान्त, सर्वक्लेश रजोगुणले शून्य, निरुद्ध मनको स्वतन्त्र व्यापार अर्कै किसिमको हुन्छ। सुषुप्तिमा निरुद्ध मनको व्यापार हुन्न। तसर्थ पहिले भनिएको कुरा कि निरुद्ध मनको व्यापार योगीहरूद्वारा विशेष रूपले जान्नयोग्य छ, यो यसको भावार्थ हो ॥३४॥

कारिका

लीयते हि सुषुप्ते तन्निगृहीतं न लीयते।
तदेव निर्भयं ब्रह्म ज्ञानालोकं समन्ततः ॥३५॥

सुषुप्तिमा अविद्यामा मन यो लीन बन्दछ।
निरुद्ध मन यो हुन्न लीन फेरि समाधिमा।
त्यो नै निर्भय हो ब्रह्म ज्ञानज्योति जताततै ॥३५॥

भाष्य

प्रचारभेदे हेतुमाह। लीयते सुषुप्तौ हि यस्मात्सर्वाभिरविद्यादिप्रत्ययबीजवासनाभिः सह तमोरूपमविशेषरूपं बीजभावमापद्यते तद्विवेकविज्ञानपूर्वकं निरुद्धं निगृहीतं सन्न लीयते तमोबीजभावं नाऽऽपद्यते तस्माद्युक्तः प्रचारभेदः सुषुप्तस्य समाहितस्य च मनसः। यदा ग्राह्यग्राहकाविद्याकृतमलद्वयवर्जितं तदा परमद्वयं ब्रह्मैव तत्संवृत्तमित्यतस्तदेव निर्भयम्। द्वैतग्रहणस्य भयनिमित्तस्याभावात्। शान्तमभयं ब्रह्म। यद्विद्वान्न विभेति कुतश्चन। तदेव विशेष्यते ज्ञप्तिर्ज्ञानमात्मस्वभावचैतन्यं तदेव ज्ञानमालोकः प्रकाशो यस्य तद्ब्रह्म ज्ञानालोकं विज्ञानैकरसघनमित्यर्थः। समन्ततः समन्तात्सर्वतो व्योमवन्नैरन्तर्येण व्यापकमित्यर्थः ॥३५॥

अर्थ– सुषुप्तिमा सम्पूर्ण अविद्या, राग आदि प्रतीतिहरूको वीजभूत वासनाहरूसहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै अज्ञान अन्धकारमा मन पुग्दछ । अर्थात् आफ्नो कारण अविद्यामा लीन हुन्छ । तर त्यही विवेक र ज्ञानले निग्रह गरिएको मन समाधिको बेला अज्ञानमा लीन हुन्न । यसरी सुषुप्ति र समाधिमा हुने मनको व्यापारमा भेद छ ।

जब अविद्याबाट उत्पन्न ग्राह्यग्राहकरूप दुवै प्रकारका मयलबाट चित्त बच्छ तब त्यो परम अद्वितीय ब्रह्मरूप नै हुन्छ । डरको कारण द्वैत ज्ञान हराउनाले समाधि अवस्थामा त्यही मन अभय हुन्छ । ब्रह्म शान्त र भयरहित छ । जसलाई जान्ने पुरुषलाई कतैबाट पनि भय हुन्न । त्यही ज्ञानलाई ज्ञप्ति भनिन्छ, जो आत्मचैतन्यरूप छ, त्यही ज्ञान जसको प्रकाश छ, त्यो ब्रह्म हो । ज्ञानको प्रकाश घन हुन्छ । त्यो सबैतिर आकाशजस्तै व्यापक छ ॥३५॥

कारिका

अजमनिद्रमस्वप्नमनामकमरूपकम् ।
सकृद्विभातं सर्वज्ञं नोपचारः कथंचन ॥३६॥

न जन्म न त अज्ञान न स्वप्न न त रूप छ ।
सदा प्रकाश सर्वज्ञ आत्मा ज्ञानस्वरूप छ ।
समाधि आदि कर्तव्य यस्मा छैन जरूरत ॥३६॥

भाष्य

जन्मनिमित्ताभावात्सबाह्याभ्यन्तरमजम् । अविद्यानिमित्तं हि जन्म रज्जुसर्पवदित्यवोचाम । सा चाविद्याऽऽत्मसत्यानुबोधेन निरुद्धा यतोऽतोऽजमत एवानिद्रम् । अविद्यालक्षणाऽनादिमाया निद्रा । स्वापात्प्रबुद्धोऽद्वय स्वरूपेणाऽऽत्मनाऽतोऽस्वप्नम् । अप्रबोधकृते ह्यस्य नामरूपे प्रबोधाच्च ते रज्जुसर्पवद्विनष्टे इति न नाम्नाऽभिधीयते ब्रह्म रूप्यते वा न केनचित्प्रकारेणेत्यनामकमरूपकं च तत् । "यतो वाचो निवर्तन्ते" इत्यादिश्रुतेः । किं च सकृद्विभातं सदैव विभातं सदा भारुपमग्रहणान्यथाग्रहणाविर्भावतिरोभाववर्जितत्वात् । ग्रहणाग्रहणे हि रात्र्यहनी तमश्चाविद्यालक्षणं सदाऽप्रभातत्वे कारणं तदभावान्नित्यचैतन्यभारूपत्वाच्च युक्तं सकृद्विभातमिति । अत एव सर्वं च तज्ज्ञस्वरूपं चेति सर्वज्ञम् । नेह ब्रह्मण्येवंविध उपचरणमुपचारः कर्तव्यः । यथाऽन्येषामात्मस्वरूपव्यतिरेकेण समाधानाद्युपचारः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यशुद्धबुद्धमुक्तस्वभावत्वाद्ब्रह्मणः । कथंचन न कथंचिदपि कर्तव्यसंभवोऽविद्यानाश इत्यर्थः ॥३६॥

अर्थ– जन्मको निमित्त नहुनाले भित्र-बाहिर सर्वत्र अजन्मा ब्रह्म विद्यमान छ । त्यसको जन्म डोरी सर्पजस्तै अविद्याका कारणले हुन्छ, यस्तो हामीले पहिलेदेखि भनिआएका छौं । किनकि त्यो अविद्या आत्मसत्यको यथार्थबोधको बाधक छ । यसैले ब्रह्म अज र अनिद्र छ । यहाँ अविद्यारूप, अनादि र अनिर्वचनीय माया नै निद्रा हो । अद्वय स्वरूप आत्मरूपबाट जव जीव सपनाबाट जाग्दछ तब उसलाई अस्वप्न भनिन्छ । किनकि त्यस अद्वय आत्माको नामरूप अज्ञानको कारण नै हो । ती नामरूप डोरी सर्पजस्तै ज्ञानबाट नष्ट गरिन्छन् । त्यसैले ब्रह्म न कुनै नामले न कुनै प्रकारले बताइन्छ । यस्तै नै "जहाँबाट बोली फर्केर आउँछ" इत्यादि श्रुतिवाक्यबाट पनि सिद्ध हुन्छ । यति मात्र होइन, त्यो ब्रह्म अग्रहण र अन्यथाग्रहण अनि विलाउने र उब्जने क्रिया नभएको कारण नित्यप्रकाश स्वरूप पनि छ । ग्रहण र अग्रहण नै रात र दिन हुन् । अविद्यारूप अन्धकार नै सधैं ब्रह्मको प्रकाशित नहुनुमा कारण हो । त्यो अविद्या हराउने बित्तिकै नित्य चैतन्यरूप भएको कारण ब्रह्म नित्य र चैतन्यस्वरूप रहेको थाहा हुन्छ । त्यसैले त्यो सबै ज्ञानस्वरूप भएको कारण सर्वज्ञ छ । त्यस्तो ब्रह्ममा कुनै प्रकारको व्यापार हुन्न । जसरी कि अरूहरूको आत्मस्वरूपबाट भिन्न रूपमा समाधि आदि कर्तव्य हुन्छन् । भावार्थ हो– त्यो ब्रह्म नित्य, शुद्ध, वुद्ध र मुक्तस्वभावको छ । अविद्या हटेपछि त्यस ब्रह्ममा कुनै व्यापार संभव छैन ॥३६॥

कारिका

सर्वाभिलापविगतः सर्वचिन्तासमुत्थितः ।
सुप्रशान्तः सकृज्ज्योतिः समाधिरचलोऽभयः ॥३७॥

बाह्येन्द्रिय बुद्धिबाट भेटिंदैन प्रशान्त छ ।
समाधिद्वारा चिनिने आत्मा नित्यप्रकाश छ ।
अचल अभय त्यस्को जान्नुपर्ने स्वरूप छ ॥३७॥

भाष्य

अनामकत्वाद्युक्तार्थसिद्धये हेतुमाह– अभिलप्यतेऽनेनेत्यभिलापो वाक्करणं सर्वप्रकारस्याभिधानस्य तस्माद्विगतः । वागत्रोपलक्षणार्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्ववाह्यकरणवर्जित इत्येतत्। तथा सर्वचिन्तासमुत्थितः। चिन्त्यतेऽनयेति चिन्ता बुद्धिस्तस्याः समुत्थितोऽन्तःकरणवर्जित इत्यर्थः। "अप्राणो ह्यमनाः शुभ्रः" इति श्रुतेः। "अक्षरात्परतः परः"। यस्मात्सर्वविशेषवर्जितोऽतः सुप्रशान्तः। सकृज्ज्योतिः सदैव ज्योतिरात्मचैतन्यस्वरूपेण। समाधिनिमित्तप्रज्ञावगम्यत्वात्। समाधीयतेऽस्मिन्निति वा समाधिः। अचलोऽविक्रियः। अत एवाभयो विक्रियाभावात् ॥३७॥

अर्थ– जसबाट शब्दको उच्चारण गरिन्छ त्यो उद्गार वाणी हो, त्यो सबै प्रकारको शब्द उच्चारणको कारण हो। यस्तो शब्द उच्चारणको साधन नहुनेलाई 'सर्वाभिलापविगत' भनिन्छ। तात्पर्य यो हो कि त्यो परमात्मा सबै बाहिरी इन्द्रियबाट जान्न सकिनेछैन। त्यस्तै सबै प्रकारका चिन्ताहरूबाट पनि माथि उठेको छ। जसबाट चिन्तन गरिन्छ त्यो बुद्धि नै चिन्ता शब्दको अर्थ हो। परमात्मा त्यस बुद्धिरूप चिन्ता अर्थात् अन्तःस्करणबाट बाहिर छन्। यस्तै "प्राणरहित, मनरहित र शुद्ध छ" अनि "त्यो परमात्मा सम्पूर्ण जगत्को अक्षर पदवाच्य मायाभन्दा पनि पर छ" इत्यादि श्रुतिबाट पनि बताइएको छ। जब ऊ सबै विषयबाट पर छ त्यसैले त्यो परमेश्वर अत्यन्त शान्त छ। आत्मचैतन्यरूपले सदा प्रकाशमान छ। समाधिको निमित्तले हुने प्रज्ञाबाट परमेश्वरको प्राप्ति हुन्छ। यसैले परमेश्वरमा चित्त समाहित अर्थात् लगाइन्छ। यो अचल र अविकारी छ। यसैले विकार नहुँदा नै यो अभय पनि छ ॥३७॥

कारिका

ग्रहो न तत्र नोत्सर्गश्चिन्ता यत्र न विद्यते
आत्मसंस्थं तदा ज्ञानमजाति समतां गतम् ॥३८॥

लिने-दिने त्यहाँ छैन छैन चिन्तनको भय
अजाति र निर्विशेष साधक ब्रह्म भावमा।
जब पुग्दछ भोग्नेछ ज्ञान आत्मस्वरूपमा ॥३८॥

भाष्य

यस्माद्ब्रह्मैव समाधिरचलोऽभय इत्युक्तमतो न तत्र तस्मिन्ब्रह्मणि ग्रहो ग्रहणमुपादानं, नोत्सर्ग उत्सर्जनं हानं वा विद्यते। यत्र हि विक्रिया तद्विषयत्वं वा तत्र हानोपादाने स्यातां न तद्द्वयमिह ब्रह्मणि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संभवति । विकारहेतोरन्यस्याभावान्निरवयवत्वाच्च । अतो न तत्र हानोपादाने संभवतः । चिन्ता यत्र न विद्यते । सर्वप्रकारैव चिन्ता न संभवति यत्रामनस्त्वात्कुतस्तत्र हानोपादाने इत्यर्थः । यदैवाऽऽत्मसत्यानुबोधो जातस्तदैवाऽऽत्मसंस्थं विषयाभावादग्न्युष्णवदात्मन्येव स्थितं ज्ञानम् । अजाति जातिवर्जितम् । समतां गतं परं साम्यमापन्नं भवति । यदादौ प्रतिज्ञातमतो वक्ष्याम्यकार्पण्यमजाति समतां गतमितीदं तदुपपत्तितः शास्त्रतश्चोक्तमुपसंह्रियते । अजाति समतां गतमित्येतस्मादात्मसत्यानुबोधात्कार्पण्यविषयमन्यत् । "यो वा एतदक्षरं गार्ग्यविदित्वाऽस्माल्लोकात्प्रैति स कृपणः" इति श्रुतेः । प्राप्यैतत् सर्वः कृतकृत्यो ब्राह्मणो भवतीत्यभिप्रायः ॥३८॥

अर्थ– त्यस परब्रह्ममामा ग्रहण वा त्याग छैन । जहाँ विकार हुन्छ त्यहाँ नै ग्रहण वा त्याग हुन्छ । यसको विपरीत यसमा ती दुवै ग्रहण र त्यागको सम्भावनासम्म पनि छैन । किनकि यसमा विकारको कारण हुने कुनै अरू पदार्थ छैन र त्यो स्वयं त्यो ब्रह्म निरवयव अर्थात् अगंरहित छ । त्यसको अंग भएको भए विकारको सम्भावना हुन्थ्यो । विकार हेतु नभएकाले यस ब्रह्ममा दान र उपादान सम्भव छैन । मनोरहित भएको कारण यस ब्रह्ममा कुनै प्रकारको चिन्ता संभव छैन । त्यहाँ ग्रहण र त्याग कसरी रहन्छ ? अर्थात् रहन्न ।

जब शास्त्र र आचार्यको उपदेशद्वारा आत्मसत्यको बोध हुन्छ तब विषय हराउने हुनाले आत्मामै रहेको ज्ञान जन्मरहित र समतामा त्यसरी नै पुग्छ, जसरी जलाउने वस्तु काठ आदि नभएको कारण आगो शान्त हुन पुग्दछ । यस प्रकरणको शुरुमा जुन प्रतिज्ञा गरिएको थियो कि "यसैले म समान भावमा पुगेको, अजन्मा र दीनतारहित वस्तुलाई बताउँला" त्यस पूर्वोक्त पदार्थको नै यहाँ "अजाति र समतामा पुगेको" इत्यादि वाक्य भएको शास्त्रद्वारा उपसंहार गरिएको छ । यस आत्मसत्य जान्ने भन्दा फरक वस्तु दीनताले भरिएको छ । यस्तै "हे गार्गी ! जुन पुरुष यस अक्षर ब्रह्मलाई आत्मभावले नजानी यस लोकबाट जान्छ त्यो दीन हो" यो श्रुतिले पनि बताइरहेको छ । यस तत्त्वलाई पाएर सबै कृतकृत्य र ब्रह्मस्वरूपमा रहन्छन् ॥३८॥

कारिका

अस्पर्शयोगो वै नाम दुर्दर्शः सर्वयोगिभिः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगिनो विभ्यति ह्यस्मादभये भयदर्शिनः ॥३९॥

परमार्थ तत्त्वज्ञान अस्पर्श-योग भन्दछन् ।
कर्मिष्ठहरू यस्लाई दुःखले लिन सक्दछन् ।
डराउँछन् व्यर्थ उनी अभय यस योगमा ॥३९॥

भाष्य

यद्यपीदमित्थं परमार्थतत्वं तथाऽपि तस्मिन्केचिन्मुह्यन्तीत्याह। अस्पर्शयोगो नामायं सर्वसंवन्धाख्यस्पर्शवर्जितत्वादस्पर्शयोगो नाम वै स्मर्यते प्रसिद्ध उपनिषत्सु। दुःखेन दृश्यत इति दुर्दर्शः सर्वैर्योगिभिः; वेदांतविहितविज्ञानरहितैः सर्वयोगिभिरात्मसत्यानुबोधायासलभ्य एवेत्यर्थः। योगिनो विभ्यति ह्यस्मात्सर्वभयवर्जितादप्यात्मनाशरूपमिमं योगं मन्यमाना भयं कुर्वन्ति अभयेऽस्मिन्भयदर्शिनो भयनिमित्तात्मनाशदर्शनशीला अविवेकिन इत्यर्थः ॥३९॥

अर्थ– यद्यपि यो परमार्थ तत्त्व यस्तो छ, तर पनि यो अस्पर्श योग नाम भएको छ। किनभने यसमा सबै प्रकारका सम्बन्धरूप स्पर्शहरूको अभाव छ। वेदान्त प्रतिपादित ज्ञान नहुने योगीले हेर्न नसकिने अर्थात् बडो मिहिनेतले मात्र देखिने छ। सम्पूर्ण भयरहित भएर पनि कर्मनिष्ठ वैदिकहरू यसबाट डराउँछन्। यस अस्पर्शयोगलाई उनीहरू आत्माको नाशस्वरूप सम्झन्छन्। यस भयशून्य योगमा पनि उनीहरू भय देख्दछन्। यसै भयशून्य योगलाई आत्मनाश देख्ने हुनाले त्यस्ता कर्मीलाई अविवेकी भनिएको हो ॥३९॥

कारिका

**मनसोनिग्रहायत्तमभयं सर्वयोगिनाम्।
दुःखक्षयः प्रबोधश्चाप्यक्षया शान्तिरेवच ॥४०॥**

अभय, दुःखको नाश, चिरशान्ति, प्रबोध यी ।
मनोनिरोध हुन्ज्याल पाइन्छ कर्मनिष्ठले ॥४०॥

भाष्य

येषां पुनर्ब्रह्मस्वरूपव्यतिरेकेण रज्जुसर्पवत्कल्पितमेव मन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियादि च न परमार्थतो विद्यते तेषां ब्रह्मस्वरूपाणामभयं मोक्षाख्या चाक्षया शान्तिः स्वभावत एव सिद्धा नान्यायत्ता नोपचारः कथंचनेत्यवोचाम। ये त्वतोऽन्ये योगिनो मार्गगा हीनमध्यमदृष्टयो मनोऽन्यदात्मव्यतिरिक्तमात्मसंवन्धि पश्यन्ति तेषां मोक्षफलमाह-मनस इति। तेषामात्मसत्यानुबोधरहितानां मनसोनिग्रहायत्तममभयं सर्वेषां योगिनाम्। किं च दुःखक्षयोऽपि। न ह्यात्मसंवन्धिनि मनसि प्रचलिते दुखक्षयोऽस्त्यविवेकिनां किं चाऽऽत्मप्रबोधोऽपि मनोनिग्रहायत्त एव। तथाऽक्षयाऽपि मोक्षाख्या शान्तिस्तेषां मनोनिग्रहायत्तैव॥४०॥

अर्थ– जो ब्रह्म स्वरूपबाट अतिरिक्त मन, इन्द्रिय आदिलाई डोरी सर्पभैं कल्पित मान्दछन्, जसको दृष्टिमा यी वस्तु नै छैनन् ती ब्रह्मस्वरूप तत्त्ववेत्तालाई भयशून्य र मोक्षनामक अक्षय शान्ति स्वभावैले नै सिद्ध हुन्छ, कुनै अरु साधनको कारणले होइन। यसैलाई हामीले "त्यस्तो तत्त्ववेत्ताको केही पनि कर्तव्य बाँकी हुँदैन" भनेर अघि नै भनिसकेका छौं। यसबाट फरक जुन सन्मार्गगामी मन्द र मध्यम दृष्टिका योगी छन् उनी मनलाई आत्माबाट फरक तर आत्मसम्बन्धी ठान्दछन्। यस्ता आत्मसत्यज्ञानबाट शून्य योगीहरूको निर्भयता मनको नियन्त्रणमा आधारित छ। इनीहरूको दुःखको क्षय पनि मन नियन्त्रण-कालसम्म नै रहन्छ। किनकि आत्मसम्बन्धी मन विचलित हुने बित्तिकै फेरि अविवेकीहरूको दुःखक्षय रहिरहन्न। उनीहरूको आत्मज्ञान पनि मनको नियन्त्रणको अधीनमा हुन्छ र मोक्ष नामक अक्षय शान्ति पनि मनको नियन्त्रणमा आधारित हुन्छ। यी साधकहरू जबसम्म मन नियन्त्रण गरिरहन्छन् तबसम्म इनलाई अभय, दुःखक्षय, आत्मज्ञान र अक्षय शान्ति भइरहन्छ॥४०॥

कारिका

उत्सेक उदधेर्यद्वत्कुशाग्रेणैकबिन्दुना।
मनसो निग्रहस्तद्वद्भवेदपरिखेदतः॥४१॥

कुशाग्रले बिन्दु-बिन्दु निकाली क्षीर सागर।
सुकाउने यत्न गर्ने धैर्यशाली मनुष्यभैं॥
प्रयत्नशील भै लागे लामो समयसम्ममा॥
मनोनिरोध होला नै धैर्यले कर्मनिष्ठको॥४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

मनसो निग्रहे तेषामुपायमाह– उत्सेक इति । मनोनिग्रहोऽपि तेषामुदधेः कुशाग्रेणैक बिन्दुनोत्सेचनेन शोषणव्यवसायवद्व्यवसायवतामनवसन्नान्तःकरणानामनिर्वेदादपरिखेदतो भवतीत्यर्थः ॥४१॥

अर्थ– कुशको टुप्पाले एक-एक थोपा गरेर समुद्र सुकाउनुजस्तै नथाकीकन प्रयत्न गर्दा जस्तै प्रयत्न गर्दा यस्ता योगीले मनको नियन्त्रण गर्न सक्दछन् ॥४१॥

कारिका

उपायेन निगृह्णियाद्विक्षिप्तं कामभोगयोः ।
सुप्रसन्नं लयेचैव यथा कामो लयस्तथा ॥४२॥

उपायले रोक मन आसक्त काम भोगमा ।
सुषुप्तिमा लीन भए मन गर्नु नियन्त्रण ।
अनर्थ यो पनि उस्तै आसक्ति काम भोगझैं ॥४२॥

भाष्य

किमपरिखिन्नव्यवसायमात्रमेव मनोनिग्रह उपायो नेत्युच्यते । अपरिखिन्नव्यवसायवान्सन्वक्ष्यमाणेनोपायेन कामभोगविषयेषु विक्षिप्तं मनो निगृह्णीयान्निरुन्ध्यादात्मन्येवेत्यर्थः । किं च लीयते ऽस्मिन्निति सुषुप्तो लयस्तस्मिँल्लये च सुप्रसन्नमायासवर्जितमपीत्येतन्निगृह्णीयादित्यनुवर्तते । सुप्रसन्नं चेत्कस्मान्निगृह्यत इति । उच्यते । यस्माद्यथाकामोऽनर्थहेतुस्तथा लयोऽपि । अतः कामविषयस्य मनसो निग्रहवल्लयादपि निरोद्धव्यमित्यर्थः ॥४२॥

अर्थ– मनोनिग्रहको उपायमा खेदरहित प्रयत्नका अतिरिक्त काम र भोगरूप विषयहरूमा लागेको मनलाई आफ्नो वशमा यानि आत्ममा नै रोकेर राखोस् र जुन बेला चित्त लीन हुन्छ, त्यस अवस्थालाई सुषुप्ति भनिन्छ, त्यसैले सुषुप्ति लय हो । त्यस लय अवस्थामा अत्यन्त प्रसन्न भएको चित्तलाई पनि विवेकपर्वक नियन्त्रण गर्नुपर्छ । जसरी काम अर्थात्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इच्छा अनर्थको कारण हो त्यस्तै नै लय पनि । त्यसैले लयबाट पनि मनलाई नियन्त्रण गर्नुपर्छ ॥४२॥

कारिका

दुःखं सर्वमनुस्मृत्य कामभोगान्निवर्तयेत् ।
अजं सर्वमनुस्मृत्य जातं नैव तु पश्यति ॥४३॥

सबै दुःख सम्झिएर काम र भोग त्यागिद्यौ ।
देखिने सब यी वस्तु अजन्मा ब्रह्म सम्झिद्यौ ॥
देख्दैनौ तब क्यै वस्तु द्वैत जात त्यहाँ कुनै ॥४३॥

भाष्य

कः स उपाय इति । उच्यते । सर्वं द्वैतमविद्याविजृम्भितं दुःखमेवेत्यनुस्मृत्य कामभोगात्कामनिमित्तो भोग इच्छाविषयस्तस्माद्विप्रसृतं मनो निवर्तयेद्वैराग्यभावनयेत्यर्थः । अजं ब्रह्म सर्वमित्येतच्छास्त्राचार्योपदेशतोऽनुस्मृत्य तद्विपरीतं द्वैतजातं नैव तु पश्यति । अभावात् ॥४३॥

अर्थ– लयबाट मनलाई नियन्त्रण गर्ने उपाय के हो त भन्दा भनिन्छ– अविद्याकल्पित सम्पूर्ण द्वैतप्रपंच दुःखरूप नै छ, यस्तो जानेर कामनिमित्तक भोगहरूबाट वैराग्य भावनाले मनलाई हटाउनुपर्छ। सबै वस्तु अजन्मा ब्रह्मस्वरूप छ, यसरी शास्त्र र आचार्यको उपदेशलाई सम्झदै अद्वैतको चिन्तन गरोस्। यसको उल्टो द्वैत वस्तुलाई वास्तवमा नहुने हुनाले त्यही भावले हेरोस् ॥४३॥

कारिका

लये संबोधयेच्चित्तं विक्षिप्तं शमयेत्पुनः ।
सकषायं विजानीयात्समप्राप्तं न चालयेत् ॥४४॥

लयबाट चित्तलाई जगाऊ अनि त्यो यदि ।
छरिएको विषयमा भए शान्त गराइद्यौ ॥
बीचमा रागले युक्त चित्तलाई चिनिकन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाओस् आत्मचिन्तनमा नहोस् त्यो फेरि चंचल ॥४४॥

भाष्य

एवमनेन ज्ञानाभ्यासवैराग्यद्वयोपायेन लये सुषुप्ते लीनं संबोधयेन्मनः । आत्मविवेकदर्शनेन योजयेत् । चित्तं मन इत्यनर्थान्तरम् । विक्षिप्तं च कामभोगेषु, शमयेत्पुनः । एवं पुनः पुनरभ्यस्यतो लयात्संबोधितं विषयेभ्यश्च व्यावर्तितं नापि साम्यापन्नमन्तरालावस्थं सकषायं सरागं बीजसंयुक्तं मन इति विजानीयात् । ततोऽपि यत्नतः साम्यमापादयेत् । यदा तु समप्राप्तं भवति समप्राप्त्यभिमुखी भवतीत्यर्थः । ततस्तन्नविचालयेद्विषयाभिमुखं न कुर्यादित्यर्थः ॥४४॥

अर्थ– यसरी ज्ञानाभ्यास र वैराग्य यी दुई उपायले सुषुप्तिमा लीन भएको मनलाई जगाओस् अर्थात् आत्माको विवेक ज्ञानद्वारा आत्मामा मन लगाओस् । मन र चित्त भन्नु एउटै हो । काम र भोगमा लागेको मनलाई शान्त गर्नुपर्छ । यसरी बारम्बार लय अवस्थाबाट संबोधित विषयहरूबाट हटेको चित्तबीचको अवस्थामा रहेर समतामा यदि पुगिराखेको छैन भने यसो सम्भनुपर्छ कि यसबेला मन रागले युक्त वीज अर्थात् अति कारण अवस्थामा पुगेको छ । यस अवस्थाबाट पनि मनलाई मिहिनेत गरेर साम्य अवस्थामा लग्नुपर्छ । अर्थात् संप्रज्ञात समाधिबाट असंप्रज्ञात समाधिमा पुग्नुपर्छ । यसरी जब चित्त असंप्रज्ञात समाधि अर्थात् समताप्राप्तिको नजिक पुग्दछ त्यसलाई विचलित अर्थात् विषयाभिमुख हुन दिनु हुन्न । निर्विशेष वस्तु पाउन असंप्रज्ञात समाधिमा पुगेको चित्तलाई फेरि विषयपट्टि लाग्न दिनु हुन्न भन्ने यसको अर्थ हो ॥४४॥

कारिका

नाऽऽस्वादयेत्सुखं तत्र निःसंगः प्रज्ञया भवेत् ।
निश्चलं निश्चरच्चित्तमेकी कुर्यात्प्रयत्नतः ॥४५॥

नभै आशक्त सुखमा जो मिल्दछ समाधिमा ।
विवेकले त्यो सुखमा स्पृहा बिल्कुल छाडनु ॥
आत्मामा निश्चल चित्त यदि भाग्दछ बाहिर ।
लगाउनु आत्मतिर त्यसलाई प्रयत्नले ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

समाधित्सतो योगिनो यत्सुखं जायते तन्नाऽऽस्वादयेत् । तत्र न रज्येतेत्यर्थः । कथं तर्हि । निःसङ्गो निस्पृहः प्रज्ञया विवेकबुद्धया यदुपलभ्यते सुखं तदविद्यापरिकल्पितं मृषैवेति विभावयेत् । ततोऽपि सुखारागान्निगृह्णीयादित्यर्थः । यदा पुनः सुखरागान्निवृत्तं निश्चलस्यभावं सन्निश्चरद्बहिर्निगच्छद् भवति चित्तं ततस्ततो नियम्योक्तोंपायेनाऽऽत्मन्येवैकीकुर्यात्प्रयत्नतः । चित्स्वरूपसत्ता-मात्रमेवाऽऽपादयेदित्यर्थः ॥४५॥

अर्थ– समाधिकालमा पाइने सुखमा साधक आसक्त हुनु हुन्न । त्यस सुखबाट निःसंग भएर विवेक बुद्धिरूप प्रज्ञाले त्यसलाई मिथ्या सम्झी चित्तलाई यस सुख रागबाट रोक्नुपर्छ । यसरी समाधिमा निश्चल स्वभावमा प्राप्त चित्तलाई समाधिबाहिर निक्लन खोज्यो भने पहिले बताएको उपायले यत्नपूर्वक आत्मामा एकाग्र गराउनु अर्थात् संप्रज्ञात समाधिबाट असंप्रज्ञात समाधिमा पुगेको चित्तलाई परिपूर्ण ब्रह्मसँग तादात्म्य गर्नु । चित्तलाई चेतनस्वरूप सत्ता मात्रले नै युक्त हुन दिनुपर्छ भन्ने अभिप्राय हो ॥४५॥

कारिका

यदा नलीयते चित्तं न च विक्षिप्यते पुनः ।
अनिङ्गनमनाभासं निष्पन्नं ब्रह्म तत्तदा ॥४६॥

अविद्यामा छैन लीन न गर्छ भोग चिन्तन ।
हावा नलाग्दा बत्तीझैं चित्त गर्दैन कम्पन ।
भने त्यस्तो चित्त हुन्छ वस्तुतः ब्रह्मरूप नै ॥४६॥

भाष्य

यथोक्तेनोपायेन निगृहीतं चित्तं यदा सुषुप्ते न लीयते न च पुनर्विषयेषु विक्षिप्यते, अनिङ्गनमचलं निवातप्रदीपकल्पम् । अनाभासं न केनचित्कल्पितेन विषयभावेनावभासत इति । यदेवंलक्षणं चित्तं तदा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्पन्नं ब्रह्म ब्रह्मस्वरूपेण निष्पन्नं चित्तं भवतीत्यर्थः ॥४६॥

अर्थ– पूर्वोक्त ज्ञान अभ्यास आदि उपायले नियन्त्रण गरिएको चित्त जब सुषुप्तिमा लीन हुन्न, न त विषयहरूमा नै लिप्त हुन्छ तब हावा नभएको ठाउँमा रहेको बत्तीजस्तै निश्चल अर्थात् राग आदि वासना नभएको तथा कुनै पनि कल्पित विषय भावबाट प्रकाशित हुन्न। त्यस बेला चित्त ब्रह्मस्वरूप नै हुन्छ ॥४६॥

कारिका

स्वस्थं शान्तं सनिर्वाणमकथ्यं सुखमुत्तमम्।
अजमजेन ज्ञेयेन सर्वज्ञं परिचक्षते ॥४७॥

स्वस्थ, शान्त, सनिर्वाण, अकथ्य, अज, उत्तम।
समाधि सुख सर्वज्ञ ब्रह्मदेखि अभिन्न छ ॥
समाधि सुखको रूप यस्तो ब्रह्मज्ञ भन्दछन् ॥४७॥

भाष्य

यथोक्तं परमार्थसुखमात्मसत्यानुबोधलक्षणं स्वस्थं स्वात्मनि स्थितम्। शान्तं सर्वानर्थोपशमरूपम्। सनिर्वाणं निर्वृतिर्निर्वाणं कैवल्यं सह निर्वाणेन वर्तते। तच्चाकथ्यं न शक्यते कथयितुम्। अत्यन्तासाधारणविषयत्वात्। सुखमुत्तमं निरतिशयं हि तद्योगिप्रत्यक्षमेव। न जातमित्यजं यथा विषयविषयम्। अजेनानुत्पन्नेन ज्ञेयेनाव्यतिरिक्तं सत्स्वेन सर्वज्ञरूपेण सर्वज्ञं ब्रह्मैव सुखं परिचक्षते कथयन्ति ब्रह्मविदः ॥४७॥

अर्थ– पूर्वोक्त आत्मसत्य ज्ञानरूप पारमार्थिक सुख स्वस्थ अर्थात् आफ्नै स्वरूपमा नै रहेको, शान्त अर्थात् सबै प्रकारको अनर्थ हटेको र निर्वाणयुक्त हुन्छ भनेर मानिएको छ। यो सुख बताउन नसकिने किसिमको हुन्छ। किनभने यसले अत्यन्त असाधारण विषय अर्थात् लोकोत्तर कुरालाई अँगालेको छ। खाली योगीहरूले नै अनुभव गर्न सकिने हुनाले त्यो उत्तम अर्थात् निरतिशय सुख छ। उत्पन्न नहुने हुनाले त्यो सुख अज पनि छ। विषयजन्य सुखजस्तो त्यो सुख होइन। अजन्मा ज्ञेयबाट फरक नभएकाले आफ्नो सर्वज्ञरूपले स्वयं ब्रह्म नै उक्त सुख हो भनेर ब्रह्मज्ञानी भन्दछन् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

न कश्चिज्जायते जीवः संभवोऽस्य न विद्यते।
एतत्तदुत्तमं सत्यं यत्र किंचिन्न जायते ॥४८॥

कुनै जीव जन्मँदैन यसको संभव छैन नि ।
यो नै त्यो सत्य हो श्रेष्ठ जहाँ जन्मन्न क्यै पनि ॥४८॥

भाष्य

सर्वोऽप्ययं मनोनिग्रहादिर्मृल्लोहादिवत्सृष्टिरुपासना चोक्ता परमार्थस्वरूपप्रतिपत्त्युपायत्वेन न परमार्थसत्येति। परमार्थसत्यंतु न कश्चिज्जायते जीवः कर्ता भोक्ता न चोत्पद्यते केनचिदपि प्रकारेण । अतः स्वभावतोऽजस्यास्यैकस्याऽऽत्मनः संभवः कारणं न विद्यते नास्ति। यस्मान्न विद्यते ऽस्य कारणं तस्मान्न कश्चिज्जायते जीव इत्येतत्। पूर्वेषूपायत्वेनोक्तानां सत्यानामेतत्तदुत्तमं सत्यं यस्मिन्सत्यस्वरूपे ब्रह्मण्यणुमात्रमपि किंचिन्न जायत इति ॥४८॥

अर्थ– चित्तलाई नियन्त्रण गर्ने आदि यी सब कुरा र माटो फलामजस्तो सृष्टि र उपासना आदि जे-जे बताइयो, सब परमार्थस्वरूप जान्ने उपायका रूपमा हो, यो नै परमार्थ सत्य हो भनेर होइन । परमार्थ सत्य कुरा त कुनै पनि जीव उत्पन्न हुँदैन । अर्थात् कुनै पनि प्रकारले कर्ता भोक्ता उत्पन्न हुन्न । स्वभावले नै अजन्मा आत्माको उत्पत्तिको कुनै कारण नै छैन । पूर्वोक्त व्यावहारिक सत्यमा पनि यही सर्वश्रेष्ठ सत्य हो । यस सत्यस्वरूप ब्रह्ममा अणु मात्र पनि केही जन्मन्न ॥४८॥

इति अद्वैत प्रकरणं समाप्तम् ।

ॐ तत्सत् ।

यहाँ माण्डूक्योपनिषत्को तेस्रो अद्वैत प्रकरण समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अलात शान्ति प्रकरण

कारिका

ज्ञानेना ऽऽकाशकल्पेन धर्मान्यो गगनोपमान् ।
ज्ञेयाभिन्नेन संबुद्धस्तं वन्दे द्विपदां वरम् ॥१॥

ज्ञेय ब्रह्मदेखि यौटै आकाशसरि व्यापक ।
ज्ञानले जानने जीव आकाशैसरि व्यापक ।
नमस्कार ईशलाई पुरुषोत्तम नामक ॥१॥

भाष्य

ओंकारनिर्णयद्वारेणाऽऽगमतः प्रतिज्ञातस्याद्वैतस्य वाह्यविषयभेदवैतथ्याच्च सिद्धस्य पुनरद्वैते शास्त्रयुक्तिभ्यां साक्षान्निर्धारितस्यैतदुत्तमं सत्यमित्युपसंहारः कृतः । अन्ते तस्यैतस्याऽऽगमार्थस्याद्वैतदर्शनस्य प्रतिपक्षभूता द्वैतिनो वैनाशिकाश्च तेषां चान्योन्यविरोधाद्रागद्वेषादिक्लेशास्पदं दर्शनमिति मिथ्यादर्शनत्वं सूचितम् । क्लेशानास्पदत्वादात्मैकत्वबुद्धिरेव सम्यग्दर्शनमित्यद्वैत दर्शनं स्तूयते । तदिह विस्तरेणान्योन्यविरुद्धतयाऽसम्यग्दर्शनत्वं प्रदश्र्य तत्प्रतिषेधेनाद्वैतदर्शन सिद्धिरुपसंहर्तव्याऽऽवीतन्यायेनेत्यलातशान्तिरारभ्यते । तत्राद्वैतदर्शनं संप्रदायकर्तुरद्वैतस्वरूपेणैव नमस्कारार्थो ऽयमाद्यःश्लोकः । आचार्यपूजा ह्यभिप्रेतार्थसिद्ध्यर्थेष्यते शास्त्रारम्भे । आकाशेनेषदसमाप्तमाकाशकल्पमाकाशतुल्यमित्येतत् । तेनाऽऽकाशकल्पेन ज्ञानेन, किम्, धर्मानात्मनः, किं- विशिष्टान्गगनोपमान्गगनमुपमा येषां ते गगनोपमास्तानात्मनो धर्मान् । ज्ञानस्यैव पुनर्विशेषणम्- ज्ञेयैर्धर्मैरात्मभिरभिन्नमरन्युष्णवत्सवितृप्रकाशवच्च ज्ञानं तेन ज्ञेयाभिन्नेन ज्ञानेनाऽऽकाशकल्पेन ज्ञेयात्मस्वरूपाव्यतिरिक्तेन गगनोपमान्धर्मान्यः संबुद्धः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संबुद्धवान्नित्ययमेवेश्चरो यो नारायणाख्यस्तं वन्देऽभिवादये द्विपदां वरं द्विपदोपलक्षितानां पुरुषाणां वरं प्रधानं पुरुषोत्तममित्यभिप्रायः। उपदेष्टृनमस्कारमुखेन ज्ञानज्ञेयज्ञातृभेदरहितं परमार्थतत्वदर्शनमिह प्रकरणे प्रतिपिपादयिषितं प्रतिपक्षप्रतिषेधद्वारेण प्रतिज्ञातं भवति ॥१॥

अर्थ– आगम प्रकरणमा ओंकारको निर्णयद्वारा जुन अद्वैतको प्रतिज्ञा गरिएको थियो त्यसैलाई वैतथ्य प्रकरणमा बाहिरी विषय भेदहरूको मिथ्यात्व प्रतिपादनद्वारा सिद्ध गरियो। अद्वैत प्रकरणमा शास्त्र र युक्तिद्वारा अद्वैतलाई निश्चित गर्दै "यो नै सर्वोत्तम सत्य हो" यस्तो भनेर निर्धारित अर्थको उपसंहार गरियो। अब यस अलातशान्ति प्रकरणमा अद्वैतविरोधी दर्शनहरूको विस्तारपूर्वक असम्यक् दर्शनत्व देखाएर तिनको निषेध गर्दै अद्वैत दर्शन सिद्ध गर्नु छ। यसै उद्देश्यले थालिने यस अलातशान्ति प्रकरणको शुरुमा यस अद्वैत दर्शन प्रवर्तक आचार्यलाई अद्वैत रूपले नै नमस्कार गरिन्छ। निर्विघ्न ग्रन्थ परिसमाप्तिका लागि शुरुमा आचार्यवन्दना अभीष्ट मानिन्छ।

आकाशतुल्य विशाल ज्ञानले आकाशतुल्य धर्महरू जो ज्ञेय धर्मरूप आत्माबाट अभिन्न छ लाई राम्रोसँग जानेको छ, त्यो जो ईश्वर नारायण नामबाट प्रसिद्ध छ र जसलाई पुरुषोत्तम पनि भनिन्छ लाई वन्दना गर्छु। यस नमस्काररूप छलले आचार्य गौडपादले यहाँ यस प्रकरणमा विरोधी सिद्धान्तहरूको खण्डन गर्दै ज्ञान, ज्ञेय र ज्ञाता भेदले रहित परमार्थदर्शन पनि बताउन खोज्नुभएको छ ॥१॥

कारिका

अस्पर्शयोगो वै नाम सर्वसत्वसुखो हितः।
अविवादोऽविरुद्धश्च देशितस्तं नमाम्यहम् ॥२॥

अस्पर्शयोगले गर्छ प्राणीको सुख औ हित।
न विरोध न विवाद त्यस्लाई अभिवादन ॥२॥

भाष्य

अधुनाऽद्वैतदर्शनयोगस्य नमस्कारस्तत्स्तुतये। स्पर्शनं स्पर्शः संवंधो न विद्यते यस्य योगस्य केनचित्कदाचिदपि सोऽस्पर्शयोगो ब्रह्मस्वभाव एव, वै नामेति ब्रह्मविदामस्पर्शयोग इत्येवं प्रसिद्ध इत्यर्थः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स च सर्वसत्वसुखो भवति कश्चिदत्यन्तसुखसाधनविशिष्टोऽपि दुःखरूपः, यथा तपः । अयं तु न तथा । किं तर्हि सर्वसत्वानां सुखः । तथेह भवति कश्चिद्विषयोपभोगः सुखो न हितः । अयं तु सुखो हितश्च । नित्यमप्रचलितस्वभावत्वात् । किं चाविवादो विरुद्धवदनं विवादः पक्षप्रतिपक्षपरिग्रहेण यस्मिन्न विद्यते सोऽविवादः । कस्मात् । यतोऽविरुद्धश्च य ईदृशो योगो देशित उपदिष्टः शास्त्रेण तं नमाम्यहं प्रणमामीत्यर्थः ॥२॥

अर्थ– अब अद्वैत दर्शन योगलाई त्यसको स्तुतिका निम्ति नमस्कार गरिन्छ । जुन योगको कसैसँग कहिल्यै पनि स्पर्श अर्थात् सम्बन्ध छैन त्यस योगलाई 'अस्पर्श योग' भनिन्छ । वस्तुतः यो ब्रह्मस्वरूप नै छ । यो ब्रह्मवेत्ताहरूको अस्पर्श योग अत्यन्त प्रसिद्ध छ । यो सबै प्राणीको लागि सुख दिनेछ । कुनै कुरा जस्तै तप फलकालमा सुखमय भए पनि साधनाकालमा दुःखमय हुन्छ । तर यो योग त दुवै कालमा प्राणीलाई सुख दिनेछ ।

त्यस्तै यस लोकमा कुनै विषय भोगकालमा सुखदायी भए पनि परिणाममा हितकर हुन्न, तर यो अस्पर्शयोग त सदा अचल स्वभावको भएकाले दुवै कालमा हितकारी छ । यो योग निर्विवाद पनि छ । यो कसैको विरुद्ध पनि छैन । आत्मप्रकाश कसैको विरुद्ध हुन्न । शास्त्रमा वताइएको यस प्रकारको अस्पर्श योगलाई म नमस्कार गर्छु ॥२॥

कारिका

भूतस्य जातिमिच्छन्ति वादिनः केचिदेव हि ।
अभूतस्यापरे धीरा विवदन्तः परस्परम् ॥३॥

सांख्यले वस्तुको सृष्टि स्वीकार्छन् अरु तार्किक ।
नहुने वस्तु मानेर गर्छन् वाद परस्पर ॥३॥

भाष्य

कथं द्वैतिनः परस्परं विरुध्यन्त इति । उच्यते । भूतस्य विद्यमानस्यं वस्तुनो जातिमुत्पत्तिमिच्छन्ति वादिनः केचिदेव हि सांख्याः न सर्व एव द्वैतिनः । यस्यादभूतस्याविद्यमानस्यापरे वैशेषिका नैयायिकाश्च धीरा धीमतः प्राज्ञाभिमानिन इत्यर्थः । विवदन्तो विरुद्धं वदन्तो ह्यन्योन्यमिच्छन्ति जेतुमित्यभिप्रायः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– कुनै-कुनै सांख्य मत मान्नेहरू विद्यमान वस्तुको उत्पत्ति हुन्छ भन्ने मान्दछन् भने यसको विपरीत अर्का थरी वैशेषिक र नैय्यायिकहरू नभएको अर्थात् अविद्यमान वस्तुको उत्पत्ति हुन्छ भन्ने मान्दछन्। यसरी परस्पर विरोधी कुरा बताउँदै एकथरीले अर्काथरीलाई जित्ने इच्छा गर्छन् ॥३॥

कारिका

भूतं न जायते किंचिदभूतं नैव जायते।
विवदन्तो द्वया ह्येवमजातिं ख्यापयन्ति ते ॥४॥

भएको वस्तु जन्मन्न नहुने कसरी हुने।
अजातवाद पुष्टिन्छ दुवैको यो विवादले ॥४॥

भाष्य

तैरेवं विरुद्धवदनेनान्योन्यपक्षप्रतिषेधं कुर्वद्भिः किं ख्यापितं भवतीति। उच्यते। भूतं विद्यमानं वस्तु न जायते किंचिद्विद्यमानत्वादेवाऽऽत्मवदित्येवं वदन्नसद्वादी सांख्यपक्षं प्रतिषेधति सज्जन्म। तथाऽभूतमविद्यमानमविद्यमानत्वान्नैव जायते शशविषाणवदित्येवं वदन्सांख्योऽप्यसद्वादिपक्षमसज्जन्म प्रतिषेधति। विवदन्तो विरुद्धं वदन्तो द्वया द्वैतिनोऽप्येते ऽन्योन्यस्य पक्षौ सदसतोर्जन्मनी प्रतिषेधन्तोऽजातिमनुत्पत्तिमर्थात्ख्यापयन्ति प्रकाशयन्ति ते ॥४॥

अर्थ– कुनै पनि विद्यमान वस्तु यस कारण उत्पन्न हुन्न कि त्यो आत्माजस्तै पहिलेदेखि त्यो त्यहाँ छ। त्यस्तै खरायोको सिङ्जस्तै नहुने वस्तुको जन्म पनि हुन सक्दैन, किनकि त्यो सदा नहुने वस्तु हो। यस्तो परस्पर विरोधी कुरा बोल्ने मतावलम्बीहरूले अजातवादलाई नै प्रकाशित गर्छन्। वस्तुतः इनी अद्वैतवादी नै हुन्। सत्कार्यवाद र असत्कार्यवाद यी दुवै मिथ्या हुन् ॥४॥

कारिका

ख्याप्यमानामजातिं तैरनुमोदामहे वयम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवदामो न तैः सार्धमविवादं निबोधत ॥५॥

उनैले सिद्ध गरिने अजाति वादलाई नै ।
हामीले स्पष्टतासाथ अनुमोदन गर्दछौं ।
विवाद हामी गर्दैनौ कसैसँग पटक्क क्यै ।
हाम्रो वाद निर्विवाद शिष्य हो तिमीले बुझ ॥५॥

भाष्य

तैरेवं ख्याप्यमानामजातिमेवमस्त्वित्यनुमोदामहे केवलं न तैः सार्धं विवदामः पक्षप्रतिपक्षग्रहणेन । यथा तेऽन्योन्यमित्यभिप्रायः । अतस्तमविवादं विवादरहितं परमार्थदर्शनमनुज्ञातमस्माभिर्निवोधत हे शिष्याः ॥५॥

अर्थ– यसरी उनीहरूद्वारा प्रकाशित अजातिवादलाई हामी 'यो यस्तो नै हो' भनेर अनुमोदन गर्दछौं । कुनै पक्ष वा विपक्षमा लागेर हामी उनीहरूसँग झगडा गर्दैनौं । ए शिष्यहरू हो ! यस विवादरहित हामीले बताएको परमार्थ दर्शनलाई तिमीहरूले राम्रोसँग सम्झ ॥५॥

कारिका

अजातस्यैव धर्मस्य जातिमिच्छन्ति वादिनः ।
अजातो ह्यमृतो धर्मो मर्त्यतां कथमेष्यति ॥६॥

अजन्मा परमात्माको द्वैतवादीहरू कठै !
उत्पत्तिलाई स्वीकार्छन् पत्याउन छ मुश्कील ।
अजन्मा र अमर छ भने आफ्नो स्वभावले ॥
कसरी फेरि जन्मेर आत्मा त्यो मर्न सक्दछ ? ॥६॥

भाष्य

सदसद्वादिनः सर्वे ऽपीति । पुरस्तात्कृतभाष्यः श्लोकः ॥६॥

अर्थ– केही उपनिषद् व्याख्याता द्वैतवादीहरू अजन्मा आत्मतत्त्वको उत्पत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमार्थरूपले सिद्ध गर्न खोज्छन् । तर जुन पदार्थ स्वभावले अजन्मा र अमर छ त्यो मरणशील कसरी हुन सक्ला ? अपितु हुन सक्दैन भन्ने यस कारिकाको तात्पर्य हो । यसको भाष्य अघि पनि भैसकेको छ (अद्वैत प्रकरणको तीसौं श्लोकमा) ॥६॥

कारिका

न भवत्यमृतं मर्त्यं न मर्त्यममृतं तथा ।
प्रकृतेरन्यथा भावो न कथंचिद् भविष्यति ॥७॥

न सुधा मर्त्य हुँदछ न मर्त्य हुन्छ अमृत ।
प्रकृति जे छ त्यै हुन्छ उल्टो हुनु असंभव ॥७॥

स्वभावेनामृतो यस्य धर्मो गच्छति मर्त्यताम् ।
कृतकेनामृतस्तस्य कथं स्थास्यति निश्चलः ॥८॥

परिणामवादी मतमा परमात्मा स्वभावतः ।
परिणत हुन्छ आफैं प्रपंचरूपमा त्यहाँ ।
तिनीहरू कार्यलाई अनित्य मानने हुँदा
अनित्य परमात्मालाई मान्ने आपत्ति आउँछ ॥८॥

भाष्य

उक्तार्थानां श्लोकानामिहोपन्यासः परवादिपक्षाणामन्योन्यविरोधख्यापितानुपपत्यनुमोदनप्रदर्शनार्थः ॥७।८॥

अर्थ– लोकमा अमर वस्तु कहिल्यै पनि मरणशील हुन सक्दैन । त्यस्तै मरणशील वस्तु अमर पनि हुन सक्दैन । किनकि कुनै पनि वस्तु आफ्नो स्वभावको विपरीत हुँदैन ॥७॥

जुन सिद्धान्तवादीको दृष्टिमा स्वभावले अमर पदार्थ पनि मर्त्यभावमा पुग्दछ तिनको सिद्धान्तमा कृतिजन्य भएको कारण त्यो अमृत पदार्थ निश्चल कसरी हुन सक्दछ ? अपितु हुँदैन (अद्वैत प्रकरणको २१ र २२ श्लोक पनि यही हो) ॥८॥

कारिका

सांसिद्धिकी स्वाभाविकी सहजा अकृता च या ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिः सेति विज्ञेया स्वभावं न जहाति या ॥९॥

आगोको उष्णताजस्तो सिद्धिले प्राप्त शक्ति र ।
पक्षीको उडने शक्ति, तल जो जल बग्दछ ।
स्वभाव विश्वमा हेर बदलिन्नन् कवै भने ।
अजस्वभाव आत्माको उल्टो हुनु असंभव ॥९॥

भाष्य

यस्माल्लौकिक्यपि प्रकृतिर्न विपर्येति, काऽसावित्याह-सम्यक्सिद्धिः संसिद्धिस्तत्र भवा सांसिद्धिकी यथा योगिनां सिद्धानामणिमाद्यैश्वर्यप्राप्तिः प्रकृतिः सा भूतभविष्यत्कालयोरपि योगिनां न विपर्येति । तथैव सा । तथा स्वाभाविकी द्रव्यस्वभावत एव यथाऽग्न्यादीनामुष्णप्रकाशादिलक्षणा, साऽपि न कालान्तरे व्यभिचरति देशान्तरे च । तथा सहजाऽऽत्मना सहैव जाता यथा पक्ष्यादीनामाकाशगमनादिलक्षणा । अन्याऽपि या काचिदकृता केनचिन्न कृता यथाऽपां निम्नदेशगमनादिलक्षणा । अन्याऽपि या काचित्स्वभावं न जहाति सा सर्वा प्रकृतिरिति विज्ञेय लोके मिथ्याकल्पितेषु लौकिकेष्वपि वस्तुषु प्रकृतिर्नान्यथा भवति किमुताजस्वभावेषु परमार्थवस्तुष्वमृतत्वलक्षणा प्रकृतिर्नान्यथा भवतीत्यभिप्रायः ॥९॥

अर्थ– जब लौकिक पनि प्रकृति उल्टो हुन सक्दैन भने परमार्थ प्रकृति त झन् उल्टो हुन सक्ने कुरै भएन । तर यो प्रकृति भन्ने चीज के हो त भन्दा भनिन्छ– अङ्गसहित योगको अनुष्ठान गरिसक्नाले सिद्धि प्राप्त हुन्छ । यसैलाई सम्यक् सिद्धि भनिन्छ । जसरी सिद्ध योगीहरूलाई अणिमा आदि ऐश्वर्यको प्राप्ति उनको प्रकृति हो र यो भूत र भविष्यत् कालमा पनि यसको उल्टो हुन सक्दैन । त्यस्तै वस्तुको स्वभावबाट सिद्ध प्रकृतिलाई स्वभाविकी भनिन्छ । जसरी आगोको तातोपन र प्रकाशमयता त्यसको प्रकृति हो । त्यसको कालान्तर भूत भविष्यत्मा फरक हुँदैन । अनि आफूसँग हुने प्रकृतिलाई सहजा भनिन्छ । जस्तै चराहरूको आकाशमा उड्न सक्ने स्वभाव उनको सहजा हो । त्यस्तै जुनसुकै कुनै कसैबाट बनाइएको छैन भने त्यो 'अकृता प्रकृति' भनिन्छ । जस्तो पानीको तलतिर बग्ने स्वभाव अकृता हो । यसको अतिरिक्त पनि कसैले आफ्नो स्वभाव छाड्दैन भने त्यसलाई प्रकृति नामले जानिन्छ । जब मिथ्या कल्पित लौकिक वस्तुमा पनि प्रकृति अन्यथाभावमा पुग्दैन भने फेरि अजस्वभाव परमार्थ वस्तुमा अमरत्व रूप स्वभाव उल्टो हुन सक्दैन ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

जरामरणनिर्मुक्ताः सर्वे धर्माः स्वभावतः ॥
जरामरणमिच्छन्तश्च्यवन्ते तन्मनीषया ॥१०॥

जरामरणले हीन जीवात्माको स्वभाव हो ।
जरामरण सोचेर स्वभावबाट गिर्दछन् ॥१०॥

भाष्य

किंविषया पुनः सा प्रकृतिर्यस्या अन्यथाभावो वादिभिः कल्प्यते कल्पनायां वा को दोष इत्याह जरामरणनिर्मुक्ताः । जरामरणादिसर्वविक्रियावर्जिता इत्यर्थः । के सर्वे धर्माः सर्व आत्मान इत्येतत्स्वभावतः प्रकृतितः । एवंस्वभावाः सन्तो धर्मा जरामरणमिच्छन्त इच्छन्त इवेच्छन्तो रज्ज्वामिव सर्पमात्मनि कल्पयन्तश्च्यवन्ते स्वभावतश्चलन्तीत्यर्थः । तन्मनीषया जन्ममरणचिन्तया तद्भावभावितत्वदोषेणेत्यर्थः ॥१०॥

अर्थ– अन्य मतावलम्बीहरूले जुन अन्यथाभावको कल्पना गर्ने गर्दछन् त्यो प्रकृति कस्तो छ त ? र त्यस कल्पनामा दोष के छ त ? भन्दा भनिन्छ– सम्पूर्ण धर्म अर्थात् आत्मा जरामरणबाट मुक्त छ । यस्तो स्वभाव भइकन पनि जरामरणको इच्छाको समान इच्छा राख्न लागेर डोरीमा सर्पजस्तै आत्मामा जरामरणको कल्पना गर्दै यी जीव आफ्नो स्वभाबाट गिर्दछन् ॥१०॥

कारिका

कारणं यस्य वै कार्यं कारणं तस्य जायते ॥
जायमानं कथमजं भिन्नं नित्यं कथं च तत् ॥११॥

सांख्यको मतमा कार्य कारणमा अभेद छ ।
कारण नै कार्यरूप जन्मन्छ उनको मत ।
जन्मने वस्तु कसरी अजन्मा हुन सक्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यरूपी कारण त्यो कसरी नित्य बन्दछ ॥११॥

भाष्य

कथं सज्जातिवादिभिः सांख्यैरनुपपन्नमुच्यत इत्याह वैशेषिकः। कारणं मृद्वदुपादानलक्षणं यस्य वादिनो वै कार्यं कारणमेव कार्याकारेण परिणमते यस्य वादिन इत्यर्थः। तस्याजमेव सत्प्रधानादि कारणं महदादिकार्यरूपेण जायत इत्यर्थः। महदाद्याकारेण चेज्जायमानं प्रधानं कथमजमुच्यते तैर्विप्रतिषिद्धं चेदं जायतेऽजं चेति। नित्यं च तैरुच्यते। प्रधानं भिन्नं विदीर्णं स्फुटितमेकदेशेन सत्कथं नित्यं भवेदित्यर्थः। न हि सावयवं घटादि एकदेशस्फुटनधर्मि नित्यं दृष्टं लोके इत्यर्थः। विदीर्णं च स्यादेकदेशेनाजं नित्यं चेति। एतद्विप्रतिषिद्धं तैरभिधीयत इत्यभिप्रायः ॥११॥

अर्थ– सत्कार्यवादी सांख्यहरूको भनाइ ठीक छैन भन्ने कसरी पत्ता लगाउने त भन्दा वैशेषिकहरूको भनाइ छ कि जसको मतमा माटोजस्तै उपादान कारण नै कार्यरूप हो अर्थात् कारण नै कार्यरूपले परिणत हुन्छ। इनको मतअनुसार त प्रधान आदि कारण अजन्मा भएको हुँदा महत आदि कार्यरूपले जन्मन्छ। तर यदि महत् आदि रूपले प्रधानलाई उत्पन्न हुने मान्ने हो भने त उनीहरू कसलाई कसरी अजन्मा भन्दछन्? उत्पन्न हुन्छ भन्नु र अजन्मा हो भन्नु परस्पर विरोधी कुरा हो। यसको अतिरिक्त प्रधानलाई उनीहरू नित्य पनि भन्दछन्। जुन वस्तु एक ठाउँबाट भत्किएको छ त्यो नित्य कसरी होला? भाव यो हो कि सावयव घैंटो आदि पदार्थ जो फुट्नेछ नित्य हुन सक्दैन, त्यस्तो चीजलाई अज र नित्य भन्न मिल्दैन ॥११॥

कारिका

कारणाद्यद्यनन्यत्वमतः कार्यमजं यदि।
जायमानाद्धि वै कार्यात्कारणं ते कथं ध्रुवम् ॥१२॥

कारणबाट त्यो कार्य अभिन्न यदि हो भने।
कार्यलाई अजन्मा र नित्य नै मान्नुपर्दछ।
कार्यदेखि कारण नै अभिन्न यदि मान्दछौ।
भने कारण होला नै अनित्य तिमीले बुझ ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

उक्तस्यैवार्थस्य स्पष्टीकरणार्थमाह– कारणादजात्कार्यस्य यद्यनन्यत्वमिष्टं त्वया ततः कार्यमजमिति प्राप्तम् इदं चान्यद्विप्रतिषिद्धं कार्यमजं चेति तव । किं चान्यत् कार्यकारणयोरनन्यत्वे जायमानाद्धि वै कार्यात्कारणमनन्यन्नित्यं ध्रुवं च ते कथं भवेत् । न हि कुक्कुटचा एकदेशः पच्यत एकदेशः प्रसवाय कल्प्यते ॥१२॥

अर्थ– माथि भनिएकै कुरालाई अझ स्पष्ट गर्दै भनिन्छ– अजन्मा कारणबाट कार्यलाई अभिन्न मान्दछौ भने तिम्रो मतमा कार्य पनि अजन्म हुन्छ । तर कार्य छ र अजन्मा छ यस्तो मानेमा तिम्रो मतमा एउटा परस्पर विरोधरूप दोष आउँछ । यसको अतिरिक्त कार्यकारणलाई अभिन्न मानेमा उत्पत्तिशील कार्यबाट अभिन्न कारण नित्य र निश्चल कसरी रहन सक्छ ? । कुखुराको एक भाग पकाइयोस् र अर्को भाग अण्डा दिनको लागि सुरक्षित राखियोस्, यस्तो हुन सक्छ र ? अपितु सक्दैन ॥१२॥

कारिका

अजाद्वै जायते यस्य दृष्टान्तस्तस्य नास्ति वै ।
जाताच्च जायमानस्य न व्यवस्था प्रसज्यते ॥१३॥

अजबाट जन्मिएको दृष्टान्त कहीं छैन है ।
जन्मशील वस्तुबाट कार्यको जन्म मानिए ॥
अनवस्था दोष हुँदा अजातवाद तत्त्व हो ॥१३॥

भाष्य

किं चान्यदजादनुत्पन्नान्नित्याद्वस्तुनो जायते यस्य वादिनः कार्यं दृष्टान्तस्तस्य नास्ति वै, दृष्टान्ताभावेऽर्थादजान्न किंचिज्जायत इति सिद्धं भवतीत्यर्थः । यदा पुनर्जाताज्जायमानस्य वस्तुनोऽभ्युपगमः, तदप्यन्यस्माज्जातात्तदप्यन्यस्तादिति न व्यवस्था प्रसज्यते अनवस्थानं स्यादित्यर्थः ॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– जसको मतमा अजन्मा वस्तुबाट कार्य उत्पन्न हुने कुरा पुष्टि गर्न दृष्टान्त पाइँदैन । जब कुनै उत्पन्न नहुने वस्तुबाट कार्यको उत्पत्ति मानिने हो भने त्यो कारण जो उत्पत्तिशील छ कुनै उत्पत्तिशील कारणबाट उत्पत्ति हुन्छ । त्यो पनि फेरि अर्को उत्पत्तिशील कारणबाट उत्पन्न हुनुपर्‍यो । यसरी यस्तो मान्दा कुनै व्यवस्था नहुने दोष पर्न आउला ॥१३॥

कारिका

हेतोरादिः फलं येषामादिहेतुः फलस्य च ।
हेतोः फलस्य चानादिः कथं तैरुपवर्ण्यते ॥१४॥

हेतुको आदि फल हो फलको आदि हेतु हो ।
भने इन्लाई कसरी अनादि भन्न सक्दछन् ॥१४॥

भाष्य

"यत्रत्वस्य सर्वमात्मैवाभूत्" इति परमार्थतो द्वैताभावः श्रुत्योक्तस्तमाश्रित्याऽऽह– हेतोधर्माधर्मादेरादिः कारणं देहादिसंघातः फलं येषां वादिनाम् । तथाऽऽदिः कारणं हेतुधर्माधर्मादिः । फलस्य च देहादिसंघातस्य । एवं हेतुफलयोरितरेतरकार्यकारणत्वेनाऽऽदिमत्वं ब्रुवद्भिरेव हेतोः फलस्य चानादित्वं कथं तैरुपवर्ण्यते विप्रतिषिद्धमित्यर्थः । न हि नित्यस्य कूटस्थस्याऽऽत्मनो हेतुफलात्मता संभवति ॥१४॥

अर्थ– "जहाँ यस तत्त्वदर्शीका दृष्टिमा सबै आत्मा नै भयो" यस श्रुति वाक्यबाट द्वैतको परमार्थरूपले अभाव भनेको कुरालाई आश्रय लिदै भनिन्छ– जुन सिद्धान्त मान्नेको मतमा धर्म र अधर्म आदिको कारण हेतु देह आदि सृष्टि प्रपंचरूप फल हो । अर्थात् देह आदिबाट धर्म र अधर्म हुन्छन् । देह आदि सृष्टिको कारण धर्म र अधर्म हो, किनकि धर्म र अधर्मको कारणबाट देह आदि फल उत्पन्न हुन्छन् । यसरी हेतु र फल एक-अर्काका कारण हुन् । यस्तो मान्दा दुवै कारण भएका भए । उत्पत्तिशील भए । तब त हेतु र फललाई अनादि भन्न मिलेन । हेतु र फललाई परस्पर एक-अर्काका कारण मान्ने मतावलम्बीहरू परस्पर विरुद्ध कुरा भन्छन् । सत्य त यो हो कि नित्य कूटस्थ आत्मामा हेतु रूपता वा फलरूपता कुनै प्रकारले पनि संभव छैन ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

हेतोरादिः फलं येषामादिर्हेतुः फलस्य च ।
तथा जन्म भवेत्तेषां पुत्राज्जन्म पितुर्यथा ॥१५॥

हेतुको आदि फल हो फलको आदि हेतु हो ।
भने पिता पुत्रबाट जन्मिएझैं हुने भयो ॥१५॥

भाष्य

कथं तैर्विरुद्धमभ्युपगम्यत इति । उच्यते । हेतुजन्यादेव फलाद्धेतोर्जन्माभ्युपगच्छतां तेषामीदृशो विरोध उक्तो भवति यथा पुत्राज्जन्म पितुः ॥१५॥

अर्थ– कारणबाट जन्मने फलबाट हेतुको उत्पत्ति मान्नेहरूको मतमा यस्तो नै विरोध बताइएको छ । जस्तो पुत्रबाट पिताको जन्म । हेतु र फल दुवै यदि कार्य हुन् भने हेतु र फलरूप संसार दुवैलाई अनादि भन्नु परस्पर विरोधी भनाई हुन्छ ॥१५॥

कारिका

संभवे हेतुफलयोरेषितव्यः क्रमस्त्वया ।
युगपत्संभवे यस्मादसंवन्धो विषाणवत ॥१६॥

हेतु र फलको जन्म माने के क्रम हो ? बुझ ।
पशुको सिङझैं सँगै कार्यकारण हुन्छ र ? ॥१६॥

भाष्य

यथोक्तो विरोधो न युक्तो ऽभ्युपगन्तुमिति चेन्मन्यसे संभवे हेतुफलयोरुत्पत्तौ क्रम एषितव्यस्त्वया ऽन्वेष्टव्यो हेतुः पूर्वं पश्चात्फलं चेति । इतश्च युगपत्संभवे यस्माद्धेतुफलयो कार्यकारणत्वेनासंवन्धः । यथा युगपत्संभवतोः सव्येतरगोविषाणयोः ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– माथि भनिएको कुरा ठीक छैन भन्छौ भने हेतु र फलको क्रम पत्ता लगाउनुपर्छ। किनभने गाईका दुई सिङजस्तै हेतु र फल एकैपटक उत्पन्न भएको कार्यकारणलाई मनासीव नपर्ला। किनभने यसो हुँदा दुवैमा कार्यकारणभाव सम्बन्ध हुन सक्दैन ॥१६॥

कारिका

फलादुत्पद्यमानः सन्न ते हेतुः प्रसिध्यति ।
अप्रसिद्धः कथं हेतुः फलमुत्पादयिष्यति ॥१७॥

फलबाट हुने हेतु प्रसिद्ध हुन सक्छ र ? ॥
अप्रसिद्ध हेतुबाट फल उत्पन्न हुन्छ र ? ॥१७॥

भाष्य

कथमसंबंध इत्याह– जन्यात्स्वतोऽलब्धात्मकात्फलादुत्पद्यमानः सञ्शशविषाणादेरिवासतो न हेतुः प्रसिध्यति जन्म न लभते ! अलब्धात्मकोऽसिद्धः सञ्शशविषाणादिकल्पस्तव कथं फलमुत्पादयिष्यन्ति । न हीतरेतरापेक्षसिद्धयोः शशविषाणकल्पयोः कार्यकारणभावेन संबंध क्वचिद् दृष्टः, अन्यथा वेत्यभिप्रायः ॥१७॥

अर्थ– हेतु र फलमा सम्बन्धको अभाव कसरी हुन्छ त ? भन्दा भनिन्छ– जसको स्वरूप स्वतः सिद्ध छैन। यसरी जन्मने फलबाट उत्पन्न हुने हेतुको सिद्धि त्यसरी नै हुन सक्दैन जसरी खरायोको सिंङ्। यसरी खरायोको सिङजस्तो जसको स्वरूप सिद्ध हुन सक्दैन त्यस्तो हेतुले फल कसरी उत्पन्न गर्न सक्ला ? जो एक-अर्काको अपेक्षाबाट सिद्ध हुन्छ त्यो खरायोको सिङ्जस्तै असत्य हुन्छ। यस्तो असत्य पदार्थको कार्यकारणभावले सम्बन्ध भएको कतै पनि देखिएको छैन। बरु यस्ता पदार्थको त कुनै पनि प्रकारले कहीं पनि सम्बन्ध नै देखिएको छैन, न संभव नै छ ॥१७॥

कारिका

यदि हेतोः फलात्सिद्धिः फलसिद्धिश्च हेतुतः ॥
कतरत्पूर्वनिष्पन्नं यस्य सिद्धिरपेक्षया ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फलबाट हेतु बन्यो भन्ने सिद्ध भयो भने ॥
हेतुबाट बन्छ फल भन्ने सिद्ध हुने भयो ॥
अनि उठ्छ प्रश्न यहाँ को अघि को पछि भयो ?
यस्को उत्तरले मात्र चिनिन्छ कार्यकारण ॥१८॥

भाष्य

असंवंधतादोषेणापोदितेऽपि हेतुफलयोः कार्यकारणभावे यदि हेतुफलयोरन्योन्यसिद्धिरभ्युपगम्यत एव त्वया कतरत्पूर्वं निष्पन्नं हेतुफलयोर्यस्य पश्चाद्भाविनः सिद्धिः स्यात्पूर्वसिद्धयपेक्षया तद्ब्रूहीत्यर्थः ॥१८॥

अर्थ– यद्यपि हेतु र फलको कार्यकारण भाव सम्बन्ध हुन सक्दैन, यसै असम्बन्धरूप दोषको कारण हेतु र फलको कार्यकारणभाव खण्डित भैसकेको छ तापनि यदि तिमी हेतु र फलको सिद्धि एक-अर्काबाट मान्दछौ भने तिमीले बताउनुपर्छ कि हेतु र फलमा कुन पहिलो भो ? । किनकि 'कार्यभन्दा केही अघि रहने कारण हो' भन्ने लक्षणबाट जो पहिलो भन्ने सिद्ध हुन्छ त्यसभन्दा पछि हुने कार्य भनेर सिद्ध हुन्छ ॥१८॥

कारिका

अशक्तिरपरिज्ञानं क्रमकोपोऽथवा पुनः ।
एवं हि सर्वथा बुद्धैरजातिः परिदीपिता ॥१९॥

या त उत्तर जान्दैनन् क्रमको ज्ञान छैन या ॥
कार्यकारणको जन्म उल्टो-पुल्टो बताउँछन् ॥
यस्को पछि नलागेर सृष्टिका सब वस्तुको ।
अजाति नै सिद्ध हुन्छ विज्ञका सब तर्कले ॥१९॥

भाष्य

अथैतन्न शक्यते वक्तुमिति मन्यसे सेयमशक्तिरपरिज्ञानं तत्वाविवेको मूढतेत्यर्थः । अथ वा योऽयं त्वयोक्तः क्रमो हेतोः फलस्य सिद्धिः फलाच्च हेतोः सिद्धिरितीतरेतरानन्तर्यलक्षणस्तस्य कोपो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विपर्यासोऽन्यथाभावः स्यादित्यभिप्रायः । एवं हेतुफलयोः कार्यकारणभावानुपपत्तेरजातिः सर्वस्यानुपपत्तिः परिदीपिता प्रकाशिताऽन्योन्यपक्षदोषं ब्रुवद्भिर्वादिभिर्बुद्धैः पण्डितैरित्यर्थः ॥१९॥

अर्थ– यो कुरा बताउन सकिन्न भन्दछौ भने यो नसक्नु मूर्खता हो । अथवा तिमीले 'हेतुबाट फलको सिद्धि र फलबाट हेतुको सिद्धि' यस्तो पौर्वापर्यरूप क्रम बताएका थियौं, यो क्रमको उल्टो हुन लाग्ला । यसरी फल र हेतुमा कार्यकारण भावको जुन असंगति छ त्यस असंगतिको कारण एक-अर्काको पक्षमा दोष बताउने विभिन्न मतावलम्बीहरूले अजातिवाद अर्थात् सबैको उत्पत्ति हुँदैन भन्ने कुरा नै बताउँछन् ॥१९॥

कारिका

बीजाङ्कुराख्यो दृष्टान्तः सदा साध्यसमो हि सः ।
न हि साध्यसमो हेतुः सिद्धौ साध्यस्य युज्यते ॥२०॥

बीउ मुनाको दृष्टान्त अवश्य साध्यतुल्य छ ।
साध्यतुल्य हेतु कैल्यै गर्दैन सिद्धि साध्यको ॥२०॥

भाष्य

ननु हेतुफलयोः कार्यकारणभाव इत्यस्माभिरुक्तं शब्दमात्रमाश्रित्य च्छलमिदं त्वयोक्तं पुत्राज्जन्म पितुर्यथा विषाणवच्चासंबंध इत्यादि । न ह्यस्माभिरसिद्धाद्धेतोः फलसिद्धिरसिद्धाद्वा फलाद्धेतुसिद्धिरभ्युपगता । किं तर्हि । बीजाङ्कुरवत्कार्यकारणभावोऽभ्युपगम्यत इति । अत्रोच्यते बीजाङ्कुराख्यो दृष्टान्तो य स साध्येन तुल्यो ममेत्यभिप्रायः । ननु प्रत्यक्षः कार्यकारणभावो बीजाङ्कुरयोरनादिर्न पूर्वस्य पूर्वस्यापरवदादिमत्वाभ्युपगमात् । यथेदानीमुत्पन्नो ऽपरोऽङ्कुरो बीजादादिमान्वीजं चापरमन्यस्मादङ्कुरादिति क्रमेणोत्पन्नत्वादादिमत् । एवं पूर्वः पूर्वोङ्कुरो बीजं च पूर्वं पूर्वमादिमदेवेति प्रत्येकं सर्वस्य बीजाङ्कुरजातस्याऽऽदिमत्वात्कस्यचिदप्यनादित्वानुपपत्तिः । एवं हेतुफलानाम् । अथ बीजाङ्कुरसंततेरनादिमत्वमिति चेत् । न । एकत्वानुपपत्तेः । न हि बीजाङ्कुरव्यतिरेकेण बीजाङ्कुरसंततिर्नामैकाऽभ्युपगम्यते हेतुफलसंततिर्वा तदनादित्ववादिभिः । तस्मात्सूक्तं हेतोःफलस्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चानादिःकथं तैरुपवर्ण्यत इति । तथा चान्यदप्यनुपपत्तेर्न च्छलमित्यभिप्रायः । न च लोके साध्यसमो हेतुः साध्यसिद्धौ सिद्धिनिमित्तं प्रयुज्यते प्रमाणकुशलैरित्यर्थः । हेतुरिति दृष्टान्तो ऽत्राभिप्रेतो गमकत्वात् । प्रकृतो हि दृष्टान्तो न हेतुरिति ॥२०॥

अर्थ– हेतु र फलमा कार्यकारणभाव सम्बन्ध भन्यौं । यसरी हामीले भनेका शब्द मात्रलाई तिमीले छलपूर्वक भन्यौ कि जसरी छोराबाट बाबुको जन्म हुनु असंभव प्रलाप हो र गाईको दायाँ र वायाँ सिङमा परस्पर सम्बन्ध नभएर पनि कार्यकारणभाव असंगत छ इत्यादि । तर हामीले असिद्ध हेतुबाट फलको सिद्धि अथवा असिद्ध फलबाट हेतुको सिद्धि कहीं पनि भनेका छैनौं । त फेरि के मानेका छौं ? हामी त वीज र अंकुर समान शरीर र धर्माधर्मको कार्यकारणभाव सम्बन्ध मान्दछौं भन्ने पूर्वपक्षको मतमा वीजाङ्कुरको कार्यकारणभाव सम्बन्ध अनादि प्रत्यक्ष सिद्ध छ भन्ने तर्कको उत्तरमा आचार्य गौडपाद भनुहुन्छ– यस्तो भन्नु उचित छैन किनभने यसबाट पहिलेको आँकुरा वा फललाई पछिको आँकुरा वा फलजस्तै आदि भएको मानिन्छ । जसरी यस बेला बीउबाट उत्पन्न भएको अर्को आँकुरा आदि भएको छ त्यस्तै अर्को आँकुराबाट उत्पन्न बीउ आदि भएको हुन्छ । यसरी सबै बीउ आँकुरा समूहको प्रत्येक बीउ आँकुरा आदि भएको हुन्छ । कसैमा पनि अनादित्व सम्भव छैन । यदि बीउ आँकुराको परम्परालाई अनादि मान्ने हो भने त्यसमा एकत्व नहुने हुनाले सम्भव छैन । हेतु र फललाई अनादि भन्नेले बीउ आँकुराबाट भिन्न बीउ आँकुराको परम्परा वा हेतु फलको परम्परा नामक कुनै स्वतन्त्र पदार्थलाई मानेका छैनन्, जसलाई उनी अनादि मान्न सकुन् । अनि त हेतु र फललाई अनादि कसरी भन्ने ? यसको अतिरिक्त हेतु फलमा कार्यकारणरूप असंगति भएको कारण हाम्रो भनाइ छलपूर्ण छैन बरु ठीक छ । लोकमा साध्यजस्तै संदिग्ध हेतुलाई साध्यको सिद्धिको लागि प्रमाण कुशल व्यक्तिद्वारा प्रयोग गरिन्न । यस श्लोकमा आएको हेतु शब्दबाट दृष्टान्त अर्थ लिनुपर्छ, किनकि यहाँ हेतु शब्द दृष्टान्तको नै बोधक हो । यहाँ दृष्टान्तको प्रसंग छ न कि हेतुको ॥२०॥

कारिका

पूर्वापरापरिज्ञानमजातेः परिदीपकम् ।
जायमानाद्धि वै धर्मात्कथं पूर्वं न गृह्यते ॥२१॥

अज्ञान पूर्वापरको अजातिवाद साधक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मिने नै भए त्यस्को बीउ थाहा हुँदैनथ्यो ? ॥२१॥

भाष्य

कथं बुद्धैरजातिः परिदीपितेत्याह— यदेतद्धेतुफलयोः पूर्वापरापरिज्ञानं तच्चैतदजातेः परिदीपकमवबोधकमित्यर्थः । जायमानोहि चेद्धर्मो गृह्यते, कथं तस्मात्पूर्वं कारणं न गृह्यते । अवश्यं हि जायमानस्य ग्रहीत्रा तज्जनकं ग्रहीतव्यम् । जन्यजनकयोः संवंधस्यानपेतत्वात् । तस्मादजातिपरिदीपकं तदित्यर्थः ॥२१॥

अर्थ– कसरी ज्ञानीहरूले अजाति बताए ? भन्दा भनिन्छ– हेतु र फलको विषयमा जुन यो अघिल्लो को ? पछिल्लो कुन ? भन्ने अज्ञान छ त्यो यसैको बोधक हो । किनभने उत्पन्न भएको कार्य यदि जानिन्थ्यो भने त्यस कार्यको पूर्ववर्ती कारणको पनि ज्ञान हुन्थ्यो । उत्पन्न हुने वस्तु जान्ने पुरुषलाई त्यसको कारण पनि अवश्य थाहा हुन्थ्यो, किनभने नियत सम्बन्ध हुने कार्यकारणमध्ये यौटाको ज्ञान हुनेबित्तिकै अर्कोको ज्ञान हुनु अनिवार्य छ। यसैले कार्यकारणको अज्ञान यस अजातिको पनि प्रकाशक हो ॥२१॥

कारिका

स्वतो वा परतो वाऽपि न किञ्चिद्वस्तु जायते ॥
सदसत्सदसद्वाऽपि न किञ्चिद्वस्तु जायते ॥२२॥

जन्मँदैन कुनै वस्तु आफैं वा अरूबाट नै ।
जन्मन्छ न असत् वा सत् अथवा सदसत् कुनै ॥२२॥

भाष्य

इतश्च न जायते किञ्चित् । यज्जायमानं वस्तु स्वतः परत उभयतो वा सदसत्सदसद्वा जायते, न तस्य केनचिदपि प्रकारेण जन्म संभवति । न तावत्स्वयमेवापरिनिष्पन्नत्वात्स्वतः स्वरूपात्स्वयमेव जायते यथा घटस्तस्मादेव घटात् । नापि परतोऽन्यस्मादन्यो यथा घटात्पटः पटात्पटान्तरं वा । तथा नोभयतः । विरोधात् । यथा घटपटाभ्यां घटः पटो वा न जायते । ननु मृदो घटो जायते पितुश्च पुत्रः । सत्यम् । अस्ति जायत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति प्रत्ययः शब्दश्च मूढानाम् । तावेव शब्दप्रत्ययौ विवेकिभिः परीक्ष्येते किं सत्यमेव तावुत मृषेति यावता परीक्ष्यमाणे शब्दप्रत्ययविषयं वस्तु घटपुत्रादिलक्षणं शब्दमात्रमेव तत् । "वाचारम्भणम्" इति श्रुतेः । सच्चेन्न जायते सत्वात्मृत्पिण्डादिवत् । यद्यसत्तथापि न जायते ऽसत्वादेव शशविषाणादिवत् । अथ सदसत्तथाऽपि न जायते विरुद्धस्यैकस्यासंभवात् । अतो न किंचिद्वस्तु जायत इति सिद्धम् । येषां पुनर्जनिरेव जायत इति क्रियाकारकफलैकत्वमभ्युपगम्यते क्षणिकत्वं च वस्तुनः, ते दूरत एव न्यायापेताः । इदमित्थमित्यवधारणक्षणान्तरानवस्थानादननुभूतस्य स्मृत्यनुपपत्तेश्च ॥२२॥

अर्थ– यसैले पनि कुनै वस्तु उत्पन्न हुन्न, किनभने उत्पन्न हुने वस्तु आफूबाट, अरुबाट वा दुवैबाट नै सत्य रूपले, असत्य रूपले या दुवै रूपले उत्पन्न हुन्छ त ? भन्ने प्रश्न हुँदा यही भन्नुपर्छ कि कुनै प्रकारले पनि त्यसको जन्म हुनु संभव छैन । जसरी घडा त्यही घडाबाट उत्पन्न हुन्न त्यस्तै कुनै वस्तु पूर्णरूपबाट निष्पन्न नभैकन आफैं उत्पन्न हुँदैन र कुनै अरुबाट नै अरु वस्तु उत्पन्न हुन्छ । जसरी घडाबाट घडा, कपडाबाट अर्को कपडा उत्पन्न हुँदैन । विरोध हुने कारणले दुवैबाट पनि कुनै उत्पन्न हुन्न । यदि भन्छौ कि माटोबाट घडा र बाबुबाट छोरा उत्पन्न भएको देखेका छौं भने ठीक छ 'उत्पन्न हुन्छ', यो शब्द र प्रत्यय अविवेकीलाई मात्र हुन्छ । विवेकीबाट त शब्द र प्रतीतिको परीक्षा गरिन्छ कि यो सत्य हो वा भ्रूठो । परीक्षा गर्दा त शब्द र प्रत्ययको विषय घट पुत्रादिरूप वस्तु खाली शब्द मात्र छ । यस्तै नै "बोलीबाट शुरु हुन्छ" भनेर श्रुति पनि भन्दछ । यदि वस्तु उत्पत्तिबाट पहिले पनि विद्यमान छ त माटो र बाबु समान पहिलेबाट विद्यमान भएका कारण उत्पन्न हुन सक्दैन र यदि उत्पत्तिभन्दा पहिले वस्तु असत्य छ त खरायोको सिङ्जस्तै तीनै कालमा असत्य हुनाका कारण त्यो उत्पन्न हुँदैन र यदि सत्य र असत्य दुवै रूप अर्थात् विद्यमान छ र छैन पनि यस्तो परस्पर विरुद्ध वस्तुको उत्पत्ति असम्भव छ । फलतः यही सिद्ध हुन्छ कि कुनै पनि वस्तु उत्पन्न हुँदैन । यसको अतिरिक्त जुन बौद्धको मतमा 'जनि' क्रिया नै उत्पन्न हुन्छ भन्दा उनी क्रिया, कारक र फलको एकत्व र वस्तुमा क्षणिकत्व मान्दछन् । यस्तो मान्यता त युक्तिशून्य भएको कारण टाढैबाट त्यागनलायक छ । किनकि 'यो यस्तो छ' यसरी निश्चय क्षणपछि नै पदार्थको स्थिति नरहने हुनाले कुनै पनि क्षणिक पदार्थको अनुभव हुनु असम्भव छ र अनुभव नभैकन सम्झना हुन सक्दैन ॥२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

हेतुर्न जायतेऽनादेः फलं चापि स्वभावतः ।
आदिर्न विद्यते यस्य तस्य ह्यादिर्न विद्यते ॥२३॥

अनादि फलले हेतु न त्यस्तै हेतुले फल ।
जन्मन्छ किन कि जस्को छैन हेतु कहाँ फल ? ॥२३॥

भाष्य

किं च हेतुफलयोरनादित्वमभ्युपगच्छता त्वया बलाद्धेतुफलयोरजन्मैवाभ्युपगतं स्यात् । कथम्, अनादेरादिरहितात्फलाद्धेतुर्न जायते । न ह्यनुत्पन्नादजादनादेः फलाद्धेतोर्जन्मेष्यते त्वया । फलं चाऽऽदिरहितादनादेर्हेतोरजात्स्वभावत एव निर्निमित्तं जायत इति नाभ्युपगम्यते । तस्मादनादित्वमभ्युपगच्छता त्वया हेतुफलयोरजन्मैवाभ्युपगम्यते । यस्मादादिः कारणं न विद्यते यस्य लोके तस्य ह्यादिः पूर्वोक्ता जातिर्न विद्यते । कारणवत एव ह्यादिरभ्युपगम्यते नाकारणवतः ॥२३॥

अर्थ– हेतु र फलको अनादित्व मान्ने तिमीलाई बाध्य भएर हेतु र फलको अनुत्पत्ति मान्नुपर्छ । त्यो कसरी त भने कारणरहित पदार्थको जन्म देखिएको छैन । आदिरहित फलबाट हेतु उत्पन्न हुँदैन । किनभने जस्को कहिल्यै जन्म हुन्न यस्तो अनादि फलरूप शरीरबाट धर्म र अधर्म हेतुको जन्म हुनु तिमीलाई सम्भव लाग्दैन, न त यस्तो नै मान्दछौ कि अनादिरहित अजन्मा हेतुविना कुनै निमित्तको स्वभावबाट फल उत्पन्न हुन्छ । यसरी फल र हेतुको अनादित्व मान्ने तिमीले बलात् तिनको अनुत्पत्ति मान्नु पर्ला । किनकि जसको कारण हुन्न त्यसको जन्म पनि हुन्न ॥२३॥

कारिका

प्रज्ञप्तेः सनिमित्तत्वमन्यथा द्वयनाशतः ।
संक्लेशस्योपलब्धेश्च परतन्त्रास्तिता मता ॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दस्पर्श जानिनाले बाह्यार्थवाद सत्यभैं ।
दुःखबोध आदिबाट द्वैत अस्तित्व पाउँछ ॥२४॥

भाष्य

उक्तस्यैवार्थस्य दृढीकरणचिकीर्षया पुनराक्षिपति– प्रज्ञानं प्रज्ञप्तिः शब्दादिप्रतीतिस्तस्याः सनिमित्तत्वं निमित्तं कारणं विषय इत्येतत्सनिमित्तत्वं सविषयत्वम् । स्वात्मव्यतिरिक्तविषयतेत्येतत्प्रतिजानीमहे । न हि निर्विषयाः प्रज्ञप्तिः शब्दादिप्रतीतिः स्यात् । तस्याः सनिमित्तत्वात् । अन्यथा निर्विषयत्वे शब्दस्पर्शनीलपीतलोहितादिप्रत्ययवैचित्र्यस्य द्वयस्य नाशतो नाशोऽभावः प्रसज्येतेत्यर्थः । न च प्रत्ययवैचित्रस्य द्वयस्याभावोऽस्ति प्रत्यक्षत्वात् । अतः प्रत्ययवैचित्रस्य द्वयस्य दर्शनात् । परेषां तन्त्रं परतन्त्रमित्यन्यशास्त्रं तस्य परतन्त्रस्य परतन्त्राश्रयस्य बाह्यार्थस्य ज्ञानव्यतिरिक्तस्यास्तिता मताऽभिप्रेता । न हि प्रज्ञप्तेः प्रकाशमात्रस्वरूपाया नीलपीतादिबाह्यालम्बनवैचित्र्यमन्तरेण स्वभावभेदेनैव वैचित्र्यं संभवति । स्फटिकस्येव नीलाद्युपाध्याश्रयैर्विना वैचित्र्यं न घटत इत्यभिप्रायः । इतश्च परतन्त्राश्रयस्य बाह्यार्थस्य ज्ञानव्यतिरिक्तस्यास्तिता संक्लेशनं संक्लेशो दुःखमित्यर्थः । उपलभ्यते ह्यग्निदाहादिनिमित्तं दुःखं यद्यग्न्यादिबाह्यं दाहादिनिमित्तं विज्ञानव्यतिरिक्तं न स्यात्ततो दाहादिदुःखं नोपलभ्येत । उपलभ्यते तु, अतस्तेन मन्यामहेऽस्ति बाह्योऽर्थ इति । न हि विज्ञानमात्रे संक्लेशो युक्तः, अन्यत्रादर्शनादित्यभिप्रायः ॥२४॥

अर्थ– माथि भनिएकै कुरालाई बल दिन अरू थप्दछन्– शब्दादि ज्ञानलाई प्रज्ञान भनिन्छ । यो प्रज्ञान सविषयक हुन्छ । यस श्लोकमा आएको निमित्त भन्ने शब्दको अर्थ कारण अथवा विषय हो । यो विषय प्रज्ञान आफूबाट भिन्न हुन्छ । यस्तो हामी प्रतिज्ञा गर्छौं । सबै प्रज्ञानमा विषयको हुनु अनिवार्य छ त ? कुनै पनि शब्द आदि प्रतीति नभै विषय पनि हुन सक्दैन । यदि प्रतीति नभै विषय हुन्छ, यस्तो मान्छौ भने शब्द, स्पर्श र नीलो, पँहेलो, रातोको ज्ञानमा विचित्र द्वैतको नाश होला र ज्ञानमा विचित्रताको नाशबाट द्वैतको अभावको प्रसंग पनि आउला । तर प्रत्यक्ष सिद्ध भएको कारण प्रतीतिमा विचित्रतारूप द्वैतको अभाव त वस्तुतः छैन । किनकि प्रतीतिमा वैचित्र्यरूप द्वैतको दर्शन भइरहेको छ । अतः परतन्त्र अर्थात् अर्काको शास्त्र छ । त्यसैको आधारमा प्रज्ञानको अलावा बाहिरी पदार्थको अस्तित्व पनि स्वीकार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ । यदि भन्छौ कि प्रकाश मात्र स्वरूपज्ञानको यो विचित्रता– नीलो, पहेंलो आदि बाहिरी विषय वैचित्र्यको विना नै केवल स्वभावको कारणले नै हो त ? यस्तो हुनु सम्भव छैन । किनकि स्वभावले स्वच्छ स्फटिकमा जसरी नीलो, पहेंलो आदि उपाधिको कारण विचित्रता हुन्छ त्यस्तै नीलो पहेंलो आदि उपाधिविना स्वच्छ स्फटिकमा विचित्रता आउन सक्दैन, त्यस्तै स्फटिकको समान स्वच्छ ज्ञानमा नीलो, पहेंलो आदि बाहिरी विषयको आश्रय नलिई विचित्रता सम्भव छैन । यसको अलावा अर्काको शास्त्रमा आधारित ज्ञानबाट भिन्न बाहिरी पदार्थको अस्तित्व यसको लागि पनि मानिएको छ कि आगोले पोल्नाले दुख्छ । यदि ज्ञानबाट भिन्न पोल्नको कारण कुनै बाहिरी पदार्थ हुँदैनथ्यो त पोलेको दुःखेको ज्ञान हुँदैनथ्यो तर अनुभव त हुन्छ । यसैले हामी मान्दछौं– बाहिरी पदार्थ अवश्य छ । अनुभव ज्ञानमा मात्र दुःख हुन्छ भन्नु युक्तिसंगत छैन । किनकि बाहिरी विषयको ज्ञानमात्रले दुखेको कहीं पनि देखिन्न ॥२४॥

कारिका

प्रज्ञप्तेः सनिनित्तत्वमिष्यते युक्तिदर्शनात् ।
निमित्तस्यानिमित्तत्वमिष्यते भूतदर्शनात् ॥२५॥

बाहिरी दृष्टिले हेर्दा सृष्टि यो सत्यभैं तर ।
परमार्थ दृष्टिबाट हेरे भूठो ठहर्दछ ॥२५॥

भाष्य

अत्रोच्यते– बाढमेवं प्रज्ञप्तेः सनिमित्तत्वं द्वयसंक्लेशोपलब्धियुक्तिदर्शनादिष्यते त्वया । स्थिरी भव तावत्त्वं युक्तिदर्शनं वस्तुनस्तथात्वाभ्युपगमे कारणमित्यत्र ब्रूहि किं तत इति । उच्यते । निमित्तस्य प्रज्ञप्त्यालम्बनाभिमतस्य घटादेरनिमित्तत्वमनालम्बनत्वं वैचित्र्याहेतुत्वमिष्यतेऽस्माभिः, कथं, भूतदर्शनात्परमार्थदर्शनादित्येतत् । न हि घटो यथाभूतमृद्रूपदर्शने सति तद्व्यतिरेकेणास्ति । यथा ऽश्वान्महिषः । पटो वा तन्तुव्यतिरेकेण । तन्तवश्चांशुव्यतिरकेणेत्येवमुत्तरोत्तर भूतदर्शन आ शब्द प्रत्ययनिरोधान्नैव निमित्तमुपलभामह इत्यर्थः । अथ वा अभूतदर्शनाब्दाह्यार्थस्यानिमित्तत्वमिष्यते । रज्ज्वादाविव सर्पादेरित्यर्थः । भ्रान्तिदर्शनविषयत्वाच्च निमित्तस्यानिमित्तत्वं भवेत् । तदभावेऽभानात् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न हि सुषुप्तसमाहितमुक्तानां भ्रान्तिदर्शनाभाव आत्मव्यतिरिक्तो बाह्योऽर्थ उपलभ्यते । न ह्युन्मत्तावगतं वस्त्वनुन्मत्तैरपि तथाभूतं गम्यते । एतेन द्वयदर्शनं संक्लेशोपलब्धिश्च प्रत्युक्ता ॥२५॥

अर्थ– विज्ञानवादीको मतमा विषयको रूप निमित्तसँग जानिन्छ विषयविना होइन । माथिको दुखमयरूपतर्फ कुनै पनि वस्तुको यथार्थता मान्न युक्ति चाहिन्छ यस मान्यतामा स्थिर हुनुपर्छ । बाह्यार्थवादी भन्छन्– यस्तो मान्न के आपत्ति छ ? विज्ञानवादीको भनाइमा ज्ञानको विषयरूपबाट जुन घडा आदिलाई तपाईंले स्वीकार गर्नुभएको छ त्यसको ज्ञानमा विचित्रताको हेतु मान्न हामीलाई मनासीव लाग्दैन । अर्थात् यो प्रत्यय वैचित्र्यको कारण नै छैन । कसरी त भने परमार्थ दृष्टिले हेर्दा यस्तो नै थाहा हुन्छ । जसरी घोडाबाट भैंसी पृथक् छ त्यस्तै घडा बनाउने काम आफ्नो कारण माटोको यथार्थरूप जानेपछि फरक सिद्ध हुन्न । यस्तै तत्त्व फेरि हेर्दा धागोबाट कपडा र कपासबाट धागो पनि फरक लाग्दैनन् । भाव यो हो कि उत्तरोत्तर यथार्थ तत्त्व थाहा भएपछि शब्द र ज्ञानको विरोध हुन्छ र शब्द र ज्ञानको विचित्रताको कारण विषयलाई हामी देख्दैनौं ।

अथवा जसरी डोरीमा कल्पित सर्प वस्तुतः हाम्रो ज्ञानको विषय होइन, किनभने भ्रान्तिकालमा मात्र कल्पित सर्प र त्यसको ज्ञान उदाउँछ । त्यस्तै परमार्थ दर्शन भएपछि सम्पूर्ण बाहिरी पदार्थलाई हामी आफ्नो ज्ञानको विषय मान्दैनौं । जुन भ्रान्तिज्ञानको विषय हुन्छ वस्तुतः त्यो विषय प्रत्ययविचित्रताको निमित्त हुँदैन । किनभने भ्रान्तिनाश हुनेबित्तिकै बाह्यार्थ ज्ञान हुन्न । सुषुप्त, समाहित र मुक्त पुरुषलाई भ्रान्ति नभएपछि आत्माबाहेक कुनै बाहिरी पदार्थ देखिन्न । उन्मत्त पुरुषले जान्ने वस्तु-उन्मादरहित पुरुषलाई यथार्थ ज्ञान हुँदैन । अतः प्रत्ययवैचित्र्य र त्यसको प्रयोजक बाह्य विषय दुवै भ्रमकालमा छन् । यस्तो भन्दा द्वैतदर्शन र दुःखको ज्ञान दुवै नै निराकृत हुन्छन् । किनभने तत्त्वदर्शीलाई स्फुरणभन्दा वस्तुको भान भएको देखिन्न ॥२५॥

कारिका

चित्तं न संस्पृशत्यर्थं नार्थाभासं तथैव च ।
अभूतो हि यतश्चार्थो नार्थाभासस्ततः पृथक् ॥२६॥

विचार्दा सिद्ध न हुँदा न त त्यो भिन्न रूपमा ।
ज्ञानले छुन्न विषय न त आभासलाई नै ॥२६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

यस्मान्नास्ति बाह्यं निमित्तमतश्चित्तं न संस्पृशत्यर्थं बाह्यालम्बनविषयम् । नाप्यर्थाभासं चित्तत्वात्स्वप्नचित्तवत् । अभूतो हि जागरितेऽपि स्वप्नार्थवदेव बाह्यः शब्दाद्यर्थो यत उक्तहेतुत्वाच्च । नाप्यर्थाभासश्चितात्पृथक्चित्तमेव हि घटाद्यर्थवदवभासते यथा स्वप्ने ॥२६॥

अर्थ– जब ज्ञानको विषय बाहिरी पदार्थ होइन र यसैले स्वप्नको चित्तले झैं जाग्रत् चित्तले बाहिरी आलम्बनको विषयरूप कुनै पनि पदार्थलाई स्पर्श गर्दैन । किनभने स्वप्नको चित्तमा चित्तत्व छ र त्यसले बाहिरी विषय छुँदैन । त्यस्तै जाग्रत चित्तमा पनि चित्तत्व छ र त्यसले पनि बाहिरी विषयको आलम्बनलाई छुँदैन । अर्थाभासलाई ग्रहण गर्दैन । पूर्वोक्त हेतुबाट सिद्ध हुन्छ कि स्वप्नका पदार्थजस्तैं जाग्रत् अवस्थामा शब्द आदि बाहिरी पदार्थ छैनन् न चित्तको भिन्दै अर्थाभास नै छ । तर जसरी सपनामा पदार्थ नहुनाको कारण चित्त नै घडा आदि पदार्थझैं हुन्छ त्यस्तै जाग्रत् अवस्थामा पनि घडा आदि विषय नभए पनि भएजस्तै चित्त नै चम्कन्छ ॥२६॥

कारिका

निमित्तं न सदा चित्तं संस्पृशत्यध्वसु त्रिषु ।
अनिमित्तो विपर्यासः कथं तस्य भविष्यति ॥२७॥

ज्ञानले स्पर्श गर्दैन विषय तीन कालमा ।
त्यसैले वासना छैन विपर्यास त्यहाँ कहाँ ॥२७॥

भाष्य

ननु विपर्यासस्तर्ह्यसति घटादौ घटाद्याभासता चित्तस्य । तथा च सत्यविपर्यासः क्वचिद्वक्तव्य इति । अत्रोच्यते । निमित्तं विषयमतीतानागतवर्तमानाध्वसु त्रिष्वपि सदा चित्तं न संस्पृशेदेव । यदि हि क्वचित्संस्पृशेत्सोऽविपर्यासः परमार्थत इति । अतस्तदपेक्षयाऽसति घटे घटाभासता विपर्यासः स्यान्न तु तदस्ति कदाचिदपि चित्तस्यार्थसंस्पर्शनम् । तस्मादनिमित्तो विपर्यासः कथं तस्य चित्तस्य भविष्यति न कथंचिद्विपर्यासो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऽस्तीत्यभिप्रायः । अयमेव हि स्वभावश्चित्तस्य यदुतासति निमित्ते घटादौ तद्वदवभासनम् ॥२७॥

अर्थ– घडा आदि पदार्थ नहुँदा पनि चित्तलाई घडा आदि रूपको भान हुने कुरा मान्छौ भने यो त भ्रम भयो । यस अवस्थामा सम्यक् ज्ञान कहिले हुन्छ त बताउनुहोस् भन्दा भनिन्छ– भूत, वर्तमान र भविष्य यी तीनै अवस्थामा चित्तले सधैं नै विषयलाई छुँदैन । यदि छुन्थ्यो भने यो पारमार्थिक छ यस्तो मान्नुपर्थ्यो । यसैले त्यसको संस्कारबाट उत्पन्न हुने भएकाले घडा नभएर पनि घडा भएको भान हुनुलाई भ्रम मानिन्छ । तर कुरो यस्तो छैन । मान्नुपर्छ कि कहिल्यै पनि पदार्थसँग चित्तको स्पर्श हुँदैन । फेरि निमित्तविना त्यस चित्तलाई भ्रमज्ञान कसरी हुन्छ ? भाव यो हो कि कुनै पनि प्रकारले विपरीत ज्ञान छँदै छैन । चित्तको त यो नै स्वभाव छ कि घटादि निमित्त नभएर पनि तिनको ज्ञान नै रहोस् । अघि-अघिको भ्रान्तिजन्य संस्कारले युक्त ज्ञान नै पछिको भ्रान्तिमा कारण हुन्छ । विषयसहित सबै भ्रमलाई सिद्धान्तमा अविद्याप्रयुक्त मानिन्छ ॥२७॥

कारिका

तस्मान्न जायते चित्तं चित्तदृश्यं न जायते ।
तस्य पश्यन्ति ये जातिं खे वै पश्यन्ति ते पदम् ॥२८॥

चित्तको दृश्य जन्मन्न जब जन्मन्न चित्त नै ।
त्यसको जन्म देख्नेले व्यर्थैमा देख्न खोज्दछन् ।
नहुने पक्षीको पाउ चिह्न आकाश बीचमा ॥२८॥

भाष्य

प्रज्ञप्तेः सनिमित्तत्वमित्याद्येतदन्तं विज्ञानवादिनो बौद्धस्य वचनं बाह्यार्थवादिपक्षप्रतिषेध परमाचार्येणानुमोदितम् । तदेव हेतुं कृत्वा तत्पक्षप्रतिषेधाय तदिदमुच्यते तस्मादित्यादि । यस्मादसत्येव घटादौ घटाद्याभासता चित्तस्य विज्ञानवादिना ऽभ्युपगता तदनुमोदितमस्माभिरपि भूतदर्शनात् । तस्मात्तस्यापि चित्तस्य जायमानाऽवभासताऽसत्येव जन्मनि युक्ता भवितुमित्यतो न जायते चित्तम् । यथा चित्तदृश्यं न जायते ऽतस्तस्य चित्तस्य ये जातिं पश्यन्ति विज्ञानवादिनः क्षणिकत्वदुःखित्वशून्यत्वानात्मत्वादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च, तेनैव चित्तेन चित्तस्वरूपं द्रष्टुमशक्यं पश्यन्तः खे वै पश्यन्ति पदं पक्ष्यादीनाम् । अत इतरेभ्यो ऽपि द्वैतिभ्योऽत्यन्तसाहस्रिका इत्यर्थः । ये ऽपि शून्यवादिनः पश्यन्त एव सर्वशून्यतां स्वदर्शनस्यापि शून्यतां प्रतिजानते ते ततोऽपि साहसिकतरा खं मुष्टिना ऽपि जिघृक्षन्ति ॥२८॥

अर्थ– "प्रज्ञप्तेः सनिमित्तत्वं ...." इत्यादि पच्चीसौं श्लोकबाट लिएर यहाँसम्म विज्ञानवादी बौद्धका बाह्यार्थवादीको पक्ष निषेध गर्ने जुन वचन छ त्यसैलाई आचार्य गौडपादले समर्थन गर्नुभएको छ। किनभने बाह्यार्थवादको दोष उहाँलाई पनि स्वीकार्य छ। अब विज्ञानवादीले बताएको अर्थलाई हेतु बनाएर उनको पक्षको पनि निषेध गर्न भनिन्छ– विज्ञानवादीको भनाइ कि घडा आदि नरहँदा पनि चित्तलाई घडा आदिको भान हुनु हामीलाई स्वीकार छ। यहाँसम्म उनीहरूको दर्शन यथार्थ हुँदा त्यसको हामी अनुमोदन गर्छौं। तर चित्तको जन्म नहुँदा पनि उनले जुन चित्तको जन्म मानेका छन् त्यो युक्तिसंगत छैन । यसैले यी चित्तदृश्य उत्पन्न हुँदैनन्। त्यस्तै चित्त पनि उत्पन्न हुन्न र जुन विज्ञानवादी चित्तको जन्म देख्दछन् चित्तको क्षणिकत्व, दुःखित्व, शून्यत्व, अनात्मत्व देख्दछन् त्यस्तो चित्तबाट चित्तको स्वरूप देख्नु कसरी सत्य हुन सक्दछ ? यति भएर पनि चित्तको त्यो स्वरूपलाई जुन मतावलम्बी देख्दछन् ती शून्य आकाशमा नभएको चराको पदचिह्न देख्दछन्। अतः अरू द्वैतवादीको अपेक्षा पनि यी अत्यन्त साहसी देखिन्छन्। जो शून्यवादी सर्वशून्यता देख्दै आफ्नो शून्यता दर्शनको प्रचार गर्दछन् तिनीहरू त ती विज्ञानवादीभन्दा पनि बढ्ता साहसी छन्, किनभने उनीहरू मानौं विशाल आकाशलाई आफ्नो मुठ्ठीभित्र पक्रन चाहन्छन् ॥२८॥

कारिका

अजातं जायते यस्मादजातिः प्रकृतिस्ततः ।
प्रकृते रन्यथाभावो न कथंचिद् भविष्यति ॥२९॥

मायाले जन्मिने जस्तो देखिने परब्रह्म ता ।
स्वभावले अजन्मा हो प्रकृति उल्टिने कहाँ ? ॥२९॥

भाष्य

उक्तैर्हेतुभिरजमेकं ब्रह्मेति सिद्धम्, यत्पुनरादौ प्रतिज्ञातं तत्फलोपसंहारार्थोऽयं श्लोकः। अजातं यच्चित्तं ब्रह्मैव जायत इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वादिभिः परिकल्प्यते तदजातं जायते यस्मादजातिः प्रकृतिस्तस्य ततस्तस्मादजातरूपायाः प्रकृतेरन्यथाभावो जन्म न कथंचिद्भविष्यति ॥२९॥

अर्थ– उपरोक्त कारणहरूबाट अज एक ब्रह्म हो भन्ने सिद्ध हुन्छ । अतः जुन कुराको पहिले प्रतिज्ञा गरिएको थियो त्यसको फलको उपसंहार बताउन अगाडिको श्लोक हो । जुन अजात ब्रह्मस्वरूप चित्त छ त्यो नै उत्पन्न हुन्छ भन्ने विज्ञानवादीको कल्पना छ । किनकि अजात नै जन्म लिन्छ साथै यो पनि भन्छन् कि अजात उसको स्वभाव हो । यस परिस्थितिमा त्यस अजातस्वरूप स्वभाव हुनेको अन्यथा भावरूप जन्म कुनै प्रकारले पनि हुँदैन । वस्तुतः यो अजंन्मा भैकन जन्म लिन्छ भन्नु पारमार्थिक नभै मायिक मान्नुपर्छ ॥२९॥

कारिका

अनादेरन्तवत्वं च संसारस्य न सेत्स्यति ॥
अनन्तता चादिऽऽमतो मोक्षस्य न भविष्यति ॥३०॥

वन्धन र मोक्षलाई आत्माको सत्य मानदा ।
अनादि विश्वको नाश कसरी हुन सक्दछ ?
उत्पत्तिशील भै मोक्ष कसरी नित्य हुन्छ र ? ॥३०॥

भाष्य

अयं चापर आत्मनः संसारमोक्षयोः परमार्थसद्भाववादिनां दोष उच्यते । अनादेरतीतकोटिरहितस्य संसारस्यान्तवत्वं समाप्तिर्न सेत्स्यति युक्तितः सिद्धिं नोपयास्यति । न ह्यनादिः सन्नन्तवान्कश्चित्पदार्थो दृष्टो लोके । बीजाङ्कुरसंवन्धनैरन्तर्यविच्छेदो दृष्ट इति चेत् न, एकवस्त्वभावेनापोदितत्वात् । तथाऽनन्तताऽपि विज्ञानप्राप्तिकालप्रभवस्य मोक्षस्याऽऽदिमतो न भविष्यति । घटादिष्वदर्शनात् । घटादिविनाशवदवस्तुत्वाददोष इति चेत् । तथा च सति मोक्षस्य परमार्थसद्भावप्रतिज्ञाहानिः । असत्वादेव शशविषाणस्येवाऽऽदिमत्वाभावश्च ॥३०॥

अर्थ– जुन मानिसले आत्माका संसार र मोक्ष दुवैलाई परमार्थिक मानेका छन् यस्तो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसार र मोक्षमा पारमार्थिक मान्ने मतावलम्बीको पक्षमा यो एउटा अर्को दोष पनि भनिन्छ कि जुन अनादि अतीत कोटि नभएको छ त्यसको अन्त हुनु युक्तियुक्त सिद्ध हुन्न । कुनै पनि अनादि भाव भएको पदार्थ नाश हुने भएको देखिन्न । जसरी आत्मा अनादि भावको हुनाले अन्तवान् छैन, त्यस्तै अनादिभावरूप संसारको पनि अन्त मान्नु युक्तिसंगत छैन । यदि भन्छौ कि वीजाङ्कुरको सन्तान अनादिभावरूप छ, तर पनि त्यसको अन्त भएको देखिएको छ भन्नु ठीक छैन, किनभने वीजाङ्कुरको सन्तान कुनै एक स्वतन्त्र पदार्थ होइन जसलाई हामी अनादिभावरूप मानेर अनादिभावरूप संसारको अन्यवत्तासिद्धिको लागि उदाहरण मान्न सकौं । यसैले वीजांकुर सन्ततिको निराकरण हामीले पहिले गरिदिएका छौं । यस्तै नै ज्ञान प्राप्तिकालमा उत्पन्न हुने सादिमोक्षको अनन्तता पनि सिद्ध हुन्न, किनकि जुन भाव पदार्थ आदिमान् हुन्छ त्यो अनन्त हुन्न नाशवान् नै हुन्छ । संसारमा घडा आदि उत्पन्न हुने वस्तु अनन्त हुन सक्दैन । यदि भन्छौ कि घडा नाश भएजस्तो बन्ध ध्वंशरूप मोक्षलाई हामी अभाव स्वरूप मान्छौं, यदि हामी सादिभावरूप मोक्षलाई मान्थ्यौं त तपाईंले दिनुभएको दोष हाम्रो पक्षमा आउन सक्दथ्यो । तर हामी त घडा नाश भएजस्तो बन्धननाशलाई मोक्ष मान्छौं । त्यसैले हाम्रो पक्षमा दोष छैन भन्नु ठीक छैन किनकि यस्तो मानेमा मोक्ष पारमार्थिक सद्भावरूप हो भन्ने प्रतिज्ञामा उल्टो असर पर्ला । साथै खरायोको सिङजस्तै असत्यरूप भएको कारणले पनि यस्तो मोक्षमा आदिमत्वको अभाव हुन लाग्ला । जसरी असत्य खरायोको सिङको जन्म हुन्न त्यस्तै असत्य बन्धनको अभावरूप मोक्षको पनि जन्म हुन्न ॥३०॥

कारिका

आदावन्ते च यन्नास्ति वर्तमानेऽपितत्तथा ॥
वितथैः सदृसाः सन्तोऽवितथा इव लक्षिताः ॥३१॥

आदिमा, अन्त्यमा छैन जो वस्तु वर्तमानमा ॥
पनि हुन्न भनी जान्नु नित्य त्यो मूर्ख दृष्टिमा ॥३१॥

सप्रयोजनता तेषां स्वप्ने विप्रतिपद्यते ॥
तस्मादाद्यन्तवत्वेन मिथ्यैव खलु ते स्मृता ॥३२॥

जागदा भोगिने वस्तु स्वप्नमा उल्टिने हुँदा ॥
आदि र अन्त नहुँदा ती दुवै वस्तु छन् वृथा ॥३२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य र अर्थ

उपरोक्त ३१ र ३२ श्लोकहरू र वैतथ्य प्रकरणका ६ र ७ श्लोक एउटै भएकाले यिनको भाष्य दोहोऱ्याउनु उपयुक्त नभएकाले त्यहींबाट अवगत गर्नुहुनेछ ॥३१-३२॥

कारिका

सर्वे धर्मा मृषा स्वप्ने कायस्यान्तर्निदर्शनात् ।
संवृतेऽस्मिन्प्रदेशे वै भूतानां दर्शनं कुतः ॥३३॥

शरीरभित्र देख्नाले स्वप्नका सब हुन भ्रूठा ॥
सांग्रो ठाउँभित्र ठूलो सृष्टि त्याहाँ अटोस् कहाँ ॥३३॥

भाष्य

निमित्तस्यानिमित्तत्वमिष्यते भूतदर्शनादित्ययमर्थः प्रपञ्च्यत एतैः श्लोकैः ॥३३॥

अर्थ– "निमित्तस्या निमित्तत्वादिष्यते भूतदर्शनात्" भन्ने श्लोकमा माथि बताइएको भाष्यको अर्थलाई नै यी श्लोकले विस्तार गरेका हुन् । अर्थात् ३३-४४ श्लोकसम्म सबैको तात्पर्य यति नै हो कि उपरोक्त श्लोकको अर्थ विस्तार ॥३३॥

कारिका

न युक्तं दर्शनं गत्वा कालस्यानियमाद्गतौ ।
प्रतिबुद्धश्च वै सर्वस्तस्मिन्देशे न विद्यते ॥३४॥

स्वप्नमा देखिने ठाउँ मिथ्या हो जागदा त्यहाँ ।
हुँदैन स्वप्न द्रष्टा नै पुग्ने समय थोर छ ॥३४॥

भाष्य

जागरिते गत्यागमनकालो नियतो देशः प्रमाणतो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तस्यानियमान्नियमस्याभावात्स्वप्ने न देशान्तरगमनमित्यर्थः ॥३४॥

अर्थ– जाग्रत समयमा जुन जाने-आउने समय नियत छ र प्रामाणिक देश नियत छ त्यो कुरा स्वप्नमा नियम नभएको कारण यो कुरा निश्चय हुन्छ कि स्वप्न द्रष्टा देशान्तरमा गएको छैन ॥३४॥

कारिका

मित्राद्यैः सह संमन्त्र्य संबुद्धो न प्रपद्यते ।
गृहीतं चापि यत्किंचित्प्रतिबुद्धो न पश्यति ॥३५॥

स्वप्नमा मित्र भेटेथ्यो जाग्दा पाउन्न क्यै पनि ।
पाएको स्वप्नको वस्तु जाग्दा रित्तो भएसरि ॥३५॥

भाष्य

मित्राद्यै सह संमन्त्र्य तदेव मन्त्रणं प्रतिबुद्धो न प्रपद्यते । गृहीतं च, यत्किंचिद्धिरण्यादि न प्राप्नोति । अतश्च न देशान्तरं गच्छति स्वप्ने ॥३५॥

अर्थ– स्वप्नमा मित्रहरूसँग भेटघाट कुराकानी गरेर जागेको व्यक्तिले सो कुरा सत्य पाउँदैन । त्यस्तै स्वप्नमा पाएको सुन जाग्दा हातमा हुन्न । यसबाट स्पष्ट हुन्छ कि वास्तवमा स्वप्नमा स्वप्नद्रष्टा कुनै देशान्तर जाँदैन ॥३५॥

कारिका

स्वप्ने चावस्तुकः कायः पृथगन्यस्य दर्शनात् ॥
यथा कायस्तथा सर्वं चित्तदृश्यमवस्तुकम् ॥३६॥

स्वप्नमा देह यो आफ्नो अर्केको देखिएसरि ।
जागदा चित्तले देख्ने सबै वस्तु असत्य छन् ॥३६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

स्वप्ने चाटन्दृश्यते यः कायः सोऽवस्तुकस्ततोऽन्यस्य स्वापदेशस्थस्य पृथक्कायान्तरस्य दर्शनात्। यथा स्वप्नदृश्यः कायोऽसंस्तथा सर्वं चित्तदृश्यमवस्तुकं जागरितेऽपि चित्तदृश्यत्वादित्यर्थः। स्वप्नसमत्वादसज्जागरितमपीति प्रकरणार्थः ॥३६॥

अर्थ– सपनामा घुमेको जुन शरीर देखिन्छ त्यो भूठा हो किनकि त्यस स्वप्न देशमा रहेको शरीरभन्दा भिन्न शरीर खाटमा परेको देखिन्छ। जसरी सपनामा देखिने शरीर असत्य हो त्यस्तै जाग्रत्‌मा पनि सम्पूर्ण चित्तदृश्य अतात्त्विक छन्। किनभने चित्तदृश्य स्वप्न र जाग्रत्‌मा बराबर छन्। तात्पर्य यो छ कि स्वप्नजस्तै जाग्रत् अवस्था पनि असत्य हो ॥३६॥

कारिका

ग्रहणाज्जागरितवत्तद्धेतुः स्वप्न इष्यते ॥
तद्धेतुत्वात्तु तस्यैव सज्जागरितमिष्यते ॥३७॥

जाग्रत् अवस्था हो सत्य दृष्टिमा स्वप्नदर्शीको।
सपना-कल्पना भूठो जाग्रत् स्वप्न दुवै वृथा ॥३७॥

भाष्य

इतश्चासत्वं जाग्रद्वस्तुनो, जागरितवज्जागरितस्येव ग्रहणाद्ग्राह्यग्राहकरूपेण स्वप्नस्य तज्जागरितं हेतुरस्य स्वप्नस्य स स्वप्नस्तद्धेतुर्जागरितकार्यमिष्यते। तद्धेतुत्वाज्जागरितकार्यत्वात्तस्यैव स्वप्नदृश एव सज्जागरितं न त्वन्येषाम्। यथा स्वप्न इत्यभिप्रायः। यथा स्वप्नः स्वप्नदृश एव सन्साधारणविद्यमानवस्तुवदवभासते तथा तत्कारणत्वात्साधारणविद्यमानवस्तुवदवभासमानं न तु साधारणं विद्यमानवस्तु स्वप्नवदेवेत्यभिप्रायः ॥३७॥

अर्थ– जागरितको वस्तु पनि मिथ्या हुनाको कारण के हो भने जागरितमा जस्तै ग्राह्यग्राहकरूपले स्वप्नको पनि ग्रहण हुन्छ। यसैले स्वप्न अवस्थाको कारण जाग्रत् मानिएको छ एवं स्वप्नावस्था जागरितको कार्य मानिएको छ। जाग्रत्‌को कार्य भएकाले खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वप्नद्रष्टाको दृष्टिमा त जाग्रत् पनि स्वप्नजस्तै हो ॥३७॥

कारिका

उत्पादस्याप्रसिद्धत्वादजं सर्वमुदाहृतम् ॥
न च भूतादभूतस्य संभवोऽस्ति कथंचन ॥३८॥

उत्पत्ति सिद्ध नहुँदा सबै अज बताइयो ।
असत्यको जन्म हुन सत्यबाट असंभव ॥३८॥

भाष्य

ननु स्वप्नकारणत्वेऽपि जागरितवस्तुनो न स्वप्नवदवस्तुत्वम् । अत्यन्तचलो हि स्वप्नो जागरितं तु स्थिरं लक्ष्यते । सत्यमेवमविवेकिनां स्यात् । विवेकिनां तु न कस्यचिद्वस्तुन उत्पादः प्रसिद्धोऽतोऽप्रसिद्धत्वादुत्पादस्यात्मैव सर्वमित्यजं सर्वमुदाहृतं वेदान्तेषु सबाह्याभ्यन्तरो ह्यज इति । यदपि मन्यसे जागरितात्सतोऽसत्स्वप्नो जायत इति तदसत् । न भूताद्विद्यमानादभूतस्यासतः संभवोऽस्ति लोके । न ह्यसतः शशविषाणादेः संभवो दृष्टः कथंचिदपि ॥३८॥

अर्थ–स्वप्नको कारण भए पनि जाग्रत्का वस्तु स्वप्नको जस्तो चंचल नभै स्थिर भएकाले मिथ्या हुँदैनन् भन्ने भनाइको उत्तरमा प्रस्तुत श्लोकमा भनिन्छ– विवेकीको दृष्टिमा त कुनै पनि वस्तुको जन्म मान्य छैन । उत्पत्ति सिद्ध नहुनाले सम्पूर्ण जगत् आत्मा नै हो । यसैले वेदान्तमा "बाहिर-भित्र सबै अजन्मा नै छ" इत्यादि रूपले सबैलाई अज नै भनिन्छ । तिमी जो मान्दछौ कि विद्यमान जागरितबाट अविद्यमान स्वप्न उत्पन्न हुन्छ त्यो पनि ठीक होइन । किनभने संसारमा विद्यमान सत् वस्तुबाट असत्को जन्म हुँदैन । नहुने खरायोको सिङ आदि असत्य पदार्थको जन्म सत्य वा असत्य कारणबाट कुनै पनि प्रकारले देखिदैन ॥३८॥

कारिका

असज्जागरिते दृष्ट्वा स्वप्ने पश्यति तन्मयः ॥
असत्स्वप्नेऽपि दृष्ट्वा च प्रतिबुद्धो न पश्यति ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाग्दा असत्य देखेको स्वप्नमा सत्य देख्दछ ॥
स्वप्नमा देखिने वस्तु जाग्दा देखिन्न क्यै पनि ॥३९॥

भाष्य

ननूक्तं त्वयैव स्वप्नो जागरितकार्यमिति तत्कथमुत्पादोऽप्रसिद्ध इत्युच्यते। श्रृणु तत्र यथा कार्यकारणभावोऽस्माभिरभिप्रेत इति। असदविद्यमानं रज्जुसर्पवद्विकल्पितं वस्तु जागरिते दृष्ट्वा तद्भावभावितस्तन्मयः स्वप्नेऽपि जागरितवद् ग्राह्यग्राहकरूपेण विकल्पयन्पश्यति तथाऽसत्स्वप्नेऽपि दृष्ट्वा च प्रतिबुद्धो न पश्यत्यविकल्पयन्। च शब्दात्तथा जागरितेऽपि दृष्ट्वा स्वप्ने न पश्यति कदाचिदित्यर्थः। तस्माज्जागरितं स्वप्नहेतुरुच्यते न तु परमार्थसदिति कृत्वा ॥३९॥

अर्थ– स्वप्न जागरितको कार्य हो त ? त्यसको उत्पत्ति कसरी अप्रसिद्ध या अमान्य भो त भन्दा भनिन्छ– स्वप्न र जागरितमा कुन प्रकारको कार्यकारणभाव हामीलाई अभीष्ट छ त भने जाग्रत् अवस्थामा नरहने विषय डोरी सर्पजस्तै विकल्पित असत्य वस्तुलाई देखेर त्यसको संस्कारले तन्मयभावले स्वप्नमा पनि जाग्रत्मा जस्तै ग्राह्यग्राहक भावले कल्पना गर्दै देख्दछ। त्यस्तै स्वप्नमा जस्तै असत्य वस्तुलाई देखेर जागेको पुरुष विकल्प गरेको कारण देख्दैन। यस श्लोकमा आएको 'च' शब्दले यस्तै नै कहिले जाग्रत्मा देखेर पनि स्वप्नमा ती पदार्थलाई देख्दैन भन्ने आशय जनाउँछ। यसैले प्रायः स्वप्न र जाग्रत्हरू वासनाबाट हुने भएकाले स्वप्नको कारण जाग्रत् भनिन्छ तर जाग्रत्लाई परमार्थ सत्य मानेर स्वप्नको कारण भनेको होइन ॥३९॥

कारिका

नास्त्यसद्धेतुकमसत्सदसद्धेतुकं तथा ॥
सच्च सद्धेतुकं नास्ति सद्धेतुकमसत्कुतः ॥४०॥

असत् पदार्थको हेतु न असत्, सत्यको न त ॥
असत्य हेतु हो याहाँ न सत्य सत्यकारण ॥
असत्यको सत्य पनि हुन सक्दैन कारण ॥४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

परमार्थतस्तु न कस्यचित्केनचिदपि प्रकारेण कार्यकारणभाव उपपद्यते । कथम् । नास्त्यसद्धेतुकमसच्छशविषाणादि हेतुः कारणं यस्यासत एव खकुसुमादेस्तदसद्धेतुकमसन्नविद्यते । तथा सदपि घटादिवस्तु असद्धेतुकं शशविषाणादिकार्यं नास्ति । तथा सच्च विद्यमानं घटादि विद्यमान घटादिवस्त्वन्तरकार्यं नास्ति । सत्कार्यमसत्कुत एव संभवति । न चान्यः कार्यकारणभावः संभवति शक्यो वा कल्पयितुम् । अतो विवेकिनामसिद्ध एव कर्यकारणभावः कस्यचिदित्यभिप्रायः ॥४०॥

अर्थ– यसरी व्यावहारिक दृष्टिले स्वप्न र जाग्रत्मा कार्यकारण भाव सम्बन्ध भनिएको छ । परमार्थरूपले त यस्तो सम्भव छैन । यस्तो सम्बन्ध हुन चार प्रकारका मत देखिन्छन्–

१. असत् कारणबाट असत् कार्यको उत्पत्ति ।

२. असत् कारणबाट सत् कार्यको उत्पत्ति ।

३. सत्य कारणबाट सत्य कार्यको उत्पत्ति ।

४. सत्य कारणबाट असत्य कार्यको उत्पत्ति ।

यी चारै मतको खण्डन यस श्लोकले गरेको छ ।

१. आकाशपुष्पजस्तै नहुने वस्तुको खरायोको सिङ्जस्तो नहुने वस्तु कारण हुन नसकेजस्तो असत्य कारणबाट असत्य कार्य उत्पन्न हुन सक्दैन ।

२. घडा आदि सत्य वस्तु खरायोको सिङ्जस्तो असत्य कारणको कार्य हुन सक्दैन ।

३. त्यस्तै विद्यमान सत्य घडा आदिबाट अरु सत्य कार्य उत्पन्न हुन सक्दैन ।

४. सत्यको कार्य असत्य हुन सक्दैन ।

यी चार कल्पनाका अतिरिक्त कार्यकारणभाव संभव छैन । न कल्पना नै गर्न सकिन्छ । यसैले विवेकीको दृष्टिमा कुनै पनि वस्तुको कार्यकारणभाव निश्चित छैन ॥४०॥

कारिका

विपर्यासाद्यथा जाग्रदचिन्त्यान भूतवत् स्पृशेत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा स्वप्ने विपर्यासाद्धर्मांस्तत्रैव पश्यति ॥४१॥

जाग्दा मनुष्यले डोरी भ्रान्तिले सर्प ठान्दछ ॥
भ्रमले स्वप्नमा त्यस्तै सत्यभैं दृश्य देख्दछ ॥४१॥

भाष्य

पुनरपि जाग्रत्स्वप्नयोरसतोरपि कार्यकारणभावाशङ्कामपनयन्नाह । विपर्यासादविवेकतो यथा जाग्रज्जगरितेऽचिन्त्यान्भावानशक्यचिन्तनीयान्रज्जुसर्पादीन्भूतवत्परमार्थवत्स्पृशन्निव विकल्पयेदित्यर्थः । कश्चिद्यथा तथा स्वप्ने विपर्यासाद्धस्त्यादीन्धर्मान्पश्यन्निव विकल्पयति तत्रैव पश्यति न तु जागरितादुत्पद्यमानानित्यर्थः ॥४१॥

अर्थ– जाग्रत् र स्वप्न असत्य हुन् तापनि कार्यकारण भाव सम्बन्ध हुन सक्ने आशंका हटाउँदै भनिन्छ– अचिन्तनीय डोरी सर्प आदिलाई भ्रान्तिको कारण कोही मानिस परमार्थभैं मानेर छोएजस्तो कल्पना गर्छन् । त्यस्तै सपनामा पनि भ्रमको कारण नै हात्ती आदि पदार्थलाई देखेजस्तो कल्पना गर्छन् । यस्तो सपनाको हात्ती आदिलाई जाग्रत्बाट उत्पन्न भएको देखिदैन तर केवल त्यसै अवस्थामा आधारको भ्रमको कारण देखिँदछ । अधिष्ठानको पत्तो लाग्नासाथ कल्पित वस्तु हराउँछ । त्यसैले असत्य स्वप्न र जाग्रत्मा कार्यकारण भाव सर्वथा सम्भव छैन ॥४१॥

कारिका

उपलम्भात्समाचारादस्तिवस्तुत्ववादिनाम् ।
जातिस्तु देशिता बुद्धैरजातेस्त्रसतां सदा ॥४२॥

श्रद्धालु तर क्यै मन्द अजाति-भीरुलाई नै ।
पुनर्जन्म-द्वैतविद्या विज्ञबाटै सिकाइयो ॥४२॥

भाष्य

याऽपि बुद्धैरद्वैतवादिभिर्जातिर्देशितोपदिष्टा । उपलम्भनमुपलम्भस्तस्मादुपलब्धेरित्यर्थः । समाचाराद्वर्णाश्रमादिधर्मसमाचरणात् । ताभ्यां हेतुभ्यामस्तिवस्तुत्ववादिना-मस्ति वस्तुभाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्येवंवदनशीलानां दृढाग्रहवतां श्रद्धधानानां मन्दविवेकिनामर्थोपायत्वेन सा देशिता जातिः। ता गृह्णन्तु तावत्। वेदान्ताभ्यासिनां तु स्वयमेवाजाद्वयात्मविषयो विवेको भविष्यतीति न तु परमार्थबुद्ध्या। ते हि श्रोत्रियाः स्थूलबुद्धित्वादजातेरजातिवस्तुनः सदा त्रस्यन्त्यात्मनाशं मन्यमाना अविवेकिन इत्यर्थः। उपायः सो ऽवतारायेत्युक्तम् ॥४२॥

अर्थ– तत्त्वज्ञानको उपायको रूपमा अद्वैतवादी विद्वान्ले जगत् उत्पत्तिको उपदेश दिएका हुन्। किनकि श्रद्धालु दृढ आग्रह भएका मन्द विवेकीको यस्तो धारणा हुन्छ कि जाग्रत्को अनुभव र वर्णाश्रम आदि धर्मको आचरणबाट दुवैको अस्तित्व छ। तिनलाई ब्रह्मैक्यवोधको उपायको रूपमा उत्पत्ति बताइएको हो। श्रुति र तत्त्ववेत्ताको विश्वास छ कि आज ती अविवेकी भलै त्यस उत्पत्तिलाई मानुन् तर वेदान्तको अभ्यास गर्ने ती मन्द प्रयत्नशील साधकलाई पनि अजन्मा, अद्वितीय आत्मविषयको विवेक भइहाल्छ। परमार्थ बुद्धिले जगत् उत्पत्तिको उपदेश गरिएको होइन। ती श्रुतिपरायण पुरुष स्थूल बुद्धिको कारण आफ्नो नाश मानेर जन्मरहित कुराबाट डराउँछन्। यही कुरा अद्वैत प्रकरणको पन्ध्रौं श्लोकमा "उपायः सोवताराय ..." आदिद्वारा आचार्यले बताउनुभएको छ ॥४२॥

कारिका

अजातेस्त्रसतां तेषामुपलम्भाद्वियन्ति ये।
जातिदोषा न सेत्स्यन्ति दोषो ऽप्यल्पो भविष्यति ॥४३॥

पदार्थ प्राप्तिले गर्दा अजातिले डराउने।
अद्वैतका विरोधीमा लाग्दैन जातिदोष क्यै ॥४३॥

भाष्य

ये चैवमुपलम्भात्समाचाराच्चाजातेरजातिवस्तुनस्त्रसन्तोऽस्ति वस्त्वित्यद्वयादात्मनो वियन्ति विरुद्धं यन्ति द्वैतं प्रतिपद्यन्त इत्यर्थः। तेषामजातेस्त्रसतां श्रद्दधानानां सन्मार्गावलम्बिनां जातिदोषा जात्युपलम्भकृता दोषा न सेत्स्यन्ति सिद्धिं नोपयास्यन्ति। विवेकमार्गप्रवृत्तत्वात्। यद्यपि कश्चिद्दोषः स्यात्सोऽप्यल्प एव भविष्यति। सम्यग्दर्शनाप्रतिपत्तिहेतुक इत्यर्थः ॥४३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– ती अजन्मा वस्तुसँग डराउने द्वैत मान्नेहरू अद्वय आत्माको विरुद्ध चल्दछन् । ती अजातिबाट डराउने श्रद्धालु सन्मार्गगामी साधकको लागि जातिदोष लाग्दैन । किनभने उनीहरू विवेकको बाटोमा लागेका छन् । इनीहरू बारम्बार जन्म-मरणको दोषबाट मुक्त हुन सक्दछन् । सम्यक् दर्शन नपाउनाले हुने थोरै दोष मात्र होला । "कल्याण गर्ने कोही पनि दुर्गतिमा पुग्दैन" भन्ने गीतावाक्यबाट त्यस्तो व्यक्तिको खत्तमै हुने कुरा हुँदैन ॥४३॥

कारिका

उपलम्भात्समाचारान्मायाहस्ती यथोच्यते ।
उपलम्भात्समाचारादस्ति वस्तु तथोच्यते ॥४४॥

आँखाले देखिँदा जस्तो जादूको हात्ती सत्य हो ।
अज्ञानले दृश्य वस्तु द्वैतको पनि तथ्य हो ॥४४॥

भाष्य

ननूपलम्भसमाचारयोः प्रमाणत्वादस्त्येव द्वैतं वस्त्विति । न । उपलम्भसमाचारयोर्व्यभिचारात् । कथं व्यभिचार इत्युच्यते। उपलभ्यते हि मायाहस्ती हस्तीव हस्तिनमिवात्र समाचरन्ति वन्धनारोहणादिहस्तिसंवन्धिभिर्धर्मैर्हस्तीति चोच्यतेऽसन्नपि यथा तथैवोपलम्भात् । समाचाराद् द्वैतं भेदरूपमस्ति वस्त्वित्युच्यते । तस्मान्नोपलम्भसमाचारौ द्वैतवस्तुसद्भावे हेतू भवत इत्यभिप्रायः ॥४४॥

अर्थ– उपलब्धि र आचरणको प्रमाणबाट द्वैतवस्तुको अभाव कसरी मान्ने त भन्दा भनिन्छ– उपलब्धि र आचरणको व्यभिचारबाट वास्तविक हात्तीभैं जादूको हात्ती पनि देखिन्छ । किनभने जादूको हात्तीमा पनि चढ्ने-ओर्लने क्रिया हुन्छ । जसरी असत्य भैकन पनि मायाको हात्तीलाई पनि छ भनेर भन्दछौं त्यस्तै प्रतीति र आचरणका व्यभिचारको कारणबाट द्वैतवस्तु छ भन्दछौं ॥४४॥

कारिका

जात्याभासं चलाभासं वस्त्वाभासं तथैव च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजाचलमवस्तुत्वं विज्ञानं शान्तमद्वयम् ॥४५॥

जन्मंनेभैँ चलेजस्तो वस्तुजस्तो छ द्वैतमा ॥
हटे अज्ञानको पर्दा खुलेमा ज्ञानचक्षु त्यो ॥
अज, अचल र शून्य अद्वैत एक ब्रह्म छ ॥४५॥

भाष्य

किं पुनः परमार्थसद्वस्तु यदास्पदा जात्याद्यसद्वुद्धच इत्यत आह । अजाति सज्जातिवदवभासत इति जात्याभासम् । तद्यथा देवदत्तो जायत इति । चलामासं चलमिवा ऽऽभासत इति । यथा स एव देवदत्तो गच्छतीति । वस्त्वाभासं वस्तु द्रव्यं धर्मी तद्वदवभासत इति वस्त्वाभासम् । यथा स एव देवदत्तो गौरो दीर्घ इति । जायते देददत्तः स्पन्दते दीर्घो गौर इत्येवमवभासते । परमार्थतस्त्वजमचलमवस्तुत्वमद्रव्यं च । किं तदेवंप्रकारं विज्ञानं विज्ञप्तिः । जात्यादिरहितत्वाच्छान्तम् । अत एवाद्वयं च तदित्यर्थः ॥४५॥

अर्थ– ती परमार्थ सत् वस्तु के हुन् जसको आश्रय लिई जातिवादी भ्रान्ति बुद्धिहरू हुन्छन् त भन्दा भनिन्छ– जो वास्तवमा छन् त अजाति तर जातिजस्तै लाग्दछन् । त्यस्तालाई जात्याभास भनिन्छ । जस्तो देवदत्त पद उपलक्षित चेतन अजन्मा भएर पनि देवदत्त जन्मन्छ यस्तो व्यवहार हुन्छ । जस्तो त्यही देवदत्त जाँदछ । अनि वस्तुधर्मी द्रव्यलाई वस्त्वाभास भन्दछन् । किनकि त्यो वस्तु नभएर पनि वस्तुभैँ देखिन्छ । त्यही देवदत्त गोरो र अग्लो छ । यसो भन्दा वास्तवमा जाति, गति, वर्ण आदिवाट रहित भएर पनि देवदत्त उत्पन्न हुन्छ, त्यो गोरो, अग्लो देखिन्छ, तर परमार्थ दृष्टिले देवदत्त पदले बताउने चेतन, अजन्मा, अचल अवस्तु र अद्रव्य नै हो । यसरी त्यो के हो त भन्दा सिद्धान्ती भन्दछ– त्यो ज्ञान र चिन्मात्र हो । त्यो जन्म आदि नभएको हुनाको कारण शान्त छ, अद्वय पनि छ ॥४५॥

कारिका

एवं न जायते चित्तमेवं धर्मा अजा स्मृताः ।
एवमेव विजानन्तो न पतन्ति विपर्यये ॥४६॥

यसरी हेतुले गर्दा उत्पत्ति हुन्न चित्तको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परब्रह्म अजन्मा हो जान्ने यो भ्रान्तिहीन हो ॥४६॥

भाष्य

एवं यथोक्तेभ्यो हेतुभ्यो न जायते चित्तमेवं धर्मा आत्मानोऽजाः स्मृता ब्रह्मविद्भिः। धर्मा इति बहुवचनं देहभेदानुविधायित्वादद्वयस्यैवोपचारतः। एवमेव यथोक्तं विज्ञानं जात्यादिरहितमद्वयमात्मतत्वं विजानन्तस्त्यक्तवाह्यैषणाः पुनर्न पतन्त्यविद्याध्वान्तसागरे विपर्यये। "तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः" इत्यादिमन्त्रवर्णात् ॥४६॥

अर्थ– यसरी माथि बताइएका कारणहरूबाट चित्त उत्पन्न हुन्न र आत्मा पनि अजन्मा हो भन्ने सिद्ध हुन्छ। देहभेदको अनुसरण गर्ने भएकाले अद्वितीय आत्माको लागि गौण दृष्टिले 'धर्माः' भन्ने बहुवचनको यस श्लोकमा प्रयोग भएको हो। यस्तो जान्ने बाहिरी इच्छाहरूबाट मुक्त ब्रह्मवेत्ताहरू अविद्यारूपी भ्रान्तिको अन्धकारमा पर्दैनन्। "त्यस अवस्थामा एकत्व आत्मदर्शी पुरुषलाई के मोह र के शोक हुन सक्दछ" इत्यादि मन्त्रहरूमा यही कुरा भनिएको छ ॥४६॥

कारिका

ऋजुवक्रादिकाभासमलातस्पन्दितं यथा ॥
ग्रहणग्राहकाभासं विज्ञानस्पन्दितं यथा ॥४७॥

सोझो बाङ्गो भान हुने अगुल्टो घुम्छ जो यहाँ।
अविद्याले घुम्छ तर ज्ञानको चाल लीकन ॥४७॥

भाष्य

यथोक्तं परमार्थदर्शनं प्रपञ्चियष्यन्नाह– यथा हि लोके ऋजुवक्रादिप्रकाराभासमलातस्पन्दितमुल्काचलनं तथा ग्रहणग्राहकाभासं विषयिविषयाभासमित्यर्थः। किं तद्विज्ञानस्पन्दितम्। स्पन्दितमिव स्पन्दितमविद्यया। न ह्यचलस्य विज्ञानस्य स्पन्दनमस्ति। अजाचलमितिह्युक्तम् ॥४७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– पूर्वोक्त परमार्थ दर्शनलाई व्याख्या गर्दै भनिन्छ– जसरी संसारमा सोझो, बाङ्गो आदि प्रकारले चम्कँदै घुमेको देखिने 'अगुल्टो' नै हो। त्यस्तै ग्रहण र ग्राहकरूपले चम्कने विषयी र विषय नै हो भन्ने अर्थ हो। त्यो विज्ञान स्पन्दित के हो? स्पन्दित विज्ञान नै हो। जुन भ्रान्तिले स्पन्दितजस्तो देखिन्छ। वास्तवमा चलक्रियारहित कूटस्थस्वरूप विज्ञानमा अविद्याको विना स्पन्दन संभव छैन। किनकि पैंतालीसौं श्लोकमा विज्ञान अज र अचल छ भनेर भनेका छौं ॥४७॥

कारिका

अस्पन्दमानमालातमनाभासमजं यथा ।
अस्पन्दमानं विज्ञानमनाभासमजं तथा ॥४८॥

जस्तो नघुम्दा त्यो ज्योति बाङ्गो सोझो नदेखिई ।
स्थिर अजन्मा देखिन्छ अविद्या हट्न गो भने ।
त्यस्तै विज्ञानमा जन्म मृत्यु हुन्छ असंभव ॥४८॥

भाष्य

अस्पन्दमानं स्पन्दनवर्जितं तदेवालातभृज्वाद्याकारेणाजायमानमनाभासमजं यथा तथाऽविद्यया स्पन्दमानमविद्योपरमे ऽस्पन्दमानं जात्याद्याकारेणानाभासमजमचलं भविष्यतीत्यर्थः ॥४८॥

अर्थ– जसरी त्यही अगुल्टो नघुम्दा सोझो-बाङ्गो आदि आकारमा नचम्कनाका कारण अनाभास र अजन्मा नै रहन्छ, ठीक त्यसै गरी अविद्याले स्पन्दित हुने जुन ज्ञान छ त्यो अविद्या हटेपछि जाति आदि रूपले स्पन्दित नहुँदै आभास जन्म र चलन क्रियाबाट शून्य हुन्छ। त्यसैले निष्फल निरवयव ज्ञानको जात्यादि रूपमा प्रतीत हुनुमा अविद्या नै एक मात्र कारण हो भन्ने तात्पर्य हो ॥४८॥

कारिका

अलाते स्पन्दमाने वै नाऽऽभासा अन्यतो भुवः ।
न ततो ऽन्यत्र निस्पन्दान्नालातं प्रविशन्ति ते ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घुमाउँदा अगुल्टो त्यो आभास ती थरी-थरी ।
बाहिरबाट आउन्नन् न निस्की जाँदछन् कहीं ।
नं घुम्न छोड्दा आभास अगुल्टोभित्र पस्दछन् ॥४९॥

भाष्य

किं च तस्मिन्नेवालाते स्पन्दमाने ऋजुवक्राद्याभासा अलातादन्यतः कुतश्चिदागत्यालाते नैव भवन्तीति नान्यतोभुवः । न च तस्मान्निस्पन्दादलातादन्यत्र निर्गताः । न च निस्पन्दमलातमेव प्रविशन्ति ते ॥४९॥

अर्थ– यसको अतिरिक्त त्यही अगुल्टो घुम्न थालेपछि सोझो-बाङ्गो आदि चमक कुनै बाहिरबाट आउने ह्वैन, न त त्यो अगुल्टो घुम्न छाडेपछि घुम्दा हुने चमक अन्यत्र कतै जान्छ अथवा न घुमिरहेको अगुल्टोमा नै त्यो चमक पस्दछ । वास्तवमा त्यस अगुल्टोमा घुम्ने बेला हुने सोझो-बाङ्गो चमक झूठो नै हो ॥४९॥

कारिका

न निर्गता अलातात्ते द्रव्यत्वाभावयोगतः ।
विज्ञानेऽपि तथैव स्युराभासस्याविशेषतः ॥५०॥

अगुल्टोबाट निक्लन्नन् आभास द्रव्य होइनन् ।
हुँदा अवस्तु आभास प्रवेश छैन संभव ।
त्यस्तै विज्ञानमा जे-जे जात्यादिको प्रतीति छ ।
हैनन् सत्य सबै झूठा आभासझैं अलातका ॥५०॥

भाष्य

किं च न निर्गता अलातात्त आभासा गृहादिव द्रव्यत्वाभावयोगतः । द्रव्यस्य भावो द्रव्यत्वम् । तदभावो द्रव्यत्वाभावः । द्रव्यत्वाभावयोगतो द्रव्यत्वाभावयुक्तेर्वस्तुत्वाभावादित्यर्थः । वस्तुनो हि प्रवेशादि संभवति नावस्तुनः । विज्ञाने ऽपि जात्याद्याभासास्तथैव स्युराभासस्याविशेषतस्तुल्यत्वात् ॥५०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– त्यस सोभ्रो-बाङ्गो चमकमा कुनै पदार्थ त छैन किनकि पदार्थको भावलाई पदार्थत्व भन्दछन् । त्यसको अभावलाई पदार्थत्वको अभाव भन्दछन् । त्यस्तै पदार्थत्वको अभावरूप युक्तिको कारण त्यस चमकमा वस्तुत्व छैन । यदि त्यसमा वस्तुत्व हुन्थ्यो त कहीं घरबाट निक्लिएर जस्तो अगुल्टोबाट त्यो चमक निक्लेर आयो यस्तो हामी मान्थ्यौं । प्रवेश र निक्लनु वस्तुको मात्र हुन सक्छ अवस्तुको हैन । जसरी दृष्टान्तमा चमक अवस्तु भएकाले त्यसको प्रवेश र निकास सम्भव छैन ठीक त्यस्तै नै ज्ञानमा थाहा हुने जन्म-मरण आदिलाई यस्तै सम्झनुपर्छ । किनकि अन्तमा सोभ्रो-बाङ्गो आदि देखाइ र जन्म मरण आदिमा समानता छ । यो चमक वा हेराइ हेतु दुवैको मिथ्यात्वको द्योतक हो ॥५०॥

कारिका

विज्ञाने स्पन्दमाने वै नाऽऽभासा अन्यतो भुवः ॥
त ततोऽन्यत्र निस्पन्दान्न विज्ञानं विशन्ति ते ॥५१॥

आभासहरू पस्दैनन् घुम्दा भित्र अलातमा ।
घुम्न बन्ध हुँदा नै न अलातबाट भाग्दछन् ॥५१॥

न निर्गतास्ते विज्ञानाद्द्रव्यत्वाभावयोगतः ॥
कार्यकारणताभावाद्यतोऽचिन्त्या सदैव ते ॥५२॥

त्यस्तै जात्यादि आभास प्रतितीक हुँदा वृथा ॥
विज्ञान जाति आभास कार्यकारण होइनन् ॥
त्यसैले छैन सन्देह ज्ञानमा सब यी मृथा ॥५२॥

भाष्य

कथं तुल्यत्वमित्याह-अलातेन समानं सर्वं विज्ञानस्य । सदाऽचलत्वं तु विज्ञानस्य विशेषः । जात्याद्याभासा विज्ञाने ऽचले किंकृता इत्याह । कार्यकारणताभावाज्जन्यजनकत्वानुपपत्तेरभावरूपत्वादचिन्त्यास्ते यतः सदैव । यथा ऽसत्स्वृज्व्याद्याभासेषु ऋज्वादिबुद्धिर्दृष्टाऽलातमात्रे तथाऽसत्स्वेव जात्यादिषु विज्ञानमात्रे जात्यादिबुद्धिर्मृषैवेति समुदायार्थ ॥५१-५२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– दुवैमा रहेको समानताबारे भनिन्छ– अगुल्टोकै जस्तो नै जाति आदि आभास आदि सबै कुरा विज्ञान हो । सदा अचल रहनु अगुल्टोभन्दा विज्ञानमा फरक कुरा छ । विज्ञान अचल रहेर पनि जाति आदि आभास कसरी हुन्छ त भने विज्ञान र जाति आदि आभास यी दुई कुरामा कार्यकारणभाव नहुनाले जन्यजनक भाव पनि छैन । त्यसैले ती सदा अचिन्तनीय छन् । जसरी सोझो-बाङ्गो आदि आभास नभएर पनि खाली अगुल्टोमा घुम्दा सोझो-बाङ्गोको बुद्धि भएको देखिन्छ त्यस्तै जाति आदि आभास नभएर पनि केवल विज्ञानमा जो जाति आदि छ भन्ने बुद्धि हुन्छ त्यो अचिन्तनीय भएकाले झूठो नै हो । यी दुवै श्लोकको पूरक अर्थ यही हो ॥५१-५२॥

कारिका

द्रव्यं द्रव्यस्य हेतुः स्यादन्यदन्यस्य चैव हि ॥
द्रव्यत्वमन्यभावो वा धर्माणां नोपपद्यते ॥५३॥

द्रव्यको द्रव्य अथवा अरूको अरू कारण ।
हुन सक्दछ, आत्माको द्रव्यत्व अथवा अरू ॥
भाव नै हुन सक्दैन त्यसैले आत्मतत्त्व यो ।
कसैको हुन सक्दैन हेतु वा कार्य निश्चय ॥५३॥

भाष्य

अजमेकमात्मतत्वमिति स्थितं तत्र यैरपि कार्यकारणभावः कल्प्यते तेषां द्रव्यं द्रव्यस्यान्यस्यान्यद्धेतुः कारणं स्यान्न तु तस्यैव तत् । नाप्यद्रव्यं कस्यचित्कारणं स्वतन्त्रं दृष्टं लोके । न च द्रव्यत्वं धर्माणामात्मनामुपपद्यतेऽन्यत्वं वा कुतश्चिद्येनान्यस्य कारणत्वं कार्यत्वं वा प्रतिपद्येत । अतोऽद्रव्यत्वादनन्यत्वाच्च न कस्यचित्कार्यं कारणं वाऽऽत्मेत्यर्थः ॥५३॥

अर्थ– यसरी अजन्मा यौटा आत्मतत्त्व छ भन्ने निश्चय भयो । तर पनि त्यसमा जुन मानिस कार्यकारणभावको कल्पना गर्छन् तिनको मतमा अरू वस्तुको कारण अरू वस्तु हुने गर्छ न कि त्यसै वस्तुको कारण त्यही वस्तु । यसको सिवाय जो वस्तु छैन त्यो कसैको स्वतन्त्र कारण भएको संसारमा देखिन्न । आत्मामा न त द्रव्यत्व नै छ न अन्यत्व नै कुनै प्रकारले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्भव छ, जसबाट कि त्यो आत्मा कुनै अर्को द्रव्यको कारण वा कार्यभाव पाउन सकोस्। त्यसैले द्रव्यत्व र अन्यत्व नभएको कारणले नै आत्मा न कसैको कार्य हो न कारण नै ॥५३॥

कारिका

एवं न चित्तजा धर्माश्चित्तं वा ऽपि न धर्मजम्।
एवं हेतुफलाजातिं प्रविशन्ति मनीषिण: ॥५४॥

धर्मबाट चित्त ह्वैन चित्तबाट न धर्म नै ॥
हेतु र फल उब्जन्नन् यस्तो नै विज्ञ मान्दछन् ॥५४॥

भाष्य

एवं यथोक्तेभ्यो हेतुभ्य आत्मविज्ञानस्वरूपमेव चित्तमिति न चित्तजा बाह्यधर्मा नापि बाह्यधर्मजं चित्तं विज्ञानस्वरूपाभासमात्रत्वात्सर्वधर्माणाम्। एवं न हेतो: फलं जायते नापि फलाद्धेतुरिति हेतुफलयोरजातिं हेतुफलाजातिं प्रविशन्त्यध्यवस्यन्ति। आत्मनि हेतुफलयोरभावमेव प्रतिपद्यन्ते ब्रह्मविद इत्यर्थ: ॥५४॥

अर्थ– यसरी पूर्वोक्त कारणहरूबाट यो सिद्ध भयो कि चित्त आत्मविज्ञानस्वरूप नै छ। बाहिरी पदार्थहरू न चित्तबाट उत्पन्न हुन्छन् न त बाहिरी पदार्थबाट चित्त उत्पन्न हुन्छ। किनकि सम्पूर्ण धर्म विज्ञान स्वरूपको आभास मात्र नै हो। यस्तै नै न त धर्म र अधर्म हेतुबाट शरीररूप फल उत्पन्न हुन्छ न शरीररूप फलबाट धर्म र अधर्मरूप हेतु नै उत्पन्न हुन्छ। यसैले ब्रह्मज्ञानी पुरुष हेतु र फलको उत्पत्ति हुन्न भन्ने निश्चय गर्छन्। अर्थात् आत्मामा हेतु र फलभाव छैन, यो नै ब्रह्मज्ञानीको निश्चय छ ॥५४॥

कारिका

यावद्धेतुफलावेशस्तावद्धेतुफलोद्भव: ॥
क्षीणे हेतुफलावेशे नास्ति हेतुफलोद्भव: ॥५५॥

हेतु र फलमा आस्था जबसम्म छ ती पनि ॥
उत्पन्न हुन्छन् तर ती जब अद्वैत ज्ञानको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्योति चम्कन्छ सहसा क्षीण भैकन अन्तमा ॥

त्यहाँ कहाँ हुनु फेरि उत्पत्ति फल हेतुको ॥५५॥

भाष्य

ये पुनर्हेतुफलयोरभिनिविष्टास्तेषां किं स्यादित्युच्यते– धर्माधर्माख्यस्य हेतोरहं कर्ता मम धर्मा धर्मौ तत्फलं कालान्तरे क्वचित्प्राणिनिकाये जातो भोक्ष्य इति यावद्धेतुफलयोरावेशो हेतुफलाग्रह आत्मन्यध्यारोपणं तच्चित्तते त्यर्थः । तावद्धेतुफलयोरुद्भवो धर्माधर्मयोस्तत्फलस्य चानुच्छेदेन प्रवृत्तिरित्यर्थः । यदा पुनर्मन्त्रौषधिवीर्येणेव ग्रहावेशो यथोक्ताद्वैतदर्शनेनाविद्योद्भूतहेतुफलादेशोऽपनीतो भवति तदा तस्मिन्क्षीणे नास्ति हेतुफलोद्भवः ॥५५॥

अर्थ– हेतु र फल मान्ने को-को होला भन्दा भनिन्छ– धर्म र अधर्म नामक हेतुको म कर्ता हुँ। मेरो पुण्य र पापरूप फलहरू छन्। तिनलाई म कुनै जन्ममा भोग गरुँला। यस्तो जबसम्म हेतु र फलको धारणा अर्थात् आत्मामा आरोप वा तन्ममता रहीरहन्छ तबसम्म हेतु र फलको उद्भव अर्थात् उत्पत्ति भइरहन्छ। तर जब मन्त्र र औषधिका प्रभावले ग्रहको शान्ति भएजस्तै पूर्वोक्त अद्वैत तत्त्वको साक्षात्कारबाट अविद्याबाट जन्मेको हेतु र फलको धारणा हराउँछ तब हेतु र फलको उत्पत्ति पनि हराउँछ ॥५५॥

कारिका

यावद्धेतुफलावेशः संसारस्तावदायतः ॥
क्षीणे हेतु फलावेशे संसारं न प्रपद्यते ॥५६॥

जबसम्म मेटिंदैन आग्रह फल हेतुको ॥
तबसम्म फैलिनेछ विश्व विस्तार भैकन ॥
जब होला आत्मबोध हट्ला पूर्वोक्त आग्रह ॥
हराउनेछ संसार ज्योति बल्नेछ झल्मल ॥५६॥

भाष्य

यदि हेतुफलोद्भवस्तदा को दोष इत्युच्यते– यावत्सम्यग्दर्शनेन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेतुफलावेशो न निवर्ततेऽक्षीणः संसारस्तावदायतो दीर्घो भवतीत्यर्थः। क्षीणे पुनर्हेतुफलावेशे संसारं न प्रपद्यते कारणाभावात् ॥५६॥

अर्थ– हेतु र फलको उत्पत्ति भंइरहे के दोष होला भन्दा भनिन्छ– जबसम्म यथार्थ आत्मबोधबाट हेतु र फलको आग्रह मेटिन्न तबसम्म संसार हराउन्न बरु फैलिन्छ। तर हेतु र फलको धारणा हटेमा विद्वान् संसारचक्रबाट मुक्त हुन्छन् ॥५६॥

कारिका

संवृत्या जायते सर्वं शाश्वतं नास्ति तेन वै ॥
सद्भावेन ह्यजं सर्वमुच्छेदस्तेन नास्ति वै ॥५७॥

अविद्याले जन्म हुन्छ जन्मने हुन्न शाश्वत ।
परमार्थ दृष्टिबाट सब हो आत्मतत्त्व यो ॥
अजन्मा त्यसको नाश कसरी हुन सक्दछ ॥५७॥

भाष्य

नन्वजादात्मनोऽन्यन्नास्त्येव तत्कथं हेतुफलयोः संसारस्य चोत्पत्तिविनाशावुच्येते त्वया। श्रृणु। संवृत्या संवरणं संवृत्तिरविद्याविषयो लौकिको व्यवहारस्तया संवृत्या जायते सर्वं तेनाविद्याविषये शाश्वतं नित्यं नास्ति वै। अतः उत्पत्तिविनाशलक्षणः संसार आयत इत्युच्यते। परमार्थसद्भावेन त्वजं सर्वमात्मैव यस्मात्। अतो जात्याद्यभावादुच्छेदस्तेन नास्ति वै कस्यचिद्धेतुफलादेरित्यर्थः ॥५७॥

अर्थ– फेरि हेतु फल र संसारको उत्पत्ति र विनाशको चर्चा तिमी कसरी गर्छौ भन्ने तर्कको उत्तरमा भनिन्छ– अविद्याविषय लौकिक व्यवहारलाई संवरण भन्दछन्। त्यस संवरणबाट नै सबै उत्पत्ति हुन्छन्। अविद्या विषय संसारमा कुनै पनि नित्यवस्तु छैन। त्यसैले उत्पत्ति विनाशरूप संसार अत्यन्त विस्तृत बताइन्छ, तर परमार्थ दृष्टिले त सबै कुरा अजन्मा आत्मस्वरूप छ। त्यसैले जन्मको अभाव भएको कारण कुनै पनि हेतु र फलको नाश हुँदैन ॥५७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

धर्मा य इति जायन्ते जायन्ते ते न तत्वतः ॥
जन्म मायोपमं तेषां सा च माया न विद्यते ॥५८॥

जन्मन्छ भन्छौं जो वस्तु वस्तुतः जन्मँदैन त्यो ॥
माया जस्तै जन्म त्यसको त्यो माया नै कहाँ छ र ॥५८॥

भाष्य

ये ऽप्यात्मानोऽन्ये च धर्मा जायन्त इति कल्प्यन्ते त इत्येवंप्रकारा यथोक्ता संवृत्तिर्निर्दिश्यत इति । संवृत्यैव धर्मा जायन्ते न ते तत्वतः परमार्थतो जायन्ते । यत्पुनस्तत्संवृत्या जन्म तेषां धर्माणां यथोक्तानां यथा मायया जन्म तथा तन्मायोपमं प्रत्येतव्यम् । माया नाम वस्तु तर्हि । नैवम् । सा च माया न विद्यते, मायेत्यविद्यमानस्याऽऽख्येत्यभिप्रायः ॥५८॥

अर्थ– जुन पनि जीव वा अन्य पदार्थ उत्पन्न हुन्छन् भन्ने कल्पना गरिन्छ त्यो संवरण वा अविद्याले मात्र हो तात्त्विक दृष्टिले हैन । जुन पूर्वोक्त उत्पत्ति वा जन्म बताइयो त्यो मायाले हुन्छ । त्यसैले त्यस जन्मलाई माया सरह सम्झनुपर्‍यो । तब त माया एक वस्तु सिद्ध हुन्छ कि भनौला, त्यो पनि हैन । त्यो माया पनि वास्तवमा छैन । अभिप्राय यो हो कि अविद्यमान वस्तुको नाम नै माया हो ॥५८॥

कारिका

यथा मायामयाद्बीजाज्जायते तन्मयोऽङ्कुरः ॥
नासौ नित्यो न चोच्छेदी तद्वद्धर्मेषु योजना ॥५९॥

मायामय बीजबाट जन्मने जो छ आँकुरा ॥
मायामय नित्य छैन न छ यो नाशवान नै ॥
त्यस्तै सम्पूर्ण यो सृष्टि मायामय छ बुझ्नु है ॥५९॥

भाष्य

कथं मायोपमं तेषां धर्माणां जन्मेत्याह । यथा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायामयादाम्रादिबीजाज्जायते तन्मयो मायामयो ऽङ्कुरो नासावङ्कुरो नित्यो न चोच्छेदी विनाशी वाऽभूतत्वात्तद्वदेव धर्मेषु जन्मनाशादि योजना युक्तिः । न तु परमार्थतो धर्माणां जन्म नाशो वा युज्यत इत्यर्थः ॥५९॥

अर्थ– जसरी मायामय बीउबाट मायामय अंकुर निस्कन्छ त्यो अंकुर न नित्य छ न नाशवान् नै । त्यस्तै असत्य भएको कारण पदार्थहरूमा जन्म र नाश आदिको युक्ति भनिएको हो । परमार्थ दृष्टिले त कुनै पनि पदार्थको जन्म र नाश हुनु युक्तिसंगत छैन ।

कारिका

नाजेषु सर्वधर्मेषु शाश्वताशाश्वताभिधा ॥
यत्र वर्णा न वर्तन्ते विवेकस्तत्र नोच्यते ॥६०॥

नित्य अनित्यको संज्ञा अज त्यो आत्मरूपमा ॥
छैन त्यस्लाई भनिने शब्द नित्य अनित्यमा ॥
न निर्णय गर्नलाई बुद्धिले काम गर्दछ ॥६०॥

भाष्य

परमार्थतस्त्वात्मस्वजेषु नित्यैकरसविज्ञप्तिमात्रसत्ताकेषु शाश्वतोऽशाश्वत इति वा नाभिधा नाभिधानं प्रवर्तत इत्यर्थः । यत्र येषु वर्ण्यन्ते यैरर्थास्ते वर्णाः शब्दा न प्रवर्तन्तेऽभिधातुं प्रकाशयितुं न प्रवर्तन्त इत्यर्थः । इदमेवमिति विवेको विविक्तता तत्र नित्यो ऽनित्य इति नोच्यते । "यतो वाचो निवर्तन्ते" इति श्रुतेः ॥६०॥

अर्थ– परमार्थ रूपले जुन आत्मा अजन्मा, नित्य, एकरस, विज्ञानमात्र सत्तास्वरूप छ त्यसको विषयमा नित्य, अनित्य वा नामवाचक शब्दको प्रवृत्ति हुँदैन । त्यसलाई "यो यस्तै नै छ" भनेर बताउन बुद्धिले भेट्टाउँदैन । त्यसैले श्रुति भन्छ– "जहाँबाट बोली फर्केर आउँछ" ॥६०॥

कारिका

यथा स्वप्ने द्वयाभासं चित्तं चलति मायया ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा जाग्रदद्वयाभासं चित्तं चलति मायया ॥६१॥

मायाले स्वप्नमा चित्त डोरीमा सर्पझैं दुई ॥
भाव ठान्दछ जागदामा त्यस्तै दुई स्वरूपको ॥
मनमा कल्पना गर्छ मायाले स्वप्नमा सरी ॥६१॥

अद्वयं च द्वयाभासं चित्तं स्वप्ने न संशयः ॥
अद्वयं च द्वयाभासं तथा जाग्रन्न संशयः ॥६२॥

डोरीझैं एक आत्मामा सर्पको द्वैत कल्पना ॥
अज्ञानले गर्छ चित्त स्वप्नमा जागदा पनि ॥६२॥

भाष्य

यत्पुनर्वाग्गोचरत्वं परमार्थतोऽद्वयस्य विज्ञानमात्रस्य तन्मनसः स्पन्दनमात्रं न परमार्थत इति । उक्तार्थौ श्लोकौ ॥६१-६२॥

अर्थ– यसको अतिरिक्त परमार्थ रूपले अद्वय विज्ञान मात्र आत्मामा वाणी विषयत्व हुनु पनि मनको कुरालाई मात्र नै हो । तात्त्विक दृष्टिले हैन । यी ६१ र ६२ श्लोक र अद्वैत प्रकरणको २९ र ३० श्लोक एकै भएकाले त्यहाँ व्याख्या भइसकेकाले यहाँ संक्षेपमा मात्र अर्थ बताइएको हो ॥६१-६२॥

कारिका

स्वप्नदृक्प्रचरन्स्वप्ने दिक्षु वै दशसु स्थितान् ॥
अण्डजान्स्वेदजान्वाऽपि जीवान्पश्यति यान्सदा ॥६३॥

स्वप्नद्रष्टा स्वप्नभित्र घुम्दै दश दिशा त्यहाँ ॥
देख्छ प्राणी तिनी हैनन् पृथक् त्यस्बाट वस्तुतः ॥६३॥

भाष्य

इतश्च वाग्गोचरस्याभावो द्वैतस्य । स्वप्नान्पश्यतीति स्वप्नदृक्प्रचरन्पर्यटन्स्वप्ने स्वप्नस्थाने दिक्षु वै दशसु स्थितान्वर्तमानाञ्जीवान्प्राणिनोऽण्डजान्स्वेदजान्वा यान्सदापश्यतीति ॥६३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– यसैले पनि वाणीको विषय द्वैतको अभाव हो। जसले सपना देख्छ त्यसलाई सपना देख्ने भनिन्छ। उसले सपनामा ठाउँहरूको भ्रमण गर्दै दश दिशामा भएका जुन थरी-थरीका प्राणीलाई देख्दछ ती वास्तवमा स्वप्न देख्नेबाट भिन्न हुन्नन् ॥६३॥

कारिका

स्वप्नदृक्चित्तदृश्यास्ते न विद्यन्ते ततः पृथक् ॥
तथा तद्दृश्यमेवेदं स्वप्नदृक्चित्तमिष्यते ॥६४॥

त्यसैले यो सिद्ध हुन्छ दृश्य ती स्वप्नभिन्नका ॥
छैनन् भिन्न चित्तबाट वस्तुतः स्वप्नदर्शीको ॥६४॥

भाष्य

यद्येवं ततः किम्। उच्यते। स्वप्नदृशश्चित्तं स्वप्नदृक्चित्तम्। तेन दृश्यास्ते जीवास्ततस्तस्मात्स्वप्नदृक्चित्तात्पृथङ्न विद्यन्ते न सन्तीत्यर्थः। चित्तमेव ह्यनेकजीवादिभेदाकारेण विकल्प्यते। तथा तदपि स्वप्नदृक्चित्तमिदं तद्दृश्यमेव, तेन स्वप्नदृशा दृश्यं तद्दृश्यम्। अतः स्वप्नदृक्व्यतिरेकेण चित्तं नाम नास्तीत्यर्थः ॥६४॥

अर्थ– यदि यसो हो भने वास्तविक कुरा के हो त भन्दा भनिन्छ– सपनामा देखिने ती जीव र स्वप्न देख्नेको चित्त फरक छैनन्। चित्त नै अनेक जीवको रूपमा कल्पना गरिन्छ। त्यस्तै जीव आदि जस्तै सपना देख्नेको चित्त पनि त्यसको दृश्य नै हो किनकि त्यस स्वप्नद्रष्टाको चित्तबाट त्यो चित्त पनि देखिन्छ। त्यसैले अरु वस्तुजस्तै चित्त पनि स्वप्न देख्नेको दृश्य हो। कल्पित दृश्य द्रष्टाबाट भिन्न हुँदैन ॥६४॥

कारिका

चरञ्जागरिते जाग्रद्दिक्षु वै दशसु स्थितान् ॥
अण्डजान्स्वेदजान्वाऽपि जीवान्पश्यति यान्सदा ॥६५॥

त्यस्तै जाग्दा घुमी देश हेर्छ जो दृश्य मानव ॥
त्यहाँ जे-जे देख्छ प्राणी सृष्टिका ऊ थरीथरी ॥६५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाग्रच्चित्तेक्षणीयास्ते न विद्यन्ते ततः पृथक् ॥
तथा तदृश्यमेवेदं जाग्रतश्चित्तमिष्यते ॥६६॥

जाग्दाका चित्तका दृश्य द्रष्टाका चित्त एक छन् ॥
जसरी चित्त जाग्दाको तथा त्यो दृश्य एक हो ॥६६॥

भाष्य

जाग्रतो दृश्या जीवास्तच्चित्ताव्यतिरिक्ताश्चित्तेक्षणीयत्वात्स्वप्नदृक्चित्तेक्षणीयजीववत् । तच्च जीवेक्षणात्मकं चित्तं तद्द्रष्टुर्व्यतिरिक्तं द्रष्टृदृश्यत्वात्स्वप्नचित्तवत् । उक्तार्थमन्यत् ॥६५-६६॥

अर्थ– जागेका मानिसले देख्ने जीव त्यसको चित्तबाट फरक छैन किनकि ती सबै चित्तबाट देखिन्छन् । स्वप्नमा जस्तै जाग्रत्मा पनि स्वप्न देख्ने मानिसको चित्तबाट देखिने जीवमा पनि चित्तदृश्यत्व हेतु छ । त्यसमा पनि त्यसको चित्तबाट अभिन्नत्वरूप साध्यको सिद्धि हुनेछ । जसरी चित्तदृश्य चित्तबाट फरक छैनन् त्यस्तै नै जीवहरूलाई हेर्ने चित्त आफ्नो द्रष्टाबाट फरक छैन । किनभने आफ्नो दष्टाको दृश्य त्यो पनि हो । जसरी सपनाको चित्तमा सपना देख्नेको दृश्यत्वरूप कारण छ र देख्नेबाट अभिन्नत्वरूप साध्य पनि छ त्यस्तै नै जीवलाई हेर्ने चित्तमा हेर्नेको हेराइरूप हेतु विद्यमान भएको हुनाले अभिन्नत्वरूप साध्यको सिद्धि हुन्छ ॥६५-६६॥

कारिका

उभे ह्यन्योन्यदृश्ये ते किं तदस्तीति नोच्यते ॥
लक्षणाशून्यमुभयं तन्मतेनैव गृह्यते ॥६७॥

दुवै अन्योन्य ती दृश्य के हुन् यो भन्न सक्दिनँ ॥
प्रमाणले शून्य हुँदा तच्चित्त भई जान्नु छ ॥६७॥

भाष्य

जीवचित्ते उभे चित्तचैत्ये ते अन्योन्यदृश्ये इतरेतरगम्ये, जीवादिविषयापेक्षं हि चित्तं नाम भवति, चित्तापेक्षं हि जीवादि दृश्यमतस्ते

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्योन्यदृश्ये । तस्मान्न किञ्चिदस्तीति चोच्यते चित्तं वा चित्तेक्षणीयं वा किं तदस्तीति विवेकिना नोच्यते । न हि स्वप्ने हस्ती हस्तिचित्तं वा विद्यते तथेहापि विवेकिनामित्यभिप्रायः । कथम् । लक्षणाशून्यं लक्ष्यते ऽनयेति लक्षणा प्रमाणं प्रमाणशून्यमुभयं चित्तं चैत्यं द्वयं यतस्तन्मतेनैव तच्चित्ततयैव तद्गृह्यते । न हि घटमतिं प्रत्याख्याय घटो गृह्यते नापि घटं प्रत्यख्याय घटमतिः । न हि तत्र प्रमाणप्रमेयभेदः शक्यते कल्पयितुमित्यभिप्रायः ॥६७॥

अर्थ– जीव र त्यसको द्रष्टा चित्त दुवै एक-अर्कांले जान्न योग्य छन् किनकि जीव आदि विषयको अपेक्षाबाट चित्त छ र चित्तको अपेक्षाबाट जीव आदि विषय छन्। अतः यी दुवै परस्पर दृश्य हुन्। यसै अन्योन्य विषयतत्त्वको कारण वस्तुतः यी केही पनि छैनन्। यसैले जब कोही प्रश्न गर्छ ती के हुन्? त विवेकी पुरुषले जवाफ दिनुपर्छ– चित्त या चित्तदृश्य दुवैमध्येबाट एक पनि सत्य छैन। जसरी सपनामा देखिने हात्ती र उसलाई देख्ने चित्त वास्तवमा हुँदैन ठीक त्यस्तै नै जाग्रत्का सबै वस्तु र त्यसलाई हेर्ने चित्तका सम्बन्धमा पनि विवेकी पुरुषलाई मिथ्यात्व बताउनु नै अभीष्ट हुन्छ। कसरी त भने चित्त र चैत्य दुवै प्रमाणरहित छन्। जसबाट कुनै वस्तु चिनिन्छ त्यसलाई लक्षणा वा प्रमाण भन्दछन्। ती तन्मयताबाट नै ग्रहण गर्न सकिन्छन्। किन घडाको बुद्धि छाडेर घडा जान्न सकिन्न र न घडालाई छाडेर घडाको बुद्धि नै लिन सकिन्छ। यस परिस्थितिमा कुन प्रमाण हो कुन प्रमेय कल्पना नै गर्न सकिन्न ॥६७॥

कारिका

यथा स्वप्नमयो जीवो जायते म्रियते ऽपि च ।
तथा जीवा अमी सर्वे भवन्ति न भवन्ति च ॥६८॥

जसरी स्वप्नको जीव जन्मन्छ अनि मर्दछ ॥
त्यस्तै जाग्दा पनि जीव जन्मन्छन् अनि मर्दछन् ॥६८॥

यथा मायामयो जीवो जायते म्रियते ऽपि च ॥
तथा जीवा अमी सर्वे भवन्ति न भवन्ति च ॥६९॥

जस्तो मायामयी जीव जन्मन्छ अनि मर्दछ ।
त्यस्तै जीवहरू सव्वै जन्मन्छन् अनि मर्दछन् ॥६९॥

यथा निर्मितको जीवो जायते म्रियते ऽपि च ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा जीवा अमी सर्वे भवन्ति न भवन्ति च ॥७०॥

जस्तो निर्मित यो जीव जन्मन्छ अनि मर्दछ ॥
त्यस्तै जीवहरू सब्बै जन्मन्छन् अनि मर्दछन् ॥७०॥

भाष्य

मायामयो मायाविना यः कृतो निर्मितको मन्त्रौषध्यादिभिर्निष्पादितः । स्वप्नमायानिर्मितका अण्डजादयो जीवा यथा जायन्ते म्रियन्ते च तथा मनुष्यादिलक्षणा अविद्यमाना एव चित्तविकल्पनामात्रा इत्यर्थः ॥६८॥६९॥७०॥

अर्थ– मायावीले जुन मायामय पदार्थको रचना गरे, मन्त्र र औषधिबाट निर्मित जुन पदार्थलाई बनाए ती स्वप्न, माया र मन्त्रौषधिबाट बनेका अण्डाबाट जन्मने आदि सबै थरी जीवहरू जसरी जन्मन्छन् अनि मर्दछन् त्यस्तै मनुष्य आदि रूप जीवहरू पनि अविद्यमान भैकन पनि चित्तका कल्पना मात्र हुन्, वास्तविकता होइनन् ॥६८॥६९॥७०॥

कारिका

न कश्चिज्जायते जीवः संभवोऽस्य न विद्यते ।
एतत्तदुत्तमं सत्यं यत्र किंचिन्न जायते ॥७१॥

कुनै जीव जन्मँदैन यस्को सम्भव छैन नि ।
यो नै त्यो सत्य हो श्रेष्ठ जहाँ जन्मन्न क्यै पनि ॥७१॥

भाष्य

व्यवहारसत्यविषयजीवानां जन्ममरणादिः स्वप्नादिजीववदित्युक्तम् । उत्तमं तु परमार्थसत्यं न कश्चिज्जायते जीव इति । उक्तार्थमन्यत् ॥७१॥

अर्थ– व्यावहारिक सत्तामा देखिने जीवहरूको जन्म-मरण स्वप्नमा देखिने जीवहरूको जन्म-मरणजस्तै भूठा छ । सर्वोत्तम सत्य त यो हो कि कुनै पनि जीव उत्पन्न हुँदैन । यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुराको व्याख्या अद्वैत प्रकरणको अन्तिम श्लोकमा गरिसकिएको छ ॥७१॥

कारिका

चित्तस्पन्दितमेवेदं ग्राह्यग्राहकवद्द्वयम् ॥
चित्तं निर्विषयं नित्यमसङ्गं तेन कीर्तितम् ॥७२॥

चाल हो चित्तको यो त सम्पूर्ण द्वैत सागर ॥
चित्त आफैं निर्विषय असंग नित्य हो बुझ ॥७२॥

भाष्य

सर्वं ग्राह्यग्राहकवच्चित्तस्पन्दितमेव द्वयं चित्तं परमार्थत आत्मैवेति निर्विषयं तेन निर्विषयत्वेन नित्यमसङ्गं कीर्तितम् । "असङ्गो ह्ययं पुरुष" इति श्रुतेः । सविषयस्य हि विषये सङ्गः । निर्विषयत्वाच्चित्तमसङ्गमित्यर्थः ॥७२॥

अर्थ– विषय र इन्द्रियले युक्त सम्पूर्ण द्वैत चित्तको स्पन्दनमात्र हो। त्यो चित्त परमार्थरूपले आत्मस्वरूप नै छ। अतः त्यो निर्विषय छ। त्यसै निर्विषयताको कारण त्यस चित्तलाई असंग पनि भनिन्छ। किनकि "त्यो पुरुष असंग नै छ" यस्तो श्रुति पनि भन्दछ। विषययुक्त चीजको नै विषयमा संगत हुने गर्दछ। ऊ त निर्विषय छ। त्यसैले यो चित्त असंग छ ॥७२॥

कारिका

योऽस्ति कल्पितसंवृत्या परमार्थेन नास्त्यसौ ॥
परतन्त्राभिसंवृत्या स्यान्नास्ति परमार्थतः ॥७३॥

कल्पनाले सृष्टि देख्छौं छैन त्यो परमार्थले ॥
द्वैतशास्त्री सृष्टि मान्छन् छैन त्यो ज्ञान दृष्टिले ॥७३॥

भाष्य

ननु निर्विषयत्वेन चेदसङ्गत्वं चित्तस्य न निःसङ्गता भवति यस्माच्छास्ता शास्त्रं शिष्यश्चेत्येवमादेर्विषयस्य विद्यमानत्वात् । नैष दोषः । कस्मात् । यः पदार्थः शास्त्रादिर्विद्यते स कल्पितसंवृत्या कल्पिता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

च सा परमार्थप्रतिपत्त्युपायत्वेन संवृतिश्च सा तया योऽस्ति परमार्थेन नास्त्यसौ न विद्यते । ज्ञाते द्वैतं न विद्यत इत्युक्तम् । यश्च परतन्त्राभिसंवृत्या परशास्त्रव्यवहारेण स्यात्पदार्थः सः परमार्थतो निरूप्यमाणो नास्त्येव । तेन युक्तमुक्तमसङ्गं तेन कीर्तितमिति ॥७३॥

अर्थ– यदि निर्विषय भएर नै कुनै वस्तुमा असंगता हुन्छ भने त चित्तको असंगता त कहिल्यै पनि नहुने भो । किनभने गुरु, शास्त्र र शिष्य त्यसको विषय त रहन्छन् नै भन्ने तर्कको उत्तरमा भनिन्छ– यस कुरामा दोष छैन । किनभने जुन पनि शास्त्र आदि पदार्थ छन् ती व्यावहारिक दृष्टिले परमार्थ तत्त्व प्राप्तिको लागि कल्पना गरिएका हुन् परमार्थ रूपबाट सत्य होइनन् । किनभने परमार्थतत्त्वको ज्ञान भएपछि द्वैत रहन्न । यो कुरा पहिले आगम प्रकरणमा पनि भनिसकिएको छ । यसको अलावा वैशेषिक मतावलम्बीको परिभाषा गरिएको व्यवहार अनुरोधबाट जुन पदार्थ सिद्ध छन् ती परमार्थ दृष्टिले निरुपण गर्दा हुँदै हुन्नन् । त्यसैले यो भनाइ ठीक नै हो कि 'त्यो असंग बताइएको छ' । कल्पित परिभाषाका आधारमा भनिएको वस्तुको सत्ता परमार्थ दृष्टिले जब सिद्ध हुन्न त चित्तलाई निर्विषय मान्नु उचित नै छ र यसैले यसलाई असंग बताउनु पनि युक्तियुक्त छ ॥७३॥

कारिका

अजः कल्पितसंवृत्या परमार्थेन नाप्यजः ॥
परतन्त्राभिनिष्पत्या संवृत्या जायते तु सः ॥७४॥

अज आत्मा मान्नु पनि शास्त्रीय व्यवहार हो ।
परमार्थ दृष्टिबाट हैन त्यो अज वस्तुतः ।
आत्मालाई जन्मशील भन्दछन् अरु शास्त्रले ॥
वेदान्तले भन्छ अज तर त्यो छ अकल्पित ॥७४॥

भाष्य

ननु शास्त्रदीनां संवृतित्वेऽज इतीयमपि कल्पना संवृतिः स्यात् । सत्यमेवम् । शास्त्रादिकल्पितसंवृत्यैवाज इत्युच्यते परमार्थेन नाप्यजः । यस्मात्परतन्त्राभिनिष्पत्त्या परशास्त्र प्रसिद्धिमपेक्ष्य योऽज इत्युक्त स संवृत्या जायते । अतो ऽज इतीयमपि कल्पना परमार्थविषये नैव क्रमत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यर्थः ॥७४॥

अर्थ– यदि शास्त्रलाई व्यावहारिक कल्पना मान्ने हो भने त आत्मालाई 'अज' भन्ने पनि व्यावहारिक कुरा सिद्ध होला भन्दा भनिन्छ– यो कुरा त यसै नै हो । शास्त्रादि कल्पित व्यवहारको कारण नै आत्मा 'अज' छ यस्तो भनिएको छ । परमार्थ दृष्टिले त त्यो अज पनि छैन । किनभने अरू दार्शनिक त्यसलाई जन्मशील मान्दछन् त यी शास्त्रको सिद्धिको अपेक्षाले आत्मा अज छ यस्तो भनिएको हो । जब त्यसको जन्म नै व्यावहारिक दृष्टिले हुन्छ भने त अजत्वको कल्पना पनि व्यावहारिक होला । यसमा के आपत्ति भयो । यसैले त्यो अज छ यस्तो कल्पना परमार्थ विषयमा प्रवेश नै गर्दैन । हो, अजत्व आदि व्यवहारले बताइने स्वरूप चिन्मात्र तत्त्व अकल्पित अवश्य हो । किनभने यो सम्पूर्ण कल्पनाको आधार हो ॥७४॥

कारिका

अभूताभिनिवेशोस्ति द्वयं तत्र न विद्यते ।
द्वयाभासं स बुद्ध्वैव निर्निमित्तो न जायते ॥७५॥

असत्य द्वैतमा खाली अज्ञको हुन्छ आग्रह ॥
द्वैत मान्ने सधैं घुम्छन् जन्म र मृत्यु चक्रमा ॥
द्वैताभाव बुझ्न सक्ने निमित्तहीन बन्दछन् ॥
फेरि-फेरि जन्म लिने रोग तिन्को हराउँछ ॥७५॥

भाष्य

यस्मादसद्द्वैतविषयस्तस्मादसत्यभूते द्वैते ऽभिनिवेशोऽस्ति केवलमभिनिवेश आग्रहमात्रम् । द्वयं तत्र न विद्यते । मिथ्याभिनिवेशमात्रं च जन्मनः कारणं यस्मात्तस्माद्द्वयाभावं बुद्ध्वा निर्निमित्तो निवृत्तमिथ्याद्वयाभिनिवेशो यः स न जायते ॥७५॥

अर्थ– द्वैत विषय असत्य हो । खाली अविवेकीहरूको मात्र यस असत्य द्वैत विषयमा आसक्ति रहन्छ । परमार्थमा त द्वैत छैन । मिथ्या आसक्ति नै जीवको जन्म-मरण आदि दुःखको कारण हो । त्यसैले जो द्वैतलाई असत्य जानेर निमित्तरहित भएको छ अर्थात् मिथ्या द्वैत विषयमा जसको आसक्ति हराएको छ त्यसले फेरि-फेरि जन्म लिन्न ॥७५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

यदा न लभते हेतूनुत्तमाधममध्यमान् ॥
तदा न जायते चित्तं हेत्वभावे फलं कुतः ॥७६॥

चित्तले जब चिन्दैन नीच उत्तम मध्यम ॥
फलभोगी हेतुहरू उस्को जन्म हराउँछ ॥
फल हुन्छ कहाँबाट जब हेतु हराउँछ ॥७६॥

भाष्य

जात्याश्रमविहिता आशीर्वर्जितैरनुष्ठीयमाना धर्मा देवत्वादिप्राप्तिहेतव उत्तमाः केवलाश्च। धर्मा अधर्मव्यामिश्रा मनुष्यत्वादिप्राप्त्यर्था मध्यमाः। तिर्यगादिप्राप्तिनिमित्ता अधर्मलक्षणाः प्रवृत्तिविशेषाश्चाधमाः। तानुत्तममध्यमाधमानविद्यापरिकल्पितान्यदैकमेवाद्वितीयमात्मतत्वं सर्वकल्पनावर्जितं जानन्न लभते न पश्यति यथा वालैर्दृश्यमानं गगनतलमलं विवेकी न पश्यति तद्वत्तदा न जायते नोत्पद्यते चित्तं देवाद्याकारैरुत्तममाधममध्यमफलरूपेण। न ह्यसति हेतौ फलमुत्पद्यते वीजाद्यभाव इव सस्यादि ॥७६॥

अर्थ– वर्णाश्रम आदिमा तोकिएको धर्म जसमा अधर्म मिसिएको छैन, देवत्वप्राप्ति उत्तम कोटिको हेतु हो भने अधर्ममिश्रित धर्मलाई मनुष्यत्व योनि प्राप्तिको मध्यमकोटिको हेतु भनिन्छ। अधर्ममय प्रवृत्तिलाई पशुयोनि प्राप्तिको अधमकोटिको हेतु भनेर मानिएको छ। जब सबै कल्पनाहीन एक अद्वितीय आत्मतत्त्वको ज्ञान हुन्छ त्यस बेला उत्तम, मध्यम र अधम अविद्याबाट कल्पना गरिएका ती हेतुहरूलाई साधक त्यसरी नै पाउँदैन जसरी आकाशमा अज्ञानीद्वारा देखिने नीलो रंग र विभिन्न आकार विवेकी पुरुषले देख्दैनन्। त्यसैले त्यसबेला उत्तम, मध्यम र अधम फलरूपले तत्त्वज्ञानी देवादि शरीरमा जन्म लिन्न। जसरी बीउ नभएपछि अन्न उब्जन्न, त्यस्तै नै हेतु नभएपछि फलको उत्पत्ति हुन्न ॥७६॥

कारिका

अनिमित्तस्य चित्तस्य या ऽनुत्पत्तिः समाऽद्वया ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजातस्यैव सर्वस्य चित्तदृश्यं हि तद्यतः ॥७७॥

मोक्षनाम अनुत्पत्ति निमित्तहीन चित्तको ॥
निर्विशेष अद्वितीय सदा एकै समान छ ॥
तत्त्वज्ञान अघि पनि चित्तदृश्यहरू सब ॥
अजात चित्तका खालि कल्पना आफू एक छ ॥७७॥

भाष्य

हेत्वभावे चित्तं नोत्पद्यत इति ह्युक्तम् । सा पुनरनुत्पत्तिश्चित्तस्य किदृशीत्युच्यते । परमार्थदर्शनेन निरस्तधर्माधर्माख्योत्पत्ति-निमित्तस्यानिमित्तस्य चित्तस्य या मोक्षाख्याऽनुत्पत्तिः सा सर्वदा सर्वावस्थासु समा निर्विशेषाऽद्वया च । पूर्वमप्यजातस्यैवानुत्पन्नस्य चित्तस्य सर्वस्याद्वयस्येत्यर्थः । यस्मात्प्रागपि विज्ञानाच्चित्तदृश्यं तद्द्वयं जन्म च तस्मादजातस्य सर्वस्य सर्वदा चित्तस्य समाऽद्वयैवानुत्पत्तिर्न पुनः कदाचिद्भवति कदाचिद्वा न भवति । सर्वदैकरूपैवेत्यर्थः ॥७७॥

अर्थ– हेतु नभएपछि चित्त हुँदैन भनेर अघि नै भनिसकियो । त्यस चित्तको अनुत्पत्ति कस्तो छ त भन्दा भनिन्छ– परमार्थतत्त्वको प्रत्यक्ष अनुभवबाट जन्मको कारण धर्म र अधर्म जसको निवृत्त भैसकेको छ, त्यस निमित्तरहित चित्तको जुन मोक्ष नामक अनुत्पत्ति छ, त्यो साधारण र अद्वितीय रूपबाट सदा सबै अवस्थामा समान नै छ । उत्पत्तिरहित अद्वितीय चित्तको अनुत्पत्तिरूप मोक्ष अघिबाटै सिद्ध छ । किनभने तत्त्वज्ञान अघि पनि जुन दृश्य उत्पन्न हुन्थ्यो त्यो अद्वयरूप नै थियो । त्यसैले उत्पत्तिहीन चित्तको सधैं समानरूपमा अद्वयता र अनुत्पत्ति विद्यमान छ । कहिले उत्पत्ति हुने र कहिले नहुने हुँदैन ॥७७॥

कारिका

वुद्ध्वा ऽनिमित्ततां सत्या हेतु पृथगनाप्नुवन् ॥
वीतशोकं तथा ऽकाममभयं पदमश्नुते ॥७८॥

निमित्तहीन हो सत्य फलाशा हेतु त्यागने ॥
शोकहीन र निष्काम अभय पद पाउँछ ॥७८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

यथोक्तेन न्यायेन जन्मनिमित्तस्य द्वयस्याभावादनिमित्ततां च सत्यां परमार्थरुपां बुद्ध्वा हेतुं धर्मादिकारणं देवादियोनिप्राप्तये पृथगनाप्नुवन्ननुपाददानस्त्यक्तवाह्यैषणः सन्कामशोकादिवर्जितम-विद्यारहितमभयं पदमश्नुते पुनर्न जायत इत्यर्थः ॥७८॥

अर्थ– पूर्वोक्त न्यायले जन्मको निमित्त भएको द्वैतको अभावले निमित्तरहित सत्यलाई नै पारमार्थिक रूपले जानेर देवादि योनिको प्राप्तिमा कुनै अन्य धर्म आदिको कारण नमान्दै सम्पूर्ण बाहिरी इच्छाहरूबाट मुक्त भएर तत्त्वज्ञानी कामना र शोकलाई त्यागेर अविद्यारहित अभय पद पाउँछ। फेरि जन्मनु पर्दैन भन्ने तात्पर्य हो ॥७८॥

कारिका

अभूताभिनिवेशाद्धि सदृशे तत्प्रवर्तते ॥
वस्त्वभावं स बुद्ध्वैव निःसङ्ग विनिवर्तते ॥७९॥

असत्य द्वैत हो सत्य सोच्दा चित्त त्यतैतिर ॥
त्यसो हैन बुझे चित्त फर्कनेछ यतैतिर ॥७९॥

भाष्य

यस्मादभूताभिनिवेशादसति द्वये द्वयास्तित्वनिश्चयोऽभूताभिनि-वेशस्तस्मादविद्याव्यामोहरूपाद्धि सदृशे तदनुरूपे चित्तं प्रवर्तते। तस्य द्वयस्य वस्तुनोऽभावं यदा बुद्धवांस्तदा तस्मान्निःसङ्गं निरपेक्षं सद्विनिवर्ततेऽभूताभिनिवेशविषयात् ॥७९॥

अर्थ– किनकि द्वैत वस्तुतः असत्य हो, मिथ्या द्वैतमा सत्यता छ भन्ने सोचाइ नै नभएको कुरा सोच्ने बानी हो। यस अविद्याबाट उत्पन्न मोहरूपी नहुने कुरा सोच्ने बानीको कारण नै त्यो चित्त आफूजस्तै विषयमा प्रवेश हुन्छ। तर जब त्यो द्वैतवस्तुको अभाव सम्झन्छ तब त्यस झूठो जन्मविषयबाट निरपेक्ष भै सदाको लागि फर्कन्छ ॥७९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

निवृत्तस्याप्रवृत्तस्य निश्चला हि तदा स्थितिः ॥
विषयः स हि बुद्धानां तत्साम्यमजमद्वयम् ॥८०॥

विषयबाट निवृत्त विषयान्तर दूर छ ॥
चित्तको स्थिति त्यसबेला हुन्छ निश्चल औ स्थिर ॥
अज अद्वयले तुल्य ज्ञानीले जान्न लायक ॥८०॥

भाष्य

निवृत्तस्य द्वैतविषयाद्विषयान्तरे चाप्रवृत्तस्याभावदर्शनेन चित्तस्य निश्चला चलनवर्जिता ब्रह्मस्वरुपैव तदा स्थितिर्येषा ब्रह्मस्वरूपा स्थितिश्चित्तस्याद्वयविज्ञानैकरसघनलक्षणा । स हि यस्माद्विषयो गोचरः परमार्थदर्शिनां बुद्धानां तस्मात्तत्साम्यं परं निर्विशेषमजमद्वयं च ॥८०॥

अर्थ– जुन बेला द्वैत विषयबाट चित्त हट्दछ र अरू विषयमा लागेको हुन्न, त्यतिखेर द्वैताभासको निश्चय भएको कारण चित्तको स्थिति निश्चल ब्रह्मस्वरूप नै हुन्छ । जुन यो ब्रह्मस्वरूप अद्वयविज्ञान एकरस घनरूप ब्रह्ममय चित्तको स्थिति छ त्यो परम साम्य निर्विशेष अज र अद्वयरूप छ । किनकि यो केवल परमार्थ तत्त्वदर्शी ज्ञानीहरूको नै विषय हो ॥८०॥

कारिका

अजमनिद्रमस्वप्नं प्रभातं भवति स्वयम् ।
सकृद्विभातो ह्येवैष धर्मो धातुः स्वभावतः ॥८१॥

स्वयं प्रकाश हो आत्मा अज अस्वप्न भैकन ॥
अनिद्र छ एकपल्ट मात्र व्यक्त हुने हुँदा ॥
यसको स्वभाव र धर्म यस्तो हो बुझ्नुपर्दछ ॥८१॥

भाष्य

पुनरपि कीदृशश्चासौ बुद्धानां विषय इत्याह– स्वयमेव तत्प्रभातं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवति नाऽऽदित्याद्यपेक्षं स्वयंज्योतिः स्वभावमित्यर्थः । सकृद्विभातः सदैव विभात इत्येतत् । एष एवंलक्षण आत्माख्यो धर्मो धातुः स्वभावतो वस्तुस्वभावत इत्यर्थः ॥८१॥

अर्थ– त्यो तत्त्वज्ञानीको विषय कसरी हो त भन्दा भनिन्छ– त्यो स्वयं नै प्रकाशित हुन्छ । आफ्नो प्रकाशको लागि सूर्य आदिको अपेक्षा राख्दैन । त्यसैले ऊ स्वयं प्रकाश स्वभावको छ । त्यो यस्तो लक्षण भएको आत्मा नामक धर्म धातु स्वभावले नै सदा प्रकाशमान छ ॥८१॥

कारिका

सुखमाव्रियते नित्यं दुःखं विव्रियते सदा ॥
यस्य कस्य च धर्मस्य ग्रहेण भगवानसौ ॥८२॥

अद्वैत परमात्माले गर्दा संग्रह द्वैतको ।
सधैं खुल्दछ त्यो दुःख सुख ढाकिन्छ सर्वदा ॥८२॥

भाष्य

एवमुच्यमानमपि बहुशः परमार्थतत्वं कस्माल्लौकिकैर्नगृह्यत इत्युच्यते– यस्माद्यस्य कस्यचिद्द्वयवस्तुनो धर्मस्य ग्रहेण ग्रहणावेशेन मिथ्याभिनिविष्टतया सुखमाव्रियतेऽनायासेनाऽऽच्छाद्यत इत्यर्थः । द्वयोपलब्धिनिमित्तं हि तत्रा ऽऽवरणं न यत्नान्तरमपेक्षते । दुखं च विव्रियते प्रकटी क्रियते । परमार्थ ज्ञानस्य दुर्लभत्वात् । भगवानसावात्माऽद्वयो देव इत्यर्थः । अतो वेदान्तैराचार्यैश्च बहुश उच्यमानो ऽपि नैव ज्ञातुं शक्य इत्यर्थः । 'आश्चर्यो वक्ता कुशलो ऽस्य लब्धा' इति श्रुतेः ॥८२॥

अर्थ– यसरी धेरै प्रकारले बताइने परमार्थ तत्त्वलाई लौकिक पुरुषहरू किन चिन्न सक्दैनन त भन्दा भनिन्छ– कुनै पनि द्वैत वस्तुरूप धर्ममा आसक्ति राख्नाले मिथ्या अभिनिवेशका कारण नै अद्वैतरूप आत्मदेव, अनायास नै ढाकिन्छन् । अर्थात् सजिलै अस्ताउँछन् । किनभने द्वैतको उपलब्धि नै यसको ढाकिनुको निमित्त कारण हो । यहाँ अरू यत्नको अपेक्षा हुँदैन । परमार्थ ज्ञान प्राप्त गर्न अत्यन्त कठिन भएको कारण आवरण हटाउन बडो मिहिनेत गर्नुपर्छ । यसैले वेदान्ताचार्यहरूले अनेक प्रकारले बताउँदा पनि त्यो जानिन्न ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैले "यसलाई वर्णन गर्ने आश्चर्यरूप छ र यसलाई जान्ने पनि कोही-कोही कुशल पुरुष मात्र हुन्छ" भन्ने उक्तिबाट पनि आत्मदर्शन दुर्लभ सिद्ध हुन्छ ॥८२॥

कारिका

अस्ति नास्त्यस्ति नास्तीति नास्ति नास्तीति वा पुनः ॥
चलस्थिरोमयाभावैरावृणोत्येव वालिशः ॥८३॥

छ-छैन आदि आत्माका हुने तर्क-वितर्कले ॥
चलस्थिर दुवै रूप अथवा शून्य रूपले ॥
अविवेकीहरू ढाक्छन् आत्मालाई कुबुद्धिले ॥८३॥

भाष्य

अस्ति नास्तीत्यादि सूक्ष्मविषया अपि पण्डितानां ग्रहा भगवतः परमात्मन आवरणा एव किमुत मूढजनानां बुद्धिलक्षणा इत्येवमर्थं प्रदर्शयन्नाह– अस्तीति । अस्त्यात्मेति वादी कश्चित्प्रतिपद्यते । नास्तीत्यपरो वैनाशिकः । अस्ति नास्तीत्यपरोऽर्धवैनाशिकः सदसद्वादी दिग्वासाः । नास्ति नास्तीत्यन्तशून्यवादी । तत्रास्तिभावश्चलः, घटाद्यनित्यविलक्षणत्वात् । नास्तिभावः स्थिरः सदाऽविशेषत्वात् । उभयचलस्थिरविषयत्वात्सदसद्भावोऽभावोऽत्यन्ताभावः । प्रकारचतुष्टयस्यापि तैरेतैश्चलास्थिरोभयाभावैः सदसदादिवादी सर्वोऽपि भगवन्तमावृणोत्येव वालिशोऽविवेकी । यद्यपि पण्डितो बालिश एव परमार्थतत्वानवबोधात्किमु स्वभावमूढो जन इत्यभिप्रायः ॥८३॥

अर्थ– छ-छैन आदि सूक्ष्म विषयमा पण्डितहरूको तर्क-वितर्क पनि परमात्माको पहिचानमा बाधा पार्ने कुरा हुन् । फेरि शरीरलाई नै आत्मा मान्ने बुद्धि भएका मूर्खहरूको त के कुरा गर्नु भन्दै भनिन्छ– कुनै मतावलम्बी 'आत्मा छ' भन्दछ, कुनै 'आत्मा छैन' भन्दछन् भने तेस्रा थरी छ पनि छैन पनि भन्दछन् । शून्यवादी 'आत्मा छैन-छैन' भनेर ठोक्छन् । यी विभिन्न मतमध्ये आत्मा छ भन्नेको भनाइमा अस्तिभाव चल छ किनभने घडा आदि अनित्य वस्तुभन्दा फरक छ । चल शब्दको अर्थ परिणामी हुन्छ । घडा आदि जान्नेलाई सुख आदि विशेष धर्मयुक्त भएको कारण परिणामी भनिन्छ । नास्तिभाव दोस्रो कल्पस्थिर छ । किनभने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभाव सधैं साधारणरूपले रहन्छ। परिणामी र स्थिर दुवैलाई विषय बनाएकाले सदसद्भाव उभयरूप छ र अभाव अत्यन्ताभाव छ। यसरी यी चल, स्थिर, उभय र अभावरूप चारै किसिमले सबै सदसद्वादीहरूले सानो बालकले जस्तो आत्मदेवलाई ढाकेर राखेका छन्। यद्यपि इनी पण्डित नै हुन् तापनि परमार्थतत्त्वलाई न जान्नाले वास्तवमा मूर्ख नै हुन्। स्वभावले मूर्ख मान्छेको त भन्न् के कुरा गर्नु? ॥८३॥

कारिका

कोटचश्चतस्र एतास्तु ग्रहैर्यासां सदाऽऽवृतः ॥
भगवानाभिरस्पृष्टो येन दृष्टः स सर्वदृक ॥८४॥

ग्रहबाट चार कोटी ढाकिने आत्मदेव छन् ॥
तिन्लाई जसले देख्छ त्यो हो सर्वज्ञ पण्डित ॥८४॥

भाष्य

कीदृक्पुनः परमार्थतत्वं यददवबोधादवालिसः पण्डितो भवतीत्याह– कोटचः प्रावादुकशास्त्रनिर्णयान्ता एता उक्ता अस्ति नास्तीत्याद्याश्चतस्रो यासां कोटीनां ग्रहैर्ग्रहणैरुपलब्धिनिश्चयैः सदा सर्वदाऽऽवृत आच्छादितस्तेषामेव प्रावादुकानां यः स भगवानाभिरस्तिनास्तीत्यादिकोटिभिश्चतसृभिरप्यस्पृष्टोऽस्त्यादिविकल्पनावर्जित इत्येतत्। येन मुनिना दृष्टो ज्ञातो वेदान्तेष्वौपनिषदः पुरुषः स सर्वदृक्वर्सवज्ञः परार्थपण्डित इत्यर्थः ॥८४॥

अर्थ– जुन परमार्थतत्त्व जानेपछि मनुष्य पण्डित हुन्छ त्यो परमार्थ तत्त्व कस्तो छ त भन्दा भनिन्छ– छन् वा छैनन् भन्ने चार करोड़ ग्रहले जुन भगवान् ढाकिएका छन् तिनलाई छन् वा छैनन् भन्ने चार करोड़ विकल्पहरू रहित जसले देख्दछ, जान्दछ, त्यस्तो मुनि जसलाई उपनिषद्को समाधिगम्य पुरुषरूपबाट वेदान्तमा जानिन्छ, सर्वद्रष्टा, सर्वज्ञ र परमार्थ पण्डित भनिन्छ भन्ने अर्थ हो ॥८४॥

कारिका

प्राप्य सर्वज्ञतां कृत्स्नां ब्राह्मण्यं पदमद्वयम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनापन्नादिमध्यान्तं किमतः परमीहते ॥८५॥

अद्वय अनि ब्राह्मण्य सर्वज्ञ अति दुर्लभ ॥
आदि मध्य तथा अन्त नभएको मिले पद ॥
अरू ज्यादा हरे कस्ले चाहला थप पाउन ॥८५॥

भाष्य

प्राप्यैतां यथोक्तां कृत्स्नां समस्तां सर्वज्ञतां ब्राह्यण्यं पदं स ब्राह्मणः । "एष नित्यो महिमा ब्राह्मणस्य" इति श्रुतेः । आदि मध्यान्ता उत्पत्तिस्थितिलया अनापन्ना अप्राप्ता यस्याद्वयस्य पदस्य न विद्यते तदनापन्नादिमध्यान्तं ब्राह्मण्यं पदम् । तदेव प्राप्य लव्ध्वा किमतः परमस्मादात्मलाभादूर्ध्वमीहते चेष्टते निष्प्रयोजनमित्यर्थः । "नैव तस्य कृतेनार्थः" इत्यादिस्मृतेः ॥८५॥

अर्थ– "जो यस अक्षरलाई जानेर यस लोकबाट जान्छ त्यो ब्राह्मण हो" "यो ब्राह्मणको सनातन महिमा हो" इत्यादि श्रुति वाक्यका आधारमा जुन ब्राह्मण पदलाई र पूर्वोक्त सम्पूर्ण सर्वज्ञतालाई प्राप्त गर्दछ त्यो ब्रह्मवित् पुरुष कुनै पनि वस्तुको चेष्टा गर्दैन । किनभने जुन अद्वय पदको आदि, मध्य र अन्त अर्थात् उत्पत्ति स्थिति र लय हुँदैन त्यस ब्रह्मण्य पदलाई अनापन्न आदिमध्यान्त भनिएको छ । यसलाई पाएर यस लाभपछि कुनै प्रयोजन बाँकी नरहने हुनाले के कुनै विद्वान् अरू कुनै चेष्टा गर्ला ? अपितु गर्दैन । यसै कुरालाई "त्यस तत्त्ववेत्ताको कुनै कामबाट प्रयोजन हुन्न" इत्यादि स्मृति वाक्यले पनि प्रमाणित गर्दछ ॥८५॥

कारिका

विप्राणां विनयो ह्येष शमः प्राकृत उच्यते ॥
दमः प्रकृतिदान्तत्वादेवं विद्वाञ्शमं व्रजेत् ॥८६॥

स्वभावले विप्रहरू जितेन्द्रिय हुने हुँदा ।
आत्मज्ञान गरी बस्नु विनयझैं स्वभाव हो
त्यस्तै दान्ति शम पनि उन्मा प्राकृत रूपले
पाइन्छ भनि जानेर विज्ञ शान्ति लिई बसोस् ॥८६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

विप्राणां ब्राह्मणाना विनयो विनीतत्वं स्वाभाविकं यदेतदात्मस्वरूपेणावस्थानं एष विनयः। शमोऽप्येष एव प्राकृतः स्वाभाविकोऽकृतक उच्यते। दमोऽप्येष एव प्रकृतिदान्तत्वात्स्वभावत एव चोपशान्तरूपत्वाद्ब्रह्मणः। एवं यथोक्तं स्वभावोपशान्तं ब्रह्म विद्वाञ्शममुपशान्तिं स्वाभाविकीं ब्रह्मस्वरूपां ब्रजेद्ब्रह्मस्वरूपेणावतिष्ठत इत्यर्थः ॥८६॥

अर्थ– ब्राह्मणहरूको विनयशीलता स्वाभाविक हो र आत्मस्वरूपमा बस्नु पनि विनय नै हो। उनीहरूको शम-शान्तिपूर्वक बस्नु पनि स्वाभाविक कुरा हो, बनावटी होइन। ब्राह्मणहरूको दम इन्द्रियहरूको वशमा नपर्ने बानी पनि स्वाभाविक कुरा हो। यसरी पूर्वोक्त स्वभावले शान्त ब्रह्म जान्ने पुरुष ब्रह्मस्वरूप स्वाभाविक उपशान्ति रूप शमलाई पाउँदछ ॥८६॥

कारिका

सवस्तु सोपलम्भं च द्वयं लौकिकमिष्यते ।
अवस्तु सोपलम्भं च शुद्धं लौकिकमिष्यते ॥८७॥

सत् वस्तु उपलब्धि छ जाग्रत लौकिक भन्दछन्
छैन वस्तु प्राप्ति भए स्वप्न लौकिक मान्दछन् ॥८७॥

भाष्य

एवमन्योन्यविरुद्धत्वात्संसारकारणानि रागद्वेषदोषास्पदानि प्रावादुकानां दर्शनानि। अतो मिथ्यादर्शनानि तानीति तत्तद्युक्तिभिरेव दर्शयित्वा चतुष्कोटिवर्जितत्वाद्रागादिदोषानास्पदं स्वभावशान्तमद्वैतदर्शनमेव सम्यग्दर्शनमित्युपसंहृतम्। अथेदानीं स्वप्नक्रियाप्रदर्शनार्थ आरम्भः– सवस्तु संवृति सता वस्तुना सह वर्तत इति सवस्तु। तथा चोपलब्धिरुपलम्भस्तेन सह वर्तत इति सोपलम्भं च शास्त्रादिसर्वव्यवहारास्पदं ग्राह्यग्राहकलक्षणं द्वयं लौकिकं लोकादनपेतं लौकिकं जागरितमित्येतत्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं लक्षणं जागरितमिष्यते वेदान्तेषु । अवस्तु संवृतेरप्यभावात् । सोपलम्भं वस्तुवदुपलम्भनमुपलम्भोऽसत्यपि वस्तुनि तेन सह वर्तत इति सोपलम्भं च । शुद्धं केवलं प्रविविक्तं जागरितात्स्थलाल्लौकिकं सर्वप्राणिसाधारणत्वादिष्यते स्वप्न इत्यर्थः ॥८७॥

अर्थ– परस्पर विरुद्ध भएकाले प्रावादुकहरूको दर्शन यस्तो राग द्वेष आदिको केन्द्र छ जुन दोषले संसार जन्म-मरण आदिको कारण मानिएको छ । त्यसैले ती सबै मिथ्या दर्शन हुन् । यो कुरा उनकै युक्तिबाट देखाएर उक्त चार कोटिहरूबाट रहित भएर राग, द्वेष आदि दोषको आश्रय नभैकन स्वभावबाट शान्त अद्वैत दर्शन नै सम्यक् दर्शन हो । यसरी यस प्रसंगको उपसहार गरिन्छ । यसपछि आफ्नो प्रक्रिया देखाउनका लागि अगाडि नयाँ कुरा बताइन्छ । व्यावहारिक सत् वस्तुसँग रहनेलाई सवस्तु भनिन्छ । उपलब्धिको साथ रहनेलाई सोपलम्भ भनिन्छ । यस्तो शास्त्रादि सम्पूर्ण व्यवहारको आधारशिला ग्राह्य ग्रहणात्मक जुन द्वैत छ त्यो लौकिक हो । लोकबाट टाढा नरहनेलाई जाग्रत् भनिन्छ । यस्तो लक्षण हुनेलाई वेदान्तमा जागरित मानिन्छ । व्यावहारिक वस्तुको अभाव हुने कारणले जुन अवस्तुरूप छ किन्तु उपलम्भसहित छ अर्थात् वस्तु भएर पनि वस्तुजस्तै उपलब्ध हुनेलाई उपलम्भ भनिन्छ । यस्तो उपलम्भसहित जुन रहन्छ त्यसलाई उपलम्भसहित भनिन्छ । सबै प्राणीलाई साधारण भएको कारणले त्यो केवल शुद्ध छ अर्थात् जाग्रत् रूप स्थूल लौकिकबाट भिन्न यो लौकिक मानिएको छ । भाव त्यो स्वप्नावस्था हो । जाग्रत् अवस्थामा व्यावहारिक वस्तु र त्यसको ज्ञान दुवै हुन्छ । त्यसैले त्यो लौकिक भनिन्छ । तर वस्तुविना नै उपलम्भसँग भएर स्वप्नलाई शुद्ध लौकिक भनिएको छ ॥८७॥

कारिका

अवस्त्वनुपलम्भं च लोकोत्तरमिति स्मृतम् ॥
ज्ञानं ज्ञेयं च विज्ञेयं सदा बुद्धैः प्रकीर्तितम् ॥८८॥

छैन वस्तु छैन प्राप्ति लोकोत्तर सुषुप्ति हो ।
ज्ञान ज्ञेय र विज्ञेय सदा ज्ञानी बताउँछन् ॥८८॥

भाष्य

अवस्त्वनुपलम्भं च ग्राह्यग्रहणवर्जितमित्येतल्लोकोत्तरम् । अत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एव लोकातीतम् । ग्राह्यग्रहणविषयो हि लोकस्तदभावात्सर्वप्रवृत्तिवीजं सुषुप्तमित्येतदेवं स्मृतं सोपायं परमार्थतत्वं लौकिकं शुद्ध लौकिकं लोकोत्तरं च जाग्रदादिक्रमेण येन ज्ञानेन ज्ञायते तज्ज्ञानं ज्ञेयमेतान्येव त्रीणि । एतद् व्यतिरेकेण ज्ञेयानुपपत्तेः । सर्वप्रावादुककल्पितवस्तुनोऽत्रैवान्तर्भावाद्विज्ञेयं परमार्थसत्यं तुर्याख्यमद्वयमजमात्मतत्वमित्यर्थः । सदा सर्वदैतल्लोकिकादिविज्ञेयान्तं बुद्धैः परमार्थदर्शिभिर्ब्रह्मविद्भिः प्रकीर्तितम् ॥८८॥

अर्थ– जहाँ वस्तु पनि छैन उपलम्भ पनि छैन, त्यो ग्राह्यग्रहण रहित अवस्थालाई लोकोत्तर भनिन्छ । यसैले, लोकातीत अवस्था यसैलाई भनिनछ । किनकि जहाँ ग्राह्य र ग्रहण हुन्छ यस्तोलाई नै लोक भन्छन् । त्यसको अभाव हुनाले सम्पूर्ण प्रवृत्तिहरूको वीजभूत त्यो सुषुप्त अवस्था हो, यस्तो भनिएको छ । साधनसहित परमार्थतत्त्व, लौकिक, शुद्ध लौकिक र लोकोत्तर अवस्थालाई क्रमशः जुन ज्ञानद्वारा जानिन्छ त्यसैलाई वस्तुतः ज्ञान भनिन्छ । यसैका जाग्रत्, स्वप्न र सषुप्ति यी तीन नै अवस्था ज्ञेय हुन् । किनकि सबै मतावलम्वीहरूद्वारा कल्पित भावहरूको अन्तर्भाव यसैमा हुन्छ । यिनको अतिरिक्त अरू कुनै वस्तुको ज्ञेय हुनु असिद्ध छ र जुन परमार्थ सत्य तुरीय नामक अद्वय र अजन्मा आत्मतत्त्व छ केवल त्यो नै विज्ञेय हो । यी लौकिकबाट लिएर विज्ञेयसम्मका सम्पूर्ण वस्तुहरू परमार्थदर्शी ब्रह्मज्ञानी विद्वान्हरूद्वारा सदा सर्वदा नै राम्रोसँग बताइएको छ ॥८८॥

कारिका

ज्ञाने च त्रिविधे ज्ञेये क्रमेण विदिते स्वयम् ॥
सर्वज्ञता हि सर्वत्र भवतीह महाधियः ॥८९॥

उपरोक्त तीन थरी क्रमले ज्ञेय जानिए ॥
त्यस्ता विवेकी सर्वज्ञ सर्वत्र सब भन्दछन् ॥८९॥

भाष्य

ज्ञाने च लौकिकादि विषये । ज्ञेये च लौकिकादौ त्रिविधे । पूर्वलौकिकं स्थूलम् । तदभावेन पश्चाच्छुद्धं लौकिकं । तदभावेन लोकोत्तरमित्येव क्रमेण स्थानत्रयाभावेन परमार्थसत्ये तुर्ये ऽद्वयेऽजेऽभये

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विदिते स्वयमेवा ऽऽत्मस्वरुपमेव सर्वज्ञता सर्वश्चासौ ज्ञश्च सर्वज्ञस्तद्भावः सर्वज्ञता । इहास्मिल्लोके भवति महाधियो महाबुद्धेः । सर्वलोकातिशयवस्तुविषयबुद्धित्वादेवविदः सर्वत्र सर्वदा भवति सकृद्विदिते स्वरूपे व्यभिचाराभावादित्यर्थः । न हि परमार्थविदो ज्ञानोद्भवाभिभवौ स्तो यथा ऽन्येषां प्रावादुकानाम् ॥८९॥

अर्थ– लौकिक आदि विषयको प्रकाशक ज्ञान र लौकिक आदि तीन प्रकारका ज्ञेयलाई क्रमशः जानेपछि पुरुष सर्वज्ञ हुन्छ । पहिले स्थूल लौकिकलाई त्यसको अभावमा शुद्ध लौकिकलाई त्यसको पनि अभाव भएपछि सुषुप्तिरूप लोकोत्तरलाई जान्नुपर्छ । यसरी क्रमशः तीनै अवस्थाहरूको अभाव वा विलय भएपछि परमार्थ सत्य, अद्वय, अजन्मा र अभयस्वरूप तुरीयलाई जानेपछि यस लोकमा त्यस महापण्डितलाई सर्वदा स्वयं नै सर्वज्ञता प्राप्त हुन्छ । जो सर्वरूप भैकन चेतन छ त्यसैलाई सर्वज्ञ भन्दछन् । त्यसैको भावरूप सर्वज्ञता हो । यसरी सबै लोकमा श्रेष्ठ वस्तुलाई विषय बनाउने वुद्धि भएकाले पूर्वोक्त तत्त्वज्ञानीलाई सबै कालमा सर्वज्ञता सिद्ध नै छ । अरू वादीको ज्ञान उदाउँछ र अस्ताउँछ, तर ब्रह्मज्ञानीको ज्ञानको नाश हुँदैन ॥८९॥

कारिका

हेयज्ञेयाप्यपाक्यानि विज्ञेयान्यग्रयाणतः ॥
तेषामन्यत्र विज्ञेयादुपलम्भस्त्रिषु स्मृतः ॥९०॥

हेय, ज्ञेय, आप्य, पाक्य पहिल्यै चिन्नुपर्दछ ॥
ज्ञेय ब्रह्म सत्य अरु अविद्यामय कल्पना ॥९०॥

भाष्य

लौकिकादीनां क्रमेण ज्ञेयत्वेन निर्देशादस्तित्वाशङ्का परमार्थतो मा भूदित्याह– हेयानि च लौकिकादीनि त्रीणि जागरितस्वप्नसुषुप्तान्यात्मन्यसत्वेन रज्ज्वां सर्पवद्धातव्यानीत्यर्थः । ज्ञेयमिह चतुष्कोटिवर्जितं परमार्थतत्वम् । आप्नान्याप्तव्यानि त्यक्तबाह्यैषणात्रयेन भिक्षुणा पाण्डित्यवाल्यमौनाख्यानि साधनानि । पाक्यानि रागद्वेषमोहादयो दोषाः कषायाख्यानि पक्तव्यानि । सर्वाण्येतानि हेयज्ञेयाप्यपाक्यानि विज्ञेयानि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिक्षुणोपायत्वेनत्यर्थः। अग्रयाणतः प्रथमस्तेषां हेयादीनामन्यत्र विज्ञेयात्परमार्थसत्यं विज्ञेयं ब्रह्मैकं वर्जयित्वा। उपलम्भनमुपलम्भोऽविद्याकल्पनामात्रम्। हेयाप्यपाक्येषु त्रिष्वपि स्मृतो ब्रह्मविद्भिर्न परमार्थसत्यता त्रयाणामित्यर्थः ॥९०॥

अर्थ– जसरी डोरीमा कल्पित सर्प असत्य हो त्यस्तै आत्मामा कल्पित जागरित स्वप्न र सुषुप्ति पनि यी तीनै लौकिक असत्य भएकाले त्याग्नलायक छन्। पूर्वोक्त चार कोटिरहित परमार्थ तत्त्व नै यहाँ ज्ञेय भनिएको छ। जसले लोकैषणा, वित्तैषणा, पुत्रैषणाजस्ता बाह्य एषणात्रयको त्याग गरेका छन्, त्यस्ता मोक्ष चाहने योगीहरूद्वारा श्रवणरूप पाण्डित्य, मननरूप बाल्य र निदिध्यासनरूप मौन नामक साधन प्राप्त गर्न योग्य छन्, त्यस्तै राग, द्वेष र मोह आदि कषाय नामक दोषहरू नै उक्त मुमुक्षुको लागि नाश गर्न योग्य भएकाले पाक्य भनिन्छ। भाव यो हो कि मुमुक्षुले हेय, ज्ञेय, आप्य र पाक्य यी सबलाई आफ्ना साधनका रूपमा जान्नुपर्छ। ती हेय आदिबाट केवल विज्ञेय एक परमार्थ सत्य ब्रह्मलाई छाडेर बाँकी हेय, आप्य र पाक्य यी तीनलाई ब्रह्मवेत्ताले अविद्यामय कल्पना मात्र मानेका छन्। इनको परमार्थसत्ता स्वीकार गरिएको छैन।

कारिका

प्रकृत्याऽऽकाशवज्ज्ञेयाः सर्वे धर्मा अनादयः॥
विद्यते न हि नानात्वं तेषां क्वचन किंचन ॥९१॥

स्वभावले गगनझैं सम्झ जीव अनादि छन्।
नानात्व छैन इनमा कहीं कत्ति ती एक छन् ॥९१॥

भाष्य

परमार्थतस्तु प्रकृत्या स्वभावत आकाशवदाकाशतुल्याः सूक्ष्मनिरञ्जनसर्वगतत्वैः सर्वे धर्मा आत्मनो ज्ञेया मुमुक्षुभिरनादयो नित्याः। बहुवचनकृतभेदाशङ्कां निराकुर्वन्नाह- क्वचन, किंचन किंचिदणुमात्रमपि तेषां न विद्यते नानात्वमिति ॥९१॥

अर्थ– परमार्थ दृष्टिले त मुमुक्षुले सबै जीवलाई स्वभावतः सूक्ष्मत्व, निरञ्जनत्व र सर्वगतत्व आदि दृष्टिले आकाशझैं अनादि अर्थात् नित्य मान्नुपर्छ। श्लोकमा आएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहुवचनबाट जीवात्माको भेदको आशंका हटाउन आचार्य गौडपाद भन्नुहुन्छ– कुनै पनि देश, काल वा अवस्थामा कार्यकारणभाव वा अंशाशी भावले कहीं पनि उनमा नानात्व वा भेद छैन । बहुवचनको प्रयोग कल्पित भेदलाई लिएर गरिएको हो ॥९१॥

कारिका

आदिबुद्धाः प्रकृत्यैव सर्वे धर्माः सुनिश्चिताः ॥
यस्यैवं भवति क्षान्तिः सो ऽमृतत्वाय कल्पते ॥९२॥

स्वभावले सबै आत्मा आदिवुद्ध सुनिश्चित ॥
जस्लाई यो ज्ञान हुन्छ मोक्षभागी उ बन्दछ ॥९२॥

भाष्य

ज्ञेयताऽपि धर्माणां संवृत्यैव न परमार्थत इत्याह– यस्मादादौ बुद्धा आदिबुद्धाः प्रकृत्यैव स्वभावत एव यथा नित्यप्रकाशस्वरूपः सवितैवं नित्यबोधस्वरूपा इत्यर्थः । सर्वे धर्माः सर्व आत्मानः । न च तेषां निश्चयः कर्तव्यो नित्यनिश्चितस्वरूपा इत्यर्थः । न संदिह्यमानस्वरूपा एवं नैवं चेति । यस्य मुमुक्षोरेवं यथोक्तप्रकारेण सर्वदा बोधनिश्चय-निरपेक्षताऽऽत्मार्थं परार्थं वा यथा सविता नित्यं प्रकाशन्तरनिरपेक्षः स्वार्थं परार्थं चेत्येवं भवति क्षन्तिर्वोधकर्तव्यतान्निरपेक्षता सर्वदा स्वात्मनि सो ऽमृतत्वायामृतभावाय कल्पते । मोक्षाय समर्थो भवतीत्यर्थः ॥९२॥

अर्थ– आत्माहरूमा ज्ञेयता पनि व्यावहारिक दृष्टिले भनिएको हो । परमार्थ रूपले हैन । जसरी सूर्य नित्यप्रकाश छन्, त्यस्तै नै सम्पूर्ण आत्मा पनि स्वभावले नै शुरुबाटै जानिएको र नित्यबोधस्वरूप छ । त्यसको निश्चय पनि गर्नुपर्नेछैन । अर्थात् त्यो त नित्य निश्चितस्वरूप छ । सन्देहस्वरूप छैन । जुन मुमुक्षुमा यस्तो आफ्नो वा अरूको लागि सदा सर्वदा बोध निश्चयसम्बन्धी निरपेक्षता छ, जसरी सूर्य आफ्नो वा अरूको प्रकाशको लागि कुनै अर्को प्रकाशको अपेक्षा राख्दैनन् त्यस्तै नै जसलाई आफ्नो आत्मामा शान्ति छ, त्यसैले स्वात्मबोधको लागि अरूको अपेक्षा राख्दैन । त्यो नै अमृतभाव मोक्षका निम्ति समर्थ हुन्छ ॥९२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

आदिशान्ता ह्यनुत्पन्नाः प्रकृत्यैव सुनिर्वृताः ॥
सर्वे धर्माः समाभिन्ना अजं साम्यं विशारदम् ॥९३॥

सबै आत्मा सदा शान्त अजन्मा र स्वभावले ॥
यौटै विरक्त र सम रूप यस्को विशुद्ध छ ॥९३॥

भाष्य

तथा नापि शान्तिकर्तव्यता ऽऽत्मनीत्याह– यस्मादादिशान्ता नित्यमेव शान्ता अनुत्पन्ना अजाश्च प्रकृत्यैव सुनिर्वृता सुष्ठू परतस्वभावा इत्यर्थः। सर्वे धर्मा समाश्चाभिन्नाश्च समाभिन्ना अजं साम्यं विशारदं विशुद्धमात्मतत्वं यस्मात्तस्माच्छान्तिर्मोक्षो वा नास्ति कर्तव्य इत्यर्थः। नहि नित्यैकस्वभावस्य कृतं किञ्चिदर्थवत्स्यात् ॥९३॥

अर्थ– त्यस्तै नै आत्मामा शान्तिको लागि कुनै कर्तव्य हुँदैन भन्दै भनिन्छ– किनभने सबै जीव सधैं नै शान्तस्वरूप, अजन्मा, स्वभावले नै अत्यन्त उपरतस्वरूप, सम र अभिन्न हुन्छन्। यसरी आत्मतत्त्व अजन्मा, साम्यरूप तथा विशुद्ध छ। त्यसैले उसलाई मोक्षरूप शान्ति कर्तव्य छैन किन्तु त्यो त नित्य सिद्ध छ। जो नित्य एक स्वभावको छ त्यसको लागि केही गर्नु प्रयोजन छैन ॥९३॥

कारिका

वैशारद्यं तु वै नास्ति भेदे विचरतां सदा ॥
भेदनिम्नाः पृथग्वादास्तस्मात्ते कृपणाः स्मृताः ॥९४॥

भेदवादीहरू स्पष्ट हुँदैनन् सत्यमार्गमा ॥
विभिन्न मतमा लागी विचरा दीन हीन छन् ॥९४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

ये यथोक्तं परमार्थतत्वं प्रतिपन्नास्त एवाकृपणा लोके कृपणा एवान्य इत्याह– यस्माद्भेदनिम्ना भेदानुयामिनः संसारानुगा इत्यर्थः । के । पृथग्वादाः पृथङ्नाना वस्त्वित्येवं वदनं येषां ते पृथग्वादा द्वैतिन इत्यर्थः । तस्मात्ते कृपणाः क्षुद्राः स्मृता यस्माद्वैशारद्यं विशुद्धिर्नास्ति तेषां भेदे विचरतां द्वैतमार्गे ऽविद्याकल्पिते सर्वदा वर्तमानानामित्यर्थः । अतो युक्तमेव तेषां कार्पण्यमित्यभिप्रायः ॥९४॥

अर्थ– जसले पूर्वोक्त परमार्थतत्त्व बुझेका छन् संसारमा ती मात्र उदार हुन् । उनीबाहेक सबै दुःखी छन् । भेदतिर जाने भेदवादी वा पृथक्तावादीलाई द्वैती भनिन्छ । तिनलाई कृपण वा क्षुद्र भनिन्छ । ती शुद्ध हुन पाउन्नन् । त्यसैले यिनलाई कृपण भनिएको ठीकै हो ॥९४॥

कारिका

अजे साम्ये तु ये केचिद् भविष्यन्ति सुनिश्चिताः ॥
तेहि लोके महाज्ञानास्तांश्च लोको न गाहते ॥९५॥

अज साम्य आत्मतत्त्व चिन्न जो दृढ निश्चय ॥
हुन्छन् ती तत्त्ववेत्ता हुन् तिन्लाई चिन्न सक्छ को ॥९५॥

भाष्य

यदिदं परमार्थतत्वममहात्मभिरपण्डितैर्वेदान्तवहिष्ठैः क्षुद्रैरल्पप्रज्ञैरनवगाह्यमित्याह– अजे साम्ये परमार्थतत्व एवमेवेति ये केचित्स्त्र्यादयोऽपि सुनिश्चिता भविष्यन्ति चेत्त एव हि लोके महाज्ञाना निरतिशयतत्वविषयज्ञाना इत्यर्थः । तच्च तेषां वर्त्म तेषां विदितं परमार्थतत्वं सामान्यबुद्धिरन्यो लोको न गाहते नावतरति न विषयी करोतीत्यर्थः ।

"सर्वभूतात्मभूतस्य सर्वभूतहितस्य च
देवा अपि मार्गे मुह्यन्त्यपदस्य पदैषिणः ।
शकुनीनामिवाऽऽकाशे गतिर्नैवोपलभ्यते" ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादि स्मरणात् ॥९५॥

अर्थ– यो परमार्थतत्त्व तुच्छ बुद्धि भएका, अविवेकी वा वेदान्तको अनधिकारीद्वारा जान्न सकिन्न भन्दै भनिन्छ– यो परमार्थतत्त्व यस्तो नै छ भनेर यसरी अजन्मा साम्य रूप परमार्थतत्त्वमा जुन कुनै स्त्री पनि यदि राम्रोसँग निश्चय गर्छन् त ती लोकमा महाज्ञानी अर्थात् निरतिशयतत्त्व विषयक यथार्थबोध भएको मानिनेछ। उनले जानेको परमार्थतत्त्वज्ञानमा सामान्य बुद्धि भएका अरू पुरुष अवतरण गर्न सक्दैनन्। "जो सम्पूर्ण भूतका आत्मभूत र सबै प्रणीको हितकारक छ त्यस आप्तकाम महात्माको पदलाई जान्ने इच्छा राख्ने देवता पनि त्यस मार्गमा मोहित हुन्छन् र जसरी चराको आकाशमा हिंडेको पदचिह्न हुँदैन त्यस्तै तत्त्ववेत्ताको गतिको कतैबाट पनि थाहा हुँदैन" इत्यादि स्मृति वाक्यबाट पनि यो कुरा प्रमाणित हुन्छ ॥९५॥

कारिका

अजेष्वजमसंक्रान्तं धर्मेषु ज्ञानमिष्यते ॥
यतो न क्रमते ज्ञानमसङ्गं तेन कीर्तितम् ॥९६॥

सूर्यमा उष्णता तेज स्वाभाविक र निश्चल।
भएझैं अचल ज्ञान रहन्छ अज आत्ममा ॥
त्यसैले नभझैं स्पष्ट असङ्ग आत्मतत्त्व छ ॥९६॥

भाष्य

कथं तेषां महाज्ञानवत्वमित्यत आह– अजेष्वनुत्पन्नेष्वचलेषु धर्मेष्वात्मस्वजमचलं च ज्ञानमिष्यते सवितरीवौष्ण्यं प्रकाशश्च यतस्तस्मादसंक्रान्तमर्थान्तरे ज्ञानमजमिष्यते ! यस्मान्न क्रमते ऽर्थान्तरे ज्ञानं तेन कारणेनासङ्गं तत्कीर्तितमाकाशकल्पमित्युक्तम् ॥९६॥

अर्थ– महाज्ञानी कस्ता हुन्छन् त भन्दा भनिन्छ– जसरी सूर्यमा तातोपन र प्रकाश स्वाभाविक र अचल छ त्यस्तै उत्पन्न नहुने अचल आत्माहरूमा ज्ञानी पनि अजन्मा अर्थात् अचल नै मानिएको छ। अतः कुनै अर्को विषयमा यस ज्ञानको संक्रमण हुँदैन। यसरी विषयान्तरमा संसर्ग नराख्ने यस ज्ञानलाई अजन्मा अर्थात् नित्य मानिएको छ। किनकि त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्को विषयमा संसर्ग राख्दैन । यसैले त्यसलाई आकाशजस्तै असंग भनिएको छ ॥९६॥

कारिका

अणुमात्रेऽपि वैधर्म्ये जायमानेऽविपश्चितः ॥
असङ्गता सदा नास्ति किमुताऽऽवरणच्युतिः ॥९७॥

विधर्मी वस्तु उत्पत्ति मानने अविवेकीको ॥
असङ्गता सिद्ध हुन्न मोक्ष हुन्छ असंभव ॥९७॥

भाष्य

इतोऽन्येषां वादीनामणुमात्रे ऽल्पेऽपि वैधर्म्ये वस्तुनि बहिरन्तर्वा जायमान उत्पद्यमाने ऽविपश्चितो ऽविवेकिनो ऽसङ्गता ऽसङ्गत्वं सदा नास्ति किमुत वक्तव्यमावरणच्युतिर्वन्धनाशो नास्तीति ॥९७॥

अर्थ– अजातवादीभन्दा फरक मत राख्नेको विचारमा अलिकति पनि विधर्मी वस्तुको बाहिर वा भित्र कुनै प्रकारले पनि उत्पन्न हुने मान्ने हो भने त्यो अविवेक नै हुनेछ । यस्तो अविवेकीहरूको असङ्गता स्थिर रहन सक्दैन । किनकि वस्तुको उत्पत्ति मान्दा त्यससँग ज्ञानको संसर्ग मान्नुपर्छ । फेरि त त्यसको आवरणच्युति अर्थात् बन्धनको नाश पनि हुँदैन । भाव यो हो कि अजातवादका अनुसार नै ज्ञानस्वरूप ब्रह्मको असंगता सिद्ध हुन्छ । यसको विपरीत ब्रह्मबाट भिन्न कुनै वस्तुको अणु मात्र पनि उत्पत्ति मान्ने हो भने यस्तो विषयसँग ज्ञानको संसर्ग अवश्य मान्नुपर्छ। त्यसपछि मोक्षको आशा हुन्न ॥९७॥

कारिका

अलब्धावरणाः सर्वे धर्माः प्रकृतिनिर्मलाः ।
आदौ बुद्धास्तथा मुक्ता बुध्यन्त इति नायकाः ॥९८॥

छैन बन्धन आत्मामा, छ निर्मल स्वभावको ॥
नित्य बुद्ध मुक्त तर 'जानिन्छ' विज्ञ भन्दछन् ॥९८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

तेषाभावरणच्युतिर्नास्तीति ब्रुवतां स्वसिद्धान्तेऽभ्युपगतं तर्हि धर्माणामावरणम् । नेत्युच्यते । अलब्धावरणाः । अलब्धमप्राप्तमावरणमविद्यादिबन्धनं येषां ते धर्मा अलब्धावरणा बन्धनरहिता इत्यर्थः । प्रकृतिनिर्मलाः स्वभावशुद्धा आदौ बुद्धास्तथा मुक्ता यस्मान्नित्यशुद्धबुद्धमुक्तस्वभावाः । यद्येवं कथं तर्हि वुध्यन्त इत्युच्यते । नायकाः स्वामिनः समर्थाः बोद्धुं वोधशक्तिमत्स्वाभावा इत्यर्थः । यथा नित्यप्रकाशस्वरूपोऽपि संविता प्रकाशत इत्युच्यते यथा वा नित्यनिवृत्तगतयोऽपि नित्यमेव शैलास्तिष्ठन्तीत्युच्यते तद्वत् ॥९८॥

अर्थ– यदि कसैले शंका गर्छ कि उनको आवरणको नाश हुन्न, किनभने अजातवादीले पनि आखिर आत्माको आवरण मानेकै छन् भन्छौ भने यसो होइन । सबै आत्मामा अविद्यारूप बन्धन छैन । यसैले त आत्मा बन्धनरहित छ । यो आत्मा निर्मल प्रकृतिको भएको कारण स्वभावले नै शुद्ध र नित्य बोधस्वरूप छ । यसैले ती नित्यमुक्त छन्, किनकि ती नित्य, बुद्ध, मुक्तस्वभाव भनिएका छन् ।

यदि आत्मा स्वभावले नै यस्तो छ त फेरि "ती जानिन्छन्" यस्तो तिनको विषयमा कसरी भनिन्छ ? भन्दा भनिन्छ– जसरी नित्यप्रकाशस्वरूप भैकन पनि सूर्य प्रकाशित हुन्छ भन्छौं त्यस्तै-त्यस्तै सदा सर्वदा गतिशून्य भैकन पनि पहाडलाई 'पहाड खडा छ' भन्छौं । ठीक त्यस्तै नायक स्वामीहरू (ज्ञानशक्ति भएका व्यक्ति) तिनको (आत्माको) विषयमा 'जानिन्छ' यस्तो भन्दछन् । यस श्लोकमा आएको 'वुध्यन्ते' भन्ने शब्दको अर्थ भाष्यकारले आत्माको स्वभाव नै बोध शक्तियुक्त भनेर गरेका छन् ॥९८॥

कारिका

क्रमते न हि बुद्धस्य ज्ञानं धर्मेषु तायिनः ।
सर्वे धर्मास्तथा ज्ञानं नैतद् बुद्धेन भाषितम् ॥९९॥

आजातवादीको ज्ञान आत्मनिष्ठ असङ्ग छ ॥
आकाशझैं संक्रमण त्यहाँ हुनु असंभव ॥
ज्ञान ज्ञेय तथा ज्ञाताहरूमा भेद छैन क्यै ॥
भनेनन् बुद्धले यस्तो यो त वेदान्तसार हो ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्य

यस्मान्न हि क्रमते बुद्धस्य परमार्थदर्शिनो ज्ञानं विषयान्तरेषु धर्मेषु धर्मसंस्थं सवितरीव प्रभा। तायिनः तायो ऽस्यास्तीति तायी संतानवतो निरन्तरस्याऽऽकाशकल्पस्येत्यर्थः। पूजावतो वा प्रज्ञावतो वा सर्वे धर्मा आत्मानोऽपि तथा ज्ञानवदेवाऽऽकाशकल्पत्वान्न क्रमन्ते क्वचिदप्यर्थान्तर इत्यर्थः। यदादावुपन्यस्तं ज्ञानेनाऽऽकाशकल्पेनेत्यादि तदिदमाकाशकल्पस्य तायिनो बुद्धस्य तदनन्यत्वादाकाशकल्पं ज्ञानं न क्रमते क्वचिदप्यर्थान्तरे। तथा धर्मा इति। अकाशमिवाचलमविक्रियं निरवयवं नित्यमद्वितीयमसङ्गमदृश्यमग्राह्यमशनायाद्यतीतं ब्रह्मात्मतत्वम्। "न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यते" इति श्रुतेः। ज्ञानज्ञेयज्ञातृभेदरहितं परमार्थतत्वमद्वयमेतन्न बुद्धेन भाषितम्। यद्यपि बाह्यार्थनिराकरणं ज्ञानमात्रकल्पना चाद्वयवस्तुसामीप्यमुक्तम्। इदं तु परमार्थतत्वमद्वैतं वेदान्तेष्वेव विज्ञेयमित्यर्थः ॥९९॥

अर्थ– जसको विस्तार हुन्छ त्यसलाई 'तायी' भनिन्छ। किनकि यस्ता तायी आकाशभैं विशाल परमार्थदर्शी बुद्धको ज्ञान विषयान्तररूप धर्ममा त्यसरी नै संश्लिष्ट हुँदैन जसरी सूर्यको किरण कुनै पनि विषयको गुण-दोषमा संशिलष्ट हुँदैन। अर्थात् सधैं सूर्यको किरणजस्तै अजातवादी परमार्थदर्शीको ज्ञान आत्मनिष्ठ नै रहन्छ। त्यो परमार्थदर्शी आकाशजस्तै असङ्ग छ। त्यस्तै पूजावान् र प्रज्ञावान् पनि छ। न खालि ज्ञान आकाशभैं असङ्ग छ बरु ज्ञानभैं सबै धर्म पनि आकशभैं भएको कारण कहिल्यै पनि अर्थान्तरमा संक्रमण गर्दैन। त्यस आकाशभैं निरन्तर बोधयुक्त ज्ञानीबाट उसको ज्ञान भिन्न नभएकाले आकाशभैं छ। त्यसैले त्यो ज्ञान कहिल्यै पनि संक्रमित वा खण्डित हुँदैन। त्यस्तै ब्रह्मात्मतत्त्व पनि आकाशभैं अचल, निर्विकार, निरवयव, नित्य, द्वैतशून्य, असंग, अदृश्य र भोकप्यासरहित पनि छ। "यस्तो नै द्रष्टाको दृष्टिको कहिल्यै लोप हुँदैन" भन्ने श्रुतिवाक्यले पनि यही कुरा सिद्ध गर्छ। ज्ञान ज्ञेय ज्ञाताको भेदरहित यस अद्वितीय परमार्थतत्त्वको गौतमबुद्धले निरूपण गर्नुभएन। यद्यपि बाह्य वस्तुको निराकरण र ज्ञानमात्रको कल्पना जुन कि अद्वय वस्तुको नजिक छ त्यस्तो विषयको उपदेश त उहाँले गर्नुभयो। फेरि पनि ज्ञाता आदिको भेदले शून्य चिन्मात्र नित्य अद्वितीय परमात्मतत्त्वको उपदेश बुद्धले गर्नुभएन। यसै अद्वैत परमार्थतत्त्वलाई वेदान्तले आफ्नो विषय बनाएको छ ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिका

दुर्दर्शमतिगम्भीरमजं साम्यं विशारदम् ॥
बुद्ध्वा पदमनानात्वं नमस्कुर्मो यथावलम् ॥१००॥

दुःखले हेर्न सकिने अत्यन्त गहिरो अज ॥
साम्यरूप त्यो असङ्ग शुद्ध र भेदशून्य छ ॥
चिनेर यसरी आत्मदेवमा एकरूप भै ॥
गर्छौं नमस्कार हामी यथाशक्ति यथावल ॥१००॥

भाष्य

शास्त्रसमाप्तौ परमार्थतत्वस्तुत्यर्थं नमस्कार उच्यते। दुर्दर्शं दुःखेन दर्शनमस्येति दुर्दर्शम्। अस्ति नास्तीति चतुष्कोटिवर्जितत्वाद्दुर्विज्ञेयमित्यर्थः। अत एवातीगम्भीरं दुष्प्रवेशं महासमुद्रवदकृतप्रज्ञैः। अजं साम्यं विशारदम्। ईदृक्पदमनानात्वं नानात्ववर्जितं वुद्ध्वा ऽवगम्य तद्भूताः सन्तो नमस्कुर्मस्तस्मै पदाय। अव्यवहार्यमपि व्यवहारगोचरतामापाद्य यथावलं यथाशक्तीत्यर्थः ॥१००॥

अर्थ– अब शास्त्रको समाप्तिमा परमार्थतत्त्वको स्तुतिका लागि नमस्कार गरिन्छ। जसको दर्शन कठिनले हुन्छ, यस्तो छ-छैन आदि चार कोटिबाट रहित भएको कारण दुर्विज्ञेय वस्तुलाई दुर्दर्श भनिन्छ। त्यस्तै मन्दवुद्धि भएकालाई समुद्रझैं दुष्प्रवेश भएकाले जो अत्यन्त गहिरो छ। अजन्मा, साम्यरूप र विशुद्ध छ। यस्तो भेदरहित पदलाई जानेर तद्रूप भै त्यस व्यवहारभन्दा टाढाको पदलाई पनि व्यवहारको विषय बनाएर हामी त्यस आत्मदेवलाई नमस्कार गर्छौं, जो परमार्थरूपले व्यवहारभन्दा पर छ यस्तो परमार्थतत्त्वलाई मायाशक्तिको अनुसरण गर्दै व्यवहारविषय मानेर स्तुतिरूप क्रियाद्वारा फलको लागि नमस्कार गरिन्छ ॥१००॥

ग्रन्थको अन्त्यमा भाष्यकारद्वारा गरिएका वन्दनाका तीन श्लोकहरू–

अजमपि जनियोगं प्रापदैश्वर्ययोगा–
दगति च गतिमत्तां प्रापदेकं ह्यनेकम्।
विविधविषयधर्मग्राहिमुग्धेक्षणानाम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रणतभयविहन्तृ ब्रह्म यत्तन्नतोऽस्मि ॥१॥

अर्थ– जुन ब्रह्मले वास्तवमा अजन्मा भैकन पनि आफ्नो ईश्वरीय शक्तिको कारण आकाश आदि रूपले जन्म ग्रहण गरेको छ, कूटस्थ र व्यापक भएको कारण गतिरहित भएर पनि पूर्वोक्त शक्ति योगले हिरण्यगर्भभावलाई पाएर जसले गति स्वीकारेको छ, वस्तुतः एक अद्वितीय भैकन पनि नाना प्रकारका विषयरूप धर्मलाई ग्रहण गर्ने मूढ दृष्टि भएका मानिसको विचारले जो अनेक भएको छ, अनि जो शरणागतको भयलाई दूर गर्दछ, त्यस ब्रह्मलाई म नमस्कार गर्दछु ॥१॥

प्रज्ञा वैशाख वेधक्षुभितजलनिधेर्वेदनाम्नोऽन्तरस्थं
भूतान्यालोक्यमग्नान्यविरतजननग्राहघोरे समुद्रे ।
कारुण्यादुद्दधारामृतमिदममरैर्दुर्लभं भूतहेतोर्यस्तं
पूज्याभिपूज्यं परमगुरुममुं पादपातैर्नतोऽस्मि ॥२॥

अर्थ– निरन्तर जन्म धारण गर्ने रूपी ग्राहहरूका कारण जो अत्यन्त भयानक लाग्दछ, त्यस्तो संसाररूपी समुद्रमा डुबेका प्राणीलाई देखेर दयावश आफ्नो विशुद्ध बुद्धिरूप मदानीको आघातबाट क्षुभित भएको वेद नामक महासमुद्रभित्र रहेको देवताहरूलाई पनि दुर्लभ यो ज्ञानरूप अमृतलाई जसले प्राणीहरूको कल्याणको लागि निकालेको छ, ती पूज्यहरूका पनि परम गुरु आचार्य गौडपादको चरणमा परेर नमस्कार गर्दछु ॥२॥

यत्प्रज्ञालोकभासा प्रतिहतिमगमत्स्वान्तमोहान्धकारो
मज्जोन्मज्जच्च घोरे ह्यसकृदुपजनोदन्वतित्रासने मे ।
यत्पादावाश्रितानां श्रुतिशमविनयप्राप्तिरग्र्या ह्यमोघा ।
तत्पादौ पावनीयौ भवभयविनुदौ सर्वभावैर्नमस्ये ॥३॥

अर्थ– जसको ज्ञानको किरणले मेरो अन्तस्करणमा भरिएको मोहान्धकार नष्ट भयो र यस भयंकर संसारसमुद्रमा बराबर डुब्ने निक्लने रूप मेरा व्यथाहरू शान्त भएका छन्, यति मात्र होइन, जसको चरणको आश्रय लिने शिष्यहरूका लागि वेदान्तको ज्ञान, इन्द्रियनिग्रह र विनय सुलभ हुन्छ ती सद्गुरुदेवको जन्म-मरण आदि भयनाशक परमपवित्र दुई चरणलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वतोभावले नमस्कार गर्छु ॥३॥

इति अलातशान्ति प्रकरण समाप्तम् ।

ॐ तत्सत् ।

यहाँ अलातशान्ति नामक चौथो प्रकरणका साथ ग्रन्थ समाप्त ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुद्धाशुद्धि

सि.नं.	पेज नं.	पंक्ति नं.	भएको	हुनुपर्ने	कैफियत
१	(अ)	६	उर्वज्ञ	सर्वज्ञ	
२	(उ)	२२	वदरीकाश्रममा	केदारनाथ धाममा	
३	३	१	अलातशान्ति प्रकरण	आगम प्रकरण	सिरानमा प्रकरणको नाउँ रहने ठाउँमा
४	५	१	अलातशान्ति प्रकरण	आगम प्रकरण	,, ,,
५	१५	१	अलातशान्ति प्रकरण	आगम प्रकरण	,, ,,
६	१६	२	दक्षिणक्षीति	दक्षिणाक्षीति	दोस्रो कारिकाको भाष्यको दोस्रो पंक्तिमा
७	३३	१	अरु	अरू	१२ औं कारिकाको नेपाली रूपान्तरको पहिलो पंक्तिमा
८	४५	१	अलातशान्ति प्रकरण	आगम प्रकरण	सिरानमा प्रकरणको नाउँ रहने ठाँउमा
९	१९८	२	अरु	अरू	९० औं कारिकाको नेपाली रूपान्तरको दोस्रो पंक्तिमा
१०	२०९	२	प्रकरण	प्रकरणं	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता-सार

सांसारिक मोहले नै आफ्नो कर्तव्य बिर्सदै ।
भुल्छ मानिस सन्मार्ग, त्याग त्यो भोग-मोह नै ॥१॥
देह नश्वर हो जान्ने शरीरी अविनासी छ ।
बुझी कर्तव्य गर्नाले चिन्ता शोक हराउँछ ॥२॥
निष्काम भावले खाली अरूको हित खातिर ।
आफ्नो कर्तव्य गर्नाले कल्याण हात लाग्दछ ॥३॥
कर्मबन्धनमुक्तिका खाली दुई उपाय छन् ।
निःस्वार्थ कर्म र अर्को तत्त्वज्ञान महान छन् ॥४॥
सुख-दुःख परोस् जस्तै जो मनुष्य समान छ ।
संसारबाट भै उच्च परमानन्द भोग्दछ ॥५॥
समताभित्र मनमा जोरेर सब साधन
नल्याई पुग्न सक्दैन मनुष्य निर्विकल्पमा ॥६॥
परमात्मा सबै थोक हुन् भन्ने मनले बुझे ।
सर्वश्रेष्ठ साधन नै पऱ्यो हात भने भयो ॥७॥
जीवको गति त्यै हुन्छ अन्तमा जे चिताउँछ ।
सधैं ईश्वरको चिन्ता मोक्षको मार्ग खोल्दछ ॥८॥
अधिकारी सबै नै छन् प्रभुको पद प्राप्तिका ।
जाति, वर्ण, संप्रदाय आदि भेद त्यहाँ कहाँ ॥९॥
संसारमा जे पनि छन् विलक्षण र उत्तम ।
ईशकै ती विभूति हुन् बुझेर गर चिन्तन ॥१०॥
विश्वलाई ईश्वरको रूप मानेर हेर न ।
विराट् स्वरूपको दिव्य हुन सक्दछ दर्शन ॥११॥
मन, बुद्धि इन्द्रिय र शरीरसाथ आफूलाई ।
भगवान्मै गरे अर्पण, त्यो भक्त भगवत्प्रिय ॥१२॥
संसारमा जान्न योग्य परमतत्त्व एक छ ।
जानीसकेमा त्यसलाई अमर हुन्छ मानिस ॥१३॥
सत्व, रज, तम छुटे छुट्छ संसार-बन्धन।
अनन्यभक्तिले मात्र तीनै गुण हराउँछ ॥१४॥
विश्वका मूल आधार पुरुषोत्तम जान्दछु ।
एक ती परमात्मा हुन् तिन्कै भजन गर्दछु ॥१५॥
दुर्गुण र दुराचार जन्ममरणचक्रका
मूल कारण हुन्, यिन्ले मोक्ष हुन्छ असंभव ॥१६॥
श्रद्धाले गरिने काम भगवान्लाई सम्झदै ।
उन्कै नाम जपी थाले हुन्छ कल्याण हर्दम ॥१७॥
ग्रन्थको सार हो वेद, उपनिषद् सार वेदको ।
त्यसको सार हो गीता गीता-सार शरणागति ॥१८॥

मुद्रकः- मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal